# मोलुङ गाउँपालिकाको ग्रन्थ/ग्रन्थचित्र निर्माण

## सम्बन्धी अध्ययन प्रतिवेदन

**मोलुङ गाउँपालिका**

**प्राप्चा, ओखलढुंगा**

**कोशी प्रदेश, नेपाल**


प्रस्तुतकर्ता

मोलुङ फाउन्डेसन

कोटेश्वर, काठमाडौं


२०८२

## मोलुङ गाउँपालिकाको ग्रन्थ/ग्रन्थचित्र निर्माण (२०८२)

### विस्तृत अध्ययन गर्ने निकाय

मोलुङ  गाउँपालिका

गाउँपालिकाको कार्यालय,

प्राप्चा, ओखलढुंगा,

कोशी प्रदेश,

नेपाल।

### प्राविधिक सहजीकरण

मोलुङ फाउन्डेसन, कोटेश्वर, काठमाडौं।

### प्रकाशक

प्रकाशक : मोलुङ गाउँपालिका, प्राप्चा, ओखलढुंगा

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०८२

## अनुसन्धान तथा लेखन समूह

| | |
|---|---|
| प्रा.डा. भूपप्रसाद धमला | प्रमुख अनुसन्धानकर्ता |
| प्रा.डा. केशवप्रसाद अधिकारी | अनुसन्धानकर्ता |
| श्री ध्रुवकुमार खड्का | तथ्यांक संकलक, स्थलगत अनुसन्धानकर्ता |
| श्री लोचन भट्टराई | अनुसन्धानकर्ता |
| श्री रामबाबु पराजुली | अनुसन्धानकर्ता |
| श्री गणेशप्रसाद गौतम | स्थलगत अनुसन्धानकर्ता |
| श्री सन्तोष धमला | तथ्यांक विश्लेषक |
| श्री कुलप्रसाद भट्टराई | भाषा सम्पादक |

## कृतज्ञता ज्ञापन

ऐतिहासिक राजनीतिक आन्दोलनपश्चात् स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न बनेको नेपालको संविधान २०७२ ले नेपालको सर्वाङ्गीण विकास गरी सम्पन्न राष्ट्र बनाउने लक्ष लिएको छ । तथापि अपेक्षा गरेअनुसारको प्रगति अझै देख्न सकिएको छैन । आम सहमतिबाट राष्ट्र निर्माणका साझा एजेन्डा अझै बन्न सकेका छैनन् । आन्तरिक र बाह्य देशतर्फको बसाइँसराइ तीव्र ढंगले वृद्धि भइरहेको छ । गाउँबाट सहर र सहरबाट विदेश जाने प्रवृत्तिमा अहिले बढोत्तरी भएको छ । अपेक्षाविपरीत देखा परेका यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न आफू बसेको गाउँ, सहर र देशलाई समुन्नत बनाउन चासो जगाउनुपर्नेछ ।

ओखलढुंगा जिल्लाको मध्यभागमा पर्ने  मोलुङ गाउँपालिका प्राकृतिक र सांस्कृतिक विविधताले भरपुर पालिका हो । यहाँको धरातलमा पाइने वनस्पति र जीवजन्तु, अनुपम प्राकृतिक सुन्दरताले भरपुर सेप्ली झरना, प्रसिद्ध कुन्तादेवी मन्दिर र जलजलेश्वर महादेव मन्दिरलगायतका अन्य धार्मिक सम्पदा, जातीय विविधता झल्काउने संस्कार, शताब्दियौंदेखि अपनाउँदै आइएका लोक संस्कृति पनि उत्तिकै महत्त्वपूर्ण छन् । सुन्दर प्रकृतिलगायत धार्मिक-सांस्कृतिक पर्यटकीय स्थलहरू यस गाउँपालिकाका अमूल्य निधि हुन् ।

गाउँपालिकामै रहेका यस्ता निधिका बारेमा सबै गाउँपालिकावासीहरूलाई धेरै जानकारी छैन । केही अनुसन्धान प्रतिवेदनहरूमा फाट्टफुट्ट जानकारी उपलब्ध छन् । तर पनि यस गाउँपालिकाको समग्र विकासको आधार तयार गर्नका निम्ति तिनीहरू अझै पनि अपर्याप्त छन् । तसर्थ यस गाउँपालिकाको थप अध्ययन, अनुसन्धान गरी एक सन्दर्भ ग्रन्थ/ग्रन्थ चित्र तयार गर्ने उद्देश्यअनुरूप अनुसन्धान गरी यो प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा मोलुङ गाउँपालिकाको प्राकृतिक स्रोत/सम्पदा, धार्मिक–सांस्कृतिक सम्पदा, प्रमुख पर्यटकीय स्थलहरूको विवरण, जनसंख्याको विविध पक्षीय विवरण, गाउँपालिकाको आर्थिक अवस्था, पूर्वाधार विकास र यसले वातावरणमा पारेको प्रभावको मूल्यांकनलाई समावेश गरिएको छ । सीमित समय र स्रोतसाधनका कारण यस पालिकाका अन्य पक्षहरूलाई यस पटक अनुसन्धान गर्न सकिएको छैन । तथापि यस अध्ययनले भविष्यमा थप अध्ययन अनुसन्धान गर्ने आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

यस सन्दर्भमा मोलुङ फाउन्डेसनको अनुसन्धान प्रस्ताव सहज ढंगले स्वीकृत गरी यो अवसर प्रदान गर्नुभएकोमा गाउँपालिका अध्यक्ष आदरणीय उत्तम राई, उपाध्यक्ष उर्मिला खतिवडा, प्रमुख प्रशासकीय अधिकृत ओशो कर्ण, प्रशासकीय अधिकृत सन्तोष गौतमलगायत सम्पूर्ण गाउँपालिका परिवारप्रति मोलुङ फाउन्डेसनका तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै, यस अनुसन्धान कार्यमा संलग्न प्रा.डा. केशवप्रसाद अधिकारी, लोचन भट्टराई, ध्रुव खड्का, पवन राईलगायत सम्पूर्ण विज्ञहरूलाई पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रा.डा. भूपप्रसाद धमला
अध्यक्ष
मोलुङ फाउन्डेसन
२०८२ असार १५

# कार्यकारी सारांश

मोलुङ गाउँपालिका र मोलुङ फाउन्डेसनको सहकार्यमा गाउँपालिकाको मोलुङ गाउँपालिकाको ग्रन्थ/ग्रन्थचित्र लेखन कार्य सम्पन्न भएको छ। ओखलढुंगा जिल्लाको मध्य–पश्चिम भागमा पर्ने मोलुङ गाउँपालिकाको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रका महत्त्वपूर्ण स्थान रहेका छन् । मोलुङ गाउँपालिकाका प्राकृतिक स्रोत र सम्पदा, ऐतिहासिक–पुरातात्त्विक स्थलहरू, धार्मिक–सांस्कृतिक सम्पदाहरू, प्रमुख पर्यटकीय स्थलहरू, जनसांख्यिक संरचना, आर्थिक अवस्था र पूर्वाधार विकासले पारेको वातावरणीय प्रभावलगायत विविध पक्षको विस्तृत अध्ययन गरी एकीकृत दस्तावेजमा समेट्ने कार्य सम्पन्न भएको छ।

मोलुङ गाउँपालिकाका बारेमा हालसम्म लेखिएका, उपलब्ध भएसम्ममा कृतिहरू तथा अन्य विभिन्न द्वितीय स्रोतबाट उपलब्ध भएसम्मका विवरणको पूर्वकार्य समीक्षा गरेपश्चात् थप विषयका बारेमा स्थलगत रूपमा प्राथमिक तथ्यांक संकलन गरिएको छ । प्राथमिक तथ्यांक निर्धारित ढाँचामा खुला तथा बन्द प्रश्नावली र सूचनादाता अन्तर्वार्ता अनुसूचीजस्ता अनुसन्धान औजारको माध्यमबाट स्थलगत अन्तर्वार्ता, सामूहिक छलफल, स्थलगत अवलोकन इत्यादि विधिको प्रयोग गरिएको छ। प्राथमिक र द्वितीय विधिबाट प्राप्त गुणात्मक र संख्यात्मक तथ्यांकलाई, गाउँपालिकाले तोकेका कार्यक्षेत्रगत सर्तहरू पालना गर्दै वैज्ञानिक अनुसन्धान विधिबाट विश्लेषण गरिएको छ।

निर्धारित समयभित्र मानव स्रोत र साधनको कमीले गर्दा यस अध्ययनमा गाउँपालिकाको भौगोलिक अवस्था र प्राकृतिक स्रोत/सम्पदाको संक्षिप्त विवरण, ऐतिहासिक–पुरातात्त्विक स्थलहरूको संक्षिप्त विवरण, महत्त्वपूर्ण पर्यटकीय स्थलहरूको संक्षिप्त विवरण, जनसांख्यिक संरचनाको विवरण, आर्थिक अवस्था र गरिबीको विवरण र पूर्वाधार विकासले पारेको वातावरणीय प्रभावको मूल्यांकनजस्ता निर्धारित विषयको भन्दाबाहेक विवरणको विस्तृत खाका तयार नभएको हुन सक्नुका साथै सूचनाका स्रोतमा नै हुन सक्ने त्रुटि, सूचनादाताको जानकारीको तहजस्ता पक्षका कारण अध्ययनको नतिजामा प्रभाव परेको पनि हुन सक्छ । समग्रमा प्राप्त नतिजाले प्रतिवेदनमा रहेका विवरणका बारेमा अझै गहन अध्ययनका आधार तयार गर्न भने यस अध्ययन सफल भएको छ।

नेपालको पूर्वी भूभागमा रहेको कोशी प्रदेशअन्तर्गत ओखलढुंगा जिल्लाको मध्यभागमा अवस्थित मोलुङ गाउँपालिकाको पूर्वमा सिद्धिचरण नगरपालिका, पश्चिममा, चम्पादेवी गाउँपालिका र लिखु गाउँपालिका, उत्तरमा सिद्धिचरण नगरपालिका र खिजीदेम्बा गाउँपालिका तथा दक्षिणतर्फ सिद्धिचरण नगरपालिका र सुनकोशी गाउँपालिका रहेका छन्। मोलुङ गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक विविधताले भरपुर गाउँपालिका हो। मोलुङ गाउँपालिका भौगोलिक फैलावटका हिसाबले २७ डिग्री १७ मिनेट ४३ सेकेन्ड उत्तरदेखि २७ डिग्री २६ मिनेट ८ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८६ डिग्री २० मिनेट ८६ डिग्री २० मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री ३० मिनेट ३८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो गाउँपालिकाको क्षेत्रफल ११२.४७ वर्गकिलोमिटर रहेको छ । भौगोलिक उचाइका हिसाबले हेर्दा यो गाउँपालिकाको सबैभन्दा होचो स्थान वटा नम्बर ४ मा अवस्थित त्रिवेणीधाम हो भने सबैभन्दा अग्लो स्थान तीनतले पहाड (२८१६ मिटर) को टाकुरा हो। यस्तै सबैभन्दा होचो त्रिवेणी ६९२ मिटर रहेको छ भने गाउँपालिकाको केन्द्र ११६० मिटर उचाइमा रहेको छ।

धरातलीय स्वरूप हेर्दा उत्तर–दक्षिण भिरालो र पूर्व–पश्चिम केही समथरजस्तो देखिन्छ। भूउपयोगको अवस्था हेर्दा मानव बस्ती सबैतिर फैलिएर रहेको पाइन्छ भने मध्य क्षेत्रमा प्रशस्त मात्रामा खेतीयोग्य जमिन कृषि कार्यका लागि उपयोग

भइरहेको छ। यस्तै उत्तर र पश्चिम क्षेत्रमा प्रशस्त वनस्पतिहरू पाइन्छन् भने नदीनालाहरू उत्तरबाट दक्षिणतर्फ बहाव भएका पाइन्छन्। केही नदीनाला पश्चिमबाट पूर्व र पूर्वबाट दक्षिटातर्फ पनि बगेका भेटिन्छन्। खेतीयोग्य टार, बेंसी, पाखाबारी, खरबारीलगायतका जमिन कृषि कार्यमा उपयोग भइरहेका छन्। रामपुरटार, जरायोटार, देवीटार, प्राप्चाटार यहाँका मुख्य टारहरू हुन् भने ढकालबेंसी, झगरेबेंसी, बाह्रबिसे बेंसी यहाँका मुख्य बेंसीहरू हुन्। बुङनाम, ढकालगाउँ, बाह्रबिसे, साउने, झगरे, रामपुर, हर्कपुर प्राप्चा, राँगादीप, श्रीचौर, पाल्ले आदि यहाँका मुख्य बस्तीहरू हुन्। सेप्ली, यलुङ, सेलेले, इन्द्रेणी, माली, काभ्रे, अँधेरी, आइतबारे, लप्सेच्यादी आदि झरनाको पर्यटकीय सम्भावना देखिन्छ।

कुन्तादेवी मन्दिर, ढकालगाउँको ढकाल देवाली थान, धमलागाउँ मौवाडाँडाको धमला देवाली थान, तीन कन्यादेवी, महादेव थान, लामीडाँडा, भूमेदेवी कालीथान, जलजलेश्वर त्रिवेणी धाम, पञ्चकन्यादेवी मन्दिर, धियोतिङ छोयालिङ गुम्बा, देछरन तेंदुक छोलिङ गुम्बा, चम्पाश्वर महादेव, बिल्दु मानी चौतारी, तीन कन्या मालिकादेवीजस्ता विभिन्न धार्मिक सम्पदा, जातीय विविधता झल्काउने संस्कार, समुदायअनुसार परम्परादेखि अपनाउँदै आइएको लोक संस्कृति, धार्मिक–सांस्कृतिक सम्पदा, जात्रामेला, विभिन्न वनस्पति तथा जीवजन्तुका साथै, जैविक विविधता र सुन्दर प्राकृतिक छटा आदि गाउँपालिकाका अमूल्य सम्पत्ति हुन्।

मोलुङ गाउँपालिकामा जातीय पहिचान झल्काउने यस्ता संस्कारहरूमध्ये राई, तामाङ, शेर्पा, क्षेत्री–बाहुन, गिरी, दलित जातिहरूको संस्कारलाई उल्लेखनीय मान्न सकिन्छ। यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरूमा गिरी, राई, तामाङ, शेर्पा, क्षेत्री, बाहुन, मगर, र दलितहरू प्रमुख छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६,४४० रहेको छ। यस गाउँपालिकाको समग्र लैंगिक अनुपात ९५.४१ रहेको देखिन्छ। लैंगिक अनुपात सबैभन्दा न्युन वडा नम्बर ४ को ८८.५८ रहेको देखिन्छ भने उच्च अनुपात वडा नम्बर ७ को १०४.७४ रहेको देखिन्छ। कुल जनसंख्याको ५६.७९% एकल परिवारमा र ४३.२१% संयुक्त परिवारमा रहेका छन्। यहाँ सबैभन्दा बढी जनसंख्या तामाङ जातिको (२,७८९ जना, कुल जनसंख्याको १७% भन्दा बढी) रहेको देखिन्छ।

गाउँपालिकाको समग्र साक्षरता दर ७३.८% रहेकोमा पुरुष साक्षरता दर ८०.७% र महिला साक्षरता दर ६७.४% रहेको छ। गाउँपालिकामा नेपाली ८,४६२ जनाको, तामाङ २,७१७ जनाको, शेर्पा २,५१५ जनाको मातृभाषा मुख्य रहेको देखिन्छ। धर्मका आधारमा सबैभन्दा बढी हिन्दु धर्म मान्नेको संख्या ९,४५९ रहेको छ भने दोस्रो बढी बौद्ध धर्म मान्नेको संख्या ४,९७१ र तेस्रो बढी किराँत धर्म मान्नेको संख्या १,७३४ रहेको देखिन्छ। वडा नं. २ को जनघनत्व सबैभन्दा बढी २२८.४ रहेको छ भने वडा नं. ७ को जनघनत्व सबैभन्दा कम ९६.५४ रहेको छ। मोलुङ गाउँपालिकामा विवाहको औसत उमेर २० वर्ष रहेकोमा पुरुषको औसत विवाहको उमेर २१.६ वर्ष र महिलाको १८.७ वर्ष रहेको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ मा गाउँपालिकामा १० वर्षभन्दा माथिको कुल जनसंख्या १३,८२६ रहेकोमा ५,६६० जना रोजगार, ७०६ जना बेरोजगार, ४,०७७ जना प्रायः निष्क्रिय र ३,३६७ जना आर्थिक रूपमा निष्क्रिय रहेको पाइयो। कुल ४०,६९ घरपरिवारमध्ये १०४० परिवार (२५.६%) मा महिलाको नाममा घर वा जमिनको स्वामित्व रहेको देखिन्छ। गाउँपालिकाको कुल आश्रित दर ५५.३% रहेको पाइन्छ, जसमध्ये बालबालिकाको आश्रित दर ४०.४% र वयस्क आश्रित दर १४.८% रहेको देखिन्छ, जसले गर्दा आर्थिक निर्भरता उच्च रहेको देखाउँछ। कुल रोजगार जनसंख्याको ८१.६३% (८२०१ जना) कृषि क्षेत्रमा संलग्न भएको पाइएका आधारमा हेर्दा कृषि यहाँको प्रमुख रोजगारीको माध्यम रहेको देखिन्छ। गैरकृषि क्षेत्रमा १८.३७% (१८४५ जना) संलग्न रहेकोमा पुरुष १०८५ र महिला ७६० जना रहेको देखिन्छ। ६ महिनाभन्दा बढी काममा संलग्न हुने पुरुषको प्रतिशत (४२.७२%) महिलाको भन्दा (३५.०३%) बढी रहेको

देखिन्छ। घरायसी सामग्रीहरू जस्तै- रेडियो, टेलिभिजन, टेलिफोन, साधारण मोबाइल, स्मार्टफोन, कम्प्युटर/ल्यापटप, इन्टरनेट, कार/जिप/भ्यान, मोटरसाइकल/स्कुटर, साइकल, विद्युत् पंखा, फ्रिजर, वासिङ मेसिन र एयर कन्डिसन आदि कुनै पनि नहुने परिवार २४० रहेको पाइयो भने ३८२९ परिवारसँग भने कम्तीमा एक समान रहेको पाइयो।

मोलुङ गाउँपालिकामा कुल ४०६९ परिवार रहेको पाइएको छ। यसमध्ये १४०८ परिवार (३४.६%) अति गरिब वर्गमा पर्दछन्। १६०९ परिवार (३९.५४%) गरिब वर्गमा रहेका पाइएको छ, जुन कुल परिवारको सबैभन्दा ठूलो हिस्सा हो। ८०३ परिवार (१९.७३%) मध्यम वर्गमा पाइएका छन्, जबकि २०५ परिवार (५.०४%) धनी र ४४ परिवार (१.०८%) अति धनी वर्गमा रहेका पाइएको छ। वडा नं. ८, वडा नं. ७ र वडा नं. ३ मा आर्थिक रूपमा कमजोर परिवारको सघनता बढी देखिन्छ। धन सम्पत्तिको गणनाबारे विश्लेषण गर्दा कुल १६४४० जनसंख्यामध्ये ५०७० जना (३०.८४%) अति गरिब वर्गमा, ६८८७ जना (४१.८९%) गरिब वर्गमा, ३४७१ जना (२१.११%) मध्यम वर्गमा, ८२७ जना (५.०३%) धनी वर्गमा र १८५ जना (१.१३%) अति धनी वर्गमा रहेका पाइएको छ। यस आधारमा हेर्दा गाउँपालिकामा निरपेक्ष गरिबीको दर उच्च रहेको देखिन्छ र कुल ४०६९ घरपरिवार रहेकोमा ३१३१ परिवार (७६.९५%) को घरको समग्र गुणस्तर मध्यम, ७५३ परिवार (१८.५१%) को पर्याप्त, ८१ परिवार (१.९९%) को प्रायः पर्याप्त, १०० परिवार (२.४६%) को अपर्याप्त र ४ परिवार (०.१%) को अति अपर्याप्त रहेको पाइयो।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार मकै खेती गर्ने कृषक परिवार संख्या ३७०८, गहुँ खेती गर्ने कृषक परिवार संख्या १७७०, पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या ३५८७, कृषि ऋण लिएका कृषक परिवार संख्या १७८३, जलवायु परिवर्तनबारे थाहा हुने कृषक परिवार संख्या ३२१३, कृषि उत्पादनमा कमी आएको भनेका कृषक परिवार २२३३ र जलवायु परिवर्तनको कारणले रोग वा कीराको प्रकोपमा वृद्धि भएको बताउने कृषक परिवार २१४३ रहेको देखिन्छ। कृषि उत्पादनबाट भएको आम्दानीले १० देखि १२ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या १०४ मात्र रहेको पाइनुले धेरै परिवारको कृषि मुख्य पेसा रहेको भए तापनि अधिकांशको कृषिबाट जीवन निर्वाह नहुने देखिन्छ। कृषक परिवार संख्या ३७९६ कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २९२९.७, जम्मा कित्ता संख्या १२९२२ र प्रतिपरिवार औसत कित्ता संख्या ३.४ रहेको पाइयो। यसको विश्लेषण गर्दा जग्गाको खण्डीकरण उच्च दरमा हुने गरेको देखिन्छ। औद्योगिक गणना २०१८ अनुसार यस गाउँपालिकामा ३६६५ परिवारको कुनै पनि प्रकारको साना तथा घरेलु उद्योग वा उद्योगहरू नरहेको देखिन्छ। यसका आधारमा विश्लेषण गर्दा गाउँपालिकामा उद्योग र औद्योगिकीकरणतर्फ वामे पनि नसरेको देखिन्छ।

पारिस्थितिक प्रणालीमा हुने परिवर्तनको प्रभाव यस गाउँपालिकामा पनि परेको पाइन्छ। यहाँ जलवायु परिवर्तन, विपद् जोखिम, पानीको संकट, वन फँडानी, माटो कटान आदि समस्याहरू तीव्र रूपमा बढ्दै गरेको पाइन्छ। यस गाउँपालिकामा वन क्षेत्र ६७%, कृषि क्षेत्र २९%, घाँसे मैदान ५% र निर्माण क्षेत्र ०.१% रहेको छ। यस गाउँपालिकाको १.०१ वर्गकिलोमिटर क्षेत्रफल उच्च बाढी जोखिममा, २६.५६ वर्ग किलोमिटर क्षेत्र पहिरोको उच्च जोखिममा, ८.७६ वर्ग किलोमिटर क्षेत्रफल आगलागीको उच्च जोखिममा र ९.८९ वर्ग किलोमिटर क्षेत्रफल भूक्षयको उच्च जोखिममा रहेको देखिन्छ।

# विषय सूची


कृतज्ञता ज्ञापन ........

कार्यकारी सारांश ........

विषय सूची ........

तालिका सूची ........

अध्याय एक भौगोलिक अवस्था र प्राकृतिक स्रोत/सम्पदा ........ १

१. १ भौगोलिक अवस्था ........ १

१.२ प्राकृतिक स्रोत/सम्पदा ........ ९

१.३ वडागत विवरण ........ १२

वडा नम्बर १ ........ १२

वडा नम्बर २ ........ १५

वडा नम्बर ३ ........ १९

वडा नम्बर ४ ........ २२

वडा नम्बर ५ ........ २५

वडा नम्बर ६ ........ २८

वडा नम्बर ७ ........ ३१

वडा नम्बर ८ ........ ३४

अध्याय दुई ऐतिहासिक-पुरातात्त्विक स्थल र धार्मिक-सांस्कृतिक सम्पदा ........ ३८

२.१ गाउँपालिकाको नामकरण ........ ३८

२.२ ऐतिहासिक-पुरातात्त्विक स्थल ........ ३९

२.३ धार्मिक सम्पदा ........ ४१

२.४ सांस्कृतिक सम्पदा ........ ४३

२.५ वडागत विवरण ........ ५३

वडा नम्बर १ ........ ५३

वडा नम्बर २ ........ ५९

वडा नम्बर ३ ........ ६१

वडा नम्बर ४ ........ ६३

वडा नम्बर ५ ........ ६७

वडा नम्बर ६ ........ ६९

वडा नम्बर ७ ........ ७०

वडा नम्बर ८ ........ ७२

अध्याय तीन पर्यटनको वर्तमान अवस्था र विकासको सम्भावना ........ ७४

३.१ गाउँपालिका पर्यटनको वर्तमान अवस्था ........ ७५

३.२ गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरू ........ ७५

३.३ वडागत पर्यटनको वर्तमान अवस्था ........ ७९

३.४ गाउँपालिकाका सम्भाव्य पर्यटकीय स्थलहरू ........ ७९
३.५ वडागत पर्यटन विकासको सम्भावना ........ ७९
३.६ गाउँपालिकाको आ.व. २०८२/८३ मा नीति तथा कार्यक्रममा समेटिएका विषयहरू ........ ८२
अध्याय चार जनसांख्यिक विवरण ........ ८४
४.१ जनसंख्याको आकार र संरचना ........ ८४
४.२ जनसंख्याको सामाजिक र सांस्कृतिक विविधता ........ ९१
४.३ शैक्षिक अवस्था ........ ९९
४.४ जनसंख्याको फरक क्षमताअनुसारको संरचना ........ १०६
४.५ वैवाहिक अवस्था ........ १०७
४.६ बसाइँसराइको अवस्था ........ १११
अध्याय पाँच आर्थिक अवस्था ........ ११४
५.१ गाउँपालिकाको कृषिको अवस्था ........ ११४
५.२ गाउँपालिकाको उद्योगको विवरण ........ १२१
५.३ आम नागरिकको समग्र अवस्था ........ १२२
५.४ आश्रित जनसंख्या विवरण ........ १२५
५.५ परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको अवस्थाका आधारमा विवरण ........ १४२
५.६ परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको गणना वारेको विवरण (जनसंख्याको आधारमा) ........ १४४
५.७ परिवारको गुणस्तर गणनाको विवरण (घरको गुणस्तर) ........ १४५
अध्याय छ पूर्वाधार विकास र वातावरणीय प्रभाव ........ १४७
६.१ भौतिक पूर्वाधार विकास ........ १४७
६.२ मोलुङ गाउँपालिकामा वडागत रूपमा रहेका विकासका पूर्वाधारहरू ........ १५०
६.३ वातावरणीय जोखिमका अवस्था ........ १५८
६.४ गाउँपालिकाको विकास र वातावरणका सरोकारवाला ........ १६२
६.५ मोलुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास र वातावरणीय प्रभाव ........ १६३
६.६ दिगो विकासका लागि भावी कार्यदिशा ........ १६७
सन्दर्भ सामग्री सुची ........ १७२
अनुसुची १ बिशिष्टिकृत प्रश्नावली ........ १७३
अनुसुची २ वडागत छलफलका तश्विरहरू ........ १७४
अनुसुची ३ वडागत छलफलमा सहभागीहरुको उपस्थिती माइन्युट ........ १७५

# तालिका सूची


तालिका १: मोलुङ गाउँपालिकाको वडागत संरचना र वडा कार्यालय रहेको स्थान ........ ८

तालिका २: सार्वजनिक प्रयोगका स्थलहरु........ ४०

तालिका ३ धार्मिक महत्वका स्थानहरु........ ४२

तालिका ४: जात्रामेला लाग्ने स्थानको विवरण ........ ५१

तालिका ५: सम्भाव्य पर्यटकीय स्थलहरु ........ ८०

तालिका ६: २०७८ सालको जनगणनाअनुसार मोलुङ गाउँपालिकाको वडाअनुसार घरपरिवार, कुल र पुरुष र महिलाको जनसांख्यिक संरचना ........ ८५

तालिका ७: मोलुङ गाउँपालिकाको जनसंख्याको उमेर र लैंगिक संरचना, जनगणना २०७८ ........ ८७

तालिका ८: बृहत् उमेर संरचना, मोलुङ गाउँपालिका, ओखलढुंगा जिल्ला, कोशी प्रदेश र नेपालका बीच तुलनात्मक प्रस्तुति ........ ८८

तालिका ९: मोलुङ गाउँपालिकाको जनसंख्याको पारिवारिक संरचनाका आधारमा वडाअनुसार वितरण, जनगणना २०७८ ........ ९०

तालिका १०: जातजाति र जनजातिगत वितरण........ ९१

तालिका ११: मोलुङ गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको मातृभाषाका आधारमा वितरण तथा विविधता आधारमा मोलुङ गाउँपालिकाको जनसंख्या वितरण, जनगणना २०७८ ........ ९३

तालिका १२: मोलुङ गाँउपालिकाको जनसंख्याको धर्मका आधारमा वितरण........ ९४

तालिका १३: घरमूलीको लैंगिक अवस्थाको विवरण ........ ९४

तालिका १४: जनसंख्याको उमेर समूह र लैंगिक वितरणका आधारमा वडाअनुसार वर्गीकरण........ ९७

तालिका १५: मोलुङ गाँउपालिकाको वडागत जनघनत्व........ ९८

तालिका १६: मोलुङ गाउँपालिकाको पाँच वर्ष र सो भन्दा माथिको उमेरको जनसंख्याको उमेर र लिंग अनुसार साक्षरताको अवस्था, जनगणना २०७८ ........ १००

तालिका १७: गाउँपालिकाको ५ वर्ष पूरा भएको जनसंख्याको शैक्षिक अवस्था........ १००

तालिका १८: जातीयताका र लिंगका आधारमा गाउँपालिकाको सक्षरताको अवस्था........ १०२

तालिका १९: मोलुङ गाउँपालिकाका ५ वर्ष माथिका साक्षर जनसंख्याले पूरा गरेको शैक्षिक तहअनुसार उमेर र लैंगिक वितरण........ १०४

तालिका २०: ५ देखि २५ वर्ष उमेरको जनसंख्याको विद्यालय सहभागिता विवरण ........ १०५

तालिका २१: मोलुङ गाउँपालिकाको जनसंख्याको अपांगताको प्रकार र अवस्थाअनुसार कुल, पुरुष र महिलाको वितरण, जनगणना २०७८ ........ १०६
तालिका २२: मोलुङ गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्याको वैवाहिक अवस्थाअनुसार वितरण........ १०७
तालिका २३: मोलुङ गाउँपालिकाका १० वर्ष र सोभन्दा माथिका विवाहित जनसंख्याको विवाह हुँदाको वडाअनुसार औसत उमेर........ १०९
तालिका २४: मोलुङ गाउँपालिकाका २०-२४ वर्ष उमेर समूहको जनसंख्यामा १५ वर्ष (नाबालिक विवाह) र १८ वर्ष (बाल विवाह) नहुँदै विवाह हुनेको लिंगअनुसार प्रतिशत वितरण........ ११०
तालिका २५: मोलुङ गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको जन्मस्थानका आधारमा वितरण........ १११
तालिका २६: मोलुङ गाउँपालिकाको अक्सर बसोबास गर्ने घरपरिवार र जनसंख्यामा घरभन्दा बाहिरै देशभित्रै र देशबाहिर बसोबास गर्नेको प्रतिशत वितरण........ ११२
तालिका २७: मोलुङ गाउँपालिकाको जनसंख्याको बसाइँसराइको अवस्थाअनुसार वडागत वितरण........ ११३
तालिका २८: पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार........ ११४
तालिका २९: जग्गाको स्वामित्वको अवस्थाबारे विवरण........ ११७
तालिका ३०: कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता, औसत कित्ता, सिंचित क्षेत्रफल........ ११८
तालिका ३१: कृषि चलनले चलन गरेको जग्गाको उपभोग........ ११८
तालिका ३२: कृषि चलनले चलन गरेको जग्गाको उपयोग........ ११९
तालिका ३३: गाउँपालिकामा रहेका उद्योग व्यवसायको संख्या र संलग्नताबारेको विवरण........ १२१
तालिका ३४: गाउँपालिकाको उद्योग व्यवसायबारेको थप विवरण........ १२१
तालिका ३५: १० वर्षमाथिको उमेर समूहको आर्थिक रूपमा सक्रिय जनसंख्या........ १२३
तालिका ३६: महिलाको नाममा घर र जमिन भए नभएको आधारमा जनसंख्या विवरण........ १२४
तालिका ३७: आश्रित जनसंख्या विवरण........ १२५
तालिका ३८: फरक क्षमताको आधारमा, सक्षमताको आधारमा जनसंख्याको विवरण........ १२६
तालिका ३९: ग्रामीण तथा सहरीकरणको प्रकृतिका आधारमा विवरण........ १२७
तालिका ४०: रोजगारीमा रहेको क्षेत्रका आधारमा जनसंख्या विवरण........ १२८
तालिका ४१: वर्षभरिमा काममा संलग्न भएको अवधिका आधारमा जनसंख्या विवरण........ १२९
तालिका ४२: फरक क्षमताका आधारमा रोजगारीको क्षेत्रबारेको विवरण........ १३०
तालिका ४३: १० देखि १७ वर्ष उमेर समूहको कामको क्षेत्र र प्रकृतिबारेको विवरण........ १३१

**तालिका ४४: १० वर्ष पूरा भएकाको रोजगारीको क्षेत्रबारेको विवरण ..........१३२**

**तालिका ४५: १० वर्ष पूरा भएका फरक क्षमता भएकाको रोजगारीको क्षेत्रबारेको विवरण..........१३३**

**तालिका ४६: बसोबास गर्ने घरको स्वामित्वको अवस्था ..........१३४**

**तालिका ४७: परिवारले प्रयोग गर्ने घरको जगको अवस्था ..........१३५**

**तालिका ४८: परिवारले प्रयोग गर्ने घरको गारोको विवरण..........१३५**

**तालिका ४९: परिवारले प्रयोग गर्ने घरको छानोको विवरण..........१३६**

**तालिका ५०: परिवारले प्रयोग गर्ने घरको भुइँको प्रकृति..........१३७**

**तालिका ५१ :परिवारले प्रयोग गर्ने खानेपानीको स्रोत..........१३८**

**तालिका ५२: परिवारले खाना पकाउने प्रयोग गर्ने इन्धनको स्रोत..........१३९**

**तालिका ५३: परिवारले प्रयोग गर्ने उज्यालोको स्रोत..........१४०**

**तालिका ५४: परिवारले प्रयोग गर्ने शौचालय सुविधा..........१४०**

**तालिका ५५: परिवारले प्रयोग गर्ने स्वामित्वमा रहेका वस्तुहरूको विवरण..........१४२**

**तालिका ५६: परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको अवस्थाका आधारमा विवरण..........१४३**

**तालिका ५७: परिवारको स्वामित्वमा रहेको धनसम्पत्ति गणनाबारे विवरण ..........१४४**

**तालिका ५८ : परिवारको गुणस्तर गणनाको विवरण..........१४५**

# अध्याय एक

# भौगोलिक अवस्था र प्राकृतिक स्रोत/सम्पदा

कुनै प्राकृतिक स्थान वा प्रशासनिक एकाइको भौगोलिक अवस्था भन्नाले त्यस स्थानको भौगोलिक अवस्थिति र धरातलीय स्वरूप भन्ने बुझिन्छ । यस अध्यायमा मोलुङ गाउँपालिकाले ओगटेको धरातल र राजनीतिक नक्साले समेटेको भूगोललाई भौगोलिक अवस्था भनिएको हो ।

त्यसैगरी प्राकृतिक स्रोत भन्नाले प्रकृतिमा पाइने कुनै पनि जैविक वा अजैविक वस्तुहरूलाई सम्झनुपर्छ । यस्ता वस्तुहरू प्रकृतिमा विद्यमान हावा, पानी, माटो, खनिज, वन जंगल, जीवाशेष इत्यादि हुन् । यी वस्तुहरू मानव जीवनका लागि उपयोगी हुन्छन् । यस्ता प्राकृतिक स्रोतको उपयोग गरेर मानव जीवनलाई सहज र उन्नत बनाउन सकिन्छ । यहाँ मोलुङ गाउँपालिकामा रहेका महत्त्वपूर्ण प्राकृतिक स्रोतलाई इंगित गर्न खोजिएको हो ।

प्राकृतिक सम्पदा भन्नाले पृथ्वीमा अस्तित्ववान् इकोसिस्टम, भौगर्भिक बनोट, प्राकृतिक सौन्दर्य र लोपोन्मुख जीवका लागि संरक्षण गरिएका विशेष स्थानहरू भन्ने बुझिन्छ । यस्ता सम्पदाहरू जैविक विविधताको संरक्षण र प्राकृतिक सौन्दर्यका लागि महत्त्वपूर्ण मानिन्छन् । यसो गर्नाले जैविक विविधता कायम गर्न सहज हुन्छ ।

कतिपय अवस्थामा प्राकृतिक स्रोत र सम्पदालाई उही अर्थमा लिने गरिन्छ । दुवै कुराको प्रकृतिमा अस्तित्व कायम रहेको छ । प्राकृतिक स्रोतलाई प्रत्यक्ष रूपमा मानव जीवनका लागि प्रयोग गरिन्छ भने प्राकृतिक सम्पदालाई संरक्षण गरेर भविष्यका लागि राखिन्छ ।

यस अध्यायमा मोलुङ गाउँपालिकाको भौगोलिक अवस्था र यहाँ पाइने प्राकृतिक स्रोत ⁄ सम्पदाको उल्लेख गर्दै केही महत्त्वपूर्ण प्राकृतिक स्रोत ⁄ सम्पदाको वर्णन गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारलाई विकास, वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनका लागि उपयुक्त नीति-नियम बनाउन उपयोगी हुन्छ ।


## १. १ भौगोलिक अवस्था


### १.१.१ अवस्थिति/फैलावट

पूर्वी नेपालको कोशी प्रदेशअन्तर्गत ओखलढुंगा जिल्लाको मध्य भागमा अवस्थित मोलुङ गाउँपालिका भौगोलिक फैलावटको हिसाबले २७ डिग्री १७ मिनेट ४३ सेकेन्ड उत्तरदेखि २७ डिग्री २६ मिनेट ८ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८६ डिग्री २० मिनेट ८६ डिग्री २० मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री ३० मिनेट ३८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिकाको क्षेत्रफल ११२.४७ वर्गकिलोमिटर छ रहेको छ ।

भौगोलिक उचाइका हिसाबले हेर्दा यो गाउँपालिकाको सबैभन्दा होचो स्थान वडा नम्बर ४ मा अवस्थित त्रिवेणी धाम हो भने सबैभन्दा अग्लो स्थान तीनतले पहाड (२८१६ मिटर) को टाकुरा हो । यस्तै, सबैभन्दा होचो त्रिवेणीधाम ६९२ मिटर रहेको छ । गाउँपालिकाको केन्द्र १,१६० मिटर उचाइमा रहेको छ ।

मोलुङ गाउँपालिकाको पूर्व र उत्तरतर्फ सिद्धिचरण नगरपालिका, उत्तर र पश्चिमतर्फ खिजीदेम्बा गाउँपालिका, पश्चिमतर्फ चम्पादेवी गाउँपालिका र लिखु गाउँपालिकाको थोरै भाग र दक्षिणतर्फ सुनकोशी गाउँपालिका पर्दछन् ।



LOCATION MAP OF MOLUNG RURAL MUNICIPALITY, OKHALDHUNGA, KOSHI PROVINCE
Solududhakunda Municipality
Khijidemba Rural Municipality
Likhu Rural Municipality
Siddhicharan Municipality
Champadevi Rural Municipality
Sunkoshi Rural Municipality
Scale 1:100,000
Okhaldhunga District
NEPAL
Geographically, Molung Rural Municipality is located in the Southernt part of the Okhaldhunga District,Which is surrounded by Khijidemba Rural Municipality from North and west, Champadevi Rural Municipality from the West and Southern part,Sunkoshi Municipality from the South, and Siddhicharan Municipality from northen and eastern of the Okhaldhunga district.The approximate location of is Nar Phu Rural Municipality is around 27° 37' 00" To 86° 43' 00" East Longitude with having an area of 112.34 sqkm.(GIS Maping 2025) It is extended up to 13.62 km East-West and 15 km North-South Expansion.
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 87° E
Scale Factor: 0.9999
Latitude Of Origin: 0°
Units: Meter
Legend
Settlement
Ban Karyalaya
Hatbazar Area
Health Post
Kol Danda
Play Ground
Police Station
Sahid Park
School
Sepli Jharana
Temple
Ward Office
Mane
Temple
Molung Gaunpalika Office
Bridge
Suspension Bridge
Agriculture Road
Foot Trail
River_Network
Kulo
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
International Boundary
Molung Rural Municipality
Data Source: TSLUMD, Department of Survey,Field Survey 2025


DIGITAL ELEVATION MAP OF MOLUNG RURAL MUNICIPALITY, OKHALDHUNGA, KOSHI PROVINCE
Solududhakunda Municipality
Khijidemba Rural Municipality
Likhu Rural Municipality
Nechasalyan Rural Municipality
Chisankhugadhi Rural Municipality
Siddhicharan Municipality
Champadevi Rural Municipality
Sunkoshi Rural Municipality
Scale 1:100,000
Legend
Value in Meter
High : 2982
Low : 692
Ward Boundary
RM/Municipality Boundary
District Boundary
Province Boundary
International Boundary
Data Source: TSLUMD, Department of Survey

क्षेत्रगत उचाइको हिसाबले हेर्दा मोलुङ गाउँपालिका दक्षिणबाट क्रमशः उत्तरतर्फ उचाइ बढ्दै गएको छ भने पूर्वदेखि पश्चिमसम्म लगभग समतल किसिमको जमिनको स्वरूप रहेको छ ।

### १.१.२ धरातलीय/भूस्वरूप

मोलुङ गाउँपालिकाको धरातलीय स्वरूप हेर्दा उत्तर-दक्षिण भिरालो र पूर्व-पश्चिम केही समथरजस्तो देखिन्छ । यस गाउँपालिकाको क्षेत्र मुख्यतः पहाडी स्वरूपको हुनाले प्रशस्त मात्रामा पाखा, पर्वत, खोलानाला र वनजंगलहरू पाइन्छन् । यी नै यहाँका विशेषता हुन् । अन्य पालिकाको तुलनामा यस गाउँपालिकामा विविध प्रकारका भूस्वरूप र खेतीयोग्य जमिनका साथै पानीका स्रोतहरू रहेका छन् ।




विस्तृत पहाडी भूस्वरूपमा निर्मित यो प्राकृतिक क्षेत्रमा विभिन्न प्रकारका भौगोलिक स्वरूपहरू रहेका छन् । मोलुङ गाउँपालिका भौगोलिक विविधताको क्षेत्र हो । यहाँ चुली, थुम्का, बेंसी, टार, समथर मैदानदेखि होचा-अग्ला पहाड, ओडार, गुफा, खोल्साखोल्सीहरू पनि प्रशस्तै मात्रामा भेटिन्छन् । यहाँका केही उल्लेख्य धरातलीय ⁄ भूस्वरूप यसप्रकार छन्-

### ओडार/गुफा

ओडारे गुफा, भीमखर्कको गुफा, थानढुंगाको ओडार, पञ्चकन्या गुफा, भालुखोप गुफा, तीनतले सुरुङ, पात्लेको ओडार, खोला खर्कको ओडार आदि मोलुङ गाउँपालिकाका प्रसिद्ध ओडार र गुफाहरू हुन् ।

### खोंच

मुलुङ गाउँपालिकामा रहेका मुख्य खोंचहरूमध्ये मोलुङ खोलाको खोंच हो। यो खोंच मोलुङ, यलुङ र सेप्ली झरनाको बीचमा रहेको छ।

### चुली/थुम्का/ढिस्का

तीनतले, गौथली, थामडाँडा, सोलाखर्क, रमिते, बाहुनडाँडा, पातचुली, सालचुली, सालक डाँडा मुख्य चुलीहरू हुन् भने ढिकुरे, मट्केनो, चप्लेटी मोलुङ गाउँपालिकाका मुख्य ढिस्काहरू हुन्। यस्तै, सुलथुम्का मोलुङ गाउँपालिका वडा नम्बर २ को प्रसिद्ध थुम्काका रूपमा चिनिन्छ।


### मैदान/टार/बेंसी

देवीटार, जरायोटार, रामपुरटार, मोलुङ गाउँपालिकाका मुख्य टारहरू हुन्। यस्तै यहाँ रहेका ढकाल बेंसी, लिपेखोला बेंसी, प्राप्चा बेंसी दाहाल बेंसी ढाँड बेंसी कार्तिके बेंसी, झगरपुर बेंसी यहाँका मुख्य बेंसीहरूमा पर्दछन्।

### पाखा/पखेरा

मोलुङ गाउँपालिका वडा नम्बर २ को रानीवन, वडा नम्बर ४ को पिप्ले, बाङ्गेसाल, जेसे, वडा नम्बर ५ को आइतबारे, धनरामे, ढाँड गुराँसे, वडा नम्बर ८ को सालबोटे, सिरिसे, सगरी र होप्ली आदि यहाँका प्रमुख पाखाहरू हुन्।

यो गाउँपालिकामा कालो माटो, पाँगो माटो, पत्थरिलो माटो, बलौटे माटो, चिम्टाइलो माटो, रातो माटोलगायत विभिन्न खाले माटो यहाँ पाइने माटोका मुख्य प्रकारहरू हुन्। माटोसम्बन्धी जानकारी तलको नक्सामा देख्न सकिन्छ।



### १.१.३ हावापानी

ओखलढुंगा जिल्ला मोलुङ गाउँपालिकाको उचाइका आधारमा सो क्षेत्रमा पाइने हावापानीको अवस्था रूपमा अनुभव गर्न सकिन्छ। मोलुङ गाउँपालिकाको सबैभन्दा होचो उचाइ समुद्र सतहबाट ६९२ मिटरदेखि २९८२ मिटरसम्मको उचाइ क्षेत्र देखिन्छ। सोअनुसार निम्न प्रकारका हावापानीका अनुभव गर्न सकिन्छ। मोलुङ गाउँपालिकाको हावापानी यहाँको क्षेत्रमा पाइने माटो, वनस्पति, चट्टान, पानीको मात्रा, उचाइ र जमिनको ढाल आदिबाट प्रभावित भएको पाइन्छ।

६९२ मिटरदेखि १२०० मिटरसम्मको क्षेत्रमा उष्ण प्रकारको हावापानी पाइन्छ भने १२०१ मिटरदेखि २१०० मिटरसम्मको क्षेत्रमा समशीतोष्ण हावापानी पाइन्छ । त्यस्तै २१०१ मिटरदेखि २९८२ मिटरसम्मको क्षेत्रमा ठन्डा समशीतोष्ण हावापानी पाइन्छ । यस प्रकार मोलुङ गाउँपालिकामा उष्ण, समशीतोष्ण र ठन्डा गरी तीन प्रकारका हावापानी अनुभव गर्न सकिन्छ। यिनै हावापानीमा आधारित भई मोलुङ गाउँपालिकाका वनस्पतिका क्षेत्र र यसका प्रजातिहरू तय भएका छन्। तापक्रमको हिसाबले मोलुङ गाउँपालिकामा ग्रीष्ममा ३४ डिग्रीसम्म तापक्रम पुग्दछ भने हिउँदमा न्यूनतम औसत १० डिग्रीसम्म तापक्रम पाइन्छ । यस अर्थमा वार्षिक औसत २२ डिग्रीको आसपासमा तापक्रमको स्थिति रहन्छ।


**वर्षा**

ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिका प्रशस्त वर्षा हुने क्षेत्रमा पर्दछ। नेपालको मनसुनी वर्षा जेठदेखि सुरु भएर असोजसम्म रहने हुनाले मोलुङ गाउँपालिका क्षेत्रमा पनि यो मौसममा धेरै वर्षा हुन्छ । मोलुङ गाउँपालिका क्षेत्रमा मनसुनद्वारा हुने वर्षाको मात्रा बढी हुन्छ भने पश्चिमी वायुले हिउँदको समयमा वर्षा गराउँछ। यहाँ ठाउँअनुसार ३५० देखि ४०० सेन्टिमिटरसम्म औसत वार्षिक वर्ष हुन्छ। वर्षालाई प्रभाव पार्ने कारक तत्त्वहरू भूस्वरूप, वनस्पति, चट्टानका रङ हुन्। यिनका कारणले पनि ठाउँअनुसार वर्षको मात्रामा विविधता रहेको छ। यो पालिकाको उत्तर-पूर्वी क्षेत्रमा वर्षाको मात्रा बढी छ भने दक्षिण-पश्चिम क्षेत्रमा तुलनात्मक किसिमले केही कम वर्षा हुने गर्दछ।

मनसुन स्थानीय किसान र जनजीवनको मुख्य आधार पानीका मुहानहरूको मुख्य स्रोत पनि हो। वर्षामा आधारित भएर किसानहरूले खेतीबाली लगाउने, सिँचाइ गर्ने, पशुपालन गर्ने काम गर्छन्। यो क्षेत्रमा हिउँदका समयमा पश्चिमी वायुको प्रभावले सीमित वर्षा हुन्छ। यसले बोटबिरुवा वनस्पतिका लागि राहत दिने गर्दछ। तापक्रम व्यवस्थापनका लागि केही सहज भए तापनि अन्य हिसाबले भने हिउँदे वर्षा त्यति प्रभावकारी छैन।

### १.१.४ भूउपयोग

मोलुङ गाउँपालिकाको भूउपयोगको अवस्था हेर्दा मानव बस्ती सबैतिर फैलिएर रहेको पाइन्छ भने मध्यक्षेत्रमा प्रशस्त मात्रामा खेतीयोग्य जमिन कृषि कार्यका लागि उपयोग भइरहेको छ । यस्तै, उत्तर र पश्चिम क्षेत्रमा प्रशस्त मात्रामा वनस्पतिहरू पाइन्छन् भने नदीनालाहरूको उत्तरबाट दक्षिणतर्फ बहाव रहेको पाइन्छ। केही नदीनालाहरू पश्चिमबाट पूर्वतिर र पूर्वबाट दक्षिणतर्फ पनि बगेका भेटिन्छन्। खेतीयोग्य टार, बेंसी, पाखाबारी, खरबारीलगायत जमिनहरू कृषि कार्यमा उपयोग भइरहेका छन्। यहाँ ठाडा भीर क्षेत्र पनि भेटिन्छन्। रामपुरटार, जरायोटार, देवीटार, प्राप्चाटार यहाँका मुख्य टारहरू हुन् भने ढकालबेंसी, झगरेबेंसी, बाह्रबिसेबेंसीलगायत बेंसीहरू यहाँका मुख्य कृषि क्षेत्रहरू हुन्।





| मोलुङ गाउँपालिकाको भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ५९९२.४५ | ५३.३४ | ५९.९२ | ५३.३४ |
| २ | वनजंगल क्षेत्र | ४७८०.२६ | ४२.५५ | ४७.८० | ४२.५५ |
| ३ | आवासीय क्षेत्र | १६४.२३ | १.४६ | १.६४ | १.४६ |
| ४ | जल क्षेत्र | २९७.५७ | २.६५ | २.९८ | २.६५ |
| जम्मा | | ११२३४.५२ | १००.०० | ११२.३५ | १००.०० |

### १.१.५ गाउँबस्ती

यो गाउँपालिकामा बस्तीहरू छरिएर रहेको भए तापनि बुङ्नाम धमला गाउँ, ढकाल गाउँ, वितलप, बरबोट, गैरीगाउँ, थापाचौर, बाहबिसे, साउने, झगरपुर, साइटार, रामपुर, हर्कपुर प्राप्चा, फुँयाल गाउँ, दाहाल गाउँ, लिस्पु, राँगादीप, श्रीचौर,

जेसे, पात्ले आदि यस गाउँपालिकाका मुख्य बस्तीहरू हुन् । यस पालिकाका सबै मानिसलाई माझ पर्ने केन्द्र देउराली भञ्ज्याङ हो ।





## १.१.६ प्रशासनिक विभाजन

तत्कालीन अवस्थाका ७ गाविसलाई मिलाएर स्थापना गरिएको मोलुङ गाउँपालिकालाई प्रशासनिक रूपमा ८ वटा वडामा विभाजन गरिएको छ । मोलुङ गाउँपालिकाको मुख्य प्रशासनिक केन्द्र वडा नम्बर ३ को प्राप्चा देउराली भञ्ज्याङमा रहेको छ भने अन्य स्थानमा आवश्यकताअनुसार स्वास्थ्य चौकी, क्याम्पस भवन, विद्यालय, प्रहरी चौकीलगायतका प्रशासनिक कार्यालयहरू रहेका छन् ।

यस गाउँपालिकाका वडागत प्रशासनिक सेवा केन्द्रहरू निम्नानुसार रहेका छन्-

वडा नं १ को प्रशासनिक केन्द्र साविक कुन्तादेवीको बुङ्नाममा रहेको छ भने वडा नम्बर २ को प्रशासन केन्द्रका रूपमा साविक वरुणेश्वरको रामपुर रहेको छ । यस्तै वडा नम्बर ३ को प्रशासनिक केन्द्र फुँयाल गाउँ प्राप्चा हो भने वडा नं ४ को प्रशासनिक केन्द्रका रूपमा हर्कपुर रहेको छ । वडा नम्बर ५ को प्रशासनिक केन्द्र दाहाल गाउँ प्राप्चामा रहेको छ । यस्तै,


वडा नम्बर ६ को प्रशासनिक केन्द्र साविक श्रीचौरको मंगलबारे हो भने वडा नम्बर ७ को प्रशासनिक केन्द्र पात्लेको तालकोटमा रहेको छ। त्यसैगरी वडा नम्बर ८ को प्रशासनिक केन्द्र राँगादीपमा रहेको छ।




**तालिका १: मोलुङ गाउँपालिकाको वडागत संरचना र वडा कार्यालय रहेको स्थान**

| वडा नम्बर | समावेश गरिएका साविक गाविस | साविक वडा नं. | वडा कार्यालय रहेको स्थान | कैफियत |
|---|---|---|---|---|
| वडा नं. १ | कुन्तादेवी | १–९ | कुन्तादेवी | |
| वडा नं. २ | वरुणेश्वर | १–८ | रामपुर | |
| वडा नं. ३ | प्राप्चा | १,२ | फुँयाल गाउँ | |
| | हर्कपुर | ७–९ | | |
| वडा नं. ४ | हर्कपुर | १–६ | हर्कपुर | |
| वडा नं. ५ | प्राप्चा | ३–९ | दाहाल गाउँ | |
| | श्रीचौर | १–३ | | |
| वडा नं. ६ | श्रीचौर | ४–९ | श्रीचौर | |
| वडा नं. ७ | पात्ले | १,२, ७–९ | तालकोट | |
| वडा नं. ८ | राँगादीप | १–९ | राँगादीप, खरेडाँडा | |

*स्रोत: मोलुङ गाउँपालिकाको कम्प्रिहेन्सिभ भिलेज प्रोफाइल*




## १.२ प्राकृतिक स्रोत/सम्पदा

यस गाउँपालिकामा उल्लेखनीय प्राकृतिक स्रोत/सम्पदा रहेका छन् । तीमध्येका केही तल दिइएको छ–


### १.२.१ जलस्रोत

जलस्रोतअन्तर्गत नदी-नाला, खोल्सा, झरना, छाँगो, मूलको पानी, ताल, तलाउ, पोखरी, कुवा, पँधेरो/ढुंगेधारा, इनार इत्यादि पर्दछन् ।

प्राकृतिक स्रोत/सम्पदाको हिसाबले विभिन्न किसिमका खोलानालाहरू पाइने यो गाउँपालिकाको मुख्य खोला मोलुङ खोला हो । पौराणिक हिसाबले यसलाई शिवदुती पनि भनिन्छ । यस्तै यहाँका अन्य खोलाहरूमा सोलुङ खोला, लिपे खोला, झगरपुर खोला, कुलु खोला यो गाउँपालिकाभित्र पर्ने खोला हुन् । यीबाहेक अन्य स-साना खोल्साहरू पनि रहेका छन् ।

मोलुङ गाउँपालिकामा खोलाका अलावा प्राकृतिक झरना, पोखरी, कुवा र मूलहरू पनि रहेका छन् । मोलुङ गाउँपालिकाको सेप्ली, यलुङ, सेलेले, इन्द्रेणी, माली, काभ्रे, अँधेरी, आइतबारे, लप्सेच्यादी आदि झरना प्रसिद्ध छन् भने मोलुङ खोलामा रहेको जलकन्या दह अर्को प्रसिद्ध जलसम्पदा हो ।

यस गाउँपालिकाका प्रमुख नदी/खोलाहरूमा मोलुङ, यलुङ, पोक्तिङ, कुल, बाग्दीप, धोबी, झगरपुर, सेलिल, सेप्ली, सोलुङ, लिपे इत्यादि रहेका छन् । तल दिइएको नक्साबाट पनि यो कुरा प्रस्ट हुन्छ ।





## १.२.२ वनस्पति

उचाइको हिसाबले विविधता रहेको यो गाउँपालिका क्षेत्रमा ६९२ मिटरदेखि २,९८२ मिटरको उचाइसम्म विभिन्न प्रकारका वनस्पतिहरू पाइन्छन् । तल्लो भेगमा उष्ण प्रकारका वनस्पति र उचाइ बढ्दै जाँदा समशीतोष्ण वनस्पति र लेकाली वनस्पति पाइन्छन् । तीनतले, राँगादीप, पात्ले, थानडाँडा, गहते आदि यो गाउँपालिकाका प्रमुख वन क्षेत्रहरू हुन् । यीबाहेक अन्य क्षेत्रमा पनि प्रशस्त वन क्षेत्र रहेको पाइन्छ ।

यो गाउँपालिकाको तल्लो होचा क्षेत्रहरूमा साल, सिमल, खयर, बाँसलगायतका उष्ण स्वभावका वनस्पतिहरू पाइन्छन् । यस्तै, माथिल्लो उचाइ क्षेत्रमा चिलाउने, उत्तिस, कटुस, गुराँस, पैयौँ, पलाँस, सल्लोलगायत वनस्पति प्रशस्तै मात्रामा भेटिन्छन् । अझै माथिल्लो उचाइका क्षेत्रमा भने चिसो र हिउँ पर्ने हुनाले हिमाली क्षेत्रमा पाइने वनस्पति धुपी गोप्रेसल्लो घाँसेपाटन क्षेत्रलगायतका वनस्पतिहरू पाइन्छन् ।

यो गाउँपालिकाको उत्तरी र पश्चिमी क्षेत्रमा प्रशस्त वनस्पति छन् भने अन्य क्षेत्रमा रहेका जमिन खेतीका लागि उपयोग भइरहेका छन् ।




## १.२.३ जीवजन्तु

चितुवा, घोरल, मृग, बाँदर, स्याल, दुम्सी, मलसाँप्रो, वनबिरालो, भालु आदि मोलुङ गाउँपालिकामा पाइने वन्यजन्तुहरू हुन् भने गाई, गोरु, भैंसी, राँगा, भेडाबख्रा, घोडा, बिरालो, खरायो, कुकुर आदि घरपालुवा जनावरहरू पाइन्छन् ।

त्यसैगरी, यस गाउँपालिकामा पाइने मुख्य जंगली पन्छीहरूमा ढुकुर, काग, चील, हुचिल, जुरेली, तित्रो, रुप्पी, लामपुच्छ्रे, कटेरो आदि पाइन्छन् ।

## १.२.४ खनिज

पृथ्वीको गर्भमा रहेका, उत्खनन गरी निकाल्नुपर्ने कुनै पनि वस्तुहरू खनिज हुन् भने मोलुङ गाउँपालिकामा जमिनबाट उत्खनन गरेर निकाल्ने कुनै पनि विशेष प्रकारका खनिज सम्पदा हालसम्म अनुसन्धान भइसकेको छैन । तापनि स्थानीय बासिन्दाहरूले आफ्नै उपयोगका लागि विभिन्न अवस्थामा रहेका धेरथोर खनिजहरूको उपयोग भने गर्दै आइरहेका छन् । विभिन्न खाले चट्टानहरू, बालुवा-ढुंगा, कालीमाटी, कमेरो आदि भने स्थानीय उपयोगका लागि प्रयोग भइरहेका छन् । मोलुङ गाउँपालिका विभिन्न प्रकारका महत्त्वपूर्ण खानी क्षेत्र नभए तापनि स्थानीय जनजीवनका लागि आवश्यक स्लेटढुंगा पाइन्छ । यी ढुंगाहरू घर निर्माणका लागि उपयोगी हुन्छन् ।  त्यस्तै यो गाउँपालिका केही सीमित खानीजन्य खनिजहरू पाइने क्षेत्र हो ।

हालसम्म पनि मोलुङ गाउँपालिका क्षेत्रमा के–कस्ता खनिजहरू पाइन्छन् भन्ने कुराको वास्तविक अनुसन्धान भइसकेको छैन तर पनि स्थानीय बासिन्दाले आफ्नो आवश्यकता परिपूर्तिका लागि खनिजको खोजी गर्ने सामान्य उपयोगसमेत गर्दै आएको भनाइ छ । केही स्थानहरूमा तामा खाने पाइन्छ भन्ने भनाइ पनि छ तर यकिन हुन अझै बाँकी नै छ ।

## १.३ वडागत विवरण

ओखलढुंगा जिल्लाका ८ वटा स्थानीय पालिकामध्ये मोलुङ गाउँपालिका पनि एक हो। पहाडी स्वरूपमा रहेको यो गाउँपालिकामा ८ वटालाई प्रशासनिक वडाका रूपमा विभाजन गरिएको छ।

**वडा नम्बर १**


### १.३.१ भौगोलिक अवस्था

#### १.३.१.१ अवस्थिति/फैलावट

मोलुङ गाउँपालिकाको वडा नम्बर १ को अवस्थिति अक्षांशका हिसाबले २७ डिग्री १७ मिनेट ४४१३ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २० मिनेट २५ दशमल ०२१ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरका हिसाबमा ८६ डिग्री २६ मिनेट १२ दशमलव ७७३ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २९ मिनेट १३ दशमलव १ सेकेन्ड पूर्वी देशान्तरबीच १० दशमलव ५८ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। उचाइका आधारमा समुद्री सतहबाट ६९२ मिटरदेखि १,६६० मिटरसम्मको उचाइमा फैलिएको यो वडाको केन्द्र कुन्तादेवी हो।

**सिमाना**

यो वडाको पूर्वमा लिपे खोला, साविक वरुणेश्वर, र सि.न.पा., पश्चिममा मोलुङ खोला, उत्तरमा झगरपुर खोला र मुख्य पिच सडक र दक्षिणमा लिपे दोभान रहेका छन्।



#### १.३.१.२ धरातलीय/भूस्वरूप

यस वडाका टार/बेंसीमा साइटार, बाह्रबिसे बेंसी, फलाटे बेंसी, ढकालबेंसी रहेका छन् भने पाखा–पखेरामा गहते खर पाखो, आरुबोटे, ज्यामिरबोटे र अन्य खेतीयोग्य पाखाबारीहरू रहेका छन् । मोलुङ खोलाको किनारी भाग बलौटे क्षेत्र हो भने भीरहरूमा इन्द्रणी भीर, बँदेल लडेको भीर, भत्केको भीर इत्यादि हुन् ।

यस वडामा विभिन्न ठाउँहरूमा रातो माटो, चिम्ट्याइलो माटो, कमेरे माटो, कालो माटो, बलौटे माटो आदि रहेका छन् ।

#### १.३.१.३ हावापानी


मोलुङ गाउँपालिका वडा नं १ को हापानीको अवस्था उचाइका आधारमा निर्धारित हुन्छ । समुद्र सतहबाट ६९२ मिटरदेखि १,६६० मिटरसम्मको उचाइमा फैलिएको यो वडामा मुख्यतः दुई प्रकारका हावापानीको अवस्था अनुभव गर्न सकिन्छ । ६९२ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हापानी पाइन्छ भने सोभन्दा माथि १,६६० मिटरसम्मको उचाइमा समशीतोष्ण प्रकारको हावापानीको अनुभव गर्न सकिन्छ ।

#### १.३.१.४ गाउँबस्ती

हाल यस वडाका गाउँबस्तीहरू फलाटे, कात्तिके, कोलगैरा, पल्लाघरे टोल, पिप्ले, जिम्मल डाँडा, पसल डाँडा, करमपाखा, ढुकुने, नेपाने, भतेरे, फागुनेटार, नांगे डाँडा, दमाइ डाँडा, कर्कले, मर्याङबेंसी, पात्ले छाप, बोगटी गाउँ, राम्चे, डउँठे, गौरीडबली, सुहारा, बितलव, बानियाँ गाउँ, कोट गाउँ, गौरी गाउँ, बरबोट, साउने, झगरपुर, साइटार, कालीखोल्सा, थापाचौर, लिपे खोला, गहते इत्यादि हुन् ।

#### १.३.१.५ भूउपयोग

ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिकाको भूउपयोगको स्थिति हेर्दा यसका भूक्षेत्रहरूमध्ये ५३ दशमलव ९४% जमिन कृषि कार्यका लागि उपयोगमा छ भने जंगल क्षेत्रले ४४.६% भूमि ओगटेको छ । यस्तै, आवासीय प्रयोजनका लागि कुल क्षेत्रफलको १ दशमलव ४६% भूमि उपयोगमा रहेको देखिन्छ ।




| मोलुङ गाउँपालिका वडा नम्बर १ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ९६२.७८ | ९१.०१ | ९.६३ | ९१.०१ |
| २ | वनजंगल क्षेत्र | ३३.२५ | ३.१४ | ०.३३ | ३.१४ |
| ३ | आवासीय क्षेत्र | ७.४२ | ०.७० | ०.०७ | ०.७० |
| ४ | जल क्षेत्र | ५४.४० | ५.१४ | ०.५४ | ५.१४ |
| | जम्मा | १०५७.८५ | १००.०० | १०.५८ | १००.०० |

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

#### १.३.२.१ जलस्रोत

यस वडाका जलस्रोतमा मोलुङ खोला, लिपे खोला, धोबी खोला, झगरपुर खोला, गहते, बाहविशे, थापाचौरको खोल्सा, छौंडे खोल्सा आदि रहेका छन् । झरना/छाँगोमा इन्द्रेणी छाँगो, माली, काभ्रे छाँगो आदि हुन् ।

यस वडाको सबैजसो बस्तीमा कुवा तथा ढुंगाधारमा मूलको पानी रहेको छ । पहिले–पहिले यिनै मूलहरूबाट खानेपानी र कृषिका लागि सिँचाइ गरिन्थ्यो भने अहिले खानेपानी चित्रेबाट पाइपमा ल्याएर हरेक बस्तीमा पुगेको हुनाले सहज भएको छ । पैंचा पोखरी, दौडारे डाँडामा मानव निर्मित पोखरी रहेको छ । प्रायः सबै बस्तीमा मूलको पानीबाट कुवा तथा

ढुंगेधाराहरू बनाएर प्राचीन समयदेखि अहिलेसम्म पिउन, सिँचाइ गर्न र गाईवस्तुका लागि प्रयोग हुँदै आएको छ । ती कुवा तथा धाराहरूको विवरण यस प्रकार छ –

ढकाल गाउँको सिमपानीको कुवा बाट खानेपानी र थोपा सिँचाइ गरिन्छ । ढकाल गाउँमा माथिल्लो पँधेरो/धारा खानेपानी र सिँचाइका लागि प्रयोग गरिन्छ । कर्कलेको पँधेरो/धारो पनि खानेपानी र सिँचाइका लागि प्रयोग गरिन्छ । त्यसैगरी बोगटी गाउँको पँधेरो/धारा पनि खानेपानी र सिँचाइका लागि प्रयोग गरिन्छ । नेपाने पँधेरो पनि खानेपानी र सिँचाइकै लागि प्रयोग गरिन्छ । कालीमाटीको धारो खानेपानीका लागि प्रयोग हुन्छ । यसबाहेक गहते खानेपानी, जुके पँधेरो, गौरी गाउँको पँधेरो, भुजेल टोलको चिउरी बोटको पँधेरो, ढकाल गाउँको चिउरी बोटको तल्लो पँधेरो, माथिल्लो साईटारको गोतामे धारा/कुवा इत्यादिबाट खानेपानी र थोपा सिँचाइ गरिन्छ । पँधेरोको खोल्साको धारो (माथिल्लो साईटार पौडेल टोल )- यसबाट खानेपानी र थोपा सिँचाइ गरिन्छ । साउनेबाट थोपा सिँचाइका लागि दुईवटा पोखरी बितलवमा बनाइएको देखिन्छ ।

### १.३.२.२ वनस्पति

यस वडाको वनजंगलमा, उष्ण सदाबहार (६९२ मिटर देखि १२०० मिटर सम्म), समशीतोष्ण (१२०१ मिटरदेखि २१०० मिटरसम्म), समशीतोष्ण ठन्डा (२१०१ मिटरदेखि २९८२ मिटरसम्म) पाइन्छ ।

यहाँका बोटबिरुवामा साल, सिसौ, खयर, सिमल, बाँस, बज्र टाकी, स्यालफुस्रो, टोटाला, करम, धँगेरी, चिलाउने, उत्तिस, कटुस, खस्रेती, कुटमिरो, बाँस, आदि हुन् ।

फलफूलमा सुन्तला, आँप, केरा, नास्पाती, अलैंची, अनार, कटर, निबुवा, ज्यामिर, दारिम, भुइँकटहर आदि छन् भने कन्दमूलमा घरतरुल, सख्खरखण्ड, फूलसुठुनी, सिमल तरुल, गिट्ठा, भ्याकुर, ठूलो करेलो, स्कुस इत्यादि पाइन्छन् ।

### १.३.२.३ जीवजन्तु

यहाँका जंगली जीवजन्तुहरूमा चितुवा, स्याल, बाँदर, वन बिरालो, मलसाँप्रो, मृग, दुम्सी आदि पाइन्छन् भने घरपालुवा जनावरमा भैंसी, राँगो, गोरु, बाख्रा, खसी, सुँगुर, बुंगुर, कुकुर, बिरालो पाइन्छन् । चराचुरुंगीमध्ये घरपालुवा पन्छीमा हाँस, कुखुरा, परेवा आदि पाइन्छन् भने वन्यपन्छीहरू ढुकुर, कालिज, तित्रा, लामपुच्छ्रे, कोइली, च्याँखुरा आदि पाइन्छन् ।

त्यसैगरी सर्प, माछा, पहा भ्यागुतो, गंगटो, छेपारो, माउसुली, गोरो सालक, चिप्लेकिरा, अरिङगाल, बिच्छिउ, कठेउरी आदि जीवजन्तुहरू पाइन्छन् ।

### १.३.२.४ खनिज

यस वडाभित्र सबै ठाउँ पत्रे चट्टानका खानी रहेका छन् । ती ठाउँको ढुंगा खानीबाट ढुंगा निकालेर भवन बनाउने तथा पर्खाल लगाउन प्रयोग हुने गरेको पाइन्छ ।

## वडा नम्बर २


### १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

मोलुङ गाउँपालिका वडा नम्बर २ को भौगोलिक फैलावट अक्षांशका हिसाबले २७ डिग्री १९ मिनेट ८ दशमलव ४००१ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २१ मिनेट २९.००७४ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको आधारमा ८६ डिग्री १५ मिनेट ५९ दशमलव ६६० सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री ३० मिनेट ४० दशमलव सेकेन्ड पूर्वी देशान्तरबीच १४ दशमलव ५५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएर रहेको छ । यो वडा समुद्र सतहबाट ७७७ मिटर उचाइदेखि १,९८१ मिटर उचाइसम्म फैलिएको छ । यो वडाको प्रशासनिक केन्द्र रामपुर हो ।

### सिमाना

यो वडाको पूर्वमा लिपे खोला र मोलुङ-१ कुन्तादेवी, पश्चिममा मोलुङ खोला, उत्तरमा पोक्तिङ खोला र डाँडागाउँ, दक्षिणमा त्रिवेणीधाम-कुन्तादेवी रहेका छन् ।




### १.३.१.२ धरातलीय/भूस्वरूप

यस वडाअन्तर्गत थानढुंगामा ओढार, वनझाँक्री बस्ने गरेको ओढारे गुफा, कुसुन्डे ढुंगा, बेलामती ढुंगा र रामपुरटार रहेका छन् । त्यसैगरी ढिकुरे, दुस्के, रामपुर ढिकुरे नामका ढिस्का छन् भने सुल्थुम्का, रानी वन, कात्तिके, सिम्ले, डुडे, छेउबारी, डाँडापरी, च्यानडाँडाजस्ता पाखा–पखेरा रहेका छन् । यहाँको बलौटे क्षेत्रमा छेउबारी, कात्तिके, सिम्ले, बालुवा क्षेत्र रहेका छन् भने महभीर, ढनढनेको भीर, छेउबारीको भीर, खिसापतलको भीर, डाँडापरीको भीर आदि रहेका छन् ।

यस वडाका अधिकांश भागमा रातो, कालो, बलौटे, पाँगो, चिम्ट्याइलो माटो पाइन्छ ।




(रामपुरटारको तस्बिर)

**१.३.१.३ हावापानी**

मोलुङ गाउँपालिका वडा नं २ को हापानीको अवस्था उचाइअनुसार फरक–फरक छ। समुद्र सतहबाट ७७७ मिटरदेखि १,९८१ मिटरसम्मको उचाइमा फैलिएको यो वडामा दुई प्रकारका हावापानीको अवस्था अनुभव गर्न सकिन्छ। ६९२ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी पाइन्छ भने सोभन्दा माथि १,६६० मिटरसम्मको उचाइमा समशीतोष्ण प्रकारको हावापानीको अनुभव गर्न सकिन्छ।

**१.३.१.४ भूउपयोग**




| मोलुङ गाउँपालिका वडा नम्बर २ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | खेती क्षेत्र | १०६८.८८ | ७३.४७ | १०.६९ | ७३.४७ |
| २ | वनजंगल क्षेत्र | २७१.३५ | १८.६५ | २.७१ | १८.६५ |
| ३ | आवासीय क्षेत्र | ६८.७५ | ४.७३ | ०.६९ | ४.७३ |
| ४ | जल क्षेत्र | ४५.८१ | ३.१५ | ०.४६ | ३.१५ |
| | जम्मा | १४५४.७९ | १००.०० | १४.५५ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडाका गाउँबस्तीहरूमा तल्लोटार, माझटार , गाउँखेत, सुलथुम्का, पंखे, भुसुने, छघर, घारी, गल्लीपरी, सिरानटोल, वनखेत, कात्तिके, भदौरे, चौलाबोट, तोरी सुगरा, लामीडाँडा, ढुस्के, ढिकुरे, टेकनपुर, साउने, डडुवा, जरुङ्गे, भञ्ज्याङ, महभीर, गौरीगाउँ, बाँसपानी, घैयाखोरी, डुडे, सिम्ले, दोभान, तर्किनी, भोगटिनी, धनेपु डाँडागाउँ, तिलखोरिया इत्यादि रहेका छन् ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

यस वडाका जलस्रोतहरूमा मोलुङ खोला, थोलेदिम्वा, भुलभुले, पोक्तिङ खोला, कुल खोला, गलिपे खोला इत्यादि हुन् । त्यसैगरी साना खोला/खोल्साहरूमध्ये झगरपुर खोला, इन्द्रेणी खोल्सा, टाराली, ढनढने इत्यादि हुन् । रामपुर वजारमा रहेको नाला माझ गल्लीमा पानी जाने ढल रहेको छ । झरना/छाँगोमध्ये इन्द्रेणी झरना र काभ्रे छाँगो मुख्य हुन् । यसैगरी

ठूलो पँधेरोको कुवा, ढुस्के चिहानडाँडा कुवा छन् भने टेकनपुरको ढुंगेधारा, कैदलेको ढुंगेधारा, ढनढनेको तातोपानीको मूल इत्यादि सानातिना जलस्रोत रहेका छन्।

### १.३.२.२ वनस्पति

यस वडाको वनजंगल उष्ण सदाबहार (६९२ मिटर देखि १,२०० मिटरसम्म), समशीतोष्ण (१,२०१ मिटरदेखि २,१०० मिटरसम्म), समशीतोष्ण ठन्डा (२,१०१ मिटरदेखि २,९८२ मिटरसम्म) को जमिनमा रहेको छ।

यहाँका बोटबिरुवामा साल, सिमल, खयर, सिमल, बाँस, बज्र टाकी, स्यालफुर्सो, टोटाला, करम, धँगेरी, चिलाउने, उत्तिस, कटुस, खस्रेती, कुटमिरो, बाँस आदि हुन्।

फलफूलमा सुन्तला, आँप, केरा, नास्पाती, अलैंची, अनार, कटर, निबुवा, ज्यामिर, दारिम, भुइँकटहर आदि हुन् भने कन्दमूलमा घरतरुल, सख्खरखण्ड, फूलसुठुनी, सिमल तरुल, गिट्ठा, भ्यागुर, ठुलो करेलो/स्कुस इत्यादि पाइन्छन्।

### १.३.२.३ जीवजन्तु

यस वडाका जीवजन्तुमा घरपालुवा जनावर भैंसी, राँगो, गोरु, बाख्रा, खसी, सुँगुर, बुंगुर, कुकुर, बिरालो आदि र वन्यजन्तुमा चितुवा, स्याल, बाँदर मलसाँप्रो, वनबिरालो, मृग, दुम्सी, चितुवा, स्याल पाइन्छन्। त्यसैगरी चराचुरुंगीमा घरपालुवा हाँस, कुखुरा, परेवा र वन्यपन्छीमा ढुकुर, कालिज, तित्रा, लामपुच्छ्रे, कोइली, च्याँखुरा आदि पाइन्छन्।

किटपतङ्गमा सर्प, माछा, पाहा भ्यागुतो, गंगटो, छेपारो, माउसुली, गोहोरो, सालक, चिप्लेकिरा, अरिङगाल, बछिउ, कठेउरी आदि पाइन्छन्।

### १.२.२.४ खनिज

यस वडामा पत्रे चट्टान पाइन्छ भने बालुवा र ढुंगाखानी पनि रहेका छन्।

## वडा नम्बर ३


### १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

मोलुङ गाउँपालिका वडा नम्बर ३ भौगोलिक विस्तारको आधारमा २७ डिग्री २० मिनेट ४३ दशमलव ९७३ उत्तरी अक्षांशदेखि २७ डिग्री २२ मिनेट २४.८४८ सेकेन्ड उत्तरी अक्षांश सम्म र देशान्तरका आधारमा ८६ डिग्री २२ मिनेट ५ दशमलव ६५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २६ मिनेट सुर दशमलव ०२७ सेकेन्ड पूर्वी देशान्तरबीच ९ दशमलव ८५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। समुद्री सतहबाट ८४८ मिटरदेखि २६ मिटरसम्मको उचाइसम्मको क्षेत्रमा फैलिएर रहेको छ।

### सिमाना

यो वडाको पूर्वमा कालिका देवी मन्दिर घ्याम्पा डाँडा हुँदै घले डाँडा– देउराली–सोलुङ खोला, कुलखोला दोभान, पश्चिममा कार्की गाउँ–थाम डाँडा–केराबारी–भेडाखोर– लुकुवा खोला–सरावल–तीनतले, उत्तरमा सरावल–तीनतले–गौंथली भीर–कालिका देवीथान र दक्षिणमा कुलखोला दोभानदेखि–कार्की गाउँको दक्षिण भागले घेरिएर रहेको छ।




### १.३.१.२ धरातलीय/भूस्वरूप


यस वडाको भूस्वरूपमा कुल खोलाको खोंच, तीनतले, गौंथली भीरको चुली, थाम डाँडाजस्ता चुली, देवीटार, भूमेथान टार, थाम डाँडा थुम्का इत्यादि रहेका छन्। त्यसैगरी पाखा–पखेरामा रानीवन, केराबारी, थाम डाँडाको पाखो, तीनतलेको फेदी इत्यादि छन् । त्यसैगरी जिबर्ग, थुम्की, आहाल डाँडा, गोपे, खर्सुबोटे, महादेव डाँडा, बेंसी देवीटार, भूमेथानजस्ता बलौटे क्षेत्र र गौंथली, केराबारी, सोलाखर्क, कलामुन्द्रे, गढीभीर जस्ता भीर र प्राप्चा, ढाडे, देवीटार आदि मैदानहरू रहेका छन् ।

### १.३.१.३ हावापानी

मोलुङ गाउँपालिकाको वडा नम्बर ३ उचाइका आधारमा समुद्र सतहबाट ८४८ मिटरदेखि २,७२६ मिटरको उचाइसम्म फैलिएको छ । यहाँको हावापानी उचाइका आधारमा प्रभावित छ । जसअनुसार ८४८ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी पाइन्छ भने १२०१ मिटरदेखि २,१०० मिटरसम्मको उचाइमा समशीतोष्ण हावापानी पाइन्छ । त्यस्तै सोभन्दा माथिको क्षेत्र २,७२६ मिटरसम्मको उचाइमा ठन्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ ।

यहाँ रातो, कालो, पाँगो, कमेरो माटो रहेका छन् ।

### १.३.१.४ भूउपयोग




| मोलुङ गाउँपालिका वडा नम्बर ३ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ४७१.०० | ४७.८२ | ४.७१ | ४७.८२ |
| २ | वनजंगल क्षेत्र | ४७४.७० | ४८.२० | ४.७५ | ४८.२० |
| ३ | आवासीय क्षेत्र | १.८३ | ०.१९ | ०.०२ | ०.१९ |
| ४ | जल क्षेत्र | ३७.३३ | ३.७९ | ०.३७ | ३.७९ |
| | जम्मा | ९८४.८५ | १००.०० | ९.८५ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडाका प्रमुख गाउँबस्तीहरू किरादिम, गोपे, थुम्की, चौतारा, बागमारा, झिर्गु, गम्मरडाँडा, सोराली, भित्ता टोल, मरकेती, फुँयाल टोल, दिपिटा, ढाडे, सुवारा, पच्चिस डाँडा, केराबारी, कार्की डाँडा इत्यादि हुन्।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

यस वडाका जलस्रोतका रूपमा कुल खोला, प्राप्चा खोला, खाल्टे खोला, खुलुखोल्सा, सोप्ली, गढी छाँगो, नागथान छाँगो हुन् रहेका छन्। त्यसैगरी मूलको पानीमा गढी भुलभुले र मटकेनी डाँडाको कुवा रहेका छन्।

### १.३.२.२ वनस्पति

यहाँको वनजंगल उष्ण सदाबहार (६९२ मिटर देखि १,२०० मिटरसम्म), समशीतोष्ण (१,२०१ मिटर देखि २,१०० मिटर सम्म), समशीतोष्ण ठन्डा (२,१०१ मिटर देखि २,९८२ मिटरसम्म) रहेको छ ।

यस वडामा साल, सिसौ, खयर, सिमल, बाँस, बज्र टाकी, स्यालफुर्सो, टोटाला, करम, धगेरी, चिलाउने, उत्तिस, कटुस, खस्रेती, कुटमिरो, बाँस आदि बोटबिरुवा पाइन्छन् भने सुन्तला, आँप, केरा, नास्पाती, अलंैची, अनार, रूखकटहर, निबुवा, ज्यामिर, दारिम, भुइँकटहर जस्ता फलफूल र घरतरुल, सख्खरखण्ड, फूलसुठुनी, सिमल तरुल, गिट्ठा, भ्याकुर, ठुलो करेलो र स्कुसजस्ता कन्दमूल पाइन्छन् । साथै यस वडामा पाखनवेत, पानी अमला, ठूलो औषधि, हर्रो, बर्रो, अमला, फर्से, घोडताप्रे, घ्यूकुमारी, सिकारी लहरो, अभिजालो, चोरीअमेली, चिराइतो, तितेपाती, सिस्नु, टिम्बुर, गुर्जो, हलेदो, पहेंलो लहरे, जन्डिस झार, कुरिलो, काग भलायो, ठूलो भलायो, कुकुर डाइनोलगायत जडीबुटी पाइन्छन् ।

### १.३.२.३ जीवजन्तु

यस वडामा घरपालुवा जनावरमा भैंसी, रागो, गोरु, बाख्रा, खसी, सुँगुर, बुंगुर, कुकुर, बिरालो आदि र वन्यजन्तुमा चितुवा, स्याल, बाँदर , मलसाँप्रो, वनबिरालो, मृग, दुम्सी आदि पाइन्छन् । हाँस, कुखुरा, परेवा आदि घरपालुवा पन्छी र ढुकुर, कालिज, तित्रा, लामपुच्छ्रे, कोइली, च्याँखुरा आदि वन्यपन्छी पाइन्छन् । सर्प, माछा, पाहा भ्यागुता, गंगटा, छेपारा, मौसुली, गोरो, सालक, चिप्लेकिरा, अरिङगाल, बछिउ, कठेउरीलगायत  जीवजन्तु पाइन्छन् ।

### १.३.२.४ खनिज

यहाँ पत्रे चट्टान छ । त्यसैगरी केराबारीमा घर छाउने ढुंगा, केस्पु डाँडा-घर्नी डाँडाको फेदीमा कमेरोको खानी भेटिन्छ ।


**वडा नम्बर ४**

### १.३.१ भौगोलिक अवस्था

**१.३.१.१ अवस्थिति/फैलावट** मुलुङ गाउँपालिका वडा नम्बर ४ को भौगोलिक फैलावट २७ डिग्री १९ मिनेटदेखि २७ डिग्री २१ मिनेट २९.९६३ सेकेन्डसम्म र देशान्तरका आधारमा ८६ डिग्री २२ मिनेट ३४.१४४ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २६ मिनेट २३ दशमलव १८७ सेकेन्ड पूर्वी देशान्तर समूह १४ दशमलव ९४ वर्ग किलोमिटर क्षेत्रमा फैलिएर रहेको छ भने यसको भौगोलिक उचाइ समुद्र सतहदेखि ७५३ मिटरबाट सुरु भई २,३६७ मिटरसम्म फैलिएको छ । यसको प्रशासनिक केन्द्र हर्कपुरमा रहेको छ ।

### सिमाना

यो वडाको पूर्वमा मोलुङ खोला रामपुर, पश्चिममा सोलुङ खोला र सुनकोशी गा.पा. कटुन्जे, उत्तरमा तीनतले र दक्षिणमा मोलुङ खोला र सोलुङ खोलाको दोभानको त्रिवेणीधामले घेरिएर रहेको छ ।




### १.३.१.२ धरातलीय/भूस्वरूप


यस वडाको भूस्वरूपमा पातचुली, सातचुली, तीनतले थुम्काजस्ता चुली र जरायोटार, सानीटार बेंसी, ढाँडबेंसी, रातोमाटो मटकेनोको ढिस्को, ढाँडपाखा, पाउदुरेको पाखा, जैसी (ज्योतिषी) पाखा, ढाँडबारी पाखो, पिप्ले पाखो, बांगेसाल पाखो र अरू खेतीयोग्य पाखाबारी, कवासे भीर, केराबारीको भीर इत्यादि छन् ।

### १.३.१.३ हावापानी

मोलुङ गाउँपालिकाको वडा नम्बर ४ उचाइका आधारमा समुद्र सतहबाट ७२३ मिटरदेखि २,३६७ मिटरको उचाइसम्म फैलिएको छ । यहाँको हावापानी उचाइको आधारमा प्रभावित छ जसअनुसार ८४८ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी पाइन्छ भने १,२०१ मिटरदेखि २,१०० मिटरसम्मको उचाइमा समशीतोष्ण हावापानी पाइन्छ । त्यस्तै सोभन्दा माथिको क्षेत्र २,७२६ मिटरसम्मको उचाइमा ठन्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ ।

यहाँको माटो पाँगो, रातो, कमेरो, कालो बलौटे रहेको छ ।

### १.३.१.४ भूउपयोग




| मोलुङ गाउँपालिका वडा नम्बर ४ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ७७९.२४ | ५२.१७ | ७.७९ | ५२.१७ |
| २ | वनजंगल क्षेत्र | ६५७.७८ | ४४.०४ | ६.५८ | ४४.०४ |
| ३ | आवासीय क्षेत्र | ८.०४ | ०.५४ | ०.०८ | ०.५४ |
| ४ | जल क्षेत्र | ४८.५४ | ३.२५ | ०.४९ | ३.२५ |
| | जम्मा | १४९३.६१ | १००.०० | १४.९४ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडाका गाउँबस्तीहरूमा घलेबस्ती/गुरुङगाउँ, तामाङबस्ती/माझखर्क, मगरगाउँ (पुलामी, घले, थापा मगर, छामी मगर, आले मगर इत्यादि), दलित बस्ती (नेपाली, ठटाल, दर्जी), पाँच घर जतिको कामी टोल, बगाले टोल, तल्लो गाउँ, माजत टोल, पुराना गाउँ, हर्कपुर (क्षेत्री, बाहुन, तामाङ, दमाई, कामी, राई), जरायोटार, गहते, कुँडुले, सानीटार, डिही, जलजले, महादेवबस्ती, ढाँडबेंसी, रूपेटार, नेपाने, केराबारी, पिप्ले, कर्कले, पिपिरे मसार इत्यादि हुन् ।

## १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

यस वडाका मुख्य जलस्रोतमा मोलुङ खोला, सोलुङ खोला, घट्टे खोला, खहरे खोला, धोद्रे खोल्सो, ठुली खोल्सो, जरायोटारमा रहेको कुला घारी, सुलसुले झरना, घट्टे खोलाको छाँगो, बानियाँ छाँगो इत्यादि हुन् भने हरेक बस्तीमा कुवा तथा ढुंगेधारमा मूलको पानी रहेका छन् । पहिले यिनै मूलहरूबाट खाने पानी र कृषिका लागि सिँचाइ गरिन्थ्यो भने अहिले खानेपानी पाइपबाट हरेक बस्तीमा पुर्याउने काम भएको छ । त्यसैगरी कर्कलेको मानब निर्मित तलाउ, कर्कले कुवा, तपतपे कुवा, कटारे कुवा, कर्कले धारो इत्यादि रहेका छन् ।

### १.३.२.२ वनस्पति

यस वडाको वनस्पति उष्ण सदाबहार (६९२ मिटर देखि १,२०० मिटरसम्म), समशीतोष्ण (१,२०१ मिटरदेखि २,१०० मिटरसम्म), समशीतोष्ण ठन्डा (२,१०१ मिटरदेखि २,९८२ मिटरसम्म) रहेको छ ।

यहाँ पाइने बोटबिरुवा साल, सिसौ, खयर, सिमल, बाँस, बज्र टाकी, स्यालफुर्सो, टोटाला, करम, धँगेरी, चिलाउने, उत्तिस, कटुस, खस्रेती, कुटमिरो, बाँस आदि हुन् भने सुन्तला, आँप, केरा, नास्पाती, अलैंची, अनार, कटहर, निबुवा, ज्यामिर, दारिम, भुइँकटहर यहाँ पाइने फलफूलहरू हुन् । यहाँ घरतरुल, सख्खरखण्ड, फुलसुठुनी, सिमल तरुल, गिट्ठा, भ्याकुर, ठुलो करेलो/स्कुसजस्ता कन्दमूलहरू पाइन्छन् ।

त्यसैगरी यहाँ पाखनवेद, पानी अमला, ठूलो औषधि, हर्रो, बर्रो, अमला, फर्से, घोडताप्रे, घ्यूकुमारी, सिकारी लहरो, अभिजालो, चोरीअमिलो, चिराइतो, तितेपाती, सिस्नु, टिम्मुर, गुर्जो, हलेदो, पहेंलो लहरे, जन्डिस झार, कुरिलो, काग भलायो, ठुलो भलायो, कुकुर डाइनोजस्ता जडीबुटी पाइन्छन् ।

### १.३.२.३ जीवजन्तु

यहाँ पाइने घरपालुवा जीवजन्तुमा भैंसी, राँगो, गोरु, बाख्रा, खसी, सुँगुर, बुंगुर, कुकुर, बिरालो आदि पाइन्छन् र  चितुवा, स्याल, बाँदर (३ प्रकारका– कालो, सेतो, रातो), मलसाँप्रो, वनबिरालो, मृग, दुम्सी आदि वन्यजन्तु पाइन्छन् ।

त्यसैगरी, यहाँका घरपालुवा पन्छी/चराचुरुंगीमा हाँस, कुखुरा, परेवा आदि र वन्यपन्छीमा ढुकुर, कालिज, तित्रा, लामपुच्छ्रे, कोइली, च्याँखुरा आदि हुन् ।

सर्प, माछा, पाहा भ्यागुतो, गंगटो, छेपारो, मौसुली, गोहोरो, सालक, चिप्लेकिरा, अरिङगाल, बछिँउ, कठेउरी आदि यहाँ पाइने जीवजन्तु हुन् ।

### १.३.२.४ खनिज

यस वडामा पत्रे चट्टान छ । यहाँ ढुंगाखानी पनि छ । जलजलेको खहरे नीलो रङको ढुंगामा पानी तर पर्दछ र मट्टीतेलको गन्ध आउँछ ।

**वडा नम्बर ५**

### १.३.१ भौगोलिक अवस्था


### १.३.१.१ अवस्थिति/फैलावट

मोलुङ गाउँपालिका वडा नं ५ को भौगोलिक फैलावट २७ डिग्री २१ मिनेट २९.३९४ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २२ मिनेट ४९.५८५ सेकेन्ड उत्तरी अक्षांशबीच फैलिएको छ । यस्तै देशान्तरका आधारमा ८६ डिग्री २४ मिनेटदेखि

८६ डिग्री २६ मिनेट २९.७१६ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। यो वडाले मोलुङ गाउँपालिकाको ५.६७ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। यस्तै भौगोलिक उचाइका आधारमा यो वडा समुद्र सतहबाट ९२३ मिटरदेखि २०२५ मिटरको उचाइसम्म फैलिएको छ। यसको प्रशासनिक केन्द्र दाहाल गाउँ हो।

**सिमाना**

यस वडाको पूर्वमा मोलुङ खोला, पश्चिममा देउराली पालिका भवन, उत्तरमा नर्पू खोला र दक्षिणमा पनि मोलुङ खोला पर्दछ।




### १.३.१.२ धरातलीय/भूस्वरूप

यस वडामा पञ्चकन्या गुफा, भद्रे ओढार, सिँगारेको ओढार, सोलाखर्कको चुली, दोभानटार, पितमटार, स्वती टार, गाउँखेत टार, चप्लेटी ढिस्का, थाम डाँडा थुम्का, आइतबारे, धनरामे, ढाँड गुराँसे पाखा, श्रीचौर डाँडाको फेदी, मोलुङ किनारको बलौटे क्षेत्र र मुर्चल, महभीर आदि भीर रहेका छन्।


यहाँ रातो, कालो, पाँगो, चिउरे, कमेरो माटो, ग्रेगरिलो माटो पाइन्छ।

### १.३.१.३ हावापानी

मोलुङ गाउँपालिका वडा नं ५ को हावापानीको अवस्था उचाइका आधारमा निर्धारित भएको छ। समुद्र सतहबाट ९२३ मिटरदेखि २०२५ मिटरसम्मको उचाइमा फैलिएको यो वडामा दुई प्रकारका हावापानी अनुभव गर्न सकिन्छ। ६९२

मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हापानी पाइन्छ भने सोभन्दा माथि १,६६० मिटरसम्मको उचाइमा समशीतोष्ण हावापानी अनुभव गर्न पाइन्छ ।

### १.३.१.४ भूउपयोग




| मोलुङ गाउँपालिका वडा नम्बर ५ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | खेती क्षेत्र | ५४८.२५ | ९६.६७ | ५.४८ | ९६.६७ |
| २ | वनजंगल क्षेत्र | ०.५६ | ०.१० | ०.०१ | ०.१० |
| ३ | आवासीय क्षेत्र | २.७२ | ०.४८ | ०.०३ | ०.४८ |
| ४ | जल क्षेत्र | १५.५९ | २.७५ | ०.१६ | २.७५ |
| | जम्मा | ५६७.१२ | १००.०० | ५.६७ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडामा मगर गाउँ, बडहरे, पितमटार, आम्बोटे, चिउरीबोट, स्वती, मझुवा, रातमाटे, धनरामे, दाहाल गाउँ, दमाई गाउँ, पोखरी, घ्याम्पा, केउरिनी, लिस्पू, थाम डाँडा, गोगन डाँडा, खाल्टे, डाँडाखर्क, वायु, थान्दा, खोलाखर्क, सिस्नेखर्क, नर्पू, हिलेखर्क, खाडेली नामका गाउँबस्तीहरू छन् ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

#### १.३.२.१ जलस्रोत

यस वडाका जलस्रोतमा मोलुङ खोला, गाउँखोला, भटेरे खोला, डोलो खोला, नर्पू खोला, खोप खोला, अँधेरी छाँगो, घ्याम्पाको मूल, लिस्पु, सिम्लाको मूल, घ्याम्पा, मुर्गानी टोलको कुवा, मजुवाको कुवा, आम्बोटेको कुवा, तीनघाटे कुवा, चञ्चलादेवी कुवा, डाँडाखर्क कुवा, यान्दाको कुवा, गगनडाँडा कुवा, खाल्टेको कुवा, बपू कुवा, खोली कुवा, सिमल धारा, काँसे धारा आदि रहेका छन्।

#### १.३.२.२ वनस्पति

यस वडाको वनजंगल उष्ण सदाबहार (६९२ मिटरदेखि १,२०० मिटरसम्म), समशीतोष्ण (१,२०१ मिटरदेखि २,१०० मिटरसम्म), समशीतोष्ण ठन्डा (२,१०१ मिटरदेखि २,९८२ मिटरसम्म) रहेको छ।

यहाँ पाइने विभिन्न बोटबिरुवामा साल, सिसौ, खयर, सिमल, बाँस, बज्र टाकी, स्यालफुर्सो, टोटाला, करम, धँगेरी, चिलाउने, उत्तिस, कटुस, खस्रेती, कुटमिरो, बाँस आदि हुन् भने सुन्तला, आँप, केरा, नास्पाती, अलैंची, अनार, कटहर, निबुवा, ज्यामिर, दारिम, भुइँकटहर, आदि फलफूल पाइन्छन्। त्यसैगरी घरतरुल, सख्खरखण्ड, फूलसुठुनी, सिमल तरुल, गिट्ठा, भ्याकुर, ठूलो करेलो र स्कुसलगायत कन्दमूल पाइन्छन्। पाखनवेद, पानीअमला, ठूलो औषधि, हर्रो, बर्रो, अमला, फर्से, घोडताप्रे, घ्यूकुमारी, सिकारी लहरो, अभिजालो, चोरीअमेली, चिराइतो, तितेपाती, सिस्नु, टिम्मुर, गुर्जो, हलेदो, पहेंलो लहरे, जन्डिस झार, कुरिलो, काग भलायो, ठूलो भलायो, कुकुर डाइनोजस्ता जडीबुटी पनि पाइन्छन्।

#### १.३.२.३ जीवजन्तु

यस वडामा पाइने घरपालुवा जीवजन्तुमा भैंसी, राँगो, गोरु, बाख्रा, खसी, सुँगुर, बुंगुर, कुकुर, बिरालो र

वन्यजन्तुमा चितुवा, स्याल, बाँदर, मलसाँप्रो, वनबिरालो, मृग, दुम्सी पाइन्छन्। यहाँ घरपालुवा हाँस, कुखुरा, परेवा, आदि र वन्यपन्छीहरू ढुकुर, कालिज, तित्रा, लामपुच्छ«े, कोइली, च्याँखुरा आदि पान्छन् भने सर्प, माछा, पाहा भ्यागुतो, गंगटो, छेपारो, मौसुली, गोहोरो, सालक, चिप्लेकिरा, अरिङगाल, बछिउँ, कठेउरीलगायत जीवहरू पाइन्छन्।

#### १.३.२.४ खनिज

यस वडामा पत्रे चट्टान पाइन्छ साथै खानी मोरचाल, खोपखोला, थामडाँडामा घर छाउने ढुंगा पाइन्छ।

**वडा नम्बर ६**


### १.३.१ भौगोलिक अवस्था

### १.१ अवस्थिति/फैलावट

मोलुङ गाउँपालिका वडा नम्बर ६ भौगोलिक फैलावटको आधारमा २७ डिग्री २१ मिनेट १४.६६१ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २४ मिनेट ०.०६२ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरका आधारमा ८६ डिग्री २० मिनेट २६.२७३ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २६ मिनेट २१ दशमलव १०६ सेकेन्ड पूर्वी देशान्तरबीच १८.३४ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। यो वडा समुद्र सतहबाट १,१६२ मिटरदेखि २,८१२ मिटरसम्मको उचाइमा फैलिएर रहेको छ। यसको प्रशासनिक केन्द्र श्रीचौरमा रहेको छ।

## सिमाना

यो वडाको पूर्वमा मोलुङ खोला र वडा न. ५, पश्चिममा खिजीदेम्बा र चम्पादेवी, उत्तरमा यलुङ खोला/ दक्षिणमा तीनतले रहेका छन् ।




### १.३.१.२ धरातलीय/भूस्वरूप


यस वडामा भालुखोप ओढार, तीनतले–सुरुङ–जरायोटार, पत्तालेको ओढार (सुरुङ), खोलाखर्क ओढार, तीनतलेको चुचुरो, खोलाखर्कको टार/खेत, पत्तालेको, सोलाखर्क, तीनतलेको ढिस्का, तीनतले जंगल घाँस ल्याउने ठाउँ पाखा, सेलेले भीर, श्रीचौरबारी, भालथुम्का बारी, नयाँबारी, बस्तीको आसपासमा खेतीयोग्य बारी रहेका छन् । तुसारो मात्र पर्ने र हिउँदमा हिउँ पर्ने हिमक्षेत्र पनि यहाँ छन् ।

### १.३.१.३ हावापानी

मोलुङ गाउँपालिकाको वडा नम्बर ६ उचाइका आधारमा समुद्र सतहबाट १,१६२ मिटरदेखि २,८१२ मिटरको उचाइसम्म फैलिएको छ । यहाँको हावापानी उचाइको आधारमा प्रभावित छ, जसअनुसार ८४८ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण हावापानी पाइन्छ भने १,२०१ मिटरदेखि २,१०० मिटरसम्मको उचाइमा समशीतोष्ण हावापानी पाइन्छ । त्यस्तै सोभन्दा माथिको क्षेत्र २,७२६ मिटरसम्मको उचाइमा ठन्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ ।

यहाँको माटो कालो, चिम्ट्याइलो, बलौटे कालो रहेको छ ।

### १.३.१.४ भूउपयोग




| मोलुङ गाउँपालिका वडा नम्बर ६ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | खेती क्षेत्र | १०१७.८३ | ५५.४९ | १०.१८ | ५५.४९ |
| २ | वनजंगल क्षेत्र | ७७३.८७ | ४२.१९ | ७.७४ | ४२.१९ |
| ३ | आवासीय क्षेत्र | १५.१८ | ०.८३ | ०.१५ | ०.८३ |
| ४ | जल क्षेत्र | २७.४१ | १.४९ | ०.२७ | १.४९ |
| | जम्मा | १८३४.३० | १००.०० | १८.३४ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडाका गाउँबस्ती यान्दा, नर्पू, खोलाखर्क, किरेडाँडा, भीमसेनखर्क, अजिटे, बुर्दिम, चेप्टे, श्रीचौर, सोलाखर्क, हिलेखार्क, भालथुम्का, मंगलबारे बजार, ढुंगे, पत्ताले, पत्करी, मंसिरे, पोटली, नयाँवन, सान्खेथाम, सरेचौर , बलडाँडा, सलंगोगाउँ, घुमाउने, गुफाडाँडा, लोप्रेडाँडा, लिमारेटोले, गुराँसे, अखौंले, कालीडाँडा, खोली, किरेडाँडा, सल्लेरी, जरंगेटोल र ज्यामिरबोट हुन् ।

### १.३.२. प्राकृतिक स्रोत/सम्पदा

**२.१ जलस्रोत**

यस वडाका प्रमुख जलस्रोतमा मोलुङ खोला, यलुङ खोला, सेलेले खोला, भालथुम्का खोल्सा, नर्पू खोल्सा, पत्करी खोल्सा, सेलेले छाँगो, थुलुङ छाँगो हुन्। त्यसैगरी, मूलको पानी मकैबारी भन्ज्याङ, तीनतले, धर्मशाला, सेलेले, मजुवा, आरुबोट, दुंगे इत्यादि कुवा र थापा पँधेरो, यान्दको कुवा, पात्लेखोलाको कुवा, यन्जन पँधेरो, चैतेपानी कुवा, पत्कनीको कुवा/धारो, भालथुम्काको धारो, चेप्टेको धारो, नयाँवनको धारो, पोढ़लेको धारो, लोप्रे पँधेरो धारा, धर्मशालाको धारा इत्यादि जलस्रोत हुन्।

**१.३.२.२ वनस्पति**

यस वडामा पाइने वनजंगलमा सल्लो, डिगुरे, उत्तिस, गोब्रेसल्लो, मौवा, फुलाँट, कटुस, चिलाउने, बाँस, गुराँस, सिमल, अँघेरी, काब्रोलगायतका रूखहरू पाइन्छन् भने नेवारो, गोगुने, दुधेलो, खस्रे, ओखोलो, बाँझ, खानिज, घोत्ली, निगालो, परयांग, लोक्ताजस्ता डालेघाँस र सयपत्री, गोदावरी, असारे गुलाब, गुराँस, थुँगे, बाह्रमासे फूल पाइन्छन्। यहाँ किबी, नास्पाती, स्याउ, केरा, आरूलगायतका फलफूल र घरतरुल, करेला, भ्याकुर, गिठ्ठाजस्ता कन्दमूल पाइन्छन्। साथै चिराइतो, मालतीको धुलो, पखानवेद, पानीअमला, ठुलो औषधि, मच्छिनो, बोझो, पानी–चुथ्रो, अधेली जस्ता जडीबुटी पनि यहाँ पाइन्छन्।

**१.३.२.३ जीवजन्तु**

यहाँका घरपालुवा जनावरमा गाई, गोरु, भैंसी, राँगा, बाख्रा, खसी, सुँगुर, बंगुर र वन्यजन्तुमा चितुवा, स्याल, बाँदर, वनबिरालो, मलसाँप्रो आदि पाइन्छन्। सर्प, माछा, पाहा भ्यागुतो, गंगटो, छेपारा, मौसुली, गोहोरो, सालक, चिप्लेकिरा, अरिङगाल, बछिउँ, कठेउरीजस्ता जीवजन्तु पाइन्छन्।

**१.३.२.४ खनिज**

यहाँको घुमाउने खोला, श्रीचौरमा पत्रे चट्टान पाइन्छ।

**वडा नम्बर ७**


**१.३.१ भौगोलिक अवस्था**

**१.३.१.१ अवस्थिति/फैलावट**

मोलुङ गाउँपालिका वडा नं ७ भौगोलिक फैलावटका आधारमा २७ डिग्री २२ मिनेट ४२.४०३ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २६ मिनेट ७.८८९ सेकेन्ड उत्तरी अ अक्षांशसम्म र देशान्तरका आधारमा ८६ डिग्री २३ मिनेट ३९.०१६ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २७ मिनेट ३६.६७३ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ यो वडाले मोरुङ गाउँपालिकाको २१ दशमलव ०१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। यो वडा समुद्र सतहबाट १,१५२ मिटरदेखि २,९८२ मिटरको उचाइसम्म फैलिएर रहेको छ। यो वडाको प्रशासनिक केन्द्र तालकोटमा रहेको छ।

**सिमाना**

यो वडाको पूर्वमा सुर्के घट्टे खोला– सिद्धिचरण नगरपालिका, पश्चिममा खासीपारे खोला– खिजीदेम्बा, उत्तरमा दुक्सिन्दो – सोलुगुम्बा र दक्षिणमा मोलुङ खोलाले घेरिएर रहेको छ।




### १.३.१.२ धरातलीय/भूस्वरूप


यस वडाको भूस्वरूपमा भीरखर्क सिरातमन गुफा, सातर्का डाँडा, रमिते डाँडा, बाहुन डाँडा, रोपा डाँडा चुली र खबासे लप्चे भीर, रानीवन भीर, बाख्रे सिरोघरी, तालकोट भीरखर्क भीर, कात्तिके भीरमौरी भीर रहेका छन्

### १.३.१.३ हावापानी

मोलुङ गाउँपालिकाको वडा नम्बर ७ उचाइका आधारमा समुद्र सतहबाट १,१५२ मिटरदेखि २,९८२ मिटरको उचाइमा फैलिएको छ । यहाँको हावापानी उचाइका आधारमा प्रभावित छ, जसअनुसार ८४८ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण हावापानी पाइन्छ भने १,२०१ मिटरदेखि २,१०० मिटरसम्मको उचाइमा समशीतोष्ण हावापानी पाइन्छ । त्यस्तै सोभन्दा माथिको क्षेत्र २,७२६ मिटरसम्मको उचाइमा ठन्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ ।

यहाँको माटो कालो, चिम्ट्याइलो, बलौटे कालो छ ।

### १.३.१.४ भूउपयोग




| मोलुङ गाउँपालिका वडा नम्बर ७ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ४८३.२७ | २३.०० | ४.८३ | २३.०० |
| २ | वनजंगल क्षेत्र | १५६५.४८ | ७४.५१ | १५.६५ | ७४.५१ |
| ३ | आवासीय क्षेत्र | २८.९२ | १.३८ | ०.२९ | १.३८ |
| ४ | जल क्षेत्र | २३.३६ | १.११ | ०.२३ | १.११ |
| जम्मा | | २१०१.०३ | १००.०० | २१.०१ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडाका गाउँबस्तीहरू जेसे, बाख्रे, गौरी डाँडा, रचने, पातले, घट्टे खोला, सुर्के, बुलनासा, तालकोट बजार, खस्रुबोट धाप, मगरबस्ती, तल्लो तालकोट, कार्तिके, गौरीबास, एकराते, निवारे, भुसुने डाँडा, ढाँड, च्यादी, बाँसघारी, लप्से खावासे डाँडा, एकराते सेरली, पल्लोखोला, पात्ले च्याउले टोल, रमिते डाँडा गलनासा, खानी खोला पहरी बस्ती हुन्।

## १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

यस वडाका जलस्रोतमा मोलुङ खोला, सेरली, पात्ले, निवारे, छाँगे, लप्से, सुर्के, घट्टेखोला र गलनासा, एकराते, रुकसिन्डो, तुक्सिन्डो, खसीपारे, खानीखोलाजस्ता साना खोला, सेरली, च्यादी, लप्से, आइतबारे छाँगो, तुक्सिन्डो, छहरे खोला शिर, छाँगे शिर, बाक्सिन्डोजस्ता मूलको पानी, रोक्ते कुवा, छाँगकुवा, लेउत कुवा, जेसेको ढुंगेधारा, बुतनासा, रतने, बाख्रे ढुंगेधारा इत्यादि रहेका छन् ।

### १.३.२.२ वनस्पति

यहाँका वनस्पतिमा मलेतो, उत्तिस, धुपी गुराँस, सयपत्री, गोदावरी, असारे गुलाब, गुराँस, थुँगे, बाह्रमासे फूल, किबी, नास्पाती, स्याउ, केरा, आरु, चिराइतो, मालतीको धुलो, पखानवेद, पानीअमला, ठूलो औषधि, मच्छिनो, बोझो, पानी–चुथ्रो, अधेली आदि रहेका छन् ।

### १.३.२.३ जीवजन्तु

यस वडामा पाइने जीवजन्तुहरूमा घरपालुवा गाई, गोरु, भंैसी, राँगा, बाख्रा, सुँगुर, बंगुर हुन् भने स्याल, बाँदर, वनबिरालो, मलसाँप्रोजस्ता वन्यजन्तु, घरपालुवा कुखुरा, परेवा तथा सर्प, माछा, पाहा भ्यागुतो, गनगतो, छेपारो, मौसुली, गोहोरो, सालक, चिप्लेकिरा, अरिङगाल, बछिउँ, कठेउरी आदि जीवहरू पाइन्छन् ।

### १.३.२.४ खनिज

यहाँ पत्रे चट्टान रहेको छ ।

### वडा नम्बर ८


### १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

मोलुङ गाउँपालिका वडा नं. ८ भौगोलिक फैलावटका आधारमा २७ डिग्री २१ मिनेट १२ दशमलव ५५५५ डिग्री २३ मिनेट ५६.२७८ सेकेन्ड उत्तरी अक्षांशबीच र देशान्तरका हिसाबमा ८६ डिग्री २६ मिनेट ३ दशमलव १ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २९ मिनेट ३५ दशमलव ०३० पूर्वी देशान्तरबीच फैलिएर रहेको छ । यो वडाले मोलुङ गाउँपालिकाको १७.१७ दशमलव ४१ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ । यो वडाको उचाइ समुद्र सतहबाट ९४१ मिटरदेखि २,५५७ मिटरसम्म रहेको छ । यो वडाको प्रशासनिक केन्द्र राँगादीपको खरीडाँडामा रहेको छ ।

### सिमाना

यो वडा पूर्वमा बिगुटार कोकशिला खोला, पश्चिममा मोलुङ खोला, उत्तरमा कडेनी र दक्षिणमा पोकलिङ खोलाले घेरिएर रहेको छ ।




### १.३.१.२ धरातलीय/भूस्वरूप


यस वडामा खस्ने डाँडा थुम्की रहेको छ, जहाँबाट नमरुङ हिमाल देखिन्छ। यहाँ महभीर, घाँसपाखा, नुनथला, सरेलीको पाखा, बसारू खर पाँखा, भीमसाने खरबारी, खुनटार खरबारी, होरली खरबारी, सालबोटे, शिरीषे, सगरे लेकु बारीजस्ता पाखा, कोरनाम डाँडाको फेदी, राँगादीप गाउँ फेदी रहेका छन्। यहाँ मोलुङ र पोक्तिङ खोलाको दोभान किनार, दिरली बेंसी खेत, मूलखर्क खेतबेंसी, मगाले बेंसी, चस्प बेंसी, लप्सेभीर, भीरकुनको भीर, महभीर आदि छन्।

### १.३.१.३ हावापानी

मोलुङ गाउँपालिका वडा नम्बर ८ उचाइका आधारमा समुद्र सतहबाट (४१ मिटरदेखि २,५५७ मिटरको उचाइसम्म फैलिएको छ। यहाँको हावापानी उचाइका आधारमा प्रभावित छ, जसअनुसार ८४८ मिटरदेखि १,२०० मिटरसम्मको उचाइमा उष्ण हावापानी पाइन्छ भने १,२०१ मिटरदेखि २,१०० मिटरसम्मको उचाइमा समशीतोष्ण हावापानी पाइन्छ। त्यस्तै सोभन्दा माथिको क्षेत्र २,७२६ मिटरसम्मको उचाइमा ठन्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ।

यहाँ कालो, रातो, सेतो, चिम्ट्याइलो, पाँगो प्रकारको माटो पाइन्छ।

### १.३.१.४ भूउपयोग




| मोलुङ गाउँपालिका वडा नम्बर ८ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ६६१.२१ | ३७.९८ | ६.६१ | ३७.९८ |
| २ | वनजंगल क्षेत्र | १००३.२७ | ५७.६३ | १०.०३ | ५७.६३ |
| ३ | आवासीय क्षेत्र | ३१.३७ | १.८० | ०.३१ | १.८० |
| ४ | जल क्षेत्र | ४५.१२ | २.५९ | ०.४५ | २.५९ |
| | जम्मा | १७४०.९७ | १००.०० | १७.४१ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

यस वडाका प्रमुख गाउँबस्तीमा डाँडागाउँ, गौरीगाउँ, पलारू, थेपाथेम, खिम्ती, कारेनाम, खरीडाँडा, बिन्दु, सखरे, माझखर्क, सिरेली, खस्रे, दमारपाखा, भीरकुना, जोवानके, शंकु, सेक्कु, टंकु, शतलेरी, शैमाल, पनेर, शिरीषे, खर्लु, डुडबारी रहेका छन्।

## १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

यहाँ मोलुङ खोला, सोराली खोला, पोक्तिङ खोला, पेकु, खुन्तार, छाँगे, कुल मुहान, पखरे, सिरसे, पनेर, सिमसारजस्ता छाँगा, सेरली झरना, बिल्दुको छाँगोजस्ता महत्त्वपूर्ण जलस्रोत छन् भने पखेरो, कुल मुहान, सरेली, छाँगे आदि मूलको

पानी, तिरूपुभ, कुनादेल, खिम्ली पनेर कुवा, ढाँड कुवा, शिरीषे कुवा, पोखाचो कुवा, सिमसार कुवा पाइन्छन्। त्यसैगरी यहाँका ताल/दहमा मोलुङ खोलाको कन्य दह र  सिमसार/धापमा माझखर्क सिमसार क्षेत्र रहेका छन्।

### १.३.२.२ वनस्पति

यस वडाका वनस्पतिमा उत्तिस, धुपी, गुराँस, चिलाउने, फलाट, गोब्रेसल्लो, बाँस, बडर, पटमिरो, निबारो, खस्रु, गोगन, बैयस, सयपत्री, गोदावरी, असारे गुलाब, गुराँस, थुँगे फूल, बाह्रमासे फूल, किबी, नास्पाती, स्याउ, केरा, आरु फल, घरतरुल, करेला, भ्याकुर, गिठ्ठा कन्दमूल, चिराइतो, मालतीको धूलो, पखानवेद, पानीअमला, ठूलो औषधि, मच्छिनो, बोझो, पानी-चुथ्रो, अर्गेलीजस्ता जडीबुटी पाइन्छन्।

### १.३.२.३ जीवजन्तु

यस वडाका जीवजन्तुमा गाई, गोरु, भैंसी, राँगा, बाख्रा, खसी, सुँगुर, बंगुरजस्ता घरपालुवा जीव र चितुवा, भालु, मृग, स्याल, बाँदर, वनबिरालोजस्ता वन्यजन्तु पाइन्छन्।

घरपालुवा पन्छीमा कुखुरा, परेवा र किटपतङ्गमा सर्प, गोहोरो, सालक, दुम्सी, भीरमौरी, कठेउरी पाइन्छन्।

### १.३.२.४ खनिज

यहाँ पत्रे चट्टान रहेको छ साथै बसारू र टंकुमा घर छाउने ढुंगाखानी छ।

# अध्याय दुई

# ऐतिहासिक-पुरातात्त्विक स्थल र धार्मिक-सांस्कृतिक सम्पदा

ऐतिहासिक तथा पुरातात्त्विक स्थलले वर्तमानको समयसँग पनि सम्बन्धित हुने विगतका महत्त्वपूर्ण स्थान र घटनालाई बुझाउँछ । यसमा पुरातात्त्विक महत्त्व राख्ने जमिन, भवन, स्मारक इत्यादि पर्छन् ।

धार्मिक-सांस्कृतिक सम्पदा भन्नाले विगतदेखि नयाँ पुस्तामा सर्दै आएका सामुदायिक र सामाजिक निधिहरूसमेत बुझिन्छ । यसमा मानव निर्मित मूर्त रूपका वास्तुकला, भवन, स्मारक इत्यादि पर्छन् भने अमूर्त रूपका रीतिरिवाज, चालचलन, परम्परा इत्यादि पर्छन् ।

यस अध्यायमा मोलुङ गाउँपालिकाका ऐतिहासिक-पुरातात्त्विक स्थल र यहाँ पाइने धार्मिक-सांस्कृतिक सम्पदाको उल्लेख गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई  सांस्कृतिक सम्पदाको संरक्षण र सम्बद्र्धनका लागि उपयुक्त नीति नियम बनाउन उपयोगी हुन्छ ।

## २.१ गाउँपालिकाको नामकरण

वि.सं.२०७३ मा नेपालका स्थानीय तहहरू गठन गर्ने क्रममा ओखलढुंगा जिल्लाका तत्कालीन कार्यान्वयनमा रहेका साबिक कुन्तादेवी, वरुणेश्वर, हर्कपुर, प्राप्चा, पात्ले, श्रीचौर र राँगादीप गाविसलाई मिलाएर वर्तमान मोलुङ गाउँपालिका स्थापना गरिएको हो ।

### २.१.१   नामकारणका आधार

मोलुङ गाउँपालिकाको नामकरण त्यस क्षेत्रमा बग्ने मोलुङ खोलाको नामबाट नामकरण गरिएको देखिन्छ । यस गाउँपालिकाको नामकरणका विविध आधारहरू हुन सक्छन् जुन तल दिइएको छ:

### २.१.२   राजनीतिक/प्रशासनिक आधार

वि.सं. २०६२/६३ को जनआन्दोलनपछि नेपालले अपनाएको संघीयता प्रणालीलाई संगठित र व्यवस्थित गर्ने क्रममा २०७२ सालमा जारी नेपालको संविधानअनुसार स्थानीय तहलाई नामकरण गर्ने क्रममा वर्तमान नेपालको विकास क्षेत्रलाई व्यवस्थापन गरी सातवटा प्रदेशमा विभाजन गरियो जसअन्तर्गत नेपालको पूर्वी भेगमा रहेका १४ वटा जिल्लाहरूलाई समेटी तत्कालीन अवस्थामा एक नम्बर प्रदेशको (पछि प्रदेशसभाले कोशी नामकरण गरिएको) कोशी प्रदेशअन्तर्गतका १४ जिल्लामध्ये पश्चिम उत्तर क्षेत्रको जिल्ला ओखलढुंगाको पालिका तय गर्ने क्रममा आठवटा पालिकामा विभाजन गरियो जसअन्तर्गत एउटा नगरपालिका र बाँकी सात क्षेत्रलाई गाउँपालिकाका रूपमा  स्थानीय प्रशासनिक  संरचना स्थापना गरियो । ओखलढुंगा जिल्लाका आठ पालिकामध्ये जिल्लाकै माझभागमा पर्ने गरी स्थानीय मोलुङ खोलाको नामका आधारमा नामकरण गरी स्थापित गरिएको एक गाउँपालिका मोलुङ गाउँपालिका हो ।

### २.१.३ भौगोलिक आधार

मोलुङ खोला उत्तरतर्फको थोलेदेम्बा पहाडबाट सुरु भई मध्य क्षेत्रबाट दक्षिण दिशातिर बग्दै गएर पश्चिमबाट पूर्वतिर बग्दै गएको सुनकोशी नदीमा मिसिन्छ । यस अवस्थामा हेर्दा पनि ओखलढुंगा जिल्लाको मध्यभागमा वर्तमान मोलुङ खोलाले विशेष महत्त्व राख्दछ । त्यसैले २०७२ को संविधान जारी भएपछि  सुरु भएको संघीयतामा नेपालका स्थानीय तहहरूलाई

नामकरण गर्ने  क्रममा स्थानीय गाउँपालिकाको नाम सोही प्रसिद्ध मोलुङ खोलाको नामबाट मोलुङ गाउँपालिका भनी तय गरेको देखिन्छ ।

### २.१.४ भाषिक आधार

मोलुङ शब्दको अर्थ खोज्दा स्थानीय स्तरमा बोलिने किराँत भाषासँग सम्बन्धित रहेको महसुस हुन्छ । किराँत भाषामा आधारित भएर शाब्दिक विश्लेषण गर्दा 'मो' को अर्थ ठूलो, मुख्य र पवित्र भन्ने अर्थ लाग्दछ भने 'लुङ' को अर्थ टाकुरो वा डाँडा वा पहाड वा उच्च स्थान भन्ने अर्थ दिने हुनाले मोलुङ शब्द पवित्र पहाडको रूपमा चित्रित गर्ने शब्द हो भन्ने देखिन्छ । त्यस्तै हाल मोलुङ क्षेत्रमा बसोबास गर्ने किराँतीहरूको जातिमध्ये सुनुवार पनि एक मुख्य जाति हो । सुनुवार भाषामा 'मोलुङ' शब्दको अर्थ निरन्तर बहनु वा अटुट रहनु भन्ने रहेकोले तत्कालीन अवस्थामा यस क्षेत्रमा बहने मुख्य खोलालाई मोलुङ नामकरण गरिएको हुन सक्ने देखिन्छ ।

यसबाहेक यस क्षेत्रमा राई जातिको पनि बस्ती भएको कारण मोलुङ शब्द राई भाषासँग सम्बन्धित भएको तार्किक अनुमान गर्न सकिन्छ ।

### २.१.५ धार्मिक–सांस्कृतिक आधार

किराँत समुदाय प्रकृति पूजक हो । किराँतीहरूले आफ्ना क्षेत्रका भूस्वरूप जंगल वनस्पति जीवजन्तुहरूलाई विशेष महत्त्व दिने हुनाले मोलुङ शब्द पनि कुनै पवित्र स्वरूपसँग सम्बन्धित भएको अनुमान गर्न सकिन्छ । प्रसिद्ध तीनतले कुन्तादेवी, ढुस्के डाँडो, थामडाँडा (वडा नम्बर ३), राँगादीप, पात्लेलगायतका पहाडको काखमा बसेको र हालको ओखलढुंगा जिल्लाको मध्य भागमा पर्ने हुनाले पनि वर्तमान मोलुङ क्षेत्रलाई तत्कालीन अवस्थामा प्रसिद्ध पवित्र थलोको रूपमा किराँत समुदायले व्याख्या गरेको हुन सक्छ ।

### २.१.६ व्यक्तिको योगदानको आधार

नेपालको गाउँ बस्ती पहाड नदीनालाका नामकरणको इतिहासलाई हेर्दा विगतमा विशेष योगदान पुर्याएका, बस्ती बसालेका, मठमन्दिर वा अन्य कुनै कृति, जस प्रसिद्धि कमाउने कुनै कार्य गरेका साधुसन्त, बहादुर, वैज्ञानिक, समाजसेवी, संगठक नेता इत्यादिका नामबाट नामकरण गर्ने चलन रहेकाले मोलुङ शब्दको नामकरण पनि कुनै मोलुङ नाम वा थर भएका व्यक्तिले बसालेको बस्ती वा कब्जा गरेको क्षेत्र वा संरक्षण गरेको भूमि वा कुनै त्यस्तो स्थलको रूपमा मोलुङ नाम कायम गरिएको पनि हुन सक्छ ।

## २.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

पुरातात्त्विक स्थल भन्नाले  त्यस्तो स्थान हो, जहाँ विगतका मानवीय क्रियाकलापका भौतिक रूपका अवशेषहरू भेटिन्छन् । त्यस्ता अवशेषहरूले मानव जीवनको इतिहास, सभ्यता र संस्कृति झल्काउँछन् । यस्ता पुरातात्त्विक स्थलहरू राष्ट्रिय–अन्तर्राष्ट्रिय महत्त्वका हुन्छन् । नेपालको लुम्बिनी क्षेत्र विश्व सम्पदाको कोटिमा परेको छ । बराहक्षेत्र अर्को यस्तै उदाहारण हो  । ऐतिहासिक गढी, किल्लाहरू पनि यस कोटिमा पर्दछन् ।

जमिनमुनि पुरिएका र उत्खनन गर्दा भेटिएका मूर्ति, देवी देउराली, मन्दिर, धारा, चुल्हो, अँगेना, घरका पर्खालका अवशेष इत्यादि सवै पुरातात्त्विक स्थल हुन् ।

प्रसिद्ध व्यक्तिका नाममा बनाइएका स्मारकहरू, मृतक पूर्वजहरूको नाममा सन्तानहरूले बनाइदिएका पाटी, पौवा सत्तल, चौतारा, प्रतीक्षालय इत्यादि पनि पुरातात्त्विक स्थल नै हुन् भन्न सकिन्छ ।

### २.२.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

मोलुङ गाउँपालिकामा पनि विभिन्न पुरातात्त्विक स्थलहरू भेटिन्छन् । बुङ्नाम गढी एक ऐतिहासिक–पुरातात्त्विक स्थल हो किनभने पुरातात्त्विक स्थलका केही विशेषताहरू यहाँ देख्न सकिन्छ । त्यस्तै रामपुरको सहिद स्मारक अर्को ऐतिहासिक महत्त्वको स्थल हो । त्यसैगरी जलजलेमा भेटिएको महादेवको मूर्ति राखिएको शिव मन्दिर पनि पुरातात्त्विक स्थल नै हो । उपर्युक्त स्थलहरूको थप जानकारी सम्बन्धित वडाको वर्णनमा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

### २.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

**तालिका २: सार्वजनिक प्रयोगका स्थलहरु**

| **वडा नम्बर** | **महत्त्वपूर्ण स्थलहरू** |
|---|---|
| वडा **नम्बर** १ | बुङनाम कात्तिके टोलको धारापानी, पिप्लेटोलको ठूलो पँधेरो, पिप्लेटोलको धारो, आँपचौरको कुवा, गोतामे ढुङ्गेधारा, जारकाटे धारो, गोतामे कुवा, पधेरी खोल्साको धारो, सिम्पानीको कुवा, ढकाल गाउँको माथिल्लो पधेरो, कर्कलेको पँधेरो, कालीमाटीको धारो आदि ।<br><br>प्रतीक्षालयहरूमा साइटार डौडारेको प्रतीक्षालय, पसल डाँडाको प्रतीक्षालय, जिरो पोइन्टको प्रतीक्षालय, धारापानी प्रतीक्षालय, ठूलो पँधेरो प्रतीक्षालय आदि आदि ।<br><br>चौताराहरूमा मगर डोबाटोको चौतारो, कागुनेको चौतारो, धारे डाँडाको चौतारो, धुसेनीको चौतारो, बोटधँगेरीको चौतारो, डुम्री पाखाको चौतारो, पिप्लेको चौतारो, गैयाँ डाँडाको चौतारो, फस्कुलेको चौतारो, गोतामे चौतारो, कालीखोल्साको चौतारो, मानेको चौतारो, ह्याकुलेको चौतारो, डुम्रेको चौतारो, साउने चौतारो, करमपाखाको चौतारो, फागुनेको चौतारो, ढकाल गाउँको चौतारो, पुछार बरको चौतारो, भतेरे चौतारो, पसल डाँडाको चौतारो, माथ्लो ठाँटीको चौतारो, बर्बोट चौतारो, लिपेखोलाको चौतारो, थापा चौरको चौतारो, ढुंगे बिसाउने चौतारो, बाह्रबिसेको चौतारो, डौठको चौतारो आदि । |
| वडा नम्बर २ | नागथानको कुवा, सुवेदीको कुवा, गुरु पँधेरोको कुवा, ढनढनेको कुवा, राधीबुढीको कुवा, इन्द्रेणी कुवा, जिनीबजेनी खोल्साको कुवा, डुडेको कुवा, गैरीगाउँको कुवा, महावीरको बाँसेधारा र चौताराहरूमा बेलुन चौतारा, ठुटी पीपल चौतारा, ग्वाँसै डाँडा देउराली आदि । |
| वडा नम्बर ३ | भोटे खोरियाको कुवा, ओखरबोटे कुवा, सिमबोटे कुवा, भाग्य देवीथानको कुवा, भुन्टे पदेली कुवा, करङपानी धारा, झाँक्रीस्थान धारा , सिद्धपोखरी खहरेको चौतारो, जय थुम्कीको चौतारो, बन्जरी टारको चौतारो, केशवको चौतारो, खोपीडाँडा बिसाउनेको चौतारो, भुर्चेलको चौतारो, डेली काट्ने चौतारो, वनडाँडाको चौतारो, खुलुको चौतारो आदि । |

| | |
|---|---|
| वडा नम्बर ४ | कुवापानी कुवा, कटहरे कुवा, ठूलो पदेरी कुवा, पुराना गाउँको कुवा, बान्द्रे कुवा, कुप्चेपानीको कुवा, पहरे कुवा, बाँसघारीको कुवा, फेदीको कुवा, आदि ।<br>ठूलो पँधेरी ढुंगेधारा, कैन्दालेढुंगेधारा, बासेको ढुंगेधारा, कर्कलेमा तीन धारा रहेको नागथान धारा, कुवापानी चौतारो, घिमिरे चौतारो, कर्कले चौतारो, माने चौतारो, रामचे चौतारो, मट्केला चौतारो, माझको चौतारो, रमिते चौतारो, स्याल डाँडाको चौतारो, पोखरी चौतारो, निबुवा बोटे चौतारो, डिहीको चौतारो, मानेगाउँको चौतारो, पिप्ले चौतारो, सुपारी चौतारो, कोइरालाको चौतारो, दमाईगाउँको चौतारो, नेचाली चौतारो, खरेको चौतारो, खरबारी चौतारो, मतान चौतारो, वाग्ले चौतारो आदि । |
| वडा नम्बर ५ | घ्याम्पाको कुवा, मुग्राली टोलको कुवा, मजुवाको कुवा, तीनधारे कुवा, आम बोटेको कुवा, चञ्चला देवीको कुवा, डाँडाखर्क कुवा, एन्ड्राको कुवा, गगनडाँडा र खाल्टेकुवा, सिमलधारा र काशीधारा, थामडाँडाको देउराली, चप्लेटीको देउराली, मगरगाउँको प्रतीक्षालय, बरडाँडाको प्रतीक्षालय, दमाईगाउँको प्रतीक्षालय, मगरगाउँ टोलको प्रतीक्षालय, रातामाटे प्रतीक्षालय, तिमलडाँडा चौतारो, चिउरीबोटको चौतारो, लिस्पु डाँडाको चौतारो आदि । |
| वडा नम्बर ६ | थापा पँधेरो, इन्द्राको कुवा, पात्लेको कुवा, चैतेपानीको कुवा, पत्रकरीको कुवा, भालुथुम्काको धारो, चेप्टेको धारो, नयाँ वनको धारो, बोटलेको धारो, लोप्रेको धारो, धर्मशालाको धारो, दोबाटोको देउराली, मकैबारी भञ्ज्याङको देउराली, मंगलबारे बजारको प्रतीक्षालय नर्पु चौतारो, रमिते चौतारो, श्रीचौर चौतारो, सोलाखर्क चौतारो, चैतेपानी चौतारो, मानडाँडा चौतारो, किरेडाँडा चौतारो, २५०० डाँडाको चौतारो, चेप्टे माने चेप्टे माने डाँडा चौतारो आदि । |
| वडा नम्बर ७ | टोक्ने कुवा, छाङकुवा, लेउतकुवा, जेसएको ढुंगेधारा, बाख्रे ढुंगेधारा, रतनेको ढुंगेधारा गुतनासको ढुंगेधारा आदि । |
| वडा नम्बर ८ | त्रिपुम कुवा, कुनै दिलकुवा, टंकु कुवा, खिम्लीकुवा, ढाडकुवा, शिशिर कुवा, पोखाचो, खिमले थेपाथुम , शैमान कुनादेल, खरी गाउँ, सुनाखरी डाँडागाउँ आदि ठाउँमा रहेका प्रतीक्षालयहरू जानकी चौतारो, बिन्दु चौतारा आदि । |

## २.३ धार्मिक सम्पदा

ओखलढुंगा जिल्ला धार्मिक सम्पदाले सम्पन्न जिल्ला हो । यसबाट समग्र ओखलढुंगाको पहिचान उजागर भइरहेको छ भने मोलुङ गाउँपालिका पनि धार्मिक हिसाबले महत्त्वपूर्ण गाउँपालिका हो ।

मोलुङ गाउँपालिकामा पनि धेरै मठमन्दिर, गुम्बा, चैत्य, विहार, देवी, देउराली, देवालयहरू रहेका छन् । यस पालिकामा जातजाति अनुसार धर्मसंस्कार फरक हुनाले उनीहरूले आफ्नो आस्था र व्यवहारहरू उजागर गर्न व्यवस्थापन गर्न संस्कारको निरन्तरता दिन विभिन्न प्रकारका धार्मिक महत्त्व भएका आस्थाका क्षेत्रहरू मठमन्दिर बनाएर सञ्चालन गर्ने गर्दै आएका छन् ।

हाल अस्तित्वमा रहेका केही प्रसिद्ध धार्मिक सम्पदाहरूमध्ये कुन्तादेवी मन्दिर, जलजलेश्वर त्रिवेणीधामको महादेवको मन्दिर इत्यादि हुन् ।

**तालिका ३ धार्मिक महत्वका स्थानहरु**

| **वडा नम्बर** | **धार्मिक महत्त्वका स्थलहरू** |
|---|---|
| वडा नम्बर १ | कुन्तादेवी मन्दिर, शान्तादेवी मन्दिर, राधाकृष्ण मन्दिर, ढकाल देवाली थान ढकालगाउँ, धमला देवाली थान मौवाडाँडा, फुँयाल देवाली थान, बुढाथोकी देवाली थान बडहरे, तामाङको पूजाथान बितालाव, सिंहदेवी, सेतीदेवी, जाल्पादेवी, पाथिभरा सेतीदेवी, तीन कन्यादेवी, शिव मन्दिर थापाचौर, कालीदेवी बरबोट, बुदिनिथान मन्दिर थापाचौर, रक्तकाली मन्दिर गैरीगाउँ, इसाई चर्च वितालाव, कालरात्रि मन्दिर बानियाँ गाउँ । |
| वडा नम्बर २ | शिवालय मन्दिर, दाहाल कुलदेवता ( भुसुने), रामेश्वर मन्दिर पंचैन, राधाकृष्ण मन्दिर, महादेव थान लामीडाँडा । |
| वडा नम्बर ३ | भूमेदेवी कालीथान, कमलाथान (कुल खोला), सीताथान (कुल खोला), चम्पादेवी (थुम्की), शिवमन्दिर ( फुँयाल गाउँ), सुनुवार चण्डीथान, मानेबेंसी जलकन्या (कूल खोलानजिक), |
| वडा नम्बर ४ | जल्जलेश्वर त्रिवेणी धाम, बेलीचमेली देवी, ढाँडबेंसी मानेगुम्बा, सिंहदेवी ढाँडबेंसी, महादेव खोला महादेव मन्दिर । |
| वडा नम्बर ५ | पञ्चकन्यादेवी मन्दिर, ककनीको चम्पादेवी मन्दिर, कालिका देवी बडहरे, सिद्धदेवी मन्दिर, मुक्तेश्वर सती धाम, तीनधारे महादेवथान । |
| वडा नम्बर ६ | कालिकादेवी, धियोतिङ छोयालिङ गुम्बा, घुमाउने माने (६ वटा), शिव मन्दिर, उर्गेन छोयोलिङ गुम्बा । |
| वडा नम्बर ७ | बाख्नेको शिव पार्वती मन्दिर, मगर गाउँको शिव मन्दिर, देछेन तेंदुक छोलिङ गुम्बा, एकरातेमा रहेको शिव मन्दिर, कात्तिकेको शिव मन्दिर, पात्ले गुम्बा, गुफा करिब १५ मिटर लामो, चन्डी देवीथान |
| वडा नम्बर ८ | जलेश्वरी शितलपुर महादेव, चम्पाश्वर महादेव, जलकन्या देवी, चम्पावती देवी, धकुन्डली देवी, तीनकन्या मालिका देवी, कन्यादह, बिल्दु मानी चौतारी, सिंहदेवी, कालिका देवी, तीनकन्या मालिकादेवी |

*स्रोत : मोलुङ गाउँपालिकाको कम्प्रिहेन्सिभ भिलेज प्रोफाइल , २०८०*

त्यसैगरी, यस गाउँपालिकामा केही स्थानमा सार्वजनिक महत्त्वका पाटी, पौवा, देवीथान, कुलपूजा थान इत्यादि भेटिन्छन् । खास समुदायका पूजाआराधना गर्ने ठाउँबाहेक अन्य सार्वजनिक सम्पदाको प्रयोग कम हुँदै गएको छ ।

## २.४ सांस्कृतिक सम्पदा

सांस्कृतिक सम्पदाहरू सामान्यतः जातीय र धार्मिक समुदायका संस्कारसँग सम्बधित हुन्छन् । तिनीहरू मूलतः दुई प्रकारका हुन्छन्– मूर्त र अमूर्त । भौतिक वस्तुसँग सम्बन्धित सांस्कृतिक सम्पदा मूर्त हुन् भने मानवीय क्रियाकलापसँग सम्बन्धित सांस्कृतिक सम्पदा अमूर्त हुन् ।

### २.४.१ जातीय/धार्मिक संस्कार

यस गाउँकापालिकाभित्रका जनजातिमध्ये राई, सुनुवार, तामाङ र शेर्पा प्रमुख जनजाति रहेका छन् । राईको हकमा बाहिङ र वाम्बुले उपभेदहरू रहेका छन् । तिनीहरूको संस्कार देहायबमोजिम छ ।

बाहिङ राईको संस्कार

जन्म: बच्चा जन्मेको ३ दिनमा छोरीको र ५ दिनमा छोराको न्वारान वा नामकरण गर्ने काम नाक्सो वा पित्रे धामीद्वारा वा पिपी (हजुरआमा) ले नामकरण गर्ने गरिन्छ । यसको लागि ठाउँ विशेष, समय विशेष नक्षेत्र वा पात्रो हेर्ने चलन पनि रहेको छ ।

पास्नी: बच्चाको उमेर ६ महिना लागेपछि गरिन्छ ।

छेवर: छोराको ३ वर्षमा (चूडाकर्म) र छोरीको गून्यचोली ७, ९ र ११ वर्षभित्रमा गर्ने परम्परा रहेको छ ।

विवाह: मागी विवाह गर्दा केटा पक्षबाट कुटुम्बको घरमा प्रस्ताव गर्न (केटीमाग्न) का लागि केटीसम्बन्धी जानेबुझेको मानिस पठाइन्छ । माग्न जाने व्यक्तिहरूले केटी पक्षका व्यक्तिहरूलाई आलंकारिक शब्दहरू जस्तै– हजुरको बगैचामा फूल फुलेको रहेछ, हामी भँमरा बनेर आयौँ, हामीलाई फूलमा बस्ने मौका हजुरहरूले दिन सक्नुहुन्छ कि ? यस्तै कुराहरू गर्दै सो दिनमा एक कडुवा रक्सी लिएर ठूलोबुबा वा सानोबुबाको घरमा लगेर ढोग्दै रक्सीको भाँडो कडुवा खोल्नको लागि प्रस्ताव (लाम्चोहल्चो ) कार्य गरिन्छ । त्यसपश्चात दुई कडुवा रक्सी लिएर केटीको घरमा गइन्छ । यसलाई थानी भनिन्छ । त्यसपछि तुरुन्तै चोरको स्वरको रूपमा पाँच कठुवा र चिनोचिप्चोका लागि सुर्केथैलीभित्र पाँच मोहोर राखी त्यसलाई दुई कडुवा रक्सीले थिचिन्छ । यदि केटी पक्षबाट अर्को दिन तोकेमा पुनः दुई कठुवा थानीरक्सी फुप्चा घुम्चो (कलिया भेटघाट) का रूपमा केटीको घरमा पठाइन्छ । ती लागेको कठुवाका रक्सीलाई गाउँका दाजुभाइ तथा नाक्सो (पित्रे धामी), जाम्चा (धामी) लगायत सबै जनाले कुराकानी (लोसी) गर्दै, आसिक दिदै सबै रक्सी ठूलो भाँडोमा खन्याएर सबैले प्रसादको रूपमा ग्रहण गर्छन् । यस्तोमा हामीले खाएको जस्तो पनि होस्, तपाईं हजुरहरूले रक्सी राखेको जस्तो पनि होस् भन्दै आसिक दिँदै रक्सी राख्छन् । त्यसपछि केटाकेटीलाई टीकाटालो गरी बिदा गर्छन् । यसैलाई नै केटी पोक्चो भनिन्छ ।

अब केटाको घरमा केटीलाई पुर्याई घरको मूलढोकामा कलश राखी दाहिने खुट्टाको पाइलो अगाडि राखी भित्र्याइन्छ । दुलही भित्र्याएको भोलिपल्ट वा केही दिनपछि सगुन तथा सिन्दुर पोते दिने परम्परा छ । सगुन गर्दा छरछिमेकी दाजुभाइ र नाक्सो (पित्रे धामी) को सहमतिमा गरिन्छ । सगुनमा रक्सी, मासु, खाना राखिएको हुन्छ । सगुन गर्दा बेहुलीलाई गुन्द्री र राडीमा बसाली लगनको नयाँ कपडा, पोते, सिन्दुर, सुनसहित नाङ्लोमा तयार गरिएका सामाहरू बेहुलाले लगी त्यसबाट सिन्दुर झिकी तीनपटक केटीको सिउँदोमा राखिदिई सिन्दुरको बट्टासहित सबै सामान बेहुलीका हातमा सुम्पन्छन् । त्यसपछि बेहुलीले बेहुला र सासुससुरालाई खुट्टामा तीन पटक ढोग्ने चलन छ ।

यसपछि विवाह भोजका लागि केही दिनपछि वा महिना वा वर्षपछि पनि भोज गर्ने चलन छ। भोजमा नाक्सो (पित्रे धामी) र फुप्चा (कालिया) को उपस्थितिमा बिहान सुँगुरको दाहिने पातोको कोखामा तीरले हानेर मार्ने चलन छ। यसरी मारेको सुँगुरको दाहिने फिला, दुई करंग, सेला, मुटु–कलेजो, फल मासुसहित गरी ७ टुक्रा बनाई बाँसको चोयामा उनेर मोक्ता (पितृ प्रसाद) का रूपमा १६ माना चामलको भात पकाई त्यसमाथि राखी खाइन्छ। त्यसैलाई चवाइसे रोक्स्यो (विवाह) भनिन्छ। त्यसपछि विवाहभोजका लागि भान्साघरमा वा भतेरमा बेहुला बेहुली, केटी पक्षका जन्ती र घरगाउँले समेल भई भोज खाइन्छ। भोजका लागि भतेरको छेउमा दुईवटा माटाको घैंटोमा जाँड राखिएको हुन्छ। एउटामा पाहुनाका लागि र अर्को भतेरका कामदारलाई खान दिने चलन छ। विवाहको भोज खाँदा बेहुलाबेहुलीलाई सँगै राखेर भतेरमा भुडे भागसहित खुवाइन्छ। सो बेला गाजी रक्सी एका लहरमा, फुप्चा रक्सी दोस्रो लहरमा, तेस्रो लहरमा फुप्चा रक्सी बाँड्ने चलन छ।

केटाको घरबाट विवाहको भोलिपल्ट बिहान लाटा अर्थात् हसाउने घोडा (जोकर) को रूपमा मानिस निकालिन्छ। यो बेला लाटालाई विभिन्न रंग दलेर चस्मा, मोटो, ठूलो टपरीको छाता, हुक्काले सजाएर बाहिर निकालिन्छ। यो लाटाले अघिल्लो दिन थुन्सेमा काटेको सुँगुरको टाउकाको मासुलाई दुई थान तामाको भाँडोमा भात राखी थुन्से (तालो) लाई माथिबाट कपडाले छोपेर राखिन्छ। अन्य सहयोगीहरूले माटोको भाडा (खान्यु) मा दाल राख्छन्। अर्को सहयोगीले काठको आरी (चोक्युंङ्ख) मा चिचिन्डो ((पुपुंग) ठडाएर बोकी भतेर खाने घरभित्र लगेर राखिन्छ। लाटा वा घोडाको प्रतीकले बोकेको थुन्सेसहित घरबाट आँगनमा निकाली दोलुकुम (नाच) गरी सह भित्र्याउने चलन छ। त्यो समयमा नाक्सोले अघिल्लो दिन सुँगुर मार्न हानेको तीर (बाल्हा) लिई पित्रे धामी (नाक्सो) ले फुक्ने (सरफिक्चा) चलन छ। त्यसपछि थुन्से (तोलो) मा राखिएको २ थान तामाको भाडोको भात खन्याई खाली भएको तामाको भाँडो र सुँगुरको टाउको बेहुलीतर्फका जन्तीलाई दिने चलन छ। यसरी केटी पक्षका जन्तीहरूलाई बिदा गरिन्छ। केटीतर्फको विवाहभोजमा भने पित्रे धामीको रीत (चैसे) हुँदैन।

मृत्यु संस्कारः बाहिङ किराँती वा राई जातिको पुरुष तथा महिलााको कालगतिले मृत्यु हुँदा जहाँसुकै वा जुनसुकै ठाउँमा मृत्यु भए तापनि घरभित्र ल्याई घरको तल्लो कुना जस्केलापट्टि घरको मूलढोकातिर शिर बनाएर सुताइन्छ। त्यसपछि एक माना, धान, मुस्ली र ओखन (चुम्लो र तुली)बाट गाउँको बुढापाकाले कुटेर भुसैसँग कसौंडी वा ताप्केमा पकाई चिचिन्डो (पुपुंगे)मा राखी मृतकको सिरानीमा राखी नाक्सो (पित्रे धामी)ले शिलादाम तथा कुराकानी वा परपुकार गरी मृतकले टेक्ने लठ्ठी, भिर्ने खुकुरी वा खुर्पा (महिलाका लागि, काँसको डबका सिरानीमा राखी भकारीले सम्पूर्ण शवलाई घेरिएको हुन्छ। त्यसपछि त्यही दिन वा भोलिपल्ट बिहान गाउँका दाजुभाइ र समाजका मानिसहरू भेला भई शवलाई घरभित्रबाट निकाल्नका लागि घरका छोराहरूले शवको शरीरमा मालिस (नक्चो) गरेर लगाएको कपडालाई उतारी नयाँ कपडा बदल्ने र शव लानका लागि आँगनमा बनाएको बाँसको खटियामाथि राखी छोराहरूले शवलाई पानीले तीन पटक छुवाएर खटियालाई भित्र लगिन्छ।

अब शवलाई खटियामाथि राखी सेतो कपडाको कात्रोले बेरेर बाँसको सुइरो (थतुवा)ले ७ देखि ९ ठाउँमा सिलाई शवलाई ढाकिन्छ। त्यसपछि नाक्सो वा मुलिचा (धामी) ले परपुकारा गरी मृतकको नाम (दापसिनिम) राखेपछि शव राखेको खटियालाई छोराहरूले बोकीभित्रबाट बाहिर निकाल्छन्। अब शवलाई मलामीहरूको सहयोगमा चिहानतिर लगिन्छ। शव लैजाने क्रममा अगाडिका केही मलामीहरूले धनुवाणको सहायताले बाटो देखाउने र पछाडिका केही मलामीहरूले बाँसको उल्टो ढुंग्रामा राखिएको पानीसहित मृतकले प्रयोग गरेको लत्ताकपडा, गुन्द्री, भकारीलगायतका वस्तुहरू चिहान(सुलुम)सम्म लैजान्छन्। शवलाई चिहानमा पुर्याउनु अगाडि केही मलामीहरूले शवलाई समाधि गर्न बनाइने

(सुलुम)तयार गर्नका लागि घरबाट चोखो मर्चा (लिङ्गखाम) तीनवटा अगुल्टो(बुल्सी)लगी चोखो मन्त्रचाले चिहानको वरपर छर्केर चिहान बनाउन सुरु गर्छन् । त्यो ठाउँ जस्तोसुकै अवस्था भए तापनि निश्चित गरिएको चिहान स्थल परिवर्तन गर्न मिल्दैन । यस्तो चिहान साधारण व्यक्तिका लागि एकतले र अन्य विशेष व्यक्तिको लागि सात वा नौ तलाको पेटी देखिने गरी बनाइन्छ । शवलाई खाल्डोमा राखी सकेपछि छोप्नको लागि सात वा नौ वटा ढुंगा तयार गरिन्छ खाल्डो तयार भएपछि शव पुर्याउनु अगाडि नै ढुंगा मिल्यो कि मिलेन भनेर हेर्ने गरिन्छ । जब शवलाई चिहानमा पुर्याएपछि मृतकले प्रयोग गरेको मान्द्रो, डसना कपडाहरू मिलाएर खाल्डोमा बिच्छयाएर शव राखेपछि मृतकको देब्रे हातमा मलामीहरूले इच्छाअनुसार दक्षिणा राखी दिन्छन् । घरबाट लगिएको काँसको डबका, खुकुरी, खुर्पा, सिरानीमा राखी खाल्डोलाई तिनै सात वटा छपनी ढुंगाहरूले छोपिन्छ ।

शवलाई छोपेको ढुंगाको प्वालबाट नाक्सोले विधि गर्दै मलामीहरूको सातो बोलाउँदै शिलादान दिन्छन् । मलामीको सातो बोलाउँदा सिरुको पात र मौवाको हाँगा (चोकवाले) प्रयोग गरिन्छ । बाँकी रहेको कपडा, चिहान छोपेको सात वटा ढुंगामाथि राखी त्यसलाई माटोले पुरी सुलामालाई अब त्यो समाधि स्थललाई चुली बनाएर उल्टो ढुंग्राको पानीले मौवापात (चोकवाले)ले छर्केर बढारिन्छ । अब शव बोकेर ल्याएको खटियालाई खोलेर समाधि (सुलम) माथि गोठ बनाइन्छ । भकारी, गुन्द्रीजस्ता सामानले समाधि छोपिन्छ । शवको सिरानीपट्टि कठुवा, लौरो, उल्टो ढुंग्रो राखिन्छ । त्यसपछि धामीले शवलाई स्वर्गमा पुगेर खान नपाएको खण्डमा त्यही रोपी उमारी खान भनी विभिन्न अन्नहरू शिरपट्टि राखिदिने चलन छ । हातले छोडाएर बनाएको सात दाना चामल र सात दाना, धान शिरपट्टि राखिन्छ । महिलाका लागि पोते, सिन्दुर, चुरा, ऐना, धागोलगायतका सामानहरू समाधिको शिरतर्फ राखेर मलामीहरू घर फर्कन्छन् । घरमा पुगेर काजकिरिया (सासे)गर्नका लागि सल्लाह (मूलु)गरी दोमासे परेमा ३ देखि ६ दिनभित्रमा र नपरेको खण्डमा १३ दिनमा काजक्रिया (सासे) चोख्याउने काम गरिन्छ । चोख्याउने दिनमा सुँगुर वा राँगो काटेर भोज (चारर्पो) लगाइन्छ । ढुंगेढुंगे मृतकको घरमा सात टुक्रा मासु गाउँले वा नाताहरूसँग पोलेर मासुसँग भात र नाताहरूले ल्याएको रक्सी र चामलको भात पकाएर मृतकको नाममा चढाइन्छ । यी सबै काम नाक्सो (पित्रेधामी) बाट गरिन्छ । यति काम सकेपछि मात्र सबै जना भतेरमा गएर भोज खान्छन् । त्यसपछि बेलुका अघिपछि बाटो देखाउने (लामसोचो) का लागि धामीद्वारा चिन्ता (मो ) गरिन्छ । मृत्यु भएको ६ महिना वा वर्ष दिन पुगेपछि पितृ (सारी) मा समावेश गरिन्छ । फेरि त्यसको लागि सुँगुर काटी नाक्सोद्वारा सातवटा चिचिन्डो (पुपुम)बाट पितृ गरिन्छ ।

**वाम्बुले राईको संस्कार**

जन्म: बच्चा जन्मेको ३ देखि ५ दिन भित्र, औंसी-पूर्णिमा, संक्रान्ति तथा मसान्त हेरेर महिलाहरूले र गाउँका छरछिमेकी तथा नातेदार बसेर (बुढापाका महिला) बच्चाको नाम जुराई नामकरण गरिन्छ । सुत्केरीले १५ देखि २२ दिन सम्म बारेर पानी छुने गर्दछन् । बच्चाको नामकरण गर्दा सामान्य भोज गर्ने गरिन्छ भने उनीहरूको पास्नी र गुन्यूचोली गर्ने प्रचलन छैन ।

विवाह: केटा र केटीको उमेर पुगेपछि गोत्रअनुसार मागी, प्रेम, अदालती, चोरी आदि प्रकारमध्ये कुनै प्रकार अपनाएर केटाकेटीको राजीखुसीअनुसार विवाह गर्ने प्रचलन रहेको पाइन्छ ।

मागी विवाह: यो विवाह नाक्सो (जातीय पुरोहित) को रहोबरमा गर्ने गरिन्छ । केटी माग्न जाँदा केटाका आफन्त, मान्यजनलाई लिएर कोसेली (पुङ) सहित केटीको घरमा जाने गरिन्छ । त्यसपछि राजी भएपछि केटा पक्षसँग चोरको स्वर झिकाउँछन् । त्यसमा २ कठुवा रक्सी लगिन्छ । विवाह गर्ने तय भएपछि ११ कठुवा रक्सी र ११ वटा दाम (मोहोर

तथा रुपैयाँ पैसा) हरेक कटुवामा राखिन्छ। त्यसपछि साइनोअनुसार हरेकलाई १/१ वटा कटुवा र दाम दिइन्छ। त्यसपछि कटुवा खोलेर नाक्सोले तीन चुल्होमा रक्सीलाई चढाउँछन् र ११ वटा कठुवाको रक्सी र एउटा ठूलो भाँडोमा राखी सबैलाई बाँडिन्छ। उक्त कार्य सम्पन्न भएपछि विवाहको मिति तय गरिन्छ। विवाहका लागि फोक्चा (केटी पक्षको २ जना, केटा पक्षको २ जना) तोकिन्छ। त्यसपछि तोकिएको मितिमा केटा पक्षबाट जन्ती लिएर केटी पक्षको घरमा गइन्छ। केटीको घरमा जन्ती पुग्नुभन्दा अगाडि बाटोमा केटी पक्षको फोक्चा (दुवै पक्षको कुरा मिलाउने मानिस) २ कठुवा रक्सी बोकेर आउँछन्। त्यो रक्सी केटा पक्षको फोक्चालाई दिइन्छ। केटी र केटा पक्षको फोक्चाबीचमा आपसी समझदारी हुन्छ। यदि केटी पक्षको नातेदारलाई रक्सी र दाम दिन बाँकी भएमा केटी पक्षका फोक्चाले रक्सीको कठुवा र दाम माग्दछन्। त्यो पुरा गरेपछि मात्र केटी पक्षका फाक्चाले ल्याएको दुई कठुवा रक्सी केटा पक्षको फोक्चालाई दिइन्छ। त्यो रक्सी केटा पक्षका फोक्चाले सबै जन्तीलाई प्रसादस्वरूप खुवाई केटीको घरको आँगनमा प्रवेश गराइन्छ। आँगनको बीचमा आगो बालेको हुन्छ। त्यसको वारिपट्टि जन्तीलाई राखिन्छ। त्यहाँ बेहुला–बेहुली दुवैलाई साथै राखेर सबै जन्तीलाई खाना (रक्सी, मासु, चिसो पेय पदार्थ, खानेकुरालगायत) खुवाइन्छ।

दुवै पक्षका नाक्सोहरू बसेर सम्धी गरिन्छ। त्यसपछि बेहुला–बेहुली दुवैलाई घरभित्र लगिन्छ। घरभित्र पनि नाक्सो र फोक्चा बसी विधिपूर्वक सम्पी गरिन्छ। त्यसपछि सबैलाई खाना खानका लागि भतेरमा लगिन्छ। भतेरमा दुई प्रकारको भात पकाइएको हुन्छ। एउटा भात केटी पक्षको फोक्चाले पकाएको र पहेँलो रङको हुन्छ भने अर्को भात सबैका लागि पकाइएको सेतो हुन्छ। साधारण खाना (सेतो भात) सबैलाई दिएपछि त्यसमा फोक्चाले पकाएको पहेँलो भात पनि सवै जन्तीलाई बाँडिन्छ। त्यसमा केटी पक्षका फुपूदिदीहरूले ल्याएको रक्सी, खाना पनि सबै जन्तीलाई बाँडिन्छ। यसरी सबै जन्तीले खाना खाइसकेपछि सबै जन्ती केटीको घरमा जान्छन्। त्यसपछि केटा-केटीलाई र आफन्तहरूलाई घरभित्र लगेर टीकाटालो गरिन्छ। केटाकेटीको गोडा धोई गच्छेअनुसारको तामा, पैसा दिइन्छ। त्यसपछि केटाकेटीका आफन्त बाहिर आएपछि, सबै जन्तीलाई टीकाटाला गरेपछि केटीले केटा र आफन्तजनलाई चिनाउने गरिन्छ। केटीले आफन्तहरूलाई मिठाईलगायत सुगुनका सामग्री दिई ढोगभेट गर्दै जान्छिन्। यसरी केटापक्षका आफन्तजनहरूलाई चिनजान सकेपछि सबै जन्तीलाई बिदा गरिन्छ। केटाको घरमा केटीलाई पुर्याएको भोलिपल्ट भोज गरिन्छ।

मृत्यु संस्कार: यदि पुरुष तथा महिलाको सामान्य अवस्थामा मृत्यु भएमा घरभित्र राखिन्छ। पिलुङ्गामा सुताइन्छ। नाक्सो दाजुभाइ, नवचो(छेउमा बस्ने मानिस)बस्छन्। शवलाई बाँसमा बाँधेर राखिन्छ। धानको लाजा तयार गरी पाटे डालोमा राखिन्छ। चिन्डो (सलायो)मा जाँड राखिन्छ। तत्पश्चात् नाक्सोले विधिपूर्वक परपुकार गर्दछन् र सामान्य अवस्थामा मूलढोकाबाट वा शुक्र अन्ध भएको अवस्थामा झ्याल वा जस्केलाबाट शव बाहिर निकालिन्छ। अनि नाक्सोले लाजा र पैसा शवको अघि छर्दै शवयात्रा गरी तोकिएको ठाउँमा पुर्‍याइन्छ। त्यसपछि शव राख्ने ठाउँमा नाक्सोले लाजा तथा पैसा जहाँ छरिन्छ त्यहाँ खाल्डो खन्ने गरिन्छ। खाल्डो तयार भएपछि छोरा मानिसलाई पूर्वतिर टाउको पारेर राखिन्छ भने छोरी मानिसलाई टाउको पश्चिमतिर पारेर राखिन्छ। शवमा रहेको मृतकको लुगा, गरगहनालगायतलाई टुक्राटुक्रा पारेर शवको माथि राखिन्छ। तत्पश्चात् काँसको कचौरामा पानी राखी चिन्डोमा लगेको जाँडलाई सबै मलामीले मृतकको मुखमा राखिदिन्छन् र मलामीले क्षमताअनुसार ५ देखि १०० रुपैयाँसम्म पैसा बाटोमा चिया खानू भनी शवको हातमा राखिदिन्छन्। शव राख्ने ठाउँमा ढुंगाको बाकस आकारको खाल्डो बनाई चारैतिर ढुंगा ओछयाइन्छ। तलपट्टि कपडा राखी शवलाई त्यसमाथि राखिन्छ। शवलाई ढुंगाले नछुने गरी छोप्दै दुईवटा भर्याङ बनाइन्छ। एउटा उल्टो भर्याङ हुन्छ भने अर्को सुल्टो भर्याङ हुन्छ। उल्टो भर्‍याङबाट तल जाने र सुल्टो भर्याङबाट माथि आउने भन्ने बुझिन्छ। त्यसरी उल्टो भर्याङलाई तलै छोडिन्छ भने सुल्टो भऱ्याङलाई शवलाई छोप्दै जाँदा सात तह पूरा गरेपछि माथि कपडाले छोपी

सुल्टो भऱ्याङलाई अलिकति बाहिर देखिने गरी देखाइन्छ । चियानको माथिबाट नाक्सोले लाजा छरी चिन्डो फुटाई चिहानमा सबै मलामीले मट्टी दिई नजिकको पधेँरामा गई छोराहरूको कपाल काटी, लुगा फेरी, खाजा खाएर बाटोमा काँडा र आगो राखी सबै मलामीले त्यसलाई नाघी घर जान्छन् । घरमा पुगेपछि नाक्सोलगायत दाजुभाइ बसी काम वा शुद्धशान्ति कहिले गर्ने भनी निर्णय गर्दछन् । सो निर्णयअनुसार त्यसै दिन वा तेस्रो दिन वा पाँचौं दिन वा सातौं दिन वा एघारौं दिनमा १० वटा पिण्ड दिई उक्त दिन गहुँत खाई शुद्धशान्ति गरिन्छ । तत्पश्चात चोखो जाँड पकाई धामी राखी सोधखोज गरी कुलमा लगिन्छ । त्यसपछि पौष महिनामा वार्षिक वा पितृमा मृतकलाई समायोजन गर्ने विधि गरिन्छ । यसरी मृत्यु संस्कार समापन गरिन्छ । पितृकार्य साउन १ गते, वैशाखेपूर्णिमा र पौष महिनामा गरी तीन पटक गरिन्छ । उक्त दिनमा पितृलाई खाना दिइन्छ । साउन र वैशाखमा गरिने पितृकार्यलाई फेलो र पौष महिनामा गर्ने पितृकार्यलाई न्वागी भनिन्छ । यदि कालगतिले मरेको मानिस वा आफन्तहरूलाई साइनोअनुसार क्रमैसँग पुकार गरिन्छ भने अगति परेर मरेको भएमा भने केही पनि गरिँदैन ।

**सुनुवार जातिको संस्कार**

सुनुवार राई जातिमा बच्चा जन्मेको पाँच दिनदेखि सात दिनभित्र नामकरण न्वारान कर्म गरिन्छ । भने ६ महिनामा बच्चालाई अन्न खुवाउने पास्नी कार्यक्रम गरिन्छ । जन्मेको सन्तान छोरा भए एक वर्षदेखि तीन वर्षभित्र चूडाकर्म छेवर गराइन्छ, छोरी भएमा जन्मेको सात वर्षदेखि ११ वर्षभित्र गुन्यो चोली दिने कार्यक्रम गरिन्छ ।

सुनुवार जातिमा विभिन्न प्रकारबाट विवाह हुने प्रचलन छ । वर्तमानमा चलेका सबै वैवाहिक संस्कारबाट यो समुदाय अछुतो नभए तापनि यहाँ अहिले मागी संस्कारबाट गरिने विवाह पद्धतिलाई उल्लेख गरिएको छ ।

मागी विवाहका लागि केटाकेटीको उमेर पुगेपछि सर्वप्रथम केटाका बुबा वा निकै नजिकका नातेदारहरू विशेषगरी बुबा काका, मामा, ठूलोबुबा वा अन्य नजिकका नातेदार र गाउँका मान्यजनहरूमध्ये जो कसैलाई साक्षी लिएर गई सगुन पुङ लैजानुपर्छ । दहीको ठेकी लिएर जानुपर्छ (आमाभाग र मामाभाग) जसलाई पुङ लगाउने भनिन्छ । त्यो पुङ वा सगुन केटीको परिवारले स्वीकार गरेपछि तीन वा ६ महिनापछि केटा पक्षसँग सोध्ने गरिन्छ यसमा पनि आमा र मामाभाग जोर लगिन्छ, त्यसपछि आपसी सहमतिमा विवाहको मिति तय गरिन्छ । विवाहमा केटापक्षले दहीको ठेकी कोदाको जाँड कालो, भाते जाँड रक्सी आमा र मामा दुवैलाई एकएक खजनी लगिन्छ । आमा र मामाले भाग लगाउनेलाई दुराजन फर्काउने गरिन्छ, यो दुराजनमा रक्सी र रोटी अनिवार्य हुनैपर्छ ।

मोलुङ गाउँपालिकामा जातिगत विविधता छ । त्यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरूका धर्मअनुसारका आफ्नै संस्कृतिहरू छन् । विगतको झर्रो संस्कृतिमा आजकल शिक्षा र सञ्चार आदिको कारणबाट केही परिवर्तनहरू देखा पर्न थालिसकेका छन् । तर पनि मुख्य जातीय संस्कारहरू अद्यापि विद्यमान् छन् । जातीय पहिचान झल्काउने यस्ता संस्कारहरूमध्ये राई, तामाङ, शेर्पा, क्षेत्री–बाहुन, गिरी, दलित जातिहरूको संस्कारलाई उल्लेखनीय मान सकिन्छ ।

**शेर्पा जातिको संस्कार**

शेर्पा शब्द शेरवा शब्द अपभ्रंश भई बनेको हो । शेर्पा शब्द ‘शेर’ भन्नाले पूर्व र ‘वा’ को अर्थ बासिन्दा शब्दहरूको मिलनबाट बनेको भन्ने बुझाइ रहेको छ । अझै पनि शब्दकोशहरू र जातीय पहिचानसम्बन्धी पुस्तकहरूमा शेर्पा जातिलाई पूर्वको बासिन्दा भनेर लेखेको भेटिन्छ । शेर्पाहरूको धार्मिक ग्रन्थलाई फोग्यु भनिन्छ । उनीहरूले प्रयोग गर्ने भाषिक लिपि सम्बोटा हो । उनीहरूका धार्मिक स्थल गुम्बा, चैत्य, स्तुपाहरू हुन् ।

जीवनका हरेक गतिविधिहरू बौद्धधर्म दर्शनमा आधारित भएर गरिन्छ ।

जन्म: शेर्पा जातिको जन्म संस्कारमा लामा गुरुले दथुपात्रोअनुसार साइत जुराई बच्चाको ३ दिनभित्र नामकरण गरिन्छ । शिशुको जन्म भएको ७ दिनदेखि ११ दिनभित्र लामा गुरुद्वारा न्वारान गरी नामकरण गरिन्छ । यस्तै १ वर्षभित्रमा साइत जुराई पास्नी गर्ने चलन छ । छोराका लागि ६ महिनादेखि एक वर्षभित्रमा छेवर गराइन्छ । शेर्पाहरूको आफ्नै मातृभाषा छ । बख्खु दोचा, आंगी पान्र्देन, माटिल जातिगत पहिचानको  पोसाक हो । ल्होसार ठूलो विशेष चाड हो ।

विवाह: विवाहका लागि केटाकेटीको उमेर भएपछि केटाको घरबाट चलाख, जान्ने बुझ्ने २ जना आफन्तहरू छनोट गरी सोधनीका लागि एक कठुवा रक्सीसहित केटीको घरमा पठाइन्छ । केटीको घरबाट सहमति पाएमा पुःन कुन दिनमा रित लैजाने निश्चित गरी सो दिनमा ४ कठुवा रक्सी लगेर केटीतर्फको दाजुभाइ, समाज बोलाएर सगुन (खपुल) खाने चलन छ । त्यसपछि केटातर्फबाट एलयन (१ कठुवा रक्सी र २४ पाथी कोदो) लगेर केटीतर्फका मानिसहरूले खाएपछि विवाहको मिति तोकिन्छ । त्यसपछि मात्र विवाहका लागि पत्र लगिन्छ । पत्र लैजाँदा चार कठुवा रक्सी लगेर केटीतर्फका सबै दाजुभाइलाई खुवाएपछि सबैलाई विवाहका लागि कामको बाँडफाँड गरिन्छ । उपयुक्त साइत तोकेर विवाहको जन्ती बोलाइन्छ । विधि संस्कारअनुसार लामा गुरुबाट केटाकेटीलगायत सबैलाई टीकाटाला गरिन्छ । अर्को समूह भने मनोरञ्जनका लागि स्याप्रु गाउँदै टुंगना बजाउँदै नाच्न थाल्दछन् । शेर्पा जातिको सांस्कृतिक नृत्यलाई स्यापुर् भनिन्छ । त्यही दिन बेलुकीबेहुली अन्माएर केटाको घरमा पठाउने गरिन्छ ।

विवाहको बेला केटीको घरमा ३ दिन र केटाको घरमा ४ दिनसम्म भोज खुवाउने गरिन्छ । विवाहमा केटातर्फबाट केटीका लागि तत्काल कपडाबाहेक अरू गरगहनाहरू १ वर्षदेखि ३ वर्षपछि मात्र दिने चलन छ ।

भागी विवाहमा भने केटातर्फबाट चर्को आवाज निकाल्दै १ कठुवा रक्सी केटीको घरमा लगेर रीत कहिले पूरा गर्ने भनेर सल्लाह गरिन्छ । सोबमोजिम केटीको माइतीले मञ्जुरी नदिएमा मात्र रोकिने र नत्र एक हप्ताभित्र आवश्यक रीतका सामानसहित विवाहका लागि जन्ती बोलाई लामा गुरुद्वारा विधिपूर्वक विवाह कर्म पूरा गरिन्छ ।

मृत्यु: शेर्पाहरूको मृत्यु संस्कार गर्दामा लामा गुरुबाट साइत हेरी अवस्थाअनुसार ३ देखि ४ दिनसम्म घरमा राखी विधि गरी सकेपछि मात्र डाँडामा लगेर शवलाई दाह संस्कार गर्न जलाउने, गाड्ने वा अन्य कुनै तरिकाबाट गरिन्छ । मृत्यु संस्कार गर्दा मृतकको घरको सफा कुनामा वा तामाको भाँडोमा शवलाई ठाडो बनाएर राखिन्छ । लामाद्वारा विधि गरेर साइत जुराएपछि मंगलबार, बिहीबार, शनिबारबाहेक दोमासे दिन छलेर लासलाई डाँडामा लगेर जलाउने गरिन्छ । सम्भव भएमा त्यही दिन वा सात हप्ता (४९ दिन) भित्रमा घेवा वा छयांग पूजा गरिने चलन छ । त्यसपछि मृतकको वार्षिक तिथिको दिनमा गुम्बा, छयोर्तेनहरूमा गएर पूजा गर्ने र बत्ती बालिदिने गरिन्छ । एक वर्षभित्र फेरि साइत जुराएर वार्षिकी वा घेवा गरिन्छ । यसपछि वर्षेपिच्छे बौद्ध स्तुपा वा गुम्बाहरूमा गई मृतकको नाममा, सम्झनामा बत्ती बाल्ने र पूजा गर्ने चलन छ । शिक्षा, बाह्य सम्पर्क, सञ्चार, इन्टरनेट, पर्यटन आदिले गर्दा शेर्पा जातिको जीवन संस्कारहरू विस्तारै परिवर्तन हुँदै जान थालेको देखिन्छ ।

**तामाङ जातिको संस्कार**

जन्म: तामाङ जातिको जन्म संस्कारमा बच्चा जन्मेको ३ देखि ७ दिनभित्र लामाद्वारा न्वारान (नामकरण) गरिन्छ । बच्चाको उमेर ६ महिना भएपछि पास्नी गरिन्छ ।

बच्चा केटा भएमा ३ वर्षको समयमा पारेर चूडाकर्म (छेवार) गरिन्छ । चूडाकर्ममा मामाको विशेष भूमिका रहन्छ । छोरीलाई ७ देखि ९ वर्षको उमेरभित्र गुन्यूचोली दिने चलन छ ।

विवाह: उमेर पुगेपछि लामा र तम्बाद्वारा विवाह गरी दिने चलन छ । मागी, भागी र चोरी  विवाह प्रचलनमा छ । जस्तो प्रकारले विवाह गरे क्पनि विधि भने पुर्याउनु अनिवार्य छ । विवाहमा चारदाम राख्ने, रक्सी, जिउँदो कुखुरा, जिउँदो परेवा, पैसा, जिउँदो माछा, कपडा, गहना, सेलरोटी, फलफूल अनिवार्य नै हुन्छ । माछा र परेवा विवाहका साक्षी हुन् । माछालाई खोलामा बगाउने, डाँफे चरोको प्रतीकका रूपमा कुखुरालाई छाडिदिने र परेवालाई उडाउने गरिन्छ ।

मृत्यु: मृत्यु संस्कार गर्दा लामा चाहिन्छ । लामाले नै साइत हेरेर ४९ दिनभित्रमा मृतकका लागि विधिअनुसार गर्नुपर्ने सबै कर्महरू गरी चोख्याउने काम गरिन्छ । आफन्त बोलाएर धार्मिक, सांस्कृतिक कर्महरू गरी मृतकलाई प्रेतमुक्त बनाउने चलन छ ।

**क्षेत्री–बाहुनको संस्कार**

जन्म:  बच्चा जन्मेपछि  आमा र शिशुलाई छुट्टै स्थानमा सुरक्षित  राखिन्छ । सुत्केरी महिलालाई स्याहार गर्नेले बाहेक अरूले छुनु हुँदैन । सुत्केरी भएको छैटौं दिनको बेलुकी भावी आउने आशामा कोठामा दीप प्रज्ज्वलित गरेर राखिन्छ । बच्चा ११ दिनको भएपछि सो दिनमा पुरेतबाट होम यज्ञसहित न्वारान(नामकरण) गरिन्छ ।

शिशु छोरी भएमा ५ महिनामा र छोरा भएमा ६ महिनाभित्रमा साइत हेरेर पास्नी (अन्नप्राशन) गरिन्छ । अब छोराको उमेर ३ देखि ५ वर्षभित्रमा पहिलो पटक मामाद्वारा कपाल काट्न सुरु गरिन्छ । यसलाई चूडाकर्म (छेवर) भनिन्छ । बालकको उमेर ७ देखि १५ वर्षको भएपछि संस्कारअनुसार ब्राह्मणबाट वैदिक मन्त्रोच्चारण, ग्रह–शान्तिसहित होमयज्ञ गरेर ब्रतबन्ध गरिन्छ । यो कर्म बालकलाई संस्कारी बनाउन गरिने कर्म हो । यो कर्मपछि बालकमा परिपक्वता बढ्दै जाने र उमेर पुगेपछि विवाहका लागि अनुमति मिलेको पनि भन्न मिल्छ । यस्तै बालिका (छोरी) को उमेर ५ देखि ७ वर्ष वा ९ वर्षको भएपछि परिपक्कवताको संकेत गर्दै गुन्यूचोली दिने गरिन्छ । यो कर्म छोरीको महिनावारी सुरुवात हुनुपूर्व नै गरिन्छ । यसपछि छोरीले पनि उमेरगत परिपक्वाता प्राप्त गरेपछि विवाहका लागि सामाजिक अनुमति प्राप्त हुन्छ ।

विवाह: केटाकेटीको उमेर २० वर्ष पुगेपछि विवाह गरिन्छ । विवाह कर्म मागेर वा भागेर पनि गरिन्छ । कतैकतै जारी तथा अदालती विवाह पनि गरेको भेटिन्छ । केटाले केटीको मगनी गरेर गरिने मागी विवाहमा पुरेत वा ब्राह्मणद्वारा होमयज्ञ र ग्रहशान्तिलगायतका कर्महरू गरिन्छ । यस्तो विवाहमा केटाले केटीका लागि लुगा, गहना, सिन्दुर, पोतेसमेत लिएर जन्तीसहित केटीको घरमा जाने चलन छ ।

विवाहको मण्डपमा दुलाहा–दुलही भएर समाजको अगाडि स्वयम्वर गर्ने, विभिन्न पूजा कर्महरू गर्ने, होमयज्ञ गरी मण्डप परिक्रमा गर्ने, सिन्दुर पोते दिने गरिन्छ । केटीको आमा, बुबा र परिवारबाट केटालाई कन्यादान गर्ने, दुलाहादुलहीको गोडा धुने, आशीर्वादसहित उपहारसमेत दिने कामहरू गरिन्छ । दुलहालाई दुलहीको कम्मरमा बाँधेको लगान गाँठो समाएर यज्ञमण्डप परिक्रमा गराइन्छ । यो क्रममा दुलाहालाई दुलहीको जिम्मा लिने प्रसंगहरूमा कसम प्रतिज्ञा गराइन्छ । अन्त्यमा दुलहीको घरमा सबै कर्महरू गरी दुलहीलाई सोह्र शृंगार गराई लोकन्ती र जन्तीसमेत भई अन्माएर दुलाहाको साथ लगाएर दुलाहाको घरमा पठाइन्छ । दुलाहाको घरमा गएकी दुलही ५ दिनभित्र मसलापातसमेत साथमा लिएर दुलाहालाई साथमै लिएर माइती फर्कन्छिन् । यो क्रममा माइतीका नजिकका नातेदार र  आफन्तहरूबीच भेटघाट र परिचय गरिन्छ ।

यस्तै विवाहका बेला भेटघाट गर्न नभ्याएका आफन्तजनसँग भेट्ने र दुलहीको माइतीसँग नजिक हुने गरी पुनः १६औं दिनभित्रमा दुलही पुनः दुलाहासहित माइती फर्कने चलन छ।

मृत्यु: काल वा अकाल जुनसुकै किसिमबाट मृत्यु भएको भए तापनि शवको सद्गत गरेपछि मात्र किरिया कर्म सुरु गरिन्छ। सोभन्दा अगाडि किरियाकर्म गर्ने मानिसले कपाल खौरेर शवलाई दाह संस्कारका लागि घाटमा लैजान आवश्यक कर्महरू बाटो लिने, दाउरा अन्य सामानहरूको जोहो गर्ने काम गरिन्छ। मानिसको मृत्यु भइसकेपछि मलामी जानेहरू र परिवारका सदस्यहरूसमेत भई शवलाई उठाउने कर्म सुरु गरिन्छ। शव लैजान बाँसको खटिया बनाई शवलाई सेतो कपडामा बेरिन्छ। जसलाई कात्रो भनिन्छ। घाटामा शव जलाउनुअगाडि पिण्ड दिइन्छ। शवलाई घाटामा पुर्याएपछि विभिन्न विधिहरू गरी सफा शुद्ध बनाई जलाउन बनाइएको दाउराको चिता परिक्रमा गराई चितामा राखिन्छ। छोरा वा नातेदारले दागबत्ती दिई दाह गरिन्छ। यसपछि घरमा फर्केर १३ दिने किरियाकर्म गरिछ। यो बेला चोखोनितो भई १० दिनसम्म दैनिक खोला वा पँधेरामा गएर नुहाई माटोबाट निर्मित धिकुरोमा विधि गरेर खाना पकाई एकछाक नुनविहीन खाना खानुपर्छ। १० औं दिन बिहान सबैरै दाजुभाइ खलका समेतको उपस्थितिमा ढिकुरो फुटाइन्छ। ११ आं ै दिनमा विशेष कर्मको पूजा गरिन्छ। १२ औं दिनमा घरमा नै मृत आत्माको आत्मालाई पुराना पितृहरूको सम्पर्कमा पुर्याउन सपिण्डीकरण कर्म र जुठोबारेको वा परेको घर चोखाउन पूजा गरिन्छ। सबैले जुठो परेको बेलादेखि बारेको नुन खान्छन्। अनि किरियाकर्म गर्नेले एक वर्षसम्म सेतो लुगा लगाई आशौच बार्ने गरिन्छ। तर आजकल यो सेतो लुगा बार्ने चलन भने परिवर्तन हुँदै गएको पनि छ। कसैले १३ दिनमा कसैले ४५ दिनमा कसैले ६ महिनामा नै पनि सेतो लुगालाई फेर्ने पनि गर्न थालिएको छ। एक वर्ष पुगेपछि तिथिमा विशेष पूजासहित श्राद्ध गरिन्छ र आशौचमुक्त भएको भनी नयाँ कपडा फेरिन्छ। त्यसपछि प्रत्येक वर्षमा नियमित श्राद्ध गरिन्छ।

**गिरी जातिको संस्कार**

यो क्षेत्रमा विभिन्न थरका गिरीहरूको बस्ती रहेको छ। रामादति भेगमाथि अहंकारी अपर माथि र शिवधारीलगायतका थरहरू रहेको छ। हरेकका आ–आफ्ना गोत्रहरू छन्। गिरी परिवारमा बच्चा जन्मेदेखि छ दिन पुगेपछि बच्चाको भाग्य लेख्ने भावी आउने विश्वासले छैठी संस्कारमा दियो बाल्ने खरानी राख्ने कपीको पाना र कलम राखिदिने गरिन्छ। बच्चा ११ दिनको भएपछि नामकरण नारायण संस्कार गरिन्छ। यस्तै छोरा भएमा ६ महिना र छोरी भएमा ५ महिनामा नै अन्न खुवाउने पास्नी संस्कार गरिन्छ। उक्त दिन बच्चाको हातखुट्टामा सुन–चाँदी, तामा, पित्तललगायतका धातुका गहना बनाएर लगाइदिने पनि गरिन्छ।

यसपछि छोरा भए उमेर बढ्दै गएपछि अनुकूल समय हेरेर कपाल काट्ने चूडाकर्म गराइन्छ। व्रतबन्ध संस्कारमा गुरुद्वारा गायत्री मन्त्र शिवगायत्री मन्त्र सुनाइन्छ। त्यसपछि छोरी भए ५ वर्षदेखि महिनावारी सुरु हुनुअगाडि गुन्यूचोलो दिने संस्कार गरिन्छ। उमेर पुगेपछि छोराछोरी दुवैको उचित लग्नमा विवाह संस्कार गरिन्छ। क्षेत्री–बाहुनजस्तै संस्कारमा गरिने यस विवाहमा पूजाविधि विधानअनुसार विवाह गरिन्छ। यज्ञ पूजा गर्ने भोज खुवाउने पनि गरिन्छ।

तामाको खड्कुलोमा नुन र गेरु राखेर लासलाई सिधा ठाडो रूपमा बसाली खाल्डोमा गाड्ने चलन थियो। यसमा अहिले केही परिवर्तन गरेर नजिकैको चिहानमा लगी जलाउने पनि गरिन्छ। लास जलाइसकेपछि जुठो बार्ने चलन छ।

हिन्दु संस्कारभित्रको दशनामी भनिने थरहरू गिरी, पुरी, भारती संन्यासीहरूलगायतका जातीय समूहको सबै संस्कार एउटै पद्धतिबाट गरिए पनि दाहसंस्कार गर्दाचाहिँ शवलाई जलाउनुको सट्टामा खाल्डो खनेर शवलाई नुन राखेर गाडने गरिन्छ।

### २.४.२ लोक संस्कृति

विभिन्न जाति समुदायहरूले आफ्ना धर्म, आस्था, विश्वास र अन्धविश्वासका आधारमा मनाउने चाडपर्व, मेला, जात्रा, चालचलन, रीतिरिवाज इत्यादिलाई लोकसंस्कृति भनिन्छ । यस्तो लोकसंस्कृति अमूर्त हुन्छ र उत्तिकै लोकप्रिय पनि हुन्छ । यस गाउँपालिकामा प्रचलित केही लोकसंस्कृतिहरू तल दिइएको छ–

#### २.४.२.१ चाडपर्व/मेला/मनोरञ्जन

मोलुङ गाउँपालिकाको विभिन्न क्षेत्रमा रहेका मठमन्दिर देवीदेउरालीहरूमा विशेषतः वैशाख पूर्णिमा र मंसिर पूर्णिमाका दिन एकादशी शिवरात्रि चैते दसैंलगायतका विशेष दिनहरूमा विभिन्न प्रकारका मेला महोत्सवहरू सञ्चालन हुँदै आइरहेका छन् । पुर्खाले अपनाएको र सञ्चालन गरेको यस्ता मेला पर्व जात्राहरूको जातीय पहिचानका लागि विशेष महत्त्व रहेको छ । आफन्त भेटघाट खुसी साट्ने अवसर मित्रता खबर आदानप्रदान प्रेम सम्बन्धलगायतका लागि यस्ता मेरा महोत्सव र पर्वहरू निकै महत्त्वपूर्ण मानिन्छन् । मानिसहरूमा थकित व्यवहारहरूबाट पुनर्ताजकी प्राप्त गर्न पनि यस्ता मेला महोत्सव निकै उपयोगी देखिन्छन् । यस्तै स्थानीय उत्पादनहरूले बेचबिखन हुने मौका पनि छ ।

**तालिका ४: जात्रामेला लाग्ने स्थानको विवरण**

| क्र. सं. | जात्रामेला लाग्ने समय | जात्रामेला लाग्ने स्थान | सहभागिता |
|---|---|---|---|
| १ | वैशाखे (चण्डी) पूर्णिमा र धान्य पूर्णिमा | कुन्तादेवी वडा नं. १ | अन्तरपालिकाका मानिसहरु |
| २ | बुदिनीथान मन्दिर (वैशाखे पूर्णिमा र मंसिरे पूर्णिमा) मा कुखुरा र सुँगुर काटी पूजा गर्ने | वडा नं. १, थापाचौर | वडाका मानिसहरु |
| ३ | मंसिरे एकादशी | वडा नं. ३ चम्पाथुम्की देवी | पालिकाभरि |
| ४ | माघेसंक्रान्ति | वडा नं. ३ कमलाथान | पालिकाभरि |
| ५ | वैशाखे (चण्डी) पूर्णिमा र धान्यपूर्णिमा | जलेश्वरी देवी, वडा नं.८ | अन्तरपालिकाका मानिसहरु |
| ६ | शिवरात्रि मेला, रामनवमी, बालाचतुर्दशी, | जलजलेश्वर महादेव वडा नं. ४ | अन्तरपालिकाका मानिसहरु |
| ७ | शिवरात्रि मेला, रामनवमी, बालाचतुर्दशी | महादेव खोला महादेव मन्दिर वडा नं. ४ | अन्तरपालिकाका मानिसहरु |
| ८ | रामनवमी, वसन्त पञ्चमी, शिवरात्रि मेला | तीनधारे महादेवथान, वडा नं. ५ | अन्तर वडाका मानिसहरु |
| ९ | माघेसंक्रान्ति (मकर नुहाउने) | मुक्तेश्वर सती धाम, वडा नं. ५ | अन्तर वडाका मानिसहरु |
| १० | वैशाखे (चण्डी) पूर्णिमा र मंसिरे पूर्णिमा | तीनकन्या मालिका देवी वडा नं, ८ | अन्तर वडाका मानिसहरु |
| ११ | शिवरात्रि मेला, रामनवमी, बालाचतुर्दशी, | सन्तानेश्वर महादेव वडा नं. १ | अन्तर वडाका मानिसहरु |

| | | | |
|---|---|---|---|
| १२ | आहालचौर मेला चोरे मेला | आहालचौर मेला वडा नं. ६ | अन्तरपालिकाका मानिसहरु |
| १३ | मंसिरे मेला | वडा नं. ६ | अन्तरपालिकाका मानिसहरु |
| १४ | माघे संक्रान्ति र बालाचतुर्दशी, हलेसीसँगै मेला लाग्ने | महादेव थान, वडा नं. ८ राँगादीप | अन्तर पालिकाका मानिसहरु |
| १५ | मंसिरे एकादशी | गुराँसे, वडा नं. ८ | अन्तर वडा |
| १६ | हरिबोधनी एकादशी मेला | जलकन्यादेवी मेला वडा नं. ७ | अन्तर वडा |

*स्रोतः मोलुङ गाउँपालिकाको कम्प्रिहेन्सिभ भिलेज प्रोफाइल, २०८०*

### २.४.२.२ गरगहना/वेशभूषा

मोलुङ गाउँपालिकाका बासिन्दाहरूले आफ्नो जात, धर्म, परम्परा र संस्कारअनुसार विभिन्न प्रकारका गरगहनाको प्रयोग गर्दै आइरहेका छन् । ती गरगहनाहरू स्थानीय मेलापर्व चाडबाडमा विशेष समारोहहरूमा विवाह छेवर ब्रतबन्धलगायतका कार्यक्रमहरूमा प्रदर्शन गर्ने र पहिरिने गरिन्छन् । धातु पत्थरलगायतका वस्तुहरूबाट निर्मित त्यस्ता गरगनाहरू जातीय पहिचानका लागि विशेष महत्त्वका सामग्री बनेका छन् । यहाँका पुरुष महिलाहरू सबैले पहिरिने गहनाहरूमा सुनका सिक्री, औँठी ब्रास्लेट चेप्टेसुन, ढुंग्री, मुन्द्री, तिलहरी, माला, शिरफूल, बाला पाउजुलगायतका गहनाहरू व्यापक प्रयोगमा छन् ।

यहाँका मानिसहरूले सामान्यतः सबै पहाडिया नेपालीहरूले पहिरिने पोसाक नै लगाए तापनि खासगरी जातीयताअनुसार पहिचान दिने आफ्नाहरू परम्परागत पोसाकहरू पनि प्रशस्तै छन् । जातिगत पहिचानका लागि विगतदेखि नै प्रचलनमा आएका गुन्यूचोली, दौरा सुरुवाल, टोपी, साडी, चोलो, दोचा, बक्खु, आंगीपाङ्देनलगायतका पोसाकहरू पहिरिने गर्दछन् । यी पोसाकहरू चाडपर्व, मेला, महोत्सव, सांस्कृतिक र धार्मिक कार्यक्रमहरूमा पहिरिने गर्दछन् ।

### २.४.२.३ रैथाने सीप

मोलुङ गाउँपालिकामा बसोबास गर्ने सबै जातजातिका मानिसहरू कुनै न कुनै किसिमका रैथाने सीपले सम्पन्न छन् । परम्परागत पेसाका रूपमा अपनाउनेदेखि त्यही सीपको प्रयोग गरेर आफ्नो दक्षता प्रदर्शन गर्दै इज्जत, इमान र आयआर्जन गर्नेहरूको संख्या पनि छ । डोको, दाम्लो बुन्ने, राडी, धातुका भाँडाकुँडा, फलामका औजारहरू बनाउने, चोयाका सामान बनाउने, काठका सामान बनाउने, बाँसका सामान बनाउने सीपले यो गाउँपालिकाका मानिसहरू सम्पन्न छन् । स्थानीय स्तरमा मात्र नभई विभिन्न सहरी क्षेत्रहरूमा समेत उनीहरूको उत्पादनले स्थान पाउने गरेको छ । यस्तै, जाँडरक्सी बनाउने, गुन्द्रुक बनाउने, घ्यू उत्पादन, सुकुटी र अचार बनाउनेलगायतका सीपहरूबाट महिला–पुरुष सबैजसो सम्पन्न छन् । यो क्षेत्रका मानिसको पहिचान नै रैथाने सीप बनेको छ । विगतमा पूर्णरूपमा मानवीय श्रमबाट मात्र निर्माण हुने र उत्पादन हुने यस्तो दक्षतामा आजभोलि आधुनिकताले केही असर गरिरहेको देख्न सकिन्छ । विगतमा सबै मानिसले यस्ता रैथाने सीपहरू अनिवार्य सिके तापनि आजभोलि शिक्षा र युवाहरूको बिदेसिने र पेसा परिवर्तन गर्ने रुचिले यस्ता स्थानीय

रैथाने सीपहरू ओझेलमा पर्न थालिसकेका छन् । कतिपय युवा वर्गहरू वैदेशिक रोजगारमा जाने कारणले पनि यस्ता सीप चाहिँ अब लोप हुँदै जाने अवस्थामा रहेका छन् ।

### २.४.३ भाषा–साहित्य/गीत–संगीत/वाद्यवादन/कलाकौशल

ओखलढुंगा जिल्ला साहित्य र संगीतका हिसाबले निकै उर्वर भूमि हो । मोलुङ गाउँपालिकाका मानिसहरू पनि साहित्य र संगीतमा रुचि राख्छन् । साहित्यक सिर्जना, गायन, संगीत, नाटक, अभिनय, चलचित्र, चित्रकला आदि कलाकृति उत्पादन भएका छन् । यस्तै रेडियो, टेलिभिजनमा कार्यक्रम प्रस्तुत गर्ने, सांस्कृतिक गतिविधि गर्दै हिँड्नेहरूको संख्या पनि भेटिन्छन् । यस गाउँपालिकामा जातीय समुदायका भाषाको छुट्टै लिपि प्रयोग भएको देखिएन ।

#### २.४.३.१ साहित्य

यस वडामा केही साहित्यकार, लोकगायक, वाद्यवादकहरू रहेका छन् । विशेष पर्वमा बालुन, संगिनी इत्यादि गीत गाउने र नाच्ने गरिन्छ । मोलुङ गाउँपालिकामा बसोबास गर्ने सबै जातजातिहरूको पहिचानका रूपमा आफ्नै फरक–फरक संस्कृति भए तापनि लोकबाजा, लोकगीत र लोकनृत्यमा भने धेरै समानता देख्न सकिन्छ । सबै जात, धर्म, संस्कृतिअनुसार प्रदर्शन हुने प्रयोग गरिने लोकगीत, लोक नृत्य, लोकबाजाहरूमा सबै आनन्द लिएको देख्न सकिन्छ । केही अवस्थाबाहेक सबै जातजातिका मानिसहरूले सबैको यस्ता लोक सांस्कृतिक व्यवहारमा सजिलै सहभागी हुने गर्दछन् । लोकबाजाहरू मादल, बाँसुरी, पञ्चे बाजा, नौमती बाजा, बिनायो, मुर्चुङ्गा, डम्फू, बच्छे बाजालगायतका बाजाहरू प्रयोगमा रहेका छन् । यसबारेको थप जानाकारी वडागत विवरणमा दिइएको छ ।

### २.५ वडागत विवरण

**वडा नम्बर १**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

साबिक कुन्तादेवी गाविस कार्यालय रहेको स्थान नै यस वडाको प्रशासनिक केन्द्र हो । पहिले माथ्लो ठाँटी भनिने यस ठाउँको नजिक कोटगाउँ छ । त्यसैको सिरानमा कुन्तादेवीको मन्दिर छ ।

यस स्थानको नामकरण कुन्तादेवी मन्दिरबाट राख्नुभन्दा पहिले यस स्थानको प्रचलित नाम बुङ्नाम थियो । नामबाट यस वडाको नामकरण गरिएको हो । किम्वदन्तीअनुसार बुङ्गे नामको राजा/रजौटाले राज्य गरेको हुनाले यस स्थानको नाम बुङ्नाम रहन गयो । त्यस बेलाको बुङ्नामअन्तर्गत ज्यामिरे, कटुन्जे, हर्कपुर, प्राप्चा, राँगादीप, रामपुर, बिगुटार, जन्तरखानी इत्यादि थिए । यति ठूलो क्षेत्रफल भएको बुङ्नामको केन्द्र पनि सायद यही ठाउँ थियो ।

### २.५.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

#### २.५.२.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

##### २.५.२.१.१ बुङ्नाम गढी

यस ठाउँका बुढापाका नृपध्वज वाग्ले र युवा धनबहादुर बस्नेतका अनुसार नेपाल एकीकरणको क्रममा पूर्वी क्षेत्रमा गोर्खाली सेनाहरू पुग्नुअघि यो क्षेत्रमा किराँती राजा बुङ्गे राईको शासन थियो । उनीहरूसँग युद्ध गरी यो ठाउँलाई नेपाल राज्यमा मिलाउन पृथ्वीनारायण शाहका सेना पुग्दा सेनाहरूले अहिलेको कुन्तादेवी मन्दिर क्षेत्रमा बास बसी सो क्षेत्रलाई

शक्तिको क्षेत्र मानी मन्दिरको स्थापना गरेको भन्ने भनाइ  प्रचलित छ। गोर्खाली सेनाहरूले आफू बस्नका लागि पार्टीहरू र आफ्ना हातहतियार खरखजाना राख्नका लागि बंकरहरूसमेत निर्माण गरेको भन्ने बुझिन्छ। बंकरहरू खन्ने क्रममा खन्दै जाँदा माथिल्लो क्षेत्रमा थुम्कोमा दुईवटा ढुंगाका शिला भेटिए र ती शिला भेटिएकै दिन सेनाहरूमध्ये एक जनालाई कम्प भई सो क्षेत्रमा ती हातहतियारहरू नराख्नलाई भनेको र सोभन्दा तलको क्षेत्रमा खनेर यो थुम्कामा भएको एउटा अग्लो र होचो ढुंगाकै शिला मिलाएर राख्न भनेको भन्ने पनि छ। यी शिलामध्ये अग्लो शिला मगरकी छोरी र होचो शिला बाहुनकी छोरीको प्रतीक हो भने विश्वास गरिन्छ। कापेको सेनाको मुखबाट चट्टानले किचेर मरेका मगरकी छोरी र बाहुनकी छोरीको आत्मा प्रवेश भई उनीहरूले आफ्नो कहानी गोर्खाली सेनालाई सुनाएको भन्ने छ। सोअनुसार चट्टानले किचेर मृत्यु भएका दुवै जना त्यो पवित्र ठाउँमा देवीको रूप धारण गरी बसेको कहावत छ।

कापिरहेको सेनाको मुखबाट उनीहरूले गोर्खाली सेनाहरूलाई हाम्रो संरक्षण गरेमा वा हाम्रो पूजाआजा गर्न गरेमा तिमीहरूको विजय अभियान सफल हुनेछ अन्यथा तिनीहरूलाई सफलता मिल्ने छैन भनी बताएकाले गोर्खाली सेनाले सो क्षेत्रमा ती दुई आत्माको वचनअनुसार शक्तिपीठ स्थापना गरी पूजाआराधना गरेको बुझिन्छ। उनीहरूले बताएअनुसार नै नाम पनि  कुन्तादेवी राखिएको भन्ने भनाइ पनि छ। जनविश्वासअनुसार कुन्ता भन्ने नाम मगरकी छोरीको र देवी भन्ने नाम बाहुनकी छोरी भन्ने पनि विश्वास गरिन्छ।  मगरकी छोरीलाई सेतो भेँडाको पाठी मंसिर वा वैशाख पूर्णिमाका दिन बलिकी छोरीलाई बलिविहीन कुरा पूजा मात्र गर्ने प्रचलन पनि बताएको हुँदा सोअनुसार नै आज पनि पूजा विधान चल्दै आएको छ। तिनै कुन्तादेवीको भनाइअनुसार सेनाले सो स्थानभन्दा तलको आफ्ना हातहतियार राखेको हुनाले सो क्षेत्रलाई कोट भन्ने गरिन्छ। सो क्षेत्रमा मन्दिर बनाउन पृथ्वीनारायण शाहले सेना, धामी, पण्डितलगायतहरूसँग सम्पर्क गरी निर्माण सामग्री र आवश्यक प्रबन्ध गरेको भन्ने भनाइ छ। सो मन्दिरमा पृथ्वीनारायण शाहले पूजा विधान पनि सुरु गरेको भनिन्छ। सेनाको कोट र बंकर दुवै भएको क्षेत्र हुनाले यो क्षेत्रलाई पनि कोटगाउँ भन्ने गरिन्छ। पृथ्वीनारायण शाहका सेनाले बनाएको कोटभन्दा तलपट्टि पोखरी निर्माण गरिएको छ। सो कोटभन्दा मुनि बस्ती छ। यो कोटगाउँ हो।

कोटगाउँको पूर्वोत्तर क्षेत्रमा एउटा विशेष पोखरी छ। जसलाई बानियाँहरूको पोखरी पनि भन्ने गरिन्छ। सो पोखरीलाई हाल सती पोखरीको नामले चिनिन्छ। सो पोखरीको नामको सम्बन्धमा एउटा भनाइ प्रचलित छ। इतिहासको कुनै दिन बानियाँहरूलाई सतीको श्राप लागेको हुनाले सोबाट मुक्त हुन बानियाँहरूले केसो क्षेत्रमा पोखरी बनाएको भन्ने पनि छ। कोटगढी संरक्षण र मन्दिरमा पूजा व्यवस्थापनका लागि मन्दिर व्यवस्थापन समिति रहेको छ। यसको अध्यक्षमा हाल धनबहादुर बानियाँ हुनुहुन्छ। व्यवस्थापन समितिले कोट र मन्दिरको जीर्णोद्धारको कार्य गरिरहेको छ।

कोटगढी र मन्दिरको संरक्षण र नियमित पूजाआजाका लागि काजी भीम मल्लको पालामा झगरपुर र ज्यामिरेको खोला दोभानमा मौजा स्वरूप खेत राखिएको र त्यसकै आम्दानीबाट मगर र बाहुनले कुन्तादेवी मन्दिरमा पूजाआराधना र कोटगढीको संरक्षण  र व्यवस्थापन गर्दै आएका थिए। अहिले सो मौजासहित बेचेर सिध्याई पनि मन्दिर र गढी संरक्षणका लागि केही पनि  आयस्रोत नभएकाले परम्परा हराएको स्थानीयले बताउने गरेका छन्।

### २.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

सार्वजनिक स्थल भन्नाले समुदायका सबै मानिसहरूले प्रयोग गर्न सक्ने स्थल भन्ने बुझिन्छ।  यस्ता सार्वजनिक स्थलहरू, धारा, चौतारा, पाटी, पौवा, सत्तल, प्रतीक्षालय, मिटिङ हाल इत्यादि हुन्।  वडा नम्बर १ मा पाइने यस्ता सार्वजनिक स्थलहरूमा बुङनामको कात्तिके टोलको धारापानी,  पिप्लेटोलको ठूलो पँधेरो, पिप्लेटोलको धारो,

आँपचौरको कुवा, गोतामेको ढुंगेधारा, जारकाटे धारो, गोतामे कुवा, पँधेरा खोल्साको धारो, सिम्पानीको कुवा, ढकाल गाउँको माथिल्लो पँधेरो, कर्कलेको पँधेरो, कालीमाटीको धारो इत्यादि हुन् ।

चौताराहरूमा मगर डोबाटोको चौतारो, कागुनेको चौतारो, धारेडाँडाको चौतारो, धुसेनीको चौतारो, बोट धँगेरीको चौतारो, डुम्री पाखाको चौतारो, पिप्लेको चौतारो, गैया डाँडाको चौतारो, फस्कुलेको चौतारो, गोतामे चौतारो, कालीखोलाको चौतारो, मानेको चौतारो, ह्याकुलेको चौतारो, डोमारी चौतारो, साउने चौतारो, करमपाखाको र फागुनेको चौतारो, ढकाल गाउँको चौतारो, पुछार बरको चौतारो, ढकाल गाउँको चौतारो, भतेरे चौतारो, पसल डाँडाको चौतारो, माथिल्लो ठाँटीको चौतारो, बरोट चौतारो  बरबोटे चौतारो, लिपे खोलाको, चौतारो थापा चौरको चौतारो, ढुंगे बिसाउने चौतारो, बाह्रबिसेको चौतारो हुन् ।

अन्य विश्रामस्थलहरूमा साइटार डौडारेको प्रतीक्षालय, झगरपुर प्रतिक्षालय, गोतामे टोल प्रतीक्षालय, आत्मारा डाँडाको प्रतिक्षालय, पसल डाँडा प्रतीक्षालय, जिरो पोइन्टको प्रतीक्षालय इत्यादि रहेका छन् ।

चौताराहरूमा मगर दोबाटो, कागुने, धारे डाँडा,  धुसेनी डाँडा , बोट धँगेरो, डुम्री पाखा, पिप्ले, मौवाडाँडा, फस्कले, चुच्चे ढुंगा, गोतामेको चौतारो, टोकलाको चौतारो, फाली खोल्से, भातेको चौतारो, घ्याकुले, डौँडारे, आत्मारा, साउने, रकालको, कारमपाखा, फागुने टार, पुच्छाखर, ढकालगाउँ, भतेरे, पसल डाँडा, माथिल्लो ठाटी, बरबोट, दुलदुले, लिपे खोला, थापा चौर, बाह्रबिसे, ढुंगो बिसाउने, साउने बितलव, टाकेलको चौतारा आदि रहेका छन् ।

त्यसैगरी, लास जलाउनका लागि लिपे खोला, त्रिवेणी धाम र मोलुङ खोलामा जाने गरेको छ भने तामाङहरूले डाँडामा र राईहरूले आफ्नै बारीको भित्तामा राख्ने चलन छ ।

### २.३ धार्मिक सम्पदा

#### २.३.१ कुन्तादेवी मन्दिर

वडा नम्बर १ स्थित कुन्तादेवी मन्दिर रहेको स्थान कोटगाउँ हो । ऐतिहासिक कथनअनुसार कुनै समय जलजले भन्ने ठाउँमा मगर र बाहुनकी छोरी बाख्रा गोठालो लागेको बेलामा एक्कासि घनघोर वर्षा भयो । सो वर्षातबाट बस्न ओत लाग्न जान लागेको बेला वर्षात्का कारण माथिबाट चट्टान खस्न आई लागेर ती दुवै नानीहरूको  मृत्यु भयो । ती नानीहरूको आत्मा नै कुन्तादेवीको रूपमा उजागर भएको हो भन्ने विश्वास गरिन्छ र उनीहरूकै नाममा कुन्तदेवी थान प्रसिद्ध भयो ।

यस मन्दिरमा आफ्नो मनोकांक्षा पूरा होस् भनेर भाकल गर्नेहरूले जुनसुकै बेला पूजा गर्ने भए तापनि मुख्य रूपमा मेला भने वैशाख पूर्णिमा र मंसिर पूर्णिमामा लाग्दछ । यो बेला भेँडाको पाठी बलि चढाई पूजा गरिन्छ । ओखलढुंगा जिल्लामा प्रसिद्ध यस मन्दिरमा स्थानीयबाहेक अन्य क्षेत्रबाट पनि दर्शनार्थीहरू दर्शन र मेला भर्न आउने गरेका छन् । कुन्तादेवी मन्दिरमा ज्यामिरे, बेतिनी, ओखलढुंगा, जन्तरखानी, बिगुटार, रामपुर, प्राप्चा, हर्कपुर, बुङनाम, कटुन्जेलगायतका ७०० परिवारका मानिसहरू आई दर्शन गर्ने दसैंलगायतका विशेष पर्वहरूमा ती ठाउँहरूबाट मुख्य मानिसहरू आई पूजाआजा गरी अक्षता उठाई फूलपाती चढाएपछि मात्र अन्य मानिसहरूले आ–आफ्नो घरबाट अक्षता र फूलपाती चढाउने गरिन्छ । मोलुङ गाउँपालिका हुनुभन्दा पहिले यहाँ रहेको कुन्तादेवी गढी जुन पृथ्वीनारायण शाहको पालामा बनेको थियो त्यही गढीको नाममा कुन्तादेवी गाविसको नामकरण गरिएको थियो । यहाँ  वैशाख र मंसिर पूर्णिमामा सामूहिक रूपमा भेँडाको

पाठी पूजा गर्ने चलन छ । भाकल हुँदा जुनसुकै महिनामा पनि पूजा गर्न मिल्छ । यहाँ अन्य स्थानबाट पनि भक्तजनहरू आउने गर्दछन् ।

**त्रिवेणी धाम**

यस वडाको पश्चिम दक्षिण क्षेत्रको मर्याङ् बेंसीनजिक मोलुङ खोलामा मिसिने धोबी खोला र पारिपट्टि जलजले बेंसी भएर बग्दै आउने सोलुङ खोलाको संगमलाई त्रिवेणी धाम भनिन्छ । जलजलेस्थित महादेवको मन्दिरमा आउने दर्शनार्थीहरूले यस धाममा माघेसंक्रान्तिका दिने मकर नुहाउने गर्दछन् ।

अन्य मन्दिरहरूमा धमला गाउँको पोखरी डाँडामा रहेको राधाकृष्ण मन्दिरमा कृष्णाष्टमीको दिन विशेष पूजा हुन्छ । यो २०७८ सालमा निर्माण भएको हो । कोलगैरा डाँडा टोलमा एक शिव मन्दिर निर्माण भइरहेको छिट्टै सकिने अनुमान छ ।

बितलवमा रहेको शिव मन्दिरमा बालाचतुर्दशीमा विशेष पूजा हुन्छ भने अन्य दिन पनि नियमित पूजा हुन्छ । डउँठेमा रहेको ढकालहरूको कुलदेवताका रूपमा पनि मानिने सन्तानेश्वर महादेव मन्दिरमा ढकाल जातिले हरेक वर्ष वैशाख वा मंसिर पूर्णिमाको दिन नियमित पूजा गर्छन् भने ३ वर्षको अन्तरालमा विशेष पूजा गर्ने चलन छ ।

साईटार र झागरपुरको बीचमा रहेको गैयाँडाँडा मन्दिरमा दसैंको टीकाको फूलपातीको दिन विशेष पूजा गरिन्छ ।

**देवीथान**

कोल्गैरा टोलको सिंहदेवीथानमा वैशाख पूर्णिमा पछि पञ्चमीमा सामूहिक पूजा गरिन्छ । पाठी बलि दिने चलन छ । धामीहरूले सिंह चढेको स्वरूपमा पुकार्छन् र कन्याकुमारी पूजा तथा कोरी पूजा (फूल, पाती, चन्दन, अक्षता, नैवेद आदिको प्रयोग गरी बलि नदिई गरिने पूजा विधि) गर्छन् । जिम्मल टोलमा रहेको तीनकन्या देवीथानमा मंसिर महिनामा सामूहिक पूजा गर्ने चलन छ र त्यहाँ पाठी बलि दिने पनि चलन छ ।

ढकाल गाउँको संसारी देवीथानमा वैशाख र जेष्ठ महिनामा खडेरी पर्दा पानी परोस् भनेर सामूहिक रूपमा पूजा गर्ने र पाठी बलि दिने चलन छ ।

फागुने टारको श्रीया देवीथानमा हरेक महिनाको पञ्चमी, श्रीपञ्चमीमा कोरी पूजा गरिन्छ ।

ढकालगाउँको कर्कलेमा सेतिका देवीथान छ । घरमा पूजाआराधना गरेपछि यस मन्दिरमा प्रसाद अनिवार्य चढाउनुपर्ने चलन छ ।

ढकाल गाउँको सिमपानीमा जाल्पा देवीथान छ । घरमा पूजाआराधना गरेपछि यस मन्दिरमा प्रसाद अनिवार्य चढाउनुपर्ने चलन छ ।

**कुलपूजा थान**

धमलागाउँका धमलाहरूले वैशाख पूर्णिमा पछि पञ्चमी र दशमी तिथिका आसपास मौवाडाँडामा कुलपूजा गर्दछन् यसमा मूलधामीले कूलपूजाको नियमपूर्वक बोका बलि दिएर पूजा गर्छन् । यो पूजा हरेक पाँच वर्षमा हुने गर्छ ।

यसैगरी, साईटारमा गौतम र पौडेल थरका समुदायहरूले आ–आफ्नै नियमअनुसार छुट्टाछुट्टै ठाउँमा कूलपूजा गर्ने गरेका छन् । गौतमहरूले हरेक वर्ष वैशाख तथा मंसिर पूर्णिमाको दिन तिथि हेरेर पूजा गर्ने चलन छ । उनीहरूको धामी नहुँदा पौडेलहरूले ३ बर्षको अन्तरालमा कूलपूजा गर्ने चलन छ ।

साईटाराको धँगेर्नीमा रहेको सिल्दाको थानमा कुनै विशेष कामको थालनी गर्नुपरेमा पहिले यस स्थानमा पूजा गरेर मात्र नयाँ कामको थालनी गर्ने चलन छ भने कुनै संकट आयो भने पनि यहाँ पूजा गर्ने चलन छ ।

**छोर्तेन/माने**

वडा कार्यालयको छेउमा रहेको तामाङ जातिको मानेमा कात्तिक ठूलीएकादशीको दिन पूजाआराधना गरिन्छ । यहाँ पितृको सम्झनामा पूजा गर्ने गरिन्छ ।

**चर्च**

बितलव गाउँमा एक समादन स्कटिस चर्च रहेको छ ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा ब्राह्मण, क्षेत्री, गिरी, तामाङ, राई र दलित जातिका समुदायहरू बसोबास गर्छन् । तिनका आफ्ना–आफ्ना जातीय संस्कारहरू रहेका छन् ।

### २.४.२ लोक संस्कृति

**मेला/जात्रा/पर्व/मनोरञ्जन**

यस वडाका समुदायारुले मनाउने साझा पर्वहरूमा दसैँ, तिहार, चैतेदसैँ, साउने संक्रान्ति  इत्यादि हुन् । यसबाहेक जात र धर्मअनुसारका चाडपर्वहरू पनि मनाइन्छन् ।

चाडपर्व इत्यादिमा मनाइने मनोरञ्जनका बाहेक खेलकुद अर्को मनोरञ्जन हो । यहाँ भलिबल, फुटबल, हाईजम्प, लङजम्प, ब्याडमिन्टन, क्यारेमबोर्ड, लुँडो, चेस, डन्डीबियो, कबाडी, भालेजुदाइ, बाघचाल आदि खेलिन्छ ।

**आस्था/विश्वास/अन्धविश्वास**

यहाँ बस्ने विभिन्न जातजातिहरूको आ–आफ्ना धर्मग्रन्थअनुसारको जीवन दर्शन अपनाएको पाइन्छ । ती ग्रन्थहरू वेद, पुराण, उपनिषद्, गीता, रामायण, बुद्धग्रन्थ (त्रिपिटक) मुन्धुम र बाइबलमा आधारित रहेको पाइन्छ ।

यहाँ बस्ने सबै जातजातिहरूले आ–आफ्नै धर्म, संस्कृति, चालचलन, रीतिरिवाज, संस्कार, संस्कृति रुढिवादी आदिमा विश्वास गरी सबै जातजातिहरूको परम्पराहरूलाई  समान गर्दै एकआपसमा मिलेर बसेको पाइन्छ ।

यस वडाभित्र बस्ने सबै जातजातिहरूमा धामीझाँक्रीलाई विश्वास गर्न बोक्सी चोख, विवश गर्न, भूतपिरेत, डुल्वा, कहीँ टाढा हिँड्द बाटोमा बायु, सर्पले बाटो काट्नु मल्साँप्रो देखिनु, रित्तो गाग्री वा डोको अशुभ मानिन्छ भने दूधको ढुंग्रो, मुर्दा, पानीको गाग्रीजस्ता कुरा देखेमा अति शुभ मानिन्छ भन्ने जनविश्वास रहेको छ ।

**रीति–कुरीति**

यहाँ खाँडो जगाउने, लुतो फाल्नेजस्ता लोकप्रथा पाइन्छन् । यहाँका बस्तीहरूमा वर्तमान अवस्थामा पनि केही मात्रामा छुवाछूतको अवस्था रहेको पाइन्छ ।

**खानपान**

यहाँको खानपानमा साधारण दाल, भात, तरकारी इत्यादि छन् भने केही जातीय समुदायले जाँडरक्सीको सेवन पनि गरेको देखिन्छ।

### २.४.३ भाषा–साहित्य/गीत–संगीत/वाद्यवादन/कला–कौशल

यस वडाभित्र बस्ने सबै जातिहरूले प्रयोग गर्ने भाषाको देवनागरी लिपि रहेको छ भने जनजातिहरूले आ–आफ्नै मातृभाषा बोल्छन् तर ती मातृभाषाको लिपि बनेको छैन।

**साहित्य**

यस वडाको धमलागाउँ जन्मस्थल भई हाल काठमाडौंमा बसोबास गर्ने डा. भूपप्रसाद धमला (पेसाले त्रिभुवन विश्वविद्यालयका प्राध्यापक) ले अंग्रेजी भाषामा ६ ओटा अनुसन्धान ग्रन्थ, २०–२४ अनुसन्धानमूलक जर्नल सम्पादन, ४० अनुसन्धानात्मक लेख, १५० अखबार लेख, २४ फुटकर कविता, १२ कथा, ६ पुस्तक समीक्षा लेखन तथा प्रकाशन गर्नुभएको छ। त्यसैगरी यस वडामा जन्म भै प्राध्यापन गर्ने देवीप्रसाद गौतमका समालोचनात्मक लेख निबन्ध इत्यादि छन् भने सेदुनाथ ढकालले एमफिल तहको शोधग्रन्थ लेखनलगायत दर्जनांै अनुसन्धान गोष्ठीपत्रहरू लेखन कार्य गर्नुभएको छ। साथै भोजकुमार धमलाले शोधपत्रलगायत अंग्रेजी भाषामा 'द सेल्फिस सिटी' कवितासंग्रह लेखन तथा प्रकाशन गरेका छन्। सो कृति हालसम्म २७ विभिन्न भाषामा अनुवाद पनि भएको छ। यसैगरी अन्य लेखकहरूको पनि कृति लेखन तथा प्रकाशन कार्यमा संलग्न रहेको छ।

**गीत–संगीत**

यस वडाभित्र बस्ने सबै जातजातिहरूको आ–आफ्नै धर्म, संस्कृतिअनुसारका लोकसंगीत, लोकबाजाहरू रहेका छन्। जस्तै– लोकगीत, झ्याउरे गीत, काँठेगीत, तामाङ सेलो आदि। त्यसैगरी वाग्ले, दाहाल, धमला, ढकालजस्ता ब्राह्मण समाजमा खैँजडी बजाएर बालन गीत गाएर नाच्ने गर्दछन्। जसमा सात जनाको समूह हुन्छ। तीजमा हिन्दु ब्राह्मण, क्षेत्री नारीहरूले व्रत बसी बसी शिव मन्दिर, खुला चउर, सार्वजनिक स्थल आदि ठाउँमा जम्मा भई संगिनी गीत गाउँदै गोलाबन्द भई नाच्ने गर्छन्। अहिले यो परम्परा क्रमशः घट्दै गएको छ।

**वास्तुकला**

यस ठाउँका वास्तुकलामा यहाँका बासिन्दाहरूको परम्परागत सीप र प्रविधि नै व्यापक प्रयोगमा देखिन्छ। काठ, बाँस, टिन, फलाम, ढुंगामाटो आदिको प्रयोग गरेर आफ्नो आवश्यकताअनुसारको साइजमा शिखरशैलीका घरहरू नै व्यापक मात्रामा बनाइन्छन् भने घरसँगै आँगन राख्ने पिँढी गोठ र आदि आवश्यक संरचनाहरू बनाइन्छ। वास्तुकलामा आयतित सामग्रीभन्दा स्थानीय सामग्री मात्र व्यापक प्रयोगमा छन्। तापनि २०७२ को महाभूकम्पपछि पुनर्निर्माणको क्रममा आधुनिक शैलीका सामग्री प्रयोग गरेर घरहरू निर्माण गर्ने चरण बढ्दो छ। बजार क्षेत्रमा आधुनिक शैलीका सिमेन्ट फलाम प्रयोग गरेर बनाइएका संरचनाहरू बढ्न थालेका छन्।

**लोकबाजा/लोकनृत्य**

यहाँको लोकप्रिय बाजामा मादल, पञ्चे बाजा (सहनाई, दमाहा, नरसिंहा, ट्याम्को र झ्याम्टासहितको सेट) र नौमती बाजा (दुई सहनाई, दुई दमाहा, एक नरसिंहा, एक ट्याम्को, एक झ्याम्टा, एक ढोलकसहितको सेट हुन्छ) इत्यादि हुन्।

**वडा नम्बर २**

## २.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस वडाको प्रशासनिक केन्द्रको रूपमा रहेको वडा कार्यालय रामपुरमा छ । यस स्थानको नाम रामपुर रहनुको एउटा ऐतिहासिक आधार छ । स्थानीय समुदायको भनाइअनुसार रामपुर क्षेत्रमा रामकुमार राईको शासन थियो भन्ने किम्बदन्ती छ । यस वडाको प्रशासनिक केन्द्रको रूपमा रहेको इलाका रामपुर हो । राम भन्ने किराँती मुखियाद्वारा पूरा बस्ती बसालिएको हुनाले यस स्थानलाई रामपुर नामकरण गरिएको किम्बदन्ती रहेको पाइन्छ ।

## २.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

### २.२.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

#### २.२.१.१ रामपुरको सहिद स्मारक

नेपालको राजनीतिक इतिहासमा ओखलढुंगावासीहरूको भिन्नै पहिचान छ । प्रजातन्त्रप्राप्ति, लोकतन्त्रप्राप्ति, जनयुद्धलगायतका राजनीतिक परिवर्तन र घटनाहरूमा ओखलढुंगावासीहरूको योगदानलाई फरक ढंगले हेर्ने गरिन्छ । वि.सं. २००७ को परिवर्तन, २०१७ सालको पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन, २०३६ को विद्यार्थी आन्दोलन र जनमत संग्रह, २०४६ सालको पहिलो जनआन्दोलन, २०६२–६३ को जनआन्दोलनलगायतका घटनाहरूमा ओखलढुंगावासीले विशेष योगदान पुऱ्याएको इतिहास जिउँदै छ ।



तस्बिरमा देखाइएको शालिकहरू २०३१ साल असोज १३ गतेको राति निरंकुश पञ्चायती शासकहरूले नख्खु जेलतिर सार्ने निहुँमा ललितपुरको एकान्तकुना हालको मोलुङ २ रामपुरका लीलानाथ दाहाल, मोलुङ १ गैरीगाउँका ठगीराज दाहाल, मोलुङ २ रामपुरका फणीन्द्र दाहाल र मोलुङ २ का गोकर्णबहादुर कार्कीलाई क्रूरतापूर्वक गोली हानी हत्या गरिएका सहिदहरूको स्मृतिमा बनाइएका हुन् । साथै त्यसको केही समयपछि सशस्त्र क्रान्तिको सन्दर्भमा मोलुङ १ का झगरपुरका पेशल दाहाललाई समेत प्राप्चाको लिस्पु आसपासमा पञ्चायती शासकहरूले हत्या गरी सहिद बनाइएका पेशल दाहालको सालिकसमेत गरी ५ जना सहिदहरूको सालिक राखिएको छ । यस अर्थमा यो सालिक ऐतिहासिक महत्त्वको रहेको छ ।

यस्तै २०५१ सालमा सुरु भएको तत्कालीन नेकपा माओवादीको नेतृत्वमा सञ्चालित १० वर्षीय जनयुद्धमा पनि ओखलढुंगावासीहरूको पनि ठूलो त्याग र लगानी भएको छ । युवाहरू सहिद भएका छन् । कयौं मानिसहरू अंगभंग भएकासमेत छन् । कतिपय व्यक्तित्वहरूको हालसम्म पनि अवस्था अज्ञात नै छ । त्यस द्वन्द्वका क्रममा नेकपा माओवादीबाट मिति २०६० भाद्र २२ गते विद्यालयबाट घर फर्कने क्रममा घोराखोरीबाट अपहरण गरी २०६० असोज ६ गते हत्या गरिएका सहिद गुरु लुइँटेलको स्मृतिमा पनि गुरु लुइँटेल पार्क बनाइएको छ । यो पनि एउटा कालखण्डको ऐतिहासिक स्थलका रूपमा रहेको छ ।

## २.२ सार्वजनिक प्रयोगका स्थलहरू

मोलुङ २ मा रहेका सार्वजनिक प्रयोगका स्थलहरूमध्ये तल्लोटार प्रतीक्षालय, बजार प्रतीक्षालय, घारीटोल प्रतीक्षालय, बाझागरा प्रतीक्षालय नामक विश्रामस्थलहरू रहेका छन् ।

त्यसैगरी बटकुरा चौतारा, सिम्ले टापुरा चौतारा, तर्किती चौतारा, ठुलो पीपल चौतारा, छेउबारी डिल चौतारा, विद्यालय सीमा चौतार, गोपी लालकको चौतारा, चौलाबोट चौतारा पनि सार्वजनिक स्थलका रूपमा रहेका छन् ।

मोलुङ त्रिवेणीघाट(जलजले शिवालय मन्दिरको नजिक, लिपे खोला, डुँडेलगायतका स्थानहरूमा दाहसंस्कार गर्ने गरिएको छ ।

## २.३ धार्मिक सम्पदा

यस वडामा विभिन्न मन्दिर, देवीथान र देउरालीहरू र देउरालीहरू रहेका छन् जुन यहाँका धार्मिक सम्पदाहरूमा हुन् ।

यहाँ रहेका मुख्य मन्दिरहरूमा रामपुरको वरुणेश्वर महादेव मन्दिर (तल्लोटार, लामीडाँडाको शिव मन्दिर, लामीडाँडाकै महादेव मन्दिर, राधाकृष्ण मन्दिर (रामपुर ठूलो पँधेरो, दाहालको कूलपूजा मन्दिर इत्यादि रहेका छन्, झागर्पुरको जल्कन्यादेवीको मन्दिर रहेका छन् ।

त्यसैगरी, देवीथानहरूमा जरढुंगेको कालिका देवीथानामा वैशाख र मंसिर पूर्णिमाको दिन सामूहिक पूजा गरिन्छ । कालो पाठीको बलि दिने चलन छ । ढुस्केको कालिका देवीथानमा वैशाख र मंसिर पूर्णिमाको दिन सामूहिक पूजा गरिन्छ । यहाँ कालो पाठीको बलि दिने चलन छ । त्यसैगरी रामपुरमा मंकाल देवीथानमा वैशाख र मंसिर पूर्णिमाको दिन सामूहिक पूजा गरिन्छ । कालो पाठीको बलि दिने चलन छ । त्यसैगरी महभीरमा इन्द्रमाला कोरी पूजा (फूलपाती, चन्दन, अक्षता, नैवेद आदिको प्रयोग गरी बलि नदिई गरिने पूजा विधि), रक्तमालामा वली पूजा, चौलाबोटमा शन्तमालादेवी बलि पूजा, रामपुर जाल्पादेवीमा कोरी पूजा, झगरपुर जाल्पादेवीमा कोरी पूजा, पातल पञ्चकन्या सेतीदेवीमा बलि पूजा, टेकनपुर रुंगेली देवी मन्दिरमा कोरी पूजा, रामपुर तल्लोटारमा भक्तमाला देवीथानमा बलि पूजा गर्ने गरिन्छ । त्यसैगरी, लामीडाँडाको देउरालीमा र भुसुनेको देउरालीमा समेत समय–समयमा फूलपाती चढाउने गरिन्छ ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ लोक संस्कृति

यस वडाको रामपुरमा अहिले अन्यत्रबाट बसाइँ सरी आउनेको जनसंख्यामा क्षेत्री, बाहुनबाहेक अन्य जातका समुदायहरू पनि भएकाले यहाँको लोक संस्कृतिमा परिवर्तन हुँदै गएको छ । तथापि क्षेत्री, बाहुनको संस्कृति नै मूल लोक संस्कृति रहँदै आएको छ । बसाइँ सरी आउने समुदायका भने आ–आफ्ना जात र धर्मअनुसारका लोकसंस्कृति पनि भित्रिएका छन् । यसरी यो स्थान बहुसांस्कृतिक हुँदै आएको भए पनि यहाँका समुदायले मनाउने मुख्य चाडपर्वहरू अन्यत्रका जस्तै दसैँ, तिहार, तीज इत्यादि नै हुन् । उत्सवहरूमा विद्यालय वार्षिकोत्सव, अन्य दिवसहरू र मेलाजात्रामा त्रिवेणी मेला, शिवरात्रि, बाला चतुर्दशी मेला,  कूलपूजा, देवाली इत्यादि छन् ।

मनोरञ्जन इत्यादिका लागि भलिबल, फुटबल, फुट्सल, हाइजम्प, लङजम्प, रिले दौड, कबडी, क्यारेमबोर्ड, चेस, बास्केटबल इत्यादि खेल्ने गरिन्छ ।

त्यसैगरी चालचलन, रीतिरिवाज, परम्परा, आस्था, विश्वास पनि सबै जातिहरूमा पाइन्छ । यहाँ पनि धामीझाँक्रीमा विश्वास गर्ने चलन रहेको पाइन्छ। चोखा लागेको, डुलुवा लागेको, वायु लागेको, बिरालो तथा मलसाँप्रोले बाटो काटेमा अशुभ हुनेजस्ता अन्धविश्वास पनि अझै विद्यमान छन् ।

### २.४.३ भाषा–साहित्य/गीत-संगीत/वाद्यवादन/कला–कौशल

यस वडाको रामपुर, लामीडाँडा, ढुस्के, चौंलाबोट, तोरीस्वाँराजस्ता ठाउँहरूमा पहिलेदेखि नै शिक्षित मानिस बसोबास गर्ने हुनाले साहित्य, संगीत र कलाको क्षेत्रमा विकास भएको देखिन्छ । संस्कृत वाङ्मयमा पहिलो पुस्ताका पण्डित पुण्यप्रसाद दाहाल, नारायण दाहाललगायतका विद्वान्हरूले औपचारिक र अनौपचारिक शिक्षा दिने काम गरेका थिए भने नयाँ पुस्तामा संस्कृत साहित्यमा रामपुरका छन्दोविज्ञान दाहाल, नेपाली वाङ्मयमा छन्दविनोद दाहाल, रमेश गाउँले, उमा दाहाल, रञ्जु दाहाल उपाध्याय इत्यादिले लेखन तथा प्रकाशन गरेका छन्। रामपुरकै ओमप्रसाद दाहाल धार्मिक ग्रन्थ लेखन, अनुवाद र प्रकाशन गर्ने कार्य लगायत बिबिध धार्मिक-सांस्कृतिक क्रियाकलापमा संलग्न रहने गरेका छन्।

यी सर्जकहरूमध्ये रमेश गाउँलेको 'फुर्बुटी कथा संग्रह' (२०६४, संघर्षका पाइला(सम्पादन)प्रकाशित छन् भने रञ्जु दाहाल उपाध्यायका नियात्रा संग्रह 'प्रियासँगको यात्रा' (२०७५, यात्रा निबन्ध संग्रह 'डोहोडोहो डोल्पा' (२०८०)प्रकाशित छन् भने एक छन्दा कविता सग्रह प्रकाशोन्मुख अवस्थामा छ। यसबाहेक विभिन्न पत्रपत्रिकामा दर्जनौं फुटकर कविता र कथा प्रकाशित भएका छन् । यसैगरी उमा दाहालका नारी मुक्तक संग्रहमा मुक्तकहरू, कौशिकी द्वैमासिकमा 'गणतन्त्र', मधुपर्कमा 'कोरोना' र 'जन्मभूमि' युवामञ्चमा 'बत्ती' र 'इन्टरनेट', गोरखापत्रमा 'बर्षा' प्रज्ञाको नेपाली नारी मुक्तक संग्रहमा मुक्तकहरू र स्मारिकामा 'जाडो' शीर्षकको कविता प्रकाशित छ। यसबाहेक बेलायतबाट प्रकाशन हुने समकालीन साहित्यमा पनि उनका फुटकर कविताहरू आउने गर्छन्।

त्यसै गरी लामिडाँडाका सिमा आभास, सलोजा दाहाल र चोलेन्द्र दाहालले पनि साहित्यिक सिर्जना गरेका छन् । चोलेन्द्रप्रसाद दाहालका दुइ ओटा कविता संग्रह र एउटा उपन्यास प्रकाशोन्मुखा रहेका छन् भने कौशिकी द्वैमासिक, छन्दकवि कोश, लेखनाथ स्मारिका, सिर्जना सरोवर, जगन जधु प्रतिष्ठान, खेम स्मृति ग्रन्थ इत्यादिमा फुटकर कविता प्रकशित छन्।

### गीत–संगीत/वाद्यवादन

यहाँ प्रचलित गीतसंगीतको क्षेत्रमा लोकगीत, झ्याउरे लयका गीत, भजन, मालश्री गीत, बालुन संगिनी, तामाङ सेलो, चण्डी गीत इत्यादि रहेका छन्। लोक बाजामा पञ्चेबाजा, नौमती बाजा, शंख, डमरु, घण्टा, डम्फू, बिनायो, मुर्चुंगा, मादल, बाँसुरी, हार्मोनियम, गितार इत्यादि रहेका छन्। लोकनृत्यमा संगिनी, तीजको नाच, तामाङ सेलोमा आधारित नाच नाचिन्छ। रंगमञ्चको क्षेत्रमा पनि रामपुरका कलाकारहरूले पहिलेदेखि नै नाट्यकलाको प्रदर्शन गर्दै आएका छन् । यस अर्थमा यो वडा भाषा–साहित्य/गीत–संगीत/वाद्यवादन/कला–कौशलको क्षेत्रमा अग्रणी रहँदै आएको छ।

### वडा नम्बर ३

### २.१.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस वडाको प्रशासनिक केन्द्रको रूपमा रहेको वडा कार्यालय प्राप्चाको फुँयाल गाउँमा छ। यस ठाउँको नाम प्राप्चा रहनुमा एउटा ऐतिहासिक आधार छ।

प्राचीन कालमा यस ठाउँमा बसोबास गर्ने सुनुवार जतिको ‘सुस्यचा’ थरकी छोरी अन्य पर ठाउँको रापचा थरको छोरा (केटा) सँग विवाह गरी यही ठाउँमा बसोबास गरेको हुनाले उसलाई परको रापचा भनिँदै गएकाले कालान्तरमा परको रापचा अपभ्रंश हुँदै प्राप्चा भएको किम्बदन्ती रहेको पाइन्छ ।

## २.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

### २.२.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

यस वडामा चर्चामा रहेका ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू खासै रहेको पाँइदैन । तर वडा क्षेत्रमा विभिन्न धार्मिक आस्था राख्नेहरूका लागि मन्दिर, देवालयहरू तथा विश्रामका लागि चौतारा, पाटी पौवाहरू, सार्वजनिक प्रयोगका स्थलहरू भने रहेको पाइन्छ ।

### २.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

यस वडामा रहेका देउरालीमा मुर्चुल देउराली, ओख्रेनीको देउराली, प्राप्चा देउराली (गाउँपालिकाको कार्यालय रहेको ठाउँको देउराली) मुख्य हुन् । यहाँका विश्रामस्थलमा भूमेथान, सिमलटार, बेडिखोर, थुम्की, देवीटार इत्यादि छन् भने र केस्पु, खोपीडाँडा, मुर्चुल, देवीकाट्ने, खुलु, चौतारा, वनडाँडा, आहालडाँडाको चौताराहरू पनि रहेका छन् । दाहसंस्कार स्थलहरूमा शनिघाट र ओफ्रेघाट आदि हुन् ।

## २.३ धार्मिक सम्पदा

यस वडाका धार्मिक सम्पदाको हकमा फुँयालगाउँको हरहर महादेव मन्दिर एक हो । प्राप्चा सिरानको भूमेथानमा मंसिर र वैशाख पूर्णिमाको दिन कालो पाथी र कालो बोको बलि दिन्छ । यो सुनुवार जातिले सामूहिक पूजा गर्ने गर्दछन् । सबै जनाले त्यही बसेर प्रसाद खाने चलन छ । तर अहिले भने प्रसाद घर लाने गरेको पनि पाइन्छ ।

थुम्कीको सुनावानीमा कात्तिकको ठुलीएकादशीका दिन फूलपाती, पूजा आराधना गर्ने चलन छ । विभिन्न स्थानबाट धामीझाँक्रीहरू आउने र तान्त्रिक विधिबाट पूजाअर्चना गर्नुका साथै त्यस दिन मेला पनि लाग्ने चलन छ ।

प्राप्चा ग्रोसुलको जाल्पादेबीमा देवीको पूजाअर्चना गर्ने चलन छ । त्यसैगरी प्राप्चाकै फिलारुमा जलकन्या देवी, प्राप्चा जिर्गुको कुण्डला देवीथान, तीन कन्यादेवीथान, कान्छी सीतादेवीथानमा अर्चना पनि माथि उल्लेखित देवीथान, चन्द्रावती देवीथान, पञ्चकन्या देवीथान, आइतबारे थान, गैयाथानमा पनि देवीको पूजाअर्चना पनि माथि उल्लेखित देवी स्थानमा गरेजस्तै तबरले गर्ने चलन छ । मटकेनी डाँडाको संसारी देवीथानमा वैशाखमा यहाँ पाठी बलि दिने चलन छ । भूमेथानमा पनि यहाँ पनि बलि दिने चलन छ । यदि छोरी वा कन्या मरेमा धामीको शरीरमा उत्रे पछी जुन ठाउँमा देवीथान बनाई पूजा गरिन्छ भने त्यसैगरी छोरा बितेमा भूमेथान बनाइन्छ । यस वडामा थुम्की, चौतारा, प्राप्चा खोला र टारी आदि ठाउँमा भूमेथान रहेका छन् । देवीथान तथा भूमेथानहरूमा मंसिर पूर्णिमा, वैशाख पूर्णिमा र ठूलीएकादशीका दिन विशेष पूजा गरिन्छ ।

केराबारीको सेतीदवी थानमा मंसिर र वैशाख पूर्णिमामा पूजा गरिन्छ । बगरको कमला थानमा माघेसंक्रान्तिमा मेला लाग्छ, एकादशीका दिन पूजा गरिन्छ । भाकलअनुसारको बलि दिने प्रचलन रहेको छ ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

यस वडा क्षेत्रमा बसोबास गर्ने मानिसहरूका जाति, सम्प्रदायअनुसारको आ–आफ्नै चालचलन, रीतिरिवाज, परम्परा, आस्था, विश्वास, मूल्यमान्यताहरू, प्रचलन आदि रहेको पाइन्छ । यस ठाउँमा रहेका विभिन्न जाति समुदायहरूले आफ्ना धर्म, आस्था, विश्वास र अन्धविश्वासका आधारमा मनाउने चाडपर्व, मेला, जात्रा, चालचलन, रीतिरिवाज इत्यादिलाई गाउँपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिको यसअघि जातिअनुसार विवेचना गरिएकाले यो खण्डमा विवेचना गरिएको छैन ।

### २.४.२ लोकसंस्कृति

यस वडाका बसोबास गर्ने समुदायहरूले मनाउने साझा पर्वहरूमा दसैँ, तिहार, चैते दसैँ, साउने संक्रान्तिका साथै जाति र धर्मअनुसारका चाडपर्वहरू पनि मनाइन्छन् । यहाँका विभिन्न जातजातिहरूको आ–आफ्ना धर्मग्रन्थअनुसारको जीवन दर्शन अपनाएको पाइन्छ भने एकअर्काको परम्पराहरूलाई सम्मान गर्दै एकआपसमा मिलेर बसेको पाइन्छ ।

### २.४.३ भाषा/साहित्य/गीत–संगीत/वाद्यवादन/कला–कौशल

यहाँको जातिगत भाषामध्ये सुनुवार पनि हो । यस भाषाको श्रीजंगा लिपि छ । यहाँको साहित्यिक सिर्जनामा लागेका सर्जकहरूमध्ये गीति साहित्य/गीतसंगीतको क्षेत्रमा डीपी परिश्रमी (डोलप्रसाद दाहाल) का गीति नाटक ‘रुमल्लिएको जिन्दगी’ (२०५२, गीति एल्बम ‘तिर्सना’ (२०६४), कविता, गीत र मुक्तक संग्रह ‘अन्तर्मनका सुसेली’ (२०७७), तीज गीत ‘माइतीको आँगनमा नाचम्ला’ र गीत ‘क्षितिजपारिमा’ प्रकाशित छन् । यसबाहेक विभिन्न विधाका ६० ओटा जति गीतहरू रेकर्ड भएका छन् ।

यस वडामा बजाइने लोकबाजामा पञ्चेबाजा, नौमती बाजा, डम्फू, बिनायो, मुर्चुंगा, ढोल, मादल, झ्याम्टा, पञ्चेबाजा, टुंगना आदि छन् । लोकनृत्य पनि गरिन्छ । गीतसंगीतमा लोकगीत, तामाङ सेलो, चण्डी गीत, बालुन संगिनी इत्यादि रहेका छन् ।

**वडा नम्बर ४**

### २.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस ठाउँको नाम हर्कपुर रहनुमा हर्के राई नामको किपट रहेको र उनकै नाममा यस गाउँको नाम रहन गएको हो भन्ने किम्बदन्ती रहेको छ । साथै हर्कपुर गाउँ मोलुङ गाउँपालिकाभित्र पर्ने प्राचीन र सांस्कृतिक रूपमा स्थापित ठाउँ हो जसको नामस्थान स्थानीय भौगोलिक, सांस्कृतिक र समाजिक परिवेशअनुसार रहन गएको हो (https://sajilopatrika.com/wiki/harkapur-okhaldhunga)

### २.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

### बेली चमेली कुलो

जरायोटार ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिकाको वडा नम्बर ४ को हर्कपुरमा रहेको छ । यो ठाउँमा ईसापूर्वमा कपिलवस्तु जिल्लाको नर्के भन्ने ठाउँबाट खतिवडा जातिका मानिसहरू आई बसोबास गरेको पाइन्छ उनीहरूले आफूसँग घर्ती जातका कमाराकमारीहरू पनि ल्याएका थिए । खतिवडाहरूले सुरुमा डिही भन्ने जराटारको डिही भन्ने ठाउँमा कुलदेवता प्रतिस्थापन गरी थानेघर बनाएर बसेका थिए यो ठाउँ रातो माटोले बनेको हुनाले खेतीपातीका लागि अति नै उत्तम रहेको पाइन्छ त्यसबेला यस ठाउँमा सिँचाइको समस्याले गर्दा कोदो मकै भटमासमा आदि अन्नहरू मात्र

उत्पादन हुन्थ्यो । असुविधाको कारणले गर्दा धान खेती उत्पादन गर्न ज्यादै समस्या थियो । यो समस्यालाई समाधान गर्नका लागि तिनै खतिवडा जातले ल्याएका घर्ती परिवारका कमराकमारीहरूका छोरीहरू बेली र चमेली दिदीबहिनीले त्यस क्षेत्रमा बस्ने सम्पूर्ण बासिन्दाहरूलाई भेला गराई सिँचाइको आवश्यकताबारे बताई सोलुङखोलाको पानी ल्याई पानीले सिँचाइ गर्न सकिएमा धान, गहुँजस्ता बालीहरू प्रशस्त उत्पादन गर्न सकिने त्यसबाट स्थानीय खाद्यान्नको आवश्यकतालाई पूरा गर्न सकिनेलगायतका कुराहरू गरी खट्न प्रतिज्ञा गराए ।

उनीहरूकै सक्रियतामा प्रतिज्ञाअनुसार सबै मानिसहरू भई दिनरात नभनी लगातार रूपमा काम नसकिएसम्म खट्न तयार भए जसअनुसार सोलुङ खोलाको घट्टे भन्ने स्थानमा कुलोको मुहान बनाएर त्यहाँबाट जरायोटार फाँटसम्म खोलाभरिको पानी अट्ने गरी ल्याउने र सिँचाइ गराउने योजनाअनुसार सबैले दिनरात खटेर एकहल नारेको गोरु सहजै हिँड्न सक्ने गरी चौडा बनाई कठिन भीर र पर बनाउन सुरु गरियो, जसअनुसार करिब ५० मिटरको अन्तर हुने गरी दुईवटा कुलोहरूको निर्माण गरियो । बेलीचमेली दिदीबहिनीको सक्रियतामा बनाइएको कुलो हुनाले कुलोको नाम पनि बेली र चमेली राखियो । माथिपट्टि बनाइएको कुलोको नाम बेली र तल्लोपट्टि बनाइएको कुलोको नाम चमेली कायम भयो । उक्त रहस्यमय कुलोको लम्बाइ १७५३ मिटर छ । उक्त दुई कुलामध्ये माथिल्लो बेली कुलोबाट बाह्रै महिना सोलुङ खोलाको पानी जरायोटारमा सिँचाइ गर्न प्रवाह भइरहन्छ भने तल्लो चमेली कुलोबाट वर्षात्को समयमा मात्र जरायोटार फाँटले सिँचाइ योगदान गरिरहेको छ । उक्त दुई कुलाको सिँचाइको सहयोगबाट जरायोटार फाँटबाट प्रशस्त मात्रामा धान, गहुँ, आलु, लसुन, प्याजलगायतका विभिन्न तरकारीहरूसमेत उत्पादन गर्न ठूलो योगदान भइरहेको छ ।

जरायोटार फाँटको प्राणका रूपमा रहेका यी कुलाहरूको संरक्षणमा स्थानीयहरूको लगाव बढ्नु आवश्यक छ । विगतमा नारिएका एक हल गोरु हिँड्न सक्ने चौडाइ भएका उक्त कुलाहरू पछिल्लो समयमा भएका प्राकृतिक प्रकोपहरूजस्तै बाढीपहिरो भूकम्प र स्थानीयको व्यवस्थाले गर्दा साँघुरिँदै जान थालेको भेटिन्छ । यसर्थ जरायोटार फाँटको प्राण का रूपमा रहेका यी कुराहरूको संरक्षणमा सबैले विशेष योगदान गर्नुपर्नेछ । बेलीचमेलीको सम्झनामा कायम भएका यी कुलाका नामहरू दीर्घजीवी राख्न पनि रहस्यमय इतिहास जोगाउन पनि जरायोटार फाँटको प्राण बचाइराख्न पनि यी कुराहरूलाई जोगाउनु सबैको सरोकारको विषय हो । पछिल्लो समयमा उक्त कुलो निर्माणका लागि सपना देख्ने र योगदान गर्ने बेली र चमेली दिदीबहिनीहरूको योगदानलाई कायम राख्न स्थानीयहरूले बेली कुलोको मुखमा मन्दिर बनाई नियमित पूजाआजा गर्ने चलन सुरु गरेका छन् ।

बेलीचमेली कुलोको इतिहास बताउन स्रोत व्यक्तिका रूपमा हीराराज खतिवडा, पदमप्रसाद खतिवडा, पोष्टराज खतिवडा, टंकनाथ खतिवडा र मदनबहादुर तामाङ सहयोग गर्नुभएको थियो । प्रसिद्ध रहस्यमयी बेलीचमेली कुलोको र मन्दिरको तस्बिर तल राखिएको छ । बेली कुलोको लम्बाई १७५३ मिटर रहेको छ ।

**बेली चमेली कुलो**









**बेली चमेली मन्दिर** **जरायोटार फाँट**

### २.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू

यस ठाउँमा रहेका जलजलेश्वर महादेव मन्दिर, ,मोलुङ, सोलुङ र धोबी खोलाको संगमस्थलमा रहेको त्रिवेणीधामलगायत केहीबाहेक ऐतिहासिक–पुरातात्त्विक स्थलहरू रहेको पाइँदैन । उल्लेखित स्थलहरूको व्याख्या भने धार्मिक सम्पदा खण्डमा गरिएको छ ।

### २.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

यस वडाका सार्वजनिक स्थलहरूमा नेपाने देउराली, ढाप चौतारो, हर्कपुर प्रतीक्षालय, मटकेना प्रतीक्षालय, तल्लो गाउँको घिमिरे चौतारो, मटकेना चौतारो, ठूला पँधेराको चौतारो, पिप्ले चौतारो र सिम्ले, छाँगे, त्रिवेणी धामका दाहसंस्कार स्थलहरू हुन् ।

### २.३ धार्मिक सम्पदा

उक्त जलजलेश्वर महादेवको उत्पत्तिका विषयमा विभिन्न किम्बदन्तीहरू पनि प्रचलित छन्, जसमध्ये एउटा चाखलाग्दो किम्बदन्ती यस प्रकार छ-

बुङ्नामका एक मुखियाले जरायोटारमा रहेको आफ्नो खेतमा असारमा बेठी लगाई धान रोपाइँ सुरु गरेका रहेछन् । काम बाँकी नै रहेकाले गोरु, हली, खेताला त्यही नजिकै गोठमा बास बसेछन् भने मुखिया घरैमा सुत्न गएछन । राति सुतेका

बेला 'तैंले मेरो हेरविचार र थानवानको व्यवस्था गरिनस्, अब म यहाँ बस्तिनँ जलजलेमा गएर बस्छु' भनेको सपना देखेछन् । भोलिपल्ट जलजलेको भित्तामा गएर हेर्दा सपनामा भनिएअनुसारको शिला भेटिएछ । त्यही शिलालाई हाल मन्दिर भएको स्थानमा ल्याएर थपना गरी पूजाअर्चना गरिएको भन्ने पनि भनाइ रहेको पाइन्छ ।

अर्को अलि फरक कुरा के छ भने किराँत समुदायले पनि शिवलाई आफ्ना देवता मान्ने चलन पनि भएकाले उनीहरूले आफ्नो शासन कालमा त्यस स्थानमा शिवलिंग स्थापना गरी मन्दिर बनाएको पनि हुन सक्ने अनुमान गर्न सकिन्छ । यो मन्दिरको जीर्णोद्धार र मर्मतसम्भार गर्ने क्रममा पाइएका इँटाका नमुनाले पनि मन्दिर प्राचीन कालमा नै निर्माण भएको अनुमान गर्न सकिन्छ । यस अर्थमा यो मन्दिर ऐतिहासिक महत्त्वको धार्मिक सम्पदा रहेको र यस क्षेत्रको समग्र विकासको चरणमा एक महत्त्वपूर्ण धार्मिक स्थल हुन सक्ने देखिन्छ ।

यो मन्दिर रहेको वडा हर्कपुरको मानेचौरमा एक गुरुकुल विद्याश्रम सञ्चालनमा रहेको छ । संस्कृत भाषामा पूर्वीय वाङ्मयको पठनपाठन हुने यस गुरुकुल विद्याश्रमको यस मन्दिरसँग शैक्षिक–सांस्कतिक सम्बन्ध स्थापित गरी एउटा पूर्वीय चिन्तन परम्पराको केन्द्र बनाउन सकेको खण्डमा यो मन्दिर अझ महत्त्वपूर्ण धार्मिक सम्पदा हुन सक्ने देखिन्छ ।

**त्रिवेणी धाम**

मोलुङ, सोलुङ, र धोबी खोलाको संगमस्थललाई त्रिवेणीधाम भनिन्छ । उत्तरबाट दक्षिणतर्फ बहने मोलुङ नदीमा पश्चिमबाट पूर्वतिर बहने सोलुङ र पूर्वबाट पश्चिमतिर बहने धोबी खोला एकै ठाउँमा मिसिएको संगमस्थल भएकाले त्रिवेणी भनेको हो । सनातन धर्मावलम्बीहरूले यस स्थललाई दिव्यभूमि मान्दछन् । यस स्थानमा स्नान गर्नाले पुण्य मिल्छ भन्ने जनविश्वास रहिआएको छ । विशेष गरी माघेसंक्रान्तिको यहाँ मकर नुहाउने महिला तथा पुरुषको घुइँचो नै लाग्दछ । जलजलेश्वर महादेवको मन्दिर दर्शन गर्न आउने श्रद्धालुजनहरू यहाँ आएर स्नान गर्ने गर्दछन् । यस अर्थमा यो धाम एक महत्त्वपूर्ण धार्मिक सम्पदा हो ।

यहाँ पनि त्रिवेणीधाम झल्किने तस्बिर राख्ने जुन पर्यटकीय अध्यायमा पनि राख्न मिल्छ ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा खतिवडा, घिमिरे, दाहाल, कोइराला इत्यादि थरका ब्राह्मणहरू बसोबास गर्छन् । त्यसैगरी विभिन्न थरका जनजाति समूहहरू पनि बस्छन् । ब्राह्मण–क्षेत्रीले सनातन हिन्दु धर्मअनुसारको संस्कृति अनुसरण गर्छन् भने विभिन्न जनजाति समूहले आ–आफ्ना जातअनुसारका संस्कार पनि अपनाउँछन् । मिश्रित बस्ती भएकाले धेरै संस्कारहरू मिल्दाजुल्दा पनि छन् ।

### २.४.२ लोक संस्कृति

यस वडामा पनि जात र धर्मअनुसारका लोकसंस्कृतिहरू विद्यमान छन् । परम्परादेखि चल्दै आएका चालचलन, रीतिरिवाज, चाडपर्व, मेला-जात्रा यहाँ पनि लाग्छन् ।

### २.४.३ भाषा/साहित्य/गीत-संगीत/ वाद्यवादन/कला-कौशल

यस वडामा संस्कृत भाषामा पठनपाठन गर्ने गुरुकुल विद्याश्रम पनि सञ्चालित छ । त्यसैले यहाँका अध्यापक प्रदीप खतिवडा र हाल सरस्वती मावि बुङ्नाममा अध्यापन गर्ने पाण्डवप्रसाद खतिवडा र गुरुकुल विद्याश्रमका प्रधान अध्यापक

प्रदीप खतिवडाको बोन्स्री उपन्यासको विधा तात्विक अध्ययन शीर्षकमा शोधपत्र र केही फुटकर कविता प्रकाशन गरेका छन् भने पाण्डवप्रसाद खतिवडाले प्रा.डा. नरेन्द्र चापागाईसँगको अन्तिम भेट (२०६१), वनिता त्रैमासिकमा, 'दिदी अमृताप्रति' (२०७२), द्वैमासिकमा, देशको माया (२०६८), गुरुकुल नेपालीमा, 'संस्कृत साहित्यमा हास्यव्यंग्यसम्बन्धी धारणा र यसको प्रयोग' (२०६४, नवरंग साहित्यमा प्रकाशन र 'पण्डित मेघराज शर्मा र लक्ष्मण नेवाटियाबाट नेपाली साहित्यमा भएको योगदानको अध्ययन' शीर्षकमा स्नात्तकोत्तर तहको शोधपत्र लेखन गरेका छन् । यसबाहेक साबिक कटुन्जेमा जन्म भई हाल जलजले बेंसीमा बसोबास गर्ने लालप्रसाद भट्टराईले साहित्य र संस्कृतिको फाँटमा काम गर्दै आएको देखिन्छ । यसबाहेक मसारका जीवनाथ धमला पनि सिर्जनाका क्षेत्रमा काम गरिरहेका छन् ।

यस वडामा एउटा राणाकालीन कलात्मक ढुंगेधारा रहेको छ । यसबाट यो ठाउँमा कुनै बेला मूर्तिकलाको पनि विकास भएको रहेछ भन्ने बुझिन्छ । सबै बस्तीमा सबै जातजातिहरूको घर बनाउने वास्तुकला त छँदै छ ।

यस वडाभित्र बस्ने सबै जातिहरूको देवनागरी लिपि रहेको छ भने जनजातिहरूले आ–आफ्नै मातृभाषा बोल्छन् । उनीहरूको मातृभाषाको लिपि बनेको छैन ।

यस भित्र बस्ने सबै जातजातिहरूको आ-आफ्नै धर्म, संस्कृतिअनुसारका लोकगीत र संगीत  रहेका छन् । यहाँका लोक बाजामा पञ्चेबाजा, नौमती बाजा, मादल इत्यादि हुन् । बाहुन समाजमा खैँजडी बजाएर बालन गीत गाउँदै नाच्ने गर्दछन्, जसमा सात जनाको एक समूह हुन्छ । तीजमा हिन्दु नारीहरूले ब्रत बसी शिव मन्दिर, खुला चउर, सार्वजनिक स्थानहरूमा जम्मा भई संगिनी गीत गाएर गोलबन्द भई नाच्ने गर्दछन् । अहिले यो संगिनी गीत परम्परा क्रमशः घट्दै गएको पाइन्छ ।

**वडा नम्बर ५**

**२.१ वडा कार्यालय रहेको स्थानको नामकरण**

यस वडाको प्रशासनिक केन्द्र प्राप्चाको दाहाल गाउँमा रहेको छ । प्राचीन कालमा यस ठाउँमा बसोबास गर्ने सुनुवार जतिको 'सुस्यचा' थरको छोरी अन्य पर ठाउँको रापचा थरको छोरा (केटा) सँग विवाह गरी यही ठाउँमा बसोबास गरेको हुनाले उसलाई परको रापचा भनिँदै गएकाले कालान्तरमा परको रापचा अपभ्रंश हुँदै प्राप्चा भएको किम्बदन्ती रहेको पाइन्छ । यो प्राप्चाको केही भाग वडा नम्बर तीनमा पनि पर्ने हुँदा उक्त ठाउँमा किराँत कालमा रापचा नाम गरेका सुनुवार किराँती बसोबास गर्थे । बिस्तारै रापचा अपभ्रंश हुँदै प्राप्चा भएको हो भन्ने किम्बदन्ती रहेको छ ।

**२. ऐतिहासिक-पुरातात्त्विक स्थल**

**२.१ ऐतिहासिक महत्त्वका स्थलहरू**

यस वडामा मुक्तेश्वर सती धाम, तीनधारे महादेवथानजस्ता केही पुराना मन्दिरहरू रहेको भए तापनि उल्लेख्य ऐतिहासिक-पुरातात्त्विक स्थल रहेको पाइँदैन । परम्परादेखि प्रयोगमा आएका देउराली, विश्रामस्थलहरू भएको भए तापनि तिनीहरूको ऐतिहासिक महत्त्व आदिका बारेमा आधाकारिक प्रकाशित सामग्री भेटिएको छैन ।

**२.२ सार्वजनिक प्रयोगका स्थलहरू**

यस ठाउँका सार्वजनिक स्थलहरूमा चप्लेटीको देउराली र थामडाँडाको देउराली रहेका छन् । त्यसैगरी मगरगाउँ प्रतीक्षालय, बरडाँडा प्रतीक्षालय, गाउँखोला, दमाईगाउँ, घ्याम्पा, मगराती टोल, रातमाटेका प्रतीक्षालय, धिमालडाँडा, चिउरीबोट, लिस्पुडाँडा इत्यादि ठाउँमा विश्रामस्थल र चौतारा रहेका छन् । शनिघाट, ओख्रेघाट, दिरिलीघाट,

खोलाखर्कमा विभिन्न जातिअनुसारका दहसंस्कार स्थलहरू रहेका छन् भने गुराँसेडाँडामा तामाङ जातिको अन्तिम संस्कार स्थल रहेको छ ।

## २.३ धार्मिक सम्पदा

यस वडामा रहेका विभिन्न धार्मिक सम्पदाहरूमध्ये चञ्चला देवीथानमा मंसिर र वैशाख पूर्णिमाका दिन सामूहिक पूजा गरिन्छ । कुखुराको भाले र पनि बलि दिइन्छ । बाल कन्या देवीथानमा गाईको दुध, धुप, फलफूल मात्र चढाई कोरीपूजा (बलि नदिई गरिने पूजा) गरिन्छ । तीनघरे कालिका देवीथानमा वैशाखमा पाठी बलि दिइन्छ । भाकल पूजा तथा बलि पनि दिइन्छ । काँसेधारा देवीथान, चञ्चलादेवी थानमा कोरी पूजा गरिन्छ । जलकन्या मन्दिर (वार्यू गाउँ) मा मंसिर र वैशाख पूर्णिमाका दिन कोरी पूजा गरिन्छ भने भूमे थानमा कोरी पूजा गरिन्छ । केउरिनीको पञ्चकन्या देवीथानमा बलि दिइन्छ भने पान्दामा रहेको सेतीदेवी मन्दिरमा कोरी पूजा गरिन्छ । सिद्धथान देवी मन्दिरमा पूर्णिमा र पञ्चमीमा कोरी पूजा गरिन्छ । तीनधारे महादेवस्थान मन्दिरमा शिवरात्रि, बाला चतुर्दशीका दिन मेला लाग्ने तथा पूजाआराधना गर्ने गरिन्छ ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा बसोबास गर्ने जाति समुदायहरूले आ-आफना जातीयता, धर्म, सम्प्रदायअनुसारका धार्मिक तथा जातीय संस्कारको परिपालना गर्ने गर्दछन् । उनीहरूका परम्परादेखि चल्दै आएका चालचलन, रीतिरिवाज, चाडपर्व, मेला–जात्रा, पूजाआजा गर्दा वा पालना गर्दा परम्परागत मान्यता र प्रचलनको पालना गर्ने गरेको पाइन्छ ।

### २.४.२ लोक संस्कृति

अन्य वडामा जस्तै यस वडामा पनि जनसमुदायहरूले आ-आफना जात र धर्मअनुसारका लोक संस्कृतिहरू अपनाउँछन् । परम्परादेखि चल्दै आएका चालचलन, रीतिरिवाज, चाडपर्व, मेला-जात्रा यहाँ पनि लाग्छन् । समयक्रमसँगै यहाँको लोक संस्कृति पनि बदलिँदै गएको छ । जातिअनुसार भाषा, संस्कृतिहरू यहाँ प्रचलनमा रहेका भए तापनि पहिलाको तुलनामा जातिविशेषका प्रचलनहरूको प्रयोगको क्रम क्रमशः न्यून हुन थालेको पाइन्छ ।

### २.४.३ भाषा–साहित्य/गीत-संगीत/कला-कौशल

यहाँको चलनचल्तीको भाषा नेपाली र यसको लिपि देवनागरी हो । यसबाहेक तामाङ भाषाको आफ्नै लिपि रहेको पाइन्छ भने उनीहरूको पुस्तक तम्वाकाइतेन पनि प्रकाशन देखिन्छ ।

नेपाली साहित्यमा योगदान पुर्याउने साहित्यकारहरूमा यहाँ जन्मेका पीताम्बर दाहाल, डिल्लीप्रसाद दाहाल, एकराज दाहाल, कविता पोखरेल आदि रहेका छन् भने गीत-संगीतको क्षेत्रमा योगदान पुर्याउने मीना नेपाल दाहाल आदिले गीत लेखन तथा गायनको कार्य गरेका छन् । यसै वडाकाबालकुमार नेपालले पत्रकारिता क्षेत्रमा लेखन तथा सम्पादन, दुर्गाहरि नेपालले कर्मकाण्ड लगायत धार्मिक-सांस्कृतिक क्षेत्रमा बिबिध कार्य र पेशलकुमार नेपालले भजनमाला लेखन तथा गायन लगायत बिबिध धार्मिक सांस्कृतिक कार्य गर्ने गरेका छन् । प्राध्यापन पेसा अँगालेका साहित्यकार पीताम्बर शर्मा दाहालका प्रमुख कृतिहरूमध्ये ‘काव्य र फूल’ र ‘अक्षता’ कविता संग्रह (२०६७), स्नेहधारा विशेष काव्य (२०६९), ‘मेरो रिमेरिमे सम्झना’ आत्मजीवनीपरक संस्मरण (२०७५), ‘प्रसाद र प्रसन्नता’ कविता संग्रह (२०८०), ‘जीवनयात्रा’ महाकाव्य (२०८१) लगायत धेरै पत्रपत्रिकामा समालोचना, समीक्षा र निबन्ध प्रकाशित छन् । त्यसैगरी त्यस वडामा

जन्मेका एकराज दाहालले 'नेपाली भाषाको अध्ययन परम्परामा प्रकाश नेपाल यात्रीको योगदान' शीर्षकमा शोधग्रन्थलगायत केही अनुसन्धानमूलक लेख, फुटकर कविता र गजल लेखेका छन् । गीत/संगीत क्षेत्रमा मीना नेपाल दाहालले पनि दर्जनौं लोक दोहोरी गीत गायन गरेकी छन् । यसरी यो वडा साहित्य, कला र संस्कृतिमा समृद्ध रहेको छ ।

यहाँका जनसमुदायले बालन गीत र संगिनी गीतमा नाचगान गर्ने गर्छन् । यहाँका लोक बाजामा पन्चेबाजा, नौमती बाजा, डम्फू, बिनायो, मुर्चुंगा, ढोल, मादल, झ्याम्टा, पन्चेबाजा, खैँजडी इत्यादि हुन् ।

**वडा नम्बर ६**

## २.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस वडाको प्रशासनिक केन्द्र श्रीचौरमा रहेको छ । प्राचीन कालदेखि नै यस ठाउँलाई सुरुबारी श्रीचौर भनिँदै आएकाले यसलाई अहिले पनि श्रीचौर भनिन्छ । प्राचीन कालमा यस ठाउँमा सिरुले ढाकेको ठूलो चौर रहेको थियो । त्यहाँ बसेर भद्रभलाद्मीहरूले गाउँका विविध समस्याहरूका बारेमा छलफल गरी समाधान निकाल्ने गरिएको थियो । सोही सिरुचौर नाम पछि अपभ्रंश हुँदै उक्त ठाउँको नाम हालको श्रीचौर नामकरण भएको हो भन्ने किम्बदन्ती रहेको पाइन्छ । यस ठाउँमा बुद्ध प्रतिमा र पोखरीसमेत रहेको छ ।

## २.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

## २.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

यस वडामा विभिन्न मन्दिर, देवस्थलहरू, देउराली, चौतारा तथा गुम्बाहरू रहेका भए तापनि तिनीहरूको ऐतिहासिक–पुरातात्त्विक महत्त्वका उल्लेख्य प्रमाणहरू भने रहे/भएको पाइँदैन ।

## २.२ सार्वजनिक प्रयोगका स्थल

यस वडाका सार्वजनिक स्थलहरूमा दोबाटोको देउराली, मकैबारी भञ्ज्याङको देउराली, मंगलबारे बजारको प्रतीक्षालय, नर्पुको चौतारा, रमिते चौतारा, श्रीचौर चौतारा, सोलाखार्क चौतारा, चैत्यपानी चौतारा, मानडाँडा चौतरा, पचिसे डाँडाको चौतारा, किरेडाँडा, अप्पिटे, चेप्टे मानेडाँडा आदि अन्तिम संस्कार गर्ने स्थलहरू रहेका छन् । यसको अलावा सार्वजनिक प्रयोगको स्थलहरूमा मन्दिर, गुम्बाजस्ता धार्मिक स्थल, कुवा, पँधेरा इत्यादि मात्र यस वडा क्षेत्रमा रहेको पाइन्छ ।

## २.३ धार्मिक सम्पदा

यस वडाका महत्त्वपूर्ण धार्मिक सम्पदा मंगलबारे शिव मन्दिर र भीमसेन खर्कको गुम्बा हुन् ।

त्यसैगरी खोलाखर्कको कलिका देवीथानमा हरेक मंगलबार, बिहीबार र शनिबार स्थानीयवासीहरू पूजा गर्न जान्छन् । वैशाख, जेठ, असार महिनामा ठूलो पूजा हुन्छ र बलि पनि दिन्छन् । भालथुम्काको सेती देवीथानमा मंसिरको पूर्णिमा र पञ्चमीमा दूध, अक्षता, फूलपाती चढाउने चलन छ । पत्करी भन्ने ठाउँमा रहेको सिंह देवीथानमा हरेक मंगलबार, बिहीबार र शनिबार स्थानीयवासीहरू पूजा गर्न जान्छन् । वैशाख, जेठ, असार महिनामा ठूलो पूजा हुन्छ र बलि पनि दिन्छन् । खुदुर्केको भालथुम्का भूमेथान, सेतीदेवी, सातकन्या आदि धार्मिक स्थलमा कात्तिक एकादशीमा दूध, चामल, फूल, घण्टा, अबिर आदिको प्रयोग गरी पूजाआराधना गरिन्छ । किरेडाँडाको सेतीदेवी र चेप्टेको सेतीदेवीमा एकादशीका

दिन कोरी पूजा गर्ने चलन छ । मंसिरे देवीथानमा कोरी पूजा गर्ने र मेला लाग्ने गर्दछ । यस वडामा रहेका विद्यालय परिसरभित्रका सरस्वती मन्दिरमा सरस्वती पूजा गर्ने गरिन्छ ।

खोलाखर्कमा शिव मन्दिर र आइतबारे थान रहेको छ । आइतबारे थानमा परेवा, कुखुरा, हाँस आदिको बलि दिने गरिएको छ । किरिडाँडाको सिंह देवीथानमा दूध, केरा चढाउने प्रचलन रहेको छ । साबिक वडा नम्बर ९ मा जाल्पादेवी मन्दिर रहेको छ । च्याप्टे यलुङ खोलामा रहेको जलकन्या मन्दिरमा दूध, केरा चढाउने प्रचलन रहेको छ । नयाँवनमा रहेको चम्पादेवी मन्दिरमा दूध चढाउने तथा कोरी पूजा गर्ने गरिएको छ । खोलाखर्कको नागथानमा मंसिर र वैशाख पूर्णिमामा कालो पाठी र कोरी पूजा गर्ने चलन रहेको छ । किरेडाँडाको सुरुङदेवीमा एकादशीमा पूजा गर्ने चलन छ ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

सबै जातजातिको आ–आफ्नै परम्पराअनुसार नाकरण गर्ने चलन रहेको छ । छैठी ,न्वारान सबै जातिमा ७, ११ दिनमा गर्ने गरेको पाइन्छ भने पास्नी सबै जातिमा ५–६ महिनामा गर्दछन् । क्षेवर, व्रतबन्ध, गुन्यूचोली पनि क्षेत्री, बाहुन जातिमा पहिलोचोटि महिनावारी हुनुभन्दा पहिला ७, ९, ११ वर्षभित्रमा गुन्यूचोली गरिन्छ । तामाङ समुदायमा विवाह गर्दा टोटेलाको फूल लगाउने चलन छ । लामाद्वारा विवाह विधि गरिन्छ । हरेक जातिले आ–आफ्नै विधि परम्पराअनुसार मृत्यु संस्कार गरेको पाइन्छ । सबै जातजातिहरूको आ–आफ्नो धर्म र संस्कारअनुसारको फरक–फरक मृत्यु संस्कार रहेको छ । तामाङ समुदायमा लामाले साइत हेरेर मृत्यु संस्कार गर्ने चलन छ ।

### २.४.२ लोक संस्कृति

सबै जातजातिको आ–आफ्नै वेषभूषा, गरगहना, चालचलन, रीतिरिवाज र परम्परा रहेका छन् । खानपानमा दाल, भात, तरकारी, अचार, दही, मही, घ्यू, माछा, मासु आदि खाइन्छ । मनोरञ्जनमा पनि खेलकुद एउटा हो भने ल्होसार, बुद्धजयन्ती, उत्सव, महोत्सव पनि रमाइलो गर्ने अवसर हुन् । यस वडामा तामाङ जातिको बाहुल्य रहेको पाइन्छ । तामाङलगायतका जाति जनजातिहरूको जातीयता अनुसारका आ–आफ्नै लोक संस्कृति परम्परा मान्दै आएको पाइन्छ ।

### २.४.३ भाषा–साहित्य/गीत–संगीत/वाद्यवादन/कला–कौशल

यहाँको गीत संगीतमा तामाङ सेलो, झ्याउरे गीत, शेर्पा गीत, बालन गीत/ नाच, संगिनी गीत/नाच छन् भने लोक बाजामा डम्फू, टुंगना आदि र लोक नृत्यमा सेलो नृत्य हुन् । नेपाली भाषा, गीत, संगीतको प्रभाव अझ अगाडि बढेर विदेशी संस्कृतिको प्रभावजस्ता कारणले भएका स्थानीय लोक संस्कृति परम्परा तथा प्रचलनहरूसमेत क्रमशः हराउन थालेको पाइन्छ ।

**वडा नम्बर ७**

## २.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस वडाको कार्यालय पात्लेमा रहेको छ । यो ठाउँमा पहिले ठूलो पात्लेघारी भएको र त्यस ठाउँमा मानिसहरूले उक्त पात्लेघारी फँडानी गरेर मानिसहरू छरिएर वा पातलो रूपमा बस्ती बसेको हुनाले यसलाई पातलो बस्ती भनिँदै आएको हो । कालान्तरमा यो पातलो बस्ती भन्ने नाम क्रमशः अपभ्रंश हुँदै पात्ले भनिएको भन्ने किम्बदन्ती रहेको छ ।

## २.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

### २.२.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

यस वडामा करिब १५ मिटर लामो गुफा रहेको छ । त्यसैगरी विभिन्न मन्दिर तथा गुम्बा रहेको पाइन्छ । तिनीहरूको लामो ऐतिहासिकताका बारेमा आधिकारिक अभिलेखहरू रहेको देखिँदैन । यस वडा क्षेत्रमा लामो ऐतिहासिक पृष्ठभूमि नभेटिए तापनि गुम्बा मन्दिरहरूजस्ता पुरातात्त्विक महत्त्वका स्थलहरू भने रहेको पाइन्छ ।

## २.३ धार्मिक सम्पदा

तामाङ जातिको प्रधानता रहेको यस वडाको पात्लेमा श्रीबेथेन छोलिङ सन्डुप गुम्बा, श्री पिंगुर किंगुर गुम्बा, श्री केर्जोहम गुम्बा रहेका छन् भने मानेचाहिँ तल्लो तालकोट माने, बाहुनडाँडा माने रहेका छन् । त्यसैगरी खस्रुबोट, बौद्ध र पात्लेमा छोर्तेन रहेका छन् ।

त्यसैगरी खस्रुबोटको जलकन्या देवी मन्दिरमा एकादशीमा पूजा तथा मेला लाग्ने गर्छ भने गौरीडाँडाको चण्डीथानमा वैशाख पूर्णिमामा पूजा हुने गर्छ । पञ्चकन्या देवीथानमा कोरी पूजा गरिन्छ भने लप्सेडाँडाको देवी भूमेमा बलि दिनुका साथै पूजा गर्ने चलन रहेको छ । त्यसैगरी वडामा रहेका अन्य धार्मिक स्थलहरूमा चण्डी देवीथान, च्याबीमा इन्द्रावती देवीथान, बाख्रेमा एकराते मन्दिर (मेला लाग्ने र पूजा गर्ने), पल्लो बाख्रेमा शिव मन्दिर, मगर बस्तीमा शिव मन्दिर, कात्तिकमा शिव मन्दिर, पात्ले माध्यमिक विद्यालयमा सरस्वती मन्दिर इत्यादि रहेका छन् ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा पनि अन्यत्रजस्तै जन्म संस्कारमा न्वारान सबै जातिमा ७ वा ११ दिनमा गर्ने गरेको पाइन्छ । सबै जातजातिको आ–आफ्नै परम्पराअनुसार पुरोहित, ठूलाबुबा, हजुरआमा, मामा, आदिबाट नामकरण गर्ने चलन रहेको छ । क्षेत्री, बाहुनबाहेक अन्य जातिमा छैठी कर्म कम रहेको, सबै जातिमा ५ वा ६ महिनामा पास्नी गर्ने गरेको पाइन्छ । छेवरको हकमा सबै जाति समुदायले छोराको पहिलो पटक कपाल काट्दा साइत जुराएर मामा, काका वा बाहुनको हातबाट ३ वर्षभित्रमा छेवर गर्ने चलन रहेको छ । क्षेत्री-बाहुन समुदायमा छोरीको गुन्यूचोली संस्कार पहिलोचोटि महिनावारी हुनुभन्दा पहिला नै सामान्यतः ७, ९, ११ वर्षभित्रमा गरिन्छ । मागी विवाहको चलन अद्यापि रहेको छ भने केही मात्रामा प्रेमविवाह पनि चलनमा आएको छ भने अदालती विवाह पनि सुरु भएको छ ।

हरेक जातिले आ-आफ्नै विधि परम्पराअनुसार बाहुन, लामा, धामी वा बिजुवाद्वारा मृत्यु संस्कार गर्ने गरेको पाइन्छ । जनजातिहरूको चाहिँ आ-आफ्नो धर्म र संस्कारअनुसारको फरक ढंगले जन्म, विवाह र मृत्यु संस्कार प्रचलन रहेका छन् । यस वडामा अन्य जातिको तुलनामा एकदमै नगन्य मात्रामा लोपोन्मुख जातिको रूपमा रहेका पहरी जातिहरू रहेका छन् । उनीहरूको आफ्नै प्रकारको छुट्टै संस्कृति रहेको छ ।

### २.४.२ लोक संस्कृति

यस वडाका जनसमुदायले पनि दसैं, तिहार, साउने तथा माघेसंक्रान्ति, ल्होसार, उँभौली, उँधौली, चैते दसैं, एकादशी, श्रीपञ्चमी आदि पर्व मनाउने गर्छन् ।

यस वडामा पनि जात, धर्म र विचारअनुसार आ–आफ्ना आस्था, विश्वास, अन्धविश्वास रहेका छन् । सबै समुदायको खानपानमा साधारण दाल, भात, तरकारी, दुध, दही, मही, माछा, मासु, अन्डा, रोटी, चिसो, चाउचाउ आदि छन् भने जातिगत रूपमा जनजातिहरूमा आ–आफ्नो परम्पराअनुसार जाँड, रक्सी अनिवार्य हुने चलन पनि रहेको छ ।

यहाँ भलिबल, हाइजम्प, लङजम्प, रिले दौड, कबडी, क्यारेमबोर्ड, चेस, बाघचाल, खोपी, लुँडोजस्ता खेल खेलेर पनि मनोरञ्जन गरिन्छ । त्यसैगरी मेला–जात्रामा पनि मनोरञ्जन गर्ने चलन यहाँ पनि छ ।

### २.४.३ भाषा–साहित्य/गीत–संगीत/वाद्यवादन/कला–कौशल

यस वडाको सम्पर्क भाषा नेपाली र देवनागरी लिपि रहेको छ । गीत संगीतमा तामाङ सेलो, झ्याउरे गीत, शेर्पा गीत आदि प्रचलनमा छन् । यहाँ पनि अन्यत्रजस्तै विशेष पर्वमा बालन, संगिनी इत्यादिका साथ नृत्य गर्ने गर्दछन् ।

**वडा नम्बर ८**

### २.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस वडाको प्रशासनिक केन्द्रका रूपमा वडा कार्यालय राँगादीपमा रहेको छ । यस ठाउँको नामकरणका सम्बन्धमा रहेको किम्बदन्तीअनुसार डाँडागाउँ (ककोपेल) भन्ने ठाउँमा प्राचीन कालमा ठूलो पोखरी रहेको थियो । त्यस पोखरीवरिपरि ठूलाठूला राँगा पालन गर्ने गरिन्थ्यो । एक हिसाबले सोही राँगा पालन गरिने ठाउँको नाम कालान्तरमा अपभ्रंश हुँदै राँगादीप रहन गएको हो भन्ने भनाइ रहेको छ ।

### २.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

### २.२.१ ऐतिहासिक महत्वका स्थलहरू

यस वडा क्षेत्रमा केही कुवा, चौतारा, मठ, मन्दिर, धार्मिक स्थल, देउराली, सार्वजनिक स्थलहरू रहेका भए पनि उल्लेख्य ऐतिहासिक पृष्ठभूमिसहितका कोट, गढी, किल्ला, दुर्गजस्ता ऐतिहासिक–पुरातात्त्विक महत्त्वका परिभाषित स्थलहरू भने रहेको पाइँदैन ।

### २.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

यस वडामा सार्वजनिक रूपमा प्रयोग गरिने स्थलहरूमा शिरीषे पाटी, दिरली पाटी, खिम्ले, थोपाथेम, सैमल, कुजादेल, खरीडाँडा, डाँडागाउँ, सुनाखरी आमा समूह प्रतीक्षालय, वाकिरु, पलारू, खित्पे, शंकु, दारेगौडा, सैमल र सखरे चौतारा इत्यादि रहेका छन् । स्थानीयहरूको दाहसंस्कार गर्दा आलोलाम डाँडा साबिक वडा नं ६ खिम्तीमा राईको, जोवानके डाँडामा तामाङको, बिल्पु र सखरेथाम डाँडामा शेर्पाको, सेप्ली र मोलुङ खोला दोभानमा क्षेत्री–बाहुनको, बंगती खोलामा मगरको अन्तिम/मृत्यु संस्कार गर्ने प्रचलन रहेको पाइन्छ ।

### २.३ धार्मिक सम्पदा

यस वडाका धार्मिक सम्पदाहरूमध्ये खस्रेथाम गुम्बा, बिल्दु गुम्बा, सैमलको चैत्यका साथै माझखर्क, मानेडाँडा र मंगलबारे बिल्दु बजारमा माने रहेका छन् भने र सैमलको पवित्र चर्च आदि रहेका छन् । तीनकन्या मालिका देवीथानमा उँभौली र उँधौलीको समयमा पूजा हुनुको साथै तिथि हेरेर अन्य समयमा पनि पूजा गर्ने गरिन्छ । यहाँ बलि पनि दिइन्छ । मागलेको कालिका देवी मन्दिरमा वैशाख पूर्णिमामा कालो वा सेतो पाठी बलि दिने गरिन्छ । सखरेको गुराँसे देवी मन्दिरमा

भदौ पूर्णिमामा कोरी पूजा गरिन्छ । खुर्लुको शिलिंगी कालिका देवीथानमा वैशाख पूर्णिमाको पञ्चमीमा बलि दिने चलन छ । माझखर्कको पञ्चकन्या देवी मन्दिरमा मंसिर पूर्णिमाका दिन पूजा गर्ने चलन छ ।

### २.४.२ लोक संस्कृति

यस वडामा पनि अन्यत्रका जस्तै दसैं, तिहार, तीज, साउने संक्रान्ति, माघेसंक्रान्तिलगायतका परम्परागत चाड, पर्व, मेला, जात्रा, उत्सव/महोत्सवहरू मनाइन्छन् । यसबाहेक जातिविशेषका आ-आफ्नै चालचलन र रीतिरिवाज लोक संस्कृतिका रूपमा रहेका छन् । यस वडामा तामाङ, शेर्पा, मगर तथा क्षेत्री ब्राह्मणलगायतको मिश्रित बसोबास रहेको हुनाले उनीहरूले जातिअनुसार मनाउने, मान्दै आएका लोक संस्कृति, रीतिरिवाज परम्पराको समेत परिपालना गर्ने गरेको पाइन्छ । समुदाय मिश्रित रहेको हुँदा संस्कृति पनि क्रमशः मिश्रित हुँदै गएको पाइन्छ ।

### २.४.३ भाषा–साहित्य/गीत–संगीत/वाद्यवादन/कला-कौशल

यहाँको जातिगत भाषाको छुट्टै लिपि छैन । जाति विशेषका भाषा साहित्य संगीत, बाजागाजा रहेको भए तापनि प्रयोगको सहजताका कारण सबै जातिहरूमा नेपाली भाषाको प्रयोग जातीय भाषाको तुलनामा बढेर गएको देखिन्छ । जातीय सघनताका कारण पनि यस्तो भएको हुन सक्छ । यहाँका मौलिक गीत-संगीतमा मालश्री, जिसिली, राई जातिको विहेमा गाउने गीत, शेर्पा जातिको याब्रु नाच आदि हुन् भने लोक बाजामा डम्फू, टुंगुना, मादल, बाँसुरी, मुर्चुंगा, झ्याम्टा इत्यादि रहेका छन् ।

# अध्याय तीन

## पर्यटनको वर्तमान अवस्था र विकासको सम्भावना

यस अध्यायमा मोलुङ गाउँपालिका क्षेत्रअन्तर्गत पर्यटनको वर्तमान अवस्था र विकासको सम्भावना उल्लेख गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई विकास, वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनका लागि उपयुक्त नीतिनियम बनाउन उपयोगी हुन्छ ।

पर्यटन भनेको आराम, आनन्द, र मनोरञ्जनका लागि केही समय घरबाहिर जाने काम हो । त्यसैगरी कुनै स्थानको अवलोकन गर्दै अध्ययन अनुसन्धानको उद्देश्यले गरिने भ्रमण र कुनै व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले गरिने भ्रमण पनि पर्यटन नै हो ।

मानिसहरू अरूका संस्कृति हेर्न बुझ्न साक्षात्कार गर्न आफ्ना कुराहरू सुन्न, सुनाउन, दृश्यावलोकन गर्न र खेलकुदमा सहभागी हुन, भेटघाटका लागि, धार्मिक गतिविधि गर्न, प्राणी र वनस्पतिको अध्ययन अध्ययन गर्न पदयात्रा, साहसिक पर्यटन इत्यादि कामका लागि एक स्थानबाट अर्को स्थानमा घुमफिर गर्छन् । यस कामले आर्थिक गतिविधिको पनि प्रवर्द्धन गर्छ र आन्तरिक तथा बाह्य पर्यटकहरूबाट सम्बन्धित पर्यटन क्षेत्रलाई फाइदा पनि हुन्छ ।

कुनै पनि मानिस उल्लिखित कुनै पनि उद्देश्य लिएर कम्तीमा एक रात बिताउने गरी एक ठाउँबाट अर्को स्थानमा पुग्दछ भने त्यस्तो कामलाई पर्यटन भनिन्छ । यो दुई प्रकारको हुन्छ- पहिलो आन्तरिक पर्यटन जसले आफ्नो देश क्षेत्रभित्र मात्र ओहोरदोर वा घुमफिर गर्दछ भने त्यो आन्तरिक पर्यटन हो । यस्तै मानिसले आफ्नो देशको सीमा कटेर अन्य देशमा उपयुक्त उद्देश्यहरू लिई ओहोरदोर वा घुमफिर गर्दछ भने त्यसलाई बाह्य पर्यटन भनिन्छ । आजभोलि बाह्य पर्यटनलाई अन्तर्राष्ट्रिय पर्यटन पनि भनिन्छ ।

पर्यटनका सांस्कृतिक आदानप्रदान, स्थानको प्रयोग, स्थानको वर्णन, व्यापार वृद्धि, सम्बन्ध विस्तार, प्रचारप्रसार, आयआर्जनलगायतका धेरै फाइदा छन् । संविधानको अनुसूच-८ मा मनोरञ्जन कर, पर्यटन शुल्क आदिमा स्थानीय सरकारको एकल अधिकार हुने व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, दफा ११, उपदफा (२)६ को ११, १२ ले पर्यटकीय स्थलहरूको विकास, विस्तार र प्रवर्द्धन, योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । स्थानीय सरकारलाई स्थानीय परम्परागत, सांस्कृतिक र पुरातात्त्विक सम्पदाको संरक्षण गर्ने अधिकार पनि दफा ११ उपदफा(२)फ मा रहेको छ ।

नेपालको सोह्रौं योजनाले वार्षिक पर्यटन आगमन २५ लाख पुऱ्याउने, पर्यटकको औसत बसाइ अवधि १५ दिन पुर्याउने, प्रतिपर्यटक प्रतिदिन औसत खर्च ८५ अमेरिकी डलर पुर्याउने, कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान ७ प्रतिशत हाराहारीमा पुर्याउने, भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकांक ४ र द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुक ४८ पुर्यायाउने भन्नेजस्ता मुख्य परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ ।

पर्यटन गतिविधिहरू प्राचीन कालदेखि नै हुँदै आएको भए पनि विशेष गरी युरोपमा सत्रौं शताब्दीदेखि व्यवस्थित रूपमा सुरु भएको मानिन्छ । नेपाल प्रकृतिको विशिष्ट पहिचान बोकेको मुलुक हुनाले यहाँ विविध प्रकारका पर्यटकीय गतिविधिहरू विगतदेखि नै हुँदै आइरहेका छन् । नेपालमा मुख्यतः प्राकृतिक र सांस्कृतिक गरी दुई प्रकारले पर्यटकीय गतिविधिहरू सञ्चालन भइरहेका छन् ।

ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिका नेपालको मध्य पहाडी क्षेत्रको आफ्नै पहिचान बोकेको क्षेत्र हो । पहाडी भूस्वरूपमा रहेको यो गाउँपालिकाको क्षेत्रभित्र पनि विभिन्न भूसंरचनाहरू, खोंच, खोलानाला, बेंसी, उपत्यका, टाकुरा, वनजंगल, जीवजन्तु, जातजाति जडीबुटी, जातीय-धार्मिक संस्कृति, वेशभूषा, रैथाने ज्ञान, सीप र क्षमता आदि भएको क्षेत्र हुनाले यहाँ पनि सामान्य स्तरमा विगतदेखि नै पर्यटकीय गतिविधि सञ्चालन हुँदै आएका छन् । उपयुक्त नीति र कार्यक्रम विस्तार गर्न सकेको खण्डमा भविष्यमा पनि आन्तरिक र बाह्य पर्यटन विकास हुने सम्भावना देखिन्छ ।

मोलुङ गाउँपालिका क्षेत्रमा माथि उल्लेख गरिएकामध्ये धेरै पर्यटकीय गतिविधिहरू सञ्चालन गर्न सकिने देखिन्छ । पदयात्रा, प्याराग्लाइडिङ, मेला-जात्रा व्यवस्थापन, वनस्पति र जीवजन्तुको अध्ययन कार्यक्रम, शैक्षिक र सांस्कृतिक कार्यक्रम सञ्चालनजस्ता पर्यटकीय गतिविधिको सम्भावना रहेको छ ।

त्यस्तै मोलुङ गाउँपालिका क्षेत्रमा रहेका हिन्दु र बुद्धिस्टहरूका धार्मिक-सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूमा पनि सम्पदा पर्यटन फस्टाउन सक्ने प्रचूर सम्भावना छ । यहाँका मन्दिर, गुम्बा र छोर्तेन, सांस्कृतिक पर्यटनका लागि प्रसिद्ध हुँदै छन् । यस्तै जातिगत विविधता रहेको हुनाले पनि यहाँका जातीय संस्कृति, वेशभूषा इत्यादि अध्ययनका लागि पनि देशविदेशबाट जिज्ञासुहरू सहज रूपमा पर्यटनका लागि आउन सक्ने अवस्था छ ।

यहाँका तीर्थस्थलहरूमा बर्सेनि हजारौंको संख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गर्दछन् । यसबाट उल्लेख्य रूपमा पर्यटन प्रवर्द्धन भइरहेको छ । यस्तै यो क्षेत्रमा रहेको तीनतले पहाडबाट रामपुर र मोलुङ दोभानसम्म प्याराग्लाइडिङको सम्भावना अध्ययन भइरहेको छ । अर्कोतर्फ जंगल बोटबिरुवा, जडीबुटी, जीवजन्तु किटपतंग आदिको अध्ययन गर्न आउनेका लागि निकै सहज भएकाले अध्ययन पर्यटन पनि विकास हुन सक्ने छ । मोलुङका विभिन्न फाँटहरू जरायोटार, रामपुटार, जलजले आदि बृहत् खेतीयोग्य कृषि क्षेत्रमा व्यावसायिक कृषि पर्यटन पनि सञ्चालन गर्न सकिने देखिएको छ ।

## ३.१ गाउँपालिका पर्यटनको वर्तमान अवस्था

मोलुङ गाउँपालिका प्राकृतिक हिसाबले, वनस्पति र जीवजन्तुको उपस्थितिको हिसाबले निकै आकर्षक स्थलका रूपमा परिचित गाउँपालिका हो । प्राकृतिक सौन्दर्यको धनी रहेको यस गाउँपालिकामा केही प्रमुख पर्यटकीय स्थलहरूसमेत रहेका छन् । यहाँका प्राकृतिक पर्यटकीय गन्तव्यरूमध्ये सेप्ली झरना, तीनतले डाँडा, तालकोट गुफा, बेली चमेली कुलो, थानीढुंगा, मोलुङ नदी, यलुङ झरना आदि प्रमुख छन् ।

यसैगरी धार्मिक-सांस्कृतिक हिसाबले उर्गेन छयोलिङ गुम्बा, जलजलेश्वर महादेव मन्दिर, कुन्तादेवी मन्दिर, पाथीभरा-सेतीदेवी-कालिकादेवी मन्दिर, वरुणेश्वर महादेवको मन्दिर, कालिका देवी मन्दिर वाउहरे र त्रिवेणीधामलगायतका स्थानहरू धार्मिक-सांस्कृतिक पर्यटन केन्द्रहरू हुन् ।

यहाँको कुन्तादेवी मन्दिर, ढकालगाउँ, त्रिवेणीधाम, थानडाँडा, तीनतले, यलुङ झरना, जेसेगाउँ, सेप्ली झरना हुँदै रामपुरसम्मको पदयात्रा मार्ग विकास हुन सक्ने देखिन्छ । यस्तै भविष्यमा माउन्टेन बाइक ट्र्याक पनि विकास गर्न सकिने सम्भावना देखिन्छ ।

## ३.२ गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरू

मोलुङ गाउँपालिकामा प्राकृतिक तथा धार्मिक-सांस्कृतिक हिसाबले घुमफिर गर्न आउने पर्यटकहरूका लागि आकर्षक केही पर्यटकीय स्थलहरू रहेका छन् । तीमध्ये केहीको संक्षिप्त वर्णन तल दिइएको छ–

### कुन्तादेवी मन्दिर

वडा नम्बर १ को केन्द्रभागमा रहेको माथ्लो ठाँटीनजिक कोटगाउँको सिरानमा रहेको बुङ्नाम गढीको थुम्कोमा अवस्थित कुन्तादेवीको मन्दिर त्यस क्षेत्रमा मात्र नभएर पूरै जिल्ला, प्रदेश र राष्ट्रभरि नै लोकप्रिय पर्यटन केन्द्रका रूपमा रहेको छ । यसमा हजारौं पर्यटकहरू यस मन्दिरको दर्शनार्थ आउने गर्दछन् ।



यस मन्दिरमा आफ्नो मनोकांक्षा पूरा होस् भनेर भाकल गर्नेहरू वर्षको जुनसुकै बेला पनि पूजा-आराधना गर्न आउने गर्छन् । ओखलढुंगा जिल्लामा प्रसिद्ध मन्दिरमध्ये स्थानीयबाहेक श्रद्धालुजनबाहेक अन्य क्षेत्रबाट पनि दर्शनार्थीहरू दर्शन र मेला भर्न आउने गरेका छन् । मोलुङ गाउँपालिका हुनुभन्दा पहिले यहाँ रहेको कुन्तादेवी गढी, जुन पृथ्वीनारायण शाहको पालामा बनेको थियो, त्यही गढीको नाममा कुन्तादेवी गाविसको नामकरण गरिएको थियो । इतिहासका अध्येतालगायत राजनीतिक कर्मीहरूले यसलाई ऐतिहासिक बुङ्नाम गढीका रूपमा मान्छन् ।

### पाथिभरा-सेतीदेवी-कालिका मन्दिर

मोलुङ गाउँपालिका वडा नम्बर १ को लिपेखोला टोलमा अवस्थित पाथिभरा सेतीदेवी कालिकादेवी मन्दिर महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थल हो । भौगोलिक रूपमा ठाडो भीर र अप्ठ्यारो स्थानमा अवस्थित यस मन्दिरको उत्पत्ति २०३४ सालमा भएको मानिन्छ । यो मन्दिर एकदमै अप्ठेरो र ठाडो भीरमा अवस्थित छ । यस मन्दिरमा भक्तिभावका साथ पूजाआजा गर्दा आफ्नो मनोकांक्षा पूरा हुने दिगो जनविश्वाससमेत रहिआएको पाइन्छ । यहाँ नियमित रूपमा एक जना पुजारी पनि बस्दै आउनुभएको छ ।



यो मन्दिरमा नवरात्रि, मंसिरे पूर्णिमादेखि पञ्चमीसम्म, वैशाखे पूर्णिमादेखि पञ्चमीसम्म, स्वस्थानी पूर्णिमा र तीजको दिन विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजनको मेला लाग्ने गर्दछ । साथै ताप्लेजुङ जिल्लामा रहेको पाथिभरा देवीथानमा जान नसक्नेले यहाँ आएर पूजा गर्दा मनोकांक्षा पूरा हुने विश्वाससमेत रहिआएको छ । वि.सं. २०७७ भाद्रदेखि नयाँ स्वरूपमा स्थानीय समुदायको सक्रिय सहभागिता र लगानीमा प्राविधिक रोहबरबिना मन्दिर बनाएर संरक्षण गरिएको छ । हाल भने यस मन्दिरको स्तरोन्नतिका लागि प्रदेश सरकार र स्थानीय सरकारको समेत आर्थिक सहयोगमा मन्दिरमा रंगरोगन तथा मार्बल र रेलिङ लगाइएको छ ।

### जलजलेश्वर मदादेव मन्दिर

मोलुङ गाउँपालिका क्षेत्रमा अवस्थित सुनकोशी गाउँपालिकाको सिमानामा मोलुङ र सोलुङ खोलाको बीचमा जलजले नामको ठूलो फाँट रहेको छ । त्यही फाँटको मध्यभागमा श्री जलजलेश्वर महादेवको मन्दिर रहेको छ । परापूर्व कालदेखि

स्थानीय बासिन्दाहरू जिल्लाका विभिन्न क्षेत्रका मानिसहरू तथा नेपालको पूर्वी क्षेत्रका मानिसहरू (काठमाडौं जाने-



आउने मूलबाटो परेकाले) समेतले यस मन्दिरको महत्त्व बढ्दै गएको छ । पूजाअर्चना र दर्शन गर्ने गरेको अझ अर्को महत्त्वपूर्ण कुरा, जलजलेश्वर महादेवस्थान वरपर पनि विभिन्न देवीदेवताका थान रहेका छन् । यस क्षेत्रमा मुख्य गरी ककनीका चम्पादेवी, बुङ्नामका कुन्तादेवी, भालुथुम्काका कालिकादेवी, बतासफुँगाका कुशादेवी, रामपुरका वरुणेश्वर इत्यादि रहेका छन् । धार्मिक-सांस्कृतिक र ऐतिहासिक महत्त्व भएको जिल्लाकै प्रख्यात शिवालय भने जलजलेश्वर महादेवस्थान नै मानिएको छ । उक्त जलजलेश्वर महादेवको उत्पत्तिका विषयमा विभिन्न किम्बदन्तीहरू पनि प्रचलित छन् जसमध्ये एउटा चाखलाग्दो किम्बदन्ती यस प्रकार छ-

बुङ्नामका एक मुखियाले जरायोटारमा रहेको आफ्नो खेतमा असारमा बेठी लगाई धान रोपाइँ सुरु गरेका रहेछन् । काम बाँकी नै रहेकाले गोरु, हली, खेताला त्यही नजिकै गोठमा बास बसेछन् भने मुखिया घरैमा सुत्न गएछन् । राति सुतेका बेला "तैले मेरो हेरविचार र थानवानको व्यवस्था गरिनस्, अब म यहाँ बस्तिनँ जलजलेमा गएर बस्छु" भनेको सपना देखेछन् । भोलिपल्ट जलजलेको भित्तामा गएर हेर्दा सपनामा भनिएअनुसारको शिला भेटिएछ । त्यही शिलालाई हाल मन्दिर भएको स्थानमा ल्याएर थपना गरी पूजाअर्चना गरिएको भन्ने पनि भनाइ रहेको पाइन्छ । अर्को अलि फरक कुरा के छ भने किराँतले पनि शिवलाई आफ्ना देवता मान्ने भएकाले उनीहरूले आफ्नो शासनकालमा त्यस स्थानमा शिवलिंग स्थापना गरी मन्दिर बनाएको पनि हुन सक्ने अनुमान गर्न सकिन्छ । यो मन्दिरको जीर्णोद्धार र मर्मतसम्भार गर्ने क्रममा पाइएका इँटाका नमुनाले पनि मन्दिर प्राचीन कालमा नै निर्माण भएको अनुमान गर्न सकिन्छ ।

वडा नम्बर ४ को जलजले बेंसीमा अवस्थित जलजलेश्वर मदादेव मन्दिर त्यस क्षेत्रमा मात्र नभएर पूरै जिल्ला, प्रदेश र राष्ट्रभरि नै लोकप्रिय पर्यटन केन्द्रका रूपमा रहेको छ । हाल आएर यो मन्दिर सबै धर्मावलम्बीहरूको आस्थाको केन्द्र भएको छ । यो मन्दिरमा दर्शन र पूजाआजा गर्न टाढाको दूरी पार गरेर पनि श्रद्धालुजनहरू आउने जाने गर्छन् । यहाँ हजारौँ पर्यटकहरू यस मन्दिरको दर्शनार्थ आउने गर्दछन् । पहिले बाला चतुर्दशी, महाशिवरात्रि, राम नवमीमा फाटफुट रूपमा दर्शनार्थीहरू आउने यस मन्दिरमा अहिले हजारौंको संख्यामा धार्मिक पर्यटकहरू आउने गर्दछन् । लगानी थप गर्न सकेको खण्डमा यो मन्दिर महत्त्वपूर्ण धार्मिक पर्यटन केन्द्र हुन सक्ने देखिन्छ ।

यस मन्दिर आ.व. २०८१/८२ मा फागुन ३-१३ सम्म जलजलेश्वर महादेव प्रतिष्ठानको अग्रसरतामा बिभिन्न २० वटा संघ संस्थाहरुको सक्रियतामा शिवरात्रीको अवसर पारेर एक बृहत धार्मिक अनुष्ठान सम्पन्न भयो ।  ११ दिनसम्म चलेको शिवमहापुराण ज्ञान महायज्ञमा उपस्थित श्रद्धालु भक्तजन र जनसमुदायहरुको  उल्लेख्य सहभागितालाइ हेर्दा पर्यटनका पूर्वाधारहरु बिकास गर्न सकेको खण्डमा निकट भविष्यमै यो मन्दिर एक महत्वपूर्ण धार्मिक-सांस्कृतिक पर्यटन गन्तव्य हुन सक्ने देखिन्छ ।

**सेप्ली झरना**

गाउँपालिकाको मध्यभागमा रहेको सेप्ली छाँगो प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। त्यस क्षेत्रमा मात्र नभएर पूरै जिल्ला, प्रदेश र राष्ट्रभरि नै लोकप्रिय र आकर्षक पर्यटन केन्द्रका रूपमा रहेको छ। यसमा हजारौं पर्यटकहरू यस झरनाको अवलोकन गर्न आउने गर्दछन्।



ओखलढुंगा जिल्लाको सेप्ली झरना प्राकृतिक र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो। सेप्ली झरना ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिका वडा नम्बर ७ र ८ को बीचमा अवस्थित छ। यस ठाउँमा जानका लागि ओखलढुंगा सदरमुकामबाट रिजर्भ जिपमा उत्तर-पश्चिमतर्फ बिगुटारको सुर्के हुँदै करिब २ घण्टामा राँगादीपको स्कुलडाँडाबाट अझ १५ मिनेट अगाडि बढेपछि जिप यात्रा समाप्त भई त्यहाँबाट चुलीडाँडा, कोरनाम हुँदै डेढ घण्टा पैदल हिँड्नुपर्छ र अन्तमा सेप्ली गाउँबाट आधा घण्टा उकालो साँघुरो बाटो छिचोलेपछि सेप्ली झरनामा पुगिन्छ।

सेप्ली झरना विकट स्थानमा रहेकाले अझैसम्म प्रचारप्रसार र सुविधा अभावमा ओझेलमा परेको मानिन्छ। यो झरना ओखलढुंगाका झरनामध्ये धेरै ठूलो र आकर्षक मानिन्छ यद्यपि यसको यकिन ऊचाई नापिएको छैन तर १५० मिटरभन्दा अग्लो भएको अनुमान गरिएको छ। यस झरनामा एकैसाथ विभिन्न धारहरू भीरको बीचबाट सिधै दहमा खस्छन्, जुन दृश्य द्रुत प्रवाह, ठूलो बहाव र प्राकृतिक रूपले आकर्षक देखिन्छ। पूर्णिमाका दिनमा मात्र देखिने अनौठो ढुंगा, झाँक्री गुफा, पानीको दहमा खस्दा फरक आवाज आउने आदि झरनासँग सम्बन्धित स्थानीय मिथकहरू पाइन्छन्। यो स्थान चट्टान आरोहण (रक क्लाइम्बिङ) तथा मौलिक प्राकृतिक दृश्यकै लागि पनि उपयुक्त र आकर्षक रहेको छ। (नवराज कार्की (२०७६, सुन्दर सेप्ली झरना, ओखलढुंगा खबर डटकम, सोमबार, कात्तिक ४, २०७६, https://www.okhaldhungakhabar.com/detail/52)

**गुम्बा**

मोलुङ गाउँपालिकामा रहेका प्रमुख गुम्बाहरूमा उर्गेन छयोलिङ गुम्बा र पात्ले तेन्जुर तेङगुर गुम्बा हुन्। यी गुम्बाहरू मोलुङ गाउँपालिकाभित्र रहेका अहिले पनि सक्रिय धार्मिक केन्द्र हुन् र स्थानीय बौद्ध धर्मावलम्बीहरूको महत्त्वपूर्ण धार्मिक स्थलको रूपमा मानिन्छन्। गुम्बाहरू मोलुङ गाउँपालिकाका धार्मिक स्थलहरूमध्येकै महत्त्वपूर्ण स्थान ओगट्छन् र स्थानीय सांस्कृतिक र धार्मिक क्रियाकलापको केन्द्र हुन्। गुम्बाहरू बौद्ध धर्मावलम्बीहरूका लागि धार्मिक अनुष्ठान, पूजा, खुराक, बौद्धधर्म अध्ययन र स्थानीय समुदायका लागि धार्मिक सभास्थलका रूपमा सेवा दिइरहेका छन्। यी गुम्बा क्षेत्रीय सांस्कृतिक धरोहरका रूपमा पनि चिनिन्छन् जसले पर्यटक एवं आध्यात्मिक खोजीमा आएका व्यक्तिहरूलाई आकर्षित गर्ने गरेको पाइन्छ।

### ३.३ वडागत पर्यटनको वर्तमान अवस्था

यहाँ विभिन्न प्राकृतिक स्रोत र धार्मिक स्थलहरू रहेका छन् जस्तै-मोलुङ खोला, सेप्ली झरना, च्यादी झरना, कुन्तादेवी मन्दिर, वरुणेश्वर महादेव मन्दिरलगायत रहेका छन् । जसको प्रवर्द्धन गर्न सकेमा पर्यटकका लागि आकर्षणको केन्द्रको रूपमा विस्तार गर्न सकिने देखिन्छ । गाउँपालिकामा रहेका र पर्यटकीय सम्भावना रहेका स्थलहरूको विवरण यो खण्डमा प्रस्तुत गरिएको छ ।

#### पर्यटन सेवा

पर्यटन प्रवर्द्धनका लागि पर्यटन सेवा अनिवार्य हुन्छ । तर यस गाउँपालिकामा पर्यटन सेवाको क्षेत्रमा धेरै प्रगति भएको देखिँदैन । तथापि निजी स्तरमा केही सामान्य होटलहरूको सञ्चालन भएको देखिन्छ । वडा नम्बर १ का पर्यटन सेवामा वडाभित्र चिया पसलहरू १०/१२ वटा जति रहेका छन् भने होटल तथा लजहरू छैनन् । वडा २ मा साधारण होटल छन् । वडा ३ मा साधारण होटल छन् । वडा ४ मा जलजलेश्वर मन्दिरमा मेला लाग्ने दिन साउन र कात्तिक महिनामा सामान्य पर्यटन सेवा सञ्चालन हुन्छ । वडा ५ मा साधारण होटल छन् । वडा ६ मा साधारण होटल छन् । डोम तामाङ, आङरिता शेर्पा, दिलबहादुर तामाङ, पालजंग शेर्पा (सगरमाथा आरोही-देवेन्द्रबहादुर तामाङ, तेन्जिङ शेर्पा)टुरिस्ट गाइड गर्छन् । वडा ७ मा होटल साधारण होटल छन् तर होमस्टे छैनन् । वडा ८ मा सेप्ली झरनाका लागि पर्यटन सेवा पुर्याउन सेप्लीमा नरेश तामाङले होमस्टे सञ्चालन गरेका छन् । लाक्पा शेर्पा टुरिस्ट गाइड हुन् ।

### ३.४ गाउँपालिकाका सम्भाव्य पर्यटकीय स्थलहरू

#### काभ्रे छाँगो

वडा नम्बर १ र २ को सिमानामा पर्ने वडाको पश्चिम सिमाना भएर बग्ने झगरपुर खोला र लगभग मध्यभाग भएर बग्ने धोबी खोला मिसिएको दोभाननजिक एउटा रमणीय छाँगो रहेको छ । स्थानीय समुदायले काभ्रे छाँगो भन्ने गरेको यो सानो झरनाको थोरै माथिबाट एउटा झोलुंगेपुलको निर्माण भएको छ । मोलुङ वडा नम्बर एक र दुईको सिमाना नदी धोबी खोलाको यो छाँगाको वारिपारि कच्ची सडक रहेका छन् ।

#### मोलुङ पुल

प्राप्चाको देउरालीदेखि रामपुर बजारसम्म झोलुंगेपुल निर्माण गरेमा बन्जी जम्पिङ सञ्चालन गर्न सकिन्छ । यसबाहेक वडा नम्बर ३ मा रहेका तीनतले, सेलेलेको यलुङ झरना, पहरी बस्तीमा धार्मिक तथा सांस्कृतिक पर्यटनको सम्भावना रहेको छ ।

#### थानीढुंगा

पालिकाको वडा नम्बर २ को रामपुर बस्तीको माथिपट्टि डाँडामा थानीढुंगा भन्ने ठाउँ छ । अहिले पनि केही पर्यटकहरू पैदल हिँडेर त्यो ठाउँसम्म पुग्छन् । मोटरबाटो पुगेको खण्डमा त्यो स्थान आकर्षक पर्यटन केन्द्र हुन सक्ने देखिन्छ ।

### ३.५ वडागत पर्यटन विकासको सम्भावना

यसरी हेर्दा प्राकृतिक सौन्दर्यका लागि सबभन्दा आकर्षक सम्भाव्य पर्यटकीय स्थल वडा ७ को सेप्ली झरना हो । त्यसैगरी वडा २ को थानढुंगा अर्को सम्भावित प्राकृतिक पर्यटकीय स्थल हो ।

मोलुङ गाउँपालिकाको वडा नम्बर १ मा रहेका केही पर्यटकीय स्थलहरूमा काभ्रे छाँगो, कुन्तादेवी मन्दिर, सेतीदेवी मन्दिर इत्यादि हुन् । कुन्तादेवी मन्दिरका आसपासमा अरू पनि पर्यटकीय महत्त्वका मन्दिर छन् जसले पर्यटकीय क्षेत्रमा थप आकर्षण प्रदान गर्न सक्ने देखिन्छ । वडा नम्बर २ का प्राकृतिक पर्यटकीय स्थलमा थानढुंगा, काभ्रे छाँगो र धार्मिक-सांस्कृतिक पर्यटकीय स्थलमा वरुणेश्वर महादेव मन्दिर रहेको छ । वडा नम्बर ३ का पर्यटकीय महत्त्वका स्थलहरू प्राप्चा देउराली र तीनतले मन्दिर आदि रहेका छन् । वडा नम्बर ४ मा बेली-चमेली कुलो र जलजलेश्वर महादेव मन्दिर प्रसिद्ध छन् । वडा नम्बर ५ मा अँधेरी छाँगो, रमिते डाँडा, बुद्ध मन्दिर, रमिते डाँडामा रहेको माने रहेका छन् । त्यसैगरी वडा नम्बर ४ को जलजलेको महादेवस्थानको मन्दिर र वडा नम्बर ६ को उर्गेन छयोलिङ गुम्बा र पात्ले तेन्जुर तेङगुर गुम्बा सबभन्दा महत्त्वपूर्ण धार्मिक-सांस्कृतिक पर्यटकीय स्थल हुन् ।

वडा नम्बर ६ मा तीनतलेको नागी, सेलेले र यालुङ झरना, गुम्बा, उर्गेन छोलिङ गुम्बा (मंसिरे डाँडा, पात्ले तेन्जुर तेङगुर गुम्बा (प्रधानबास) छन् । वडा नम्बर ७ मा जलकन्या, चण्डीथान, पाँचकन्या, जलकन्या (रचने, इन्द्रावती, एकराते मन्दिर, शिव मन्दिर, सरस्वती मन्दिर, श्री बेथेन छोलिङ सेन्डुप गुफा, श्री शिंगुर किंगुर गुफा, श्री केर्जेहम गुम्बा-पात्ले, जलकन्या, चण्डीथान, जलकन्या (रचने), इन्द्रावती इत्यादि रहेका छन् । वडा नम्बर ८ मा सखरे डाँडालगायत आकर्षक सम्भावनायुक्त क्षेत्र रहेका छन् ।

यस क्षेत्रमा जलजले बेंसी, मोलुङ खोला, सोलुङ खोला, धोबी खोला, भीमखर्कको गुफा इत्यादिको पनि पर्यटकीय सम्भावना रहेको छ । ऐतिहासिक महत्त्वका हिसाबले वडा १ को कुन्तादेवी मन्दिर र वडा ४ को बेली–चमेली कुलो सम्भाव्य पर्यटकीय स्थल हुन् । यस गाउँपालिकाका प्रबल पर्यटकीय सम्भावना रहेका स्थलहरूको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ५: सम्भाव्य पर्यटकीय स्थलहरु**

| वडा नम्बर | पर्यटकीय स्थल | विशेषता | वर्तमान पहुँच स्थिति | गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|
| **वडा नं. १** | काभ्रे छाँगा, कुन्तादेवी मन्दिर, झगरपुरको प्राकृतिक दृश्य | दृश्यावलोकन, धार्मिक स्थल | सडक तथा पैदल यात्रा | जैविक एवं संरचनागत संरक्षण |
| **वडा नं. २** | थानी ढुंगा, गुरु लुइँटेल पार्क | प्राकृतिक ढुंगा, गुरुहरूको ऐतिहासिक स्थल | पैदल यात्रा | सूचना प्रवाह सुधार, पर्यटक हितका लागि बाटो सुधार |
| **वडा नं. ३** | तीनतले डाँडा, कुल खोला | उच्च स्थान, दृश्यावलोकन, साहसिक यात्रा | ग्रामीण बाटो | स्थलगत अनुगमन, पूर्वाधार थप, पहिरो न्यूनीकरण |
| **वडा नं. ४** | जलजले, जलजलेश्वर महादेव मन्दिर, घट्टेछाँगा झरना | धार्मिक स्थल, दृश्यावलोकन, मेला | सामान्य पहुँच | संरचनागत प्रवर्द्धन, चेतना कार्यक्रम |
| **वडा नं. ५** | पाँचकन्यादेवी, चम्पादेवी मन्दिर, तालकोट गुफा | धार्मिक स्थल, गुफा, प्राकृतिक छाँगा | पैदल यात्रा | सूचना बोर्ड, गुफा सुरक्षा, प्रदर्शन सुधार |

| | | | | |
|---|---|---|---|---|
| **वडा नं. ६** | तिनतले डाँडा, मोलुङ खोला संगम, घाँसे मैदान | उचाइयुक्त स्थान, जलाधार, दृश्यावलोकन | सडकको पहुँच | जैविक विविधता संरक्षण, जिम्मेवारी व्यवस्थापन |
| **वडा नं. ७** | सेप्ली झरना, तालकोट, पात्लेखोला, घलेगाउँ | प्राकृतिक जल, झरना, गुफा, दृश्यावलोकन | पैदल एवं ग्रामीण मार्ग | पहिरो न्यूनीकरण, गन्तव्यको प्रचा प्रसार |
| **वडा नं. ८** | खिम्ले, पालेरु, राँगादीप, नेबारे, गुफा, झरना | दृश्यावलोकन, धार्मिक-सांस्कृतिक स्थल, गुफा | ग्रामीण मार्ग, पहिरो जोखिम | गन्तव्यमै सूचना केन्द्र, संर पुनःस्थापना |

*स्रोत: वडागत छलफल २०८२*

पर्यटन प्रवर्द्धनको नीतिअनुसार आवश्यक बजेटको तर्जुमा गर्न सकेको खण्डमा उपर्युक्त स्थलहरू महत्त्वपूर्ण पर्यटकीय स्थल हुन सक्ने देखिन्छ । ओखलढुंगा जिल्लाको मध्यभागमा रहेको मोलुङ गाउँपालिका प्राकृतिक, ऐतिहासिक पुरातात्त्विक, धार्मिक सांस्कृतिक र साहसिक सबै किसिमबाट उल्लेख्य पर्यटकीय सम्भावना भएको क्षेत्र हो । यो गाउँपालिका जातजातिको हिसाबले सम्पन्न बसोबास क्षेत्र पनि भएकाले यहाँ सांस्कृतिक पर्यटन पनि सहजै विकास हुने देखिन्छ।

पर्यटन प्रवर्द्धनका यस्ता धेरै सम्भावना बोकेको ओखलढुंगाको मोलुङ गाउँपालिकामा धेरै प्रकारका पर्यटकीय गतिविधिहरू सहजै सञ्चालन गर्न सक्ने प्राकृतिक पूर्वाधार तयार नै रहेको छ। तीमध्ये प्राकृतिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन, खेलकुद पर्यटन, पर्यावरण पर्यटन, औद्योगिक पर्यटन, खनिज पर्यटन, स्वास्थ्य पर्यटन आदि हुन्। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका साथै स्थानीय जागरुक व्यक्तित्वहरूले विशेष भूमिका निभाई स्थानीय व्यक्तिहरूलाई परिचालन गरी जनचेतना विस्तार गर्न सकेमा आफ्नोपनको संरक्षणका साथै पर्यटकीय गतिविधि बढ्न गएर उल्लेख्य आर्थिक विकास र प्रसिद्धि कमाउन सक्ने देखिन्छ।

मोलुङ गाउँपालिकामा यस्ता खाले पर्यटकीय सम्भावना भए तापनि पहाड-पर्वतबाट सुगम स्थानमा बसाइँ सर्ने, गाउँबाट सहर जाने, देश छोडेर विदेश जाने युवाहरूको लहरले गर्दा भविष्यको सम्भावनालाई उजागर गराउन केही कठिनाइ हुन सक्ने देखिन्छ। यस अर्थमा राज्य र स्थानीय सरकारले पर्यटनतर्फ चनाखो हुनुपर्ने अवस्था छ। बढ्दो वैदेशिक सम्पर्क र परसंस्कृतिको प्रभावका कारणले गर्दा स्थानीय रैथाने संस्कृति, ज्ञान, सीप, क्षमता दक्षताहरूको सुरक्षा गर्नु आवश्यक बनेको छ । वर्तमान युवा पुस्ताले आफ्नो संस्कृतिप्रति कम महत्त्व दिनाले भविष्यमा मौलिक अस्तित्व जोगाउन निकै संघर्ष गर्नुपर्ने हुन सक्छ । तर पनि संस्कृतिकर्मी स्थानीय सचेतकहरूको भूमिका प्रभावकारी भएमा पालिकाले आफ्नै प्रयासमा पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारी जनचेतना विकास गर्न सकेमा संरचना संरक्षणका लागि ठूलो सहयोग पुग्न सक्छ।

उपरोक्त सम्भाव्य पर्यटकीय स्थलहरूको विकासका निम्ति केवल सम्भाव्य पर्यटकीय स्थल भएर पुग्दैन । साथमा ऐतिहासिक-सांस्कृतिक संग्रहालयहरू स्थापना गर्न सकेको खण्डमा सो हेर्न आउने पर्यटकहरूको वृद्धि हुन्छ। त्यस्ता पर्यटकहरू एक रात भए पनि बास नबस्न पाउने होम्सटेहरूमार्फत आयआर्जन पनि गर्न सकिने हुन्छ। तर यसका लागि पनि सरकारले पूर्वाधार विकास गर्नुको साथै निजी क्षेत्रको लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण बनाउने कार्य

गर्नुपर्छ। यसका निम्ति स्थानीय सरकारदेखि प्रदेश सरकार र संघीय सरकारले पर्यटन विकासका निम्ति उपयुक्त नीति र आवश्यक बजेट उपलब्ध गराउनुपर्ने हुन्छ।

## ३.६ गाउँपालिकाको आ.व. २०८२/८३ मा नीति तथा कार्यक्रममा समेटिएका विषयहरू

पर्यटन प्रवर्द्धनका लागि तय गरी आ.व. २०८२/८३ मा नीति तथा कार्यक्रममा समेटिएका विषयहरू देहायबमोजिम छन्-

### पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास

मोलुङ गाउँपालिका प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक महत्त्वले भरिपूर्ण छ। पर्यटकीय दृष्टिकोणले यहाँका जलप्रपात, धार्मिक स्थल, पुरातात्त्विक क्षेत्र, हिमाली पदमार्ग र बौद्धिक सम्पदाले भरिएका संरचनाहरू स्थानीय तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बन्न सक्ने ठूलो सम्भावना बोकेको छ। यसलाई व्यवस्थित गरी पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक वृद्धि, रोजगारी सिर्जना र सांस्कृतिक पहिचानको स्रोत बनाउने उद्देश्यका साथ निम्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछ-

### सेप्ली झरनाको विकास

सेप्ली झरनाको सौन्दर्य अभिवृद्धि तथा पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ।
क्यानोइङ (canoeing) खेलको सम्भाव्यता अध्ययन गरिनेछ।
झरनासँग जोडिएका स्थानहरूमा होमस्टे व्यवसाय सञ्चालनका लागि तालिम प्रदान गरिनेछ।
सेप्ली झरना पर्यटन महोत्सव यसै आर्थिक वर्षमा भव्य रूपमा आयोजना गरिनेछ।

### धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन

गाउँपालिकाभित्र रहेका मन्दिर, देवीस्थान, गुम्बाहरूलाई संरक्षण, मर्मत तथा सम्वर्द्धन गरिनेछ।
बुङ्नामगढी कुन्तादेवी, जलजलेश्वर त्रिवेणी धाम, मंसिरे गुम्बा, पत्ताले पार्क, तीनतले डाँडा, काभ्रे छाँगालगायत धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्वका क्षेत्रहरूको संरक्षण तथा विकास गरिनेछ।
ती स्थानहरूलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार(सडक, खानेपानी, विश्राम गृह, सूचनापाटी आदि) निर्माण गरिनेछ।
कुन्तादेवी मन्दिरमा कुन्तादेवी महोत्सव यसै आर्थिक वर्षमा भव्य रूपमा आयोजना गरिनेछ।

### पदमार्ग र लघु गन्तव्य विकास

थानी ढुंगा-रामपुर मार्गलाई छोटो दूरीको पर्यटकीय पदमार्गको रूपमा विकास गरिनेछ।
पदमार्गमा विश्रामस्थल, पाँचकन्या, दृश्यावलोकन टावर आदि पूर्वाधार निर्माण गरिनेछ।

### सम्भाव्यता अध्ययन र दीर्घकालीन योजना

गाउँपालिकाका सम्भावित स्थानहरूमा बौद्ध गुम्बा, स्तूप तथा शान्ति पार्क निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ। भविष्यमा पर्यटकको आकर्षण हुने स्थानको पहिचान गरी स्थानीय योजनामार्फत विकास गरिनेछ।

तीनतले क्षेत्रलाई पर्यटकीय तथा जडीबुटी विकासका लागि अध्ययन गरिनेछ।

### जीवित संग्रहालय (live museum) अवधारणामा आधारित पर्यटन

स्थानीय कला, संस्कृति, वेशभूषा, परम्परा र जीवनशैलीलाई प्रदर्शित गर्ने जीवित संग्रहालय अवधारणामा आधारित होमस्टे व्यवसाय सञ्चालनका लागि तालिम र आवश्यक सहयोग उपलब्ध गराइनेछ।

**सांस्कृतिक पर्यटन महोत्सव**

स्थानीय संस्कृति, परम्परा, खाना, नाचगान, कला, हस्तकला आदिको प्रदर्शन र प्रवर्द्धन गर्न बृहत् सांस्कृतिक पर्यटन महोत्सवको आयोजना गरिनेछ, जसको तयारी यसै आर्थिक वर्षदेखि थालनी गरिनेछ।
*स्रोतः मोलुङ गाउँपालिकाको आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम*

उपर्युक्त नीति तथा कार्यक्रमअनुसार आवश्यक बजेटको तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको खण्डमा ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिका पनि एक महत्त्वपूर्ण गन्तव्य हुन सक्छ।

हालैका केही बर्षहरुमा तीव्र गतिमा वृद्धि भइरहेको बसाइसराइको कारणले पनि नेपालको पहाडी भूभागका गाउँबस्तीहरु क्रमश: उजाड हुँदै गैरहेको सन्दर्भमा यो भूभागमा पर्यटन प्रवर्द्धनको महत्त्व झन् बढेको छ । त्यसकारण पनि यस पालिकाको पर्यटन प्रवर्द्धनसम्बन्धी नीति झन् बढी सान्दर्भिक छ।

# अध्याय चार
# जनसांख्यिक विवरण

कुनै पनि राजनैतिक वा भौगोलिक क्षेत्रभित्रको जनसांख्यिक विवरण भन्नाले सो क्षेत्रभित्र बसोबास गर्ने मानव जाति सम्पूर्ण संख्या, उक्त संख्याभित्रको लैंगिक विभाजन, उमेरअनुसारको विभाजन, जातजाति र जनजातिअनुसारको विभाजन, शैक्षिक अवस्था, वैवाहिक अवस्था र यस्तै सामाजिक र सांस्कृतिक विविधताका आधारमा वितरण जनाउँछ । त्यसर्थ जनसंख्याको वितरणभित्र आकार, वितरण, संरचना र वद्धिका अवयवहरू आउँछन् । आकारमा करुल जनसंख्या, वितरणमा विभिन्न सानासाना क्षेत्रहरूअनुसार जनसंख्याको विभाजन र बसोबास, संरचनाभित्र महिला र पुरुषकाबीचको अनुपात, उमेरअनुसार बाल, युवा, वयस्क र वृद्धा अवस्थाका मानिसको बीचको अनुपात र वृद्धिअन्तर्गत सो क्षेत्रको जनसंख्यामा समय क्रमअनुसार थपघट के कस्तो भइरहेको छ भनेर निर्क्योल हो ।

यी चारै जनसांख्यिक विश्लेषणका अवयवलाई जन्म, मृत्यु र बसाइँसराइका प्रक्रिया अथवा दरहरुले निर्धारण गरेका हुन्छन् । यिनै पक्षलाई ध्यानमा राखेर यो अध्ययनमा ओखलढुंगा जिल्लाका आठ स्थानीय निकायमध्ये जिल्लाको मध्यभागमा रहेको मोलुङ गाउँपालिकाको जनसांख्यिक विश्लेषण प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस अध्ययनको नतिजाले  स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई यो पालिका लक्षित जनसंख्यासम्बन्धी विशेष नीतिनियम बनाउन उपयोगी हुने अपेक्षा गरिएको छ ।

## ४.१ जनसंख्याको आकार र संरचना

यस खण्डमा पहिला मोलुङ गाउँपालिकाको वडाअनुसारको कुल घरपरिवार संख्या, पुरुष र महिला जनसंख्या, घरपरिवारको औसत आकार र लैंगिक अनुपातको प्रस्तुति गरिएको छ । त्यसपछि जनसंख्याको उमेरगत लैंगिक संरचना, जनसंख्याको जात/जातिगत, धार्मिक र मातृभाषाका आधारमा वितरण अथवा संरचना प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ जनसंख्याको वडागत संरचना

नेपालको २०७८ सालको जनगणनाअनुसार मोलुङ गाउँपालिका, ओखलढुंगामा ४,०६९ घरपरिवारमा १६,४४० जनसंख्याको बसोबास रहेको देखिन्छ छ । कुल जनसंख्याको करिब ४९% (८,०२७) पुरुष र बाँकी ८,४१३ अथवा ५१% महिलाको भएको देखिन्छ । यसरी हेर्दा उक्त गाउँपालिकामा प्रति १०० जना महिलामा ९५ जना पुरुषको संख्या रहेको लैंगिक अनुपातले देखाउँछ । उक्त पालिकामा एउटा घरपरिवारमा सरदरमा चार जनाको परिवार भएको देखिन्छ । घरपरिवार र जनसंख्याको आकारका हिसाबले वडा नं. २, १ र ६ ठूला वडा देखिन्छन् । यी वडामा ५२७ देखि ८८४ सम्म घरपरिवार र २,००० भन्दा बढी जनसंख्या रहेको देखिन्छ । यसै आधारबाट हेर्दा वडा नं. ३ र ५ सबैभन्दा साना भएको देखिन्छ । पालिकाका आठमध्ये ५ वडाहरू (वडा नं. ७, ६, ५, ३ र ८) मा बसोबास गर्ने घरपरिवारको औसत परिवारको आकार चार जना वा सोभन्दा बढी छ भने अन्य तीन वडाहरूको परिवारको आकार चारभन्दा कम देखिएको

छ। लैंगिक अनुपातका आधारमा हेर्दा वडा नं ४ सबै भन्दा बढी लैंगिक असन्तुलन भएको वडा जहाँ प्रति १०० महिलामा करिब ८९ जना मात्र पुरुष भएको देखिन्छ भने वडा नं. ७ मा प्रति १०० महिलामा १०४ पुरुष र ६ मा १०० भनदा केही बढी पुरुष भएको देखिन्छ। लैंगिक अनुपातको मानअनुसार वडा नं. ६, र ८ बढी लैंगिक सन्तुलन भएका वडाको रूपमा देखिन्छन् भने वडा नं. ४, १ र र २ जनसंख्याको लैंगिक संरचनामा अत्याधिक असन्तुलन (प्रति १०० महिलामा ९३ जना भन्दा कम पुरुष) भएका वडाको रूपमा देखिएका छन् (तालिका ६)।

**तालिका ६: २०७८ सालको जनगणनाअनुसार मोलुङ गाउँपालिकाको वडाअनुसार घरपरिवार, कुल र पुरुष र महिलाको जनसांख्यिक संरचना**

| वडा नं. | घर परिवार संख्या | जनसङ्ख्या | | | | | परिवारको औसत आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | पुरुष प्रतिशत | महिला | महिला प्रतिशत | | |
| सबै वडाको जम्मा | ४,०६९ | १६,४४० | ८,०२७ | ४८.८ | ८,४१३ | ५१.२ | ४.० | ९५.४ |
| वडा नं. १ | ५८४ | २,२२४ | १,०५५ | ४७.४ | १,१६९ | ५२.६ | ३.८ | ९०.२ |
| वडा नं. २ | ८८२ | ३,३२७ | १,६०१ | ४८.१ | १,७२६ | ५१.९ | ३.८ | ९२.८ |
| वडा नं. ३ | २९९ | १,२०६ | ५८९ | ४८.८ | ६१७ | ५१.२ | ४.० | ९५.५ |
| वडा नं. ४ | ४८४ | १,८९९ | ८९२ | ४७.० | १,००७ | ५३.० | ३.९ | ८८.६ |
| वडा नं. ५ | ३४७ | १,४४१ | ६९९ | ४८.५ | ७४२ | ५१.५ | ४.२ | ९४.२ |
| वडा नं. ६ | ५२७ | २,३२५ | १,१६६ | ५०.२ | १,१५९ | ४९.८ | ४.४ | १००.६ |
| वडा नं. ७ | ४५५ | २,०३१ | १,०३९ | ५१.२ | ९९२ | ४८.८ | ४.५ | १०४.७ |
| वडा नं. ८ | ४९१ | १,९८७ | ९८६ | ४९.६ | १,००१ | ५०.४ | ४.० | ९८.५ |

*स्रोत– रा.त.का., राष्ट्रिय जनगणना २०७८, तालिका १८, स्थानीय तह*

२०७८ सालको जनगणना अनुसार मोलुङ गाँउपालिकाको वडाअनुसार घरपरिवार, कुल र पुरुष र महिलाको जनसांख्यिक संरचना वडागत रूपमा विश्लेषण गर्दा, लैंगिक अनुपातमा उल्लेखनीय भिन्नताहरू देख्न सकिन्छ। लैंगिक अनुपात सबैभन्दा कम वडा नं. ४ मा ८८.६ रहेको पाइएको छ, जसले यहाँ पुरुषको तुलनामा महिलाको संख्या धेरै बढी रहेको औंल्याउँछ। यसको विपरीत, वडा नं. ७ मा लैंगिक अनुपात सबैभन्दा बढी १०४.७ रहेको देखिन्छ, जसले यस वडामा पुरुषको संख्या महिलाको भन्दा बढी रहेको अवस्थालाई चित्रण गर्दछ।

गाउँपालिकाको औसत परिवार संख्या ४.० रहेको पाइन्छ। यसले गाउँपालिकाका घरधुरीहरूमा औसतमा चार जना सदस्यहरू बसोबास गर्ने गरेको अवस्थालाई देखाउँछ। वडागत रूपमा हेर्दा, वडा नं. ७ र ६ मा औसत परिवार संख्या अन्य वडाहरूमा भन्दा बढी क्रमश: ४.५ र ४.४ रहेको पाइएको छ, जसले यी वडामा तुलनात्मक रूपमा ठूला परिवारहरू रहेको संकेत गर्दछ। यसको विपरीत, वडा नं. १ र २ मा औसत परिवार संख्या ३.८ रहेको देखिन्छ।

वडागत विश्लेषणले मोलुङ गाउँपालिकाको जनसंख्या वितरणमा लैंगिक असमानता विद्यमान रहेको र विशेषगरी केही वडाहरूमा महिलाको संख्या पुरुषको भन्दा धेरै बढी रहेको तथ्यलाई प्रकाश पार्दछ। यो अवस्था बसाइँसराइ, शिक्षा, रोजगारीका अवसरहरू र सामाजिक परम्पराहरूजस्ता विभिन्न कारकहरूबाट प्रभावित हुन सक्ने सम्भावना देखिन्छ। विकास योजनाहरू तर्जुमा गर्दा र सेवा प्रवाहका कार्यक्रमहरू सञ्चालन गर्दा यी लैंगिक र वडागत भिन्नताहरूलाई सम्बोधन गर्नु आवश्यक देखिन्छ।

### ४.१.२ उमेर र लैंगिक संरचना

तालिका ४.२ को तथ्यांकीय विश्लेषणअनुसार मोलुङ गाउँपालिका १० देखि २० वर्षभित्रका उमेर समूहको जनसंख्या बहुल भएको देखिन्छ। यो १० वर्षको उमेर समूहका बिचमा करिब २२% जनसंख्या रहेको देखिन्छ भने अन्य कुनै पनि १० वर्षे उमेर अन्तरालमा सो आकारमा जनसंख्या देखिँदैन। १५ वर्षभन्दा कम उमेरको बालबालिकाको संख्या कुल जनसंख्यामा २६% छ भने ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरकाको अंश करिब १४% छ। यसबाट के स्पस्ट हुन्छ भने यो पालिकाको जनसंख्या विस्तारै बुढ्यौली बहुल उमेर संरचनातिर लम्कँदै छ। किनकि यदि ६० वर्षमाथिको जनसंख्याको अनुपात कुल जनसंख्यामा १२% भन्दा बढी र १५ वर्ष मुनिकाको ३०% भन्दा कम देखिएमा सो जनसंख्याको उमेर संरचना बुढ्यौली बयतिर लागेको भन्ने जनाउँदछ। यो गाउँपालिकामा आर्थिक रूपले सक्रिय उमेर १५–५९ वर्षको जनसंख्याको अंश महिला र पुरुष दुवैमा ६०% भन्दा नगन्य माथि छ छ जुन ओखलढुंगा जिल्लाको ६१%, कोशी प्रदेशको ६३%, र नेपालको राष्ट्रिय आँकडा ६२% भन्दा एकदेखि तीन अंकबिन्दुले कम देखिन्छ (तालिका ८)। यसको पछाडिको कारणमा अरू तुलना गरिएका निकायको भन्दा मोलुङ गाउँपालिकाबाट सक्रिय उमेर समूहका मानिसको बसाँइसराइको प्रवृत्ति बढी भएकाले हुन सक्छ।

पाँच वर्षमुनिको जनसंख्याको लैंगिक अनुपातलाई जन्मँदाको लैंगिक अनुपातको रूपमा पनि लिइन्छ। जसअनुसार हामी के निष्कर्षमा पुग्न सकिन्छ भने यो पालिकामा प्रति ११९ छोरा शिशुको जन्म हुँदा १०० मात्र छोरी शिशुको जन्म हुन्छ। यसको मतलवप्रति १०० पुरुष बच्चा जन्मँदा करिब १८ जना छोरी बच्चा कम जन्मन्छन्। यसले भविष्यमा जनसंख्यामा लैंगिक अनुपातमा असन्तुलन ल्याउन सक्ने अवस्था जनाउँछ। त्यस पछिका ५५–५९ वर्ष उमेर समूहमा बाहेक अरू सबै उमेर समूहमा प्रति १०० महिलामा १०० जना भन्दा कम पुरुषको संख्या भएको देखाउँछ। (तालिका ७)। यसका पछाडिका कारणमा सक्रिय उमेर समूहमा महिलाको तुलनामा पुरुषको बाह्य बसाँइसराइ र पाको उमेर समूहमा पुरुषको भन्दा महिलाको मृत्यु दर कम हुने प्रवृत्ति बढ्दै गएकाले हो भन्न सकिन्छ।

जनसंख्याको उमेर र लैंगिक संरचनालाई एकै स्थानबाट देखाउने स्तम्भ चित्र (उमेर लैंगिक संरचना पिरामिड) ले देखाएअनुसार मोलुङ गाउँपालिकामा पुरुष र महिला दुवै १०–१९ वर्ष समूहकाको बहुलता छ। पिरामिडको आधारस्तम्भ ०–४ र ०५–०९ वर्षका बालबालिकाको आकारले सो समूहको जनसंख्या एक पछि अर्को वर्ष उल्लेख्य


रूपले उठ्दै गएको देखाउँछ । एक दुई अपवादबाहेक २० वर्ष पछिको हरेक उमेर समूहमा महिलाको तुलनामा पुरुषको संख्या निकै कम भएको स्तम्भ चित्रबाट स्पस्ट देख्न सकिन्छ (रेखा चित्र ४.१) ।

**तालिका ७: मोलुङ गाउँपालिकाको जनसंख्याको उमेर र लैंगिक संरचना, जनगणना २०७८**

| उमेर समूह | कुल | | पुरुष | | महिला | | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % | |
| सबै जम्मा | १६,४४० | १००.० | ८,०२७ | ४८.८ | ८,४१३ | ५१.२ | ९५.४ |
| ००-०४ वर्ष | १,२३७ | ७.५ | ६७१ | ४.१ | ५६६ | ३.४ | ११८.६ |
| ०५-०९ वर्ष | १,३७७ | ८.४ | ६७८ | ४.१ | ६९९ | ४.३ | ९७.० |
| १०-१४ वर्ष | १,६६६ | १०.१ | ८१६ | ५.० | ८५० | ५.२ | ९६.० |
| १५-१९ वर्ष | १,७१४ | १०.४ | ८१७ | ५.० | ८९७ | ५.५ | ९१.१ |
| २०-२४ वर्ष | १,४९५ | ९.१ | ७३९ | ४.५ | ७५६ | ४.६ | ९७.८ |
| २५-२९वर्ष | १,३१२ | ८.० | ६४४ | ३.९ | ६६८ | ४.१ | ९६.४ |
| ३०-३४ वर्ष | १,०६१ | ६.५ | ५२० | ३.२ | ५४१ | ३.३ | ९६.१ |
| ३५-३९ वर्ष | ९७० | ५.९ | ४५६ | २.८ | ५१४ | ३.१ | ८८.७ |
| ४०-४४ वर्ष | ९५९ | ५.८ | ४५९ | २.८ | ५०० | ३.० | ९१.८ |
| ४५-४९ वर्ष | ७५१ | ४.६ | ३६२ | २.२ | ३८९ | २.४ | ९३.१ |
| ५०-५४ वर्ष | ९५४ | ५.८ | ४६३ | २.८ | ४९१ | ३.० | ९४.३ |
| ५५-५९ वर्ष | ७१२ | ४.३ | ३६४ | २.२ | ३४८ | २.१ | १०४.६ |
| ६०-६४ वर्ष | ६६१ | ४.० | ३०० | १.८ | ३६१ | २.२ | ८३.१ |
| ६५-६९ वर्ष | ५४५ | ३.३ | २५९ | १.६ | २८६ | १.७ | ९०.६ |
| ७०-७४ वर्ष | ४२४ | २.६ | २०३ | १.२ | २२१ | १.३ | ९१.९ |
| ७५-७९ वर्ष | २९७ | १.८ | १३२ | ०.८ | १६५ | १.० | ८०.० |
| ८०-८४ वर्ष | १६७ | १.० | ८३ | ०.५ | ८४ | ०.५ | ९८.८ |
| ८५+ वर्ष | १३८ | ०.८ | ६१ | ०.४ | ७७ | ०.५ | ७९.२ |

*स्रोत– रा.त.का., राष्ट्रिय जनगणना २०७८, तालिका १८, स्थानीय तह*

**रेखाचित्र ४.१– मोलुङ गाउँपालिका, ओखलढुंगाको जनसंख्याको उमेर लैंगिक बनोट स्तम्भ चित्र (जनसंख्या पिरामिड)**




स्रोत– तालिका ७

**तालिका ८: बृहत् उमेर संरचना, मोलुङ गाउँपालिका, ओखलढुंगा जिल्ला, कोशी प्रदेश र नेपालका बीच तुलनात्मक प्रस्तुति**

| तुलना गरिएका तह | ००-१४ वर्ष | | | १५-५९ वर्ष | | | ६०+ वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| मोलुङ गा.पा. | २६.० | २७.० | २५.१ | ६०.४ | ६०.१ | ६०.७ | १३.६ | १२.९ | १४.२ |
| ओखलढुंगा | २५.० | २६.० | २४.० | ६०.९ | ६०.२ | ६१.५ | १४.२ | १३.८ | १४.५ |
| कोशी प्रदेश | २६.० | २७.४ | २४.७ | ६२.८ | ६१.३ | ६४.२ | ११.२ | ११.३ | ११.२ |
| नेपाल | २७.८ | २९.७ | २६.१ | ६२.० | ६०.२ | ६३.७ | १०.२ | १०.१ | १०.३ |


*स्रो– रा.त.का., राष्ट्रिय जनगणना २०७८, तालिका १८, स्थानीय तह*

मोलुङ गाउँपालिकामा १५ वर्षमुनिको बालबालिकाको कुल जनसंख्यामा अनुपात अथवा अंश कोशी प्रदेशको आकार बराबरजस्तो देखिन्छ भने ओखलढुंगा जिल्ला र ओखलढुंगा जिल्लाको र समग्र नेपालको भन्दा केही बढी देखिन्छ । उदाहरणका लागि महिला र पुरुष दुवैको कुलमा हेर्दा मोलुङमा १५ वर्षमुनिको जनसंख्याको अनुपात २६% प्रतिशत छ,

जुन समग्र नेपालको भन्दा करिब २ प्रतिशतले कम हो भने ओखलढुंगा जिल्लाको भन्दा १ प्रतिशतले बढी देखिन्छ। उता सक्रिय उमेर समूहको जनसंख्या भने महिला र पुरुष दुवैको हकमा ओखलढुंगासँग मिल्दो जुल्दो छ भने कोशी प्रदेश र समग्र नेपालको भन्दा केही कम देखिन्छ। ६० वर्ष माथिकाको अनुपात कोशी प्रदेश र नेपालको भन्दा निक्कै बढी देखिन्छ। जिल्लाको अवस्थासँग मिल्दोजुल्दो देखिन्छ (रेखा तालिका ४.३ र रेखाचित्र ४.२)। यसका पछाडिको निर्धारक पक्षमा सक्रिय उमेर समूहका जनसंख्याको मोलुङबाट हुने बाह्य बसाइँसराइलाई लिन सकिन्छ।

उमेर आश्रित अनुपात हेर्दा मोलुङमा प्रति १०० काम गर्ने उमेर समूहका व्यक्तिमा (१५-५९ वर्षका व्यक्तिमा) ४३ जना १४ वर्षमुनिका र करिब २३ जना ६० वर्ष र सोभन्दा माथिको उमेरका मानिसको गहन दायित्व रहेको देखिन्छ। यो अनुपात बाल आश्रितको हकमा महिलाको ४१ जनाको दायित्वभन्दा पुरुषको हकमा ४५ देखिएको छ। त्यसैगरी वृद्धवृद्धा आश्रितको हकमा प्रति १०० सक्रिय उमेरका महिलामा २३ जना महिलाको दायित्व रहेको देखिन्छ पुरुषको हकमा जुन २२ छ।

**रेखाचित्र ४.२ बृहत् उमेर समूहअनुसार मोलुङ गाउँपालिकाको जनसांख्यिक संरचनाको ओखलढुंगा जिल्ला, कोशी प्रदेश र नेपालसँगको तुलनात्मक प्रस्तुति**




स्रोत– तालिका ७

### ४.१.३ पारिवारिक संरचनाको विश्लेषण

पारिवारिक संरचना समाजको आधारशिला हो र यसले सामाजिक तथा आर्थिक गतिशीलतामा महत्त्वपूर्ण प्रभाव पार्दछ । परिवारलाई सामान्यतः एकल, संयुक्त र बृहत् गरी तीन वर्गमा राखेर परिभाषित गर्ने गरिन्छ । एकलमा एक दम्पती र उनीहरूका आफ्नै सन्तान मात्र अथवा बाउ–आमा र छोरा–छोरी दुई पुस्ता मात्रै बसोबास गर्ने, संयुक्तमा प्राकृतिक नातासम्बन्ध भएका तीन अथवा चार पुस्ताका व्यक्तिहरू जस्तै हजुरबा–आमा, घरमूली र उनका श्रीमान्–श्रीमती, घरमूलीका छोराछोरी र नाति–नातिना पनि सँगै बस्ने परिवार पर्छन् भने बृहत् परिवारमा घरमूलीका बाउ–आमा, विवाहित दाजु–भाइ र दिदी–बहिनी, उनीहरूका सन्तान साथै अन्य टाढाका नाता पर्ने र नपर्ने व्यक्तिहरू सँगै बस्ने र एकै भान्सा खाने परिवारलाई लिइन्छ । यहाँ परिवारको संरचनालाई सजिलोका लागि एकल र संयुक्तका रूपमा वर्गीकरण गरेर हेर्न खोजिएको छ । परिवारको संरचनाको अनुपातले कुनै पनि समुदायमा सामाजिक–सांस्कृतिक परिवर्तन, आर्थिक अवस्था, र सहरीकरणको प्रभावलाई प्रतिविम्बित गर्दछ । यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकलाई आधार मानी मोलुङ गाउँपालिकामा एकल र संयुक्त परिवारको अनुपातको विस्तृत विश्लेषण तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९: मोलुङ गाउँपालिकाको जनसंख्याको पारिवारिक संरचनाका आधारमा वडाअनुसार वितरण, जनगणना २०७८**

| वडा नम्बर | जनसंख्या (संस्थागतबहेक) | | | संख्या | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | एकल | संयुक्त | एकल | संयुक्त |
| वडा नम्बर १ | २,२२४ | १,०५५ | १,१६९ | १,१६६ | १,०५८ | ५२.४ | ४७.६ |
| वडा नम्बर २ | ३,३२७ | १,६०१ | १,७२६ | १,९३० | १,३९७ | ५८.० | ४२.० |
| वडा नम्बर ३ | १,२०६ | ५८९ | ६१७ | ७११ | ४९५ | ५९.० | ४१.० |
| वडा नम्बर ४ | १,८९९ | ८९२ | १,००७ | १,१३६ | ७६३ | ५९.८ | ४०.२ |
| वडा नम्बर ५ | १,४४१ | ६९९ | ७४२ | ७२६ | ७१५ | ५०.४ | ४९.६ |
| वडा नम्बर ६ | २,३२५ | १,१६६ | १,१५९ | १,२७३ | १,०५२ | ५४.८ | ४५.३ |
| वडा नम्बर ७ | २,०३१ | १,०३९ | ९९२ | १,१८० | ८५१ | ५८.१ | ४१.९ |
| वडा नम्बर ८ | १,९८७ | ९८६ | १,००१ | १,२१४ | ७७३ | ६१.१ | ३८.९ |
| गा.पा. को जम्मा | १६,४४० | ८,०२७ | ८,४१३ | ९,३३६ | ७,१०४ | ५६.८ | ४३.२ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले मोलुङ गाउँपालिकाको पारिवारिक संरचनामा महत्त्वपूर्ण प्रवृत्तिहरू उजागर गरेको पाइन्छ । गाउँपालिकाको कुल जनसंख्या १६,४४० रहेकोमा, ९,३३६ जना एकल परिवारमा बसोबास गरेको र ७,१०४ जना संयुक्त परिवारमा बसोबास गरेको अवस्था देखिन्छ । यसको अर्थ, समग्र गाउँपालिकामा कुल जनसंख्याको करिब ५७% एकल परिवारमा र ४३% संयुक्त परिवारमा रहेको पाइएको छ । यो तथ्यांकले गाउँपालिकामा एकल परिवारको संख्या संयुक्त परिवारको तुलनामा बढी रहेको तथ्यलाई प्रकाश पार्दछ । यो प्रवृत्तिले परम्परागत ठूला संयुक्त

परिवारबाट सानो एकल परिवारतर्फको सामाजिक परिवर्तनलाई इंगित गर्दछ, जुन आधुनिक जीवनशैली र सहरीकरणको प्रभावले बढेको हुन सक्छ।

वडागत रूपमा अवलोकन गर्दा, पारिवारिक संरचनामा भिन्नताहरू देखिएका छन्। वडा नं. ८ मा एकल परिवारको प्रतिशत सबैभन्दा बढी ६१% रहेको पाइएको छ, जसले यस वडामा एकल परिवारको व्यापक प्रचलन रहेको देखाउँछ। यसको विपरीत, वडा नं. ५ मा एकल परिवार र संयुक्त परिवारको अनुपात लगभग बराबर रहेको देखिन्छ, जसले यहाँ परम्परागत पारिवारिक संरचनाको प्रभाव अझै पनि बलियो रहेको संकेत गर्दछ। वडा नं. ३ (५९%) र वडा नं. ७ र २ (५८%) मा पनि एकल परिवारको प्रतिशत उच्च रहेको पाइन्छ।

गाउँपालिकामा सामाजिक परिवर्तन र व्यक्तिगत स्वतन्त्रताको बढ्दो चाहनाका कारण एकल परिवारको प्रचलन बढ्दै गएको अवस्थालाई स्पष्ट पार्दछ। यसको साथै, संयुक्त परिवारको संख्या अझै पनि उल्लेखनीय रहेकोले परम्परागत मूल्य र मान्यताहरू पनि कायमै रहेको बुझिन्छ। पारिवारिक संरचनामा आएको यो परिवर्तनले गाउँपालिकाको सामाजिक सुरक्षा, आवास योजना, र पूर्वाधार विकासमा नयाँ चुनौतीहरू सिर्जना गर्न सक्ने सम्भावना रहन्छ, जसलाई भविष्यका योजनाहरूमा ध्यान दिनु आवश्यक देखिन्छ।

### ४.२ जनसंख्याको सामाजिक र सांस्कृतिक विविधता

यस खण्डअन्तर्गत मोलुङ गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको जात/जाति र जनजातिगत संरचना, धार्मिक आस्थाबमोजिमको वितरण र भाषिक वितरण हेर्ने प्रयास गिरएको छ।

#### ४.२.१ जनसंख्याको जात/जातिगत विविधता

जनगणना २०७८ ले नेपालमा १४२ विभिन्न खाले जात/जाति र जनजाति समुदायका मानिसहरूको बसोबास रहेको देखाएको छ। ती सबै जातजाति विभिन्न स्थानीय निकायमा छरिएर बसेका छन्। यसै सन्दर्भमा मोलुङ गाउँपालिकामा बसोबास गर्ने जातजाति र जनजातिको वितरण हेर्दा यहाँ विभिन्न १७ भन्दा बढी प्रकारका जातजातिको बसोबास रहेको देखिन्छ। तालिका १० मा मोलुङ गाउँपालिमामा जनगणना २०७८ को बेलामा बसोबास गर्ने व्यक्तिहरूको जातजाति र जनजातिगत वितरण प्रस्तुत गरिएको छ।

**तालिका १०: जातजाति र जनजातिगत वितरण**

| जात/जातीयता | जम्मा | % | पुरुष | % | महिला | % |
|---|---|---|---|---|---|---|
| सबै जात/जाति | १६,४४० | १००.० | ८,०२७ | १००.० | ८,४१३ | १००.० |
| तामाङ | २,७८९ | १७.० | १,३६४ | १७.० | १,४२५ | १६.९ |
| ब्राह्मण | २,७२४ | १६.६ | १,३२९ | १६.६ | १,३९५ | १६.६ |
| क्षेत्री | २,६१९ | १५.९ | १,२७० | १५.८ | १,३४९ | १६.० |
| शेर्पा | २,५३४ | १५.४ | १,३०८ | १६.३ | १,२२६ | १४.६ |
| राई | १,५५४ | ९.५ | ७७६ | ९.७ | ७७८ | ९.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विश्वकर्मा | ८९३ | ५.४ | ४१५ | ५.२ | ४७८ | ५.७ |
| सुनुवार | ७७९ | ४.७ | ३६५ | ४.५ | ४१४ | ४.९ |
| परियार/दमाई | ७१८ | ४.४ | ३२० | ४.० | ३९८ | ४.७ |
| मगर | ५२१ | ३.२ | २४५ | ३.१ | २७६ | ३.३ |
| घर्ती/भुजेल | ४४२ | २.७ | २१७ | २.७ | २२५ | २.७ |
| मिजार/सार्की | ४१८ | २.५ | २०३ | २.५ | २१५ | २.६ |
| नेवा/नेवार | १३१ | ०.८ | ६२ | ०.८ | ६९ | ०.८ |
| संन्यासी/दशनामी | ८९ | ०.५ | ३९ | ०.५ | ५० | ०.६ |
| पहरी | १०५ | ०.६ | ५८ | ०.७ | ४७ | ०.६ |
| गुरुङ | ७३ | ०.४ | ३१ | ०.४ | ४२ | ०.५ |
| वाहिङ | २५ | ०.२ | १२ | ०.१ | १३ | ०.२ |
| अन्य | २६ | ०.२ | १३ | ०.२ | १३ | ०.२ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

तालिका अनुसार उक्त पालिकामा चार जाति वा जनजाति समुदायको बहुलता भएको देखिन्छ । यहाँ कुल जनसंख्या १६,४४० मध्ये सबैभन्दा बढी (१७%) तामाङ जनजाति समुदायको जनसंख्या भएको देखिन्छ भने सोभन्दा केही मात्र अनुपातले कम जनसंख्या जातीय समुदाय क्रमशः ब्राह्मण (१६.६%) र क्षेत्री (करिब १६%) र जनजाति समुदाय शेर्पा (१५.४% जम्मा, १६.३% पुरुष र १४.६% महिला) को देखिन्छ । तामाङ, ब्राह्मण र क्षेत्री समुदायमा महिला र पुरुषका बीचको अनुपात लगभग समान देखिए तापनि शेर्पा समुदायमा भने महिलाको अनुपात पुरुषको भन्दा निकै कम देखिएको छ । यसको पछाडिका कारण अन्वेषण गर्नुपर्ने देखिन्छ । संख्याको हिसाबले पालिकाको जनसंख्यामा पाँचौं नम्बरमा राईको (जम्मामा ९.५% पुरुषको ९.७% र महिलाको ९.२%) छ । पालिकाभित्र बसोबास गर्ने अन्य उल्लेख्य संख्यामा रहेका जाति/जनजातिमा विश्वकर्मा, सुनुवार र परियार/दमाईको हिस्सा ४ र ५ प्रतिशतको बीचमा र मगर, घर्ती/भुजेल, र मिजार/सार्कीको अंश पालिकाको कुल जनसंख्यामा २-३ प्रतिशतको बीचमा रहेको देखिन्छ । नेवाः/नेवार, संन्यासी/दशनामी, पहरी, गुरुङ, वाहिङ र अन्य समुदायको जनसंख्या पालिकाको कुल जनसंख्याको १ प्रतिशतभन्दा कम देखिएको छ । एउटा पालिकाको सीमित क्षेत्रफलभित्र १७ भन्दा बढी जातजातिका मानिसको बसोबास हुनुले यो पालिका जातीय र सांस्कृतिक विविधताका आधारले धनी क्षेत्र हो भन्दा फरक नपर्ने प्रतीत हुन्छ ।

### ४.२.२ जनसंख्याको भाषिक विविधता

जनगणना २०७८ अनुसार नेपालमा १२४ भाषा बोलीचालीमा रहेको देखिएको छ । ती भाषामध्ये मोलुङ गाउँपालिका ओखलढुंगामा १४ भन्दा बढी भाषा चलनचल्तीमा रहेको देखिन्छ (तालिका ११) । तालिका ४.६ अनुसार पालिकाको करिब ५२% जनसंख्याले (५१% पुरुष) नेपालीलाई मातृभाषा भनेर जनाएका छन् भने दोस्रो र तेस्रो मातृभाषामा पालिकाको क्रमशः १६.५% र १५.३% जनसंख्याले मातृभाषाका रूपमा बोल्ने तामाङ र शेर्पा भाषा देखिएका छन् । पालिकाका करिब ७%, ४ र एक प्रतिशतभन्दा बढी जनसंख्याले क्रमशः वाहिङ, सुनुवार, मगर/ढुट/बाम्वसलेलाई

मातृभाषाको रूपले जनाएको देखिन्छ। जनसंख्याको एक प्रतिशतभन्दा कमले मातृभाषाका रूपमा बोल्ने अन्य भाषामा चाम्लिङ, गुरुङ, नेपालभाषा/नेवारी, भुजेल र भोजपुरी छन्।

**तालिका ११: मोलुङ गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको मातृभाषाका आधारमा वितरण तथा विविधता आधारमा मोलुङ गाउँपालिकाको जनसंख्या वितरण, जनगणना २०७८**

| भाषाका प्रकार | जम्मा | जम्मा % | पुरुष | पुरुष % | महिला | महिला % |
|---|---|---|---|---|---|---|
| पालिकाको सबै | १६,४४० | १००.० | ८,०२७ | १००.० | ८,४१३ | १००.० |
| नेपाली | ८,४६२ | ५१.५ | ४,०६० | ५०.६ | ४,४०२ | ५२.३ |
| तामाङ | २,७१७ | १६.५ | १,३२९ | १६.६ | १,३८८ | १६.५ |
| शेर्पा | २,५१५ | १५.३ | १,२९७ | १६.२ | १,२१८ | १४.५ |
| वाहिङ | १,०७९ | ६.६ | ५५३ | ६.९ | ५२६ | ६.३ |
| सुनुवार | ७३१ | ४.४ | ३४२ | ४.३ | ३८९ | ४.६ |
| मगर/ढुट | ३३७ | २.० | १५७ | २.० | १८० | २.१ |
| बाम्वुले | २६७ | १.६ | १३६ | १.७ | १३१ | १.६ |
| राई | १६७ | १.० | ७३ | ०.९ | ९४ | १.१ |
| चाम्लिङ | ४२ | ०.३ | १८ | ०.२ | २४ | ०.३ |
| गुरुङ | ४२ | ०.३ | १९ | ०.२ | २३ | ०.३ |
| नेपालभाषा/नेवारी | ३१ | ०.२ | १७ | ०.२ | १४ | ०.२ |
| भुजेल | १६ | ०.१ | ७ | ०.१ | ९ | ०.१ |
| अन्य | २२ | ०.१ | १३ | ०.२ | ९ | ०.१ |
| भोजपुरी | १२ | ०.१ | ६ | ०.१ | ६ | ०.१ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८, तालिका ३* (मातृभाषाअनुसार जनसंख्या), *स्थानीय तह,*

तालिका ११ मा देखाइएको वितरणका आधारमा के यकिन गर्न सकिन्छ भने मोलुङ गाउँपालिका भाषिक विविधतामा पनि निक्कै धनी छ।

### ४.२.३ धर्मका आधारमा जनसांख्यिक संरचना

मोलुङ गाउँपालिका, ओखलढुंगामा २०७८ सालको जनगणनाको बेलामा बसोबास गर्ने कुल १६,४४० जनसंख्यामध्ये करिब ५८% (५६.४% पुरुष र ५८.६% महिला) हिन्दु धर्मावलम्बी भएको जनाएका छन्। हिन्दु धर्म मान्नेमा पुरुषको भन्दा महिलाको अनुपात केही बढी भएको देखिन्छ। यो पालिकाका ३०% भन्दा बढी जनसंख्याले दोस्रो ठूलो धर्मको रूपमा बौद्ध धर्म मान्ने गरेको देखिएको छ। किराँत धर्म मान्नेहरू १०.५% (१०.९% पुरुष र १०.२% महिला) प्रतिशत छन् भने इसाई धर्म मान्नेहरूको हिस्सा १ र २ प्रतिशतको बीचमा भएको देखिन्छ। (तालिका १२)। यस वितरणका आधारमा के भन्न सकिन्छ भने मोलुङ गाउँपालिकाका अधिकांश बासिन्दाले सनातन हिन्दु धर्म अपनाएका छन् भने दोस्रोमा बौद्ध धर्म प्रचलनमा छ।

**तालिका १२: मोलुङ गाँउपालिकाको जनसंख्याको धर्मका आधारमा वितरण**

| धार्मिक विभेद | जम्मा | जम्मा % | पुरुष | पुरुष % | महिला | महिला % |
|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | १६,४४० | १००.० | ८,०२७ | १००.० | ८,४१३ | १००.० |
| हिन्दु | ९,४५९ | ५७.५ | ४,५२५ | ५६.४ | ४,९३४ | ५८.६ |
| बौद्ध | ४,९७१ | ३०.२ | २,५१५ | ३१.३ | २,४५६ | २९.२ |
| किराँत | १,७३४ | १०.५ | ८७३ | १०.९ | ८६१ | १०.२ |
| इसाई | २७६ | १.७ | ११४ | १.४ | १६२ | १.९ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

कुल संख्याका आधारमा हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६,४४० रहेको छ। यसमध्ये सबैभन्दा बढी हिन्दु धर्म मान्नेको संख्या ९,४५९ रहेको पाइयो। यसमा पुरुष ४,५२५ र महिला ४,९३४ रहेको पाइयो। दोस्रो ठूलो धार्मिक समूह बौद्ध धर्म मान्नेको हो, जसको संख्या ४,९७१ रहेको पाइयो। किराँत धर्म मान्नेको संख्या १,७३४ र इसाई धर्म मान्नेको संख्या २७६ रहेको पाइयो (तालिका १२)। यसले गाउँपालिकामा हिन्दु धर्मको बाहुल्य रहे पनि बौद्ध र किराँत धर्म मान्नेको पनि उल्लेख्य उपस्थिति रहेको देखाउँछ।

### ४.२.४ घरमूलीको लैंगिक संरचना

परिवारको नेतृत्वमा पुरुष र महिलाको सहभागिताले सामाजिक समानता र सशक्तीकरणको अवस्थालाई प्रतिविम्बित गर्दछ। घरमूलीको लैंगिक अनुपातले परिवारभित्रको निर्णय प्रक्रिया, आर्थिक व्यवस्थापन र सामाजिक भूमिकामा महिलाको पहुँचलाई उजागर गर्दछ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ का तथ्यांकहरूका आधारमा मोलुङ गाउँपालिकामा घरमूलीको लैंगिक संरचनाको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार मोलुङ गाउँपालिकामा कुल ४,०६९ घरधुरीहरू रहेका पाइएको छ। यसमध्ये पुरुष घरमूलीको संख्या ३,१२९ रहेको देखिन्छ, जुन कुल घरमूलीको ७६.९% हो। यसको विपरीत, महिला घरमूलीको संख्या ९४० रहेको देखिन्छ, जुन कुल घरमूलीको २३% हो। यो तथ्यांकले गाउँपालिकामा अझै पनि अधिकांश घरधुरीको नेतृत्व पुरुषले गरेको अवस्थालाई प्रस्ट पार्दछ तर महिला घरमूलीको संख्या पनि उल्लेखनीय रहेको छ, जसले परिवारको नेतृत्वमा महिलाको भूमिका क्रमशः बढ्दै गएको संकेत गर्दछ।

**तालिका १३: घरमूलीको लैंगिक अवस्थाको विवरण**

| वडा नम्बर | जम्मा घर परिवार | महिला र पुरुष घर मूलि | | घरमुली प्रतिशत | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| वडा नम्बर १ | ५८४ | ४५३ | १३१ | ७७.६ | २२.४ |
| वडा नम्बर २ | ८८२ | ६५९ | २२३ | ७४.७ | २५.३ |
| वडा नम्बर ३ | २९९ | २३५ | ६४ | ७८.६ | २१.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नम्बर ४ | ४८४ | ३७७ | १०७ | ७७.९ | २२.१ |
| वडा नम्बर ५ | ३४७ | २३२ | ११५ | ६६.९ | ३३.१ |
| वडा नम्बर ६ | ५२७ | ४२४ | १०३ | ८०.५ | १९.५ |
| वडा नम्बर ७ | ४५५ | ३७६ | ७९ | ८२.६ | १७.४ |
| वडा नम्बर ८ | ४९१ | ३७३ | ११८ | ७६.० | २४.० |
| गाउँपालिकाको जम्मा | ४,०६९ | ३,१२९ | ९४० | ७६.९ | २३.१ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

वडागत रूपमा हेर्दा, घरमूलीको लैंगिक अनुपातमा भिन्नताहरू देखिएका छन्। वडा नं. ७ मा पुरुष घरमूलीको प्रतिशत सबैभन्दा बढी ८३.०% रहेको पाइएको छ, जसले यहाँ पुरुषको नेतृत्व अझै पनि प्रभावशाली रहेको देखाउँछ। यसको विपरीत, वडा नं. ५ मा महिला घरमूलीको प्रतिशत सबैभन्दा बढी ३३% रहेको देखिन्छ। वडा नं. २ (२५.३%) र वडा नं. ८ (२४%) मा पनि महिला घरमूलीको प्रतिशत अन्य वडाहरूको तुलनामा राम्रो रहेको पाइन्छ।

महिला घरमूलीको संख्यामा वृद्धि हुनुका विभिन्न कारणहरू हुन सक्छन्, जस्तै पुरुषहरू रोजगारीका लागि विदेश वा देशकै अन्य भागमा लामो समयसम्म बसोबास गरेको हुनु, विधवा वा एकल महिलाको संख्या बढ्नु, वा महिला सशक्तीकरणका कारण उनीहरूले नेतृत्वको भूमिका निर्वाह गर्न सक्नु। यो विश्लेषणले परिवारको निर्णय प्रक्रिया र आर्थिक व्यवस्थापनमा महिलाको भूमिकामा क्रमिक सुधार आएको तथ्यलाई औंल्याउँछ। यद्यपि, लैंगिक समानताको पूर्ण प्राप्ति र महिलाको सशक्तीकरणका लागि अझै पनि थप प्रयासहरू आवश्यक रहेको देखिन्छ, जसमा महिलालाई आर्थिक र सामाजिक रूपमा आत्मनिर्भर बनाउने कार्यक्रमहरू समावेश हुन सक्छन्।

### २.२.५ जनसंख्याको वडाअनुसार उमेर र लैंगिक संरचना

यस खण्डमा वडाअनुसार जनसंख्याको उमेर र लैंगिक संरचनाको विश्लेषण गर्न खोजिएको छ। जनसंख्याको उमेर र लैंगिक संरचनाले कुनै पनि क्षेत्रको विकासका सम्भावना र चुनौतीहरूलाई गहिरो रूपमा प्रभाव पार्दछ। युवा, सक्रिय, र वृद्ध जनसंख्याको अनुपातले मानव संसाधनको उपलब्धता, आश्रित जनसंख्याको भार र भविष्यका सामाजिक-आर्थिक आवश्यकताहरूलाई निर्धारण गर्दछ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा मोलुङ गाउँपालिकामा जनसंख्याको वडाअनुसार उमेर समूहगत वर्गीकरण र त्यसको लैंगिक वितरणको विस्तृत विश्लेषण तालिका ४.९ अनुसार प्रस्तुत गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ को विस्तृत तथ्यांकले मोलुङ गाउँपालिकाको जनसंख्याको उमेर समूहगत वितरणमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ। गाउँपालिकाको कुल जनसंख्या १६,४४० रहेकोमा, १० वर्षमुनिको उमेरका नागरिकहरूको संख्या र प्रतिशत प्रत्येक वडामा १० देखि १९ वर्ष समूहकाको भन्दा कम देखिएको छ। यसले के देखाउँछ भने विगत १० वर्ष पहिलाभन्दा १० वर्षयता नयाँ बच्चाबच्ची जन्माउने दर निकै कम भएको छ। पहिला जन्मेकाहरू अब हरेक वडामा सामूहिक रूपमा वयस्क उमेरतिर लाग्दै छन्।

बालबालिकाको जनसंख्याको कुरा गर्दा, ०० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको कुल संख्या ४,२८० जुन कुल जनसंख्याको २७% हो भने काम गर्ने उमेर अथवा सक्रिय उमेरको (१५-५९ वर्ष) जनसंख्याको अनुपात ६०% रहेको पाइएको छ। यो अनुपात लगभग महिला र पुरुषमा सबै वडामा समान रहेको देखिन्छ। त्यसैगरी ६० वर्ष र सोभन्दा माथिको उमेर समूहकाको अनुपात पालिकामा १३.६% छ। यसमा वडा र महिला पुरुषअनुसार केही भिन्नता देखिन्छ। वडाअनुसार हेर्दा १ देखि ४ नम्बर वडासम्म बुढ्यौली उमेरको जनसंख्याको अनुपात अरू ५ देखि ८ नम्बरसम्मका वडाको भन्दा निक्कै बढी देखिन्छ। उल्लेखित ४ वडामा ६५ वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्या समग्रमा १०% प्रतिशत भन्दा बढी छ भने अन्यमा १०% भन्दा कम छ। वडा नं. ६ को जनसंख्यामा बुढ्यौलीको लक्षण अझै देखिएको छैन। त्यहाँ ५६ वर्षमाथिको जनसंख्याको अनुपात ५% को हाराहारी मात्र छ भने वडा नं. १, ३ र ४ मा सो जनसंख्याको अनुपात १२% भन्दा बढी छ।

आर्थिक रूपमा सक्रिय मानिने १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या ९,९८२ (पुरुष ४,८२४ र महिला ५,१०४) रहेको पाइन्छ। यो समूह गाउँपालिकाको उत्पादनशील शक्ति हो र यसले आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउँछ। यस उमेर समूहमा महिलाको संख्या पुरुषको भन्दा बढी रहेको पाइएको छ, जसले पुरुषहरूमा बसाइँसराइको प्रवृत्ति बढी हुन सक्ने संकेत गर्दछ।

वृद्ध जनसंख्याको सन्दर्भमा, ६० वर्ष र सोभन्दा माथिको उमेर समूहका वृद्धवृद्धाको संख्या २,२३२ (पुरुष १,०३८ र महिला १,१९४) रहेको पाइएको छ। त्यसैगरी, ६५ वर्ष र सोभन्दा माथिको उमेर समूहमा १,५७१ जना रहेका छन्। वृद्ध जनसंख्याको यो अनुपातले गाउँपालिकामा सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, र ज्येष्ठ नागरिकमैत्री कार्यक्रमहरूको आवश्यकतालाई उजागर गर्दछ।

मोलुङ गाउँपालिकामा युवा र सक्रिय जनसंख्याको साथै बालबालिका र वृद्धवृद्धाको पनि उल्लेख्य संख्या रहेको देखाउँछ। यो जनसांख्यिक संरचनाले गाउँपालिकाको विकास योजनाहरूमा विभिन्न उमेर समूहका आवश्यकताहरूलाई सम्बोधन गर्नुपर्ने चुनौती र अवसर दुवै प्रस्तुत गर्दछ। शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाजस्ता क्षेत्रमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

## तालिका १४: जनसंख्याको उमेर समूह र लैंगिक वितरणका आधारमा वडाअनुसार वर्गीकरण

| वडा नं. | लिंग | उमेर समूहअनुसार जनसंख्याको प्रतिशत | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ००-०४ वर्ष | ०५-०९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५ वर्ष र माथि | जम्मा |
| वडा नं. १ | जम्मा | ७.६ | ६.४ | ८.१ | ९.० | ७.९ | ७.७ | ६.५ | ५.४ | ५.९ | ५.६ | ७.४ | ४.९ | ५.१ | १२.४ | २,२२४ |
| | पुरुष | ७.७ | ७.० | ७.९ | ९.३ | ७.८ | ७.७ | ६.४ | ५.२ | ५.६ | ५.१ | ७.२ | ५.९ | ४.९ | १२.४ | १,०५५ |
| | महिला | ७.४ | ५.९ | ८.३ | ८.८ | ८.० | ७.८ | ६.६ | ५.६ | ६.२ | ६.१ | ७.६ | ३.९ | ५.३ | १२.४ | १,१६९ |
| वडा नं. २ | जम्मा | ६.५ | ७.९ | १०.० | ९.९ | ७.८ | ७.२ | ६.६ | ६.१ | ८.१ | ४.८ | ६.८ | ३.९ | ४.३ | १०.१ | ३,३२७ |
| | पुरुष | ७.१ | ८.९ | १०.१ | १०.१ | ७.४ | ६.६ | ६.५ | ५.७ | ८.० | ४.९ | ७.१ | ४.१ | ४.१ | ९.६ | १,६०१ |
| | महिला | ५.९ | ७.० | ९.९ | ९.७ | ८.२ | ७.८ | ६.८ | ६.४ | ८.१ | ४.७ | ६.६ | ३.८ | ४.५ | १०.६ | १,७२६ |
| वडा नं. ३ | जम्मा | ५.० | ९.५ | १०.४ | ९.७ | ९.६ | ६.० | ६.६ | ६.५ | ४.६ | ५.१ | ६.३ | ४.१ | ४.६ | १२.१ | १,२०६ |
| | पुरुष | ५.३ | ९.२ | १०.९ | ९.३ | १०.४ | ६.६ | ५.८ | ७.५ | ४.६ | ४.९ | ६.१ | ३.९ | ४.१ | ११.५ | ५८९ |
| | महिला | ४.७ | ९.९ | १०.० | १०.० | ८.९ | ५.३ | ७.३ | ५.५ | ४.७ | ५.२ | ६.५ | ४.२ | ५.० | १२.६ | ६१७ |
| वडा नं. ४ | जम्मा | ६.६ | ८.५ | १०.५ | १०.० | ७.३ | ७.० | ६.२ | ६.६ | ५.४ | ४.६ | ५.८ | ५.२ | ४.० | १२.३ | १,८९९ |
| | पुरुष | ७.४ | ८.१ | ११.२ | ९.२ | ७.१ | ७.४ | ६.३ | ५.७ | ६.२ | ४.८ | ५.६ | ५.७ | ३.७ | ११.७ | ८९२ |
| | महिला | ५.९ | ८.९ | ९.९ | १०.७ | ७.४ | ६.६ | ६.१ | ७.४ | ४.८ | ४.४ | ६.१ | ४.८ | ४.३ | १२.८ | १,००७ |
| वडा नं. ५ | जम्मा | ९.६ | ८.७ | ९.१ | ९.१ | ९.० | १०.७ | ५.९ | ५.३ | ४.९ | ४.५ | ५.२ | ४.८ | ४.० | ९.२ | १,४४१ |
| | पुरुष | ११.७ | ८.९ | ९.४ | ७.७ | ८.३ | १०.९ | ५.४ | ५.४ | ५.० | ४.६ | ५.० | ४.७ | ३.७ | ९.२ | ६९९ |
| | महिला | ७.५ | ८.६ | ८.८ | १०.४ | ९.६ | १०.५ | ६.३ | ५.३ | ४.७ | ४.४ | ५.४ | ४.९ | ४.३ | ९.३ | ७४२ |
| वडा नं. ६ | जम्मा | ८.८ | ९.१ | ११.७ | १२.३ | १०.९ | ८.४ | ६.८ | ६.१ | ४.९ | ३.७ | ४.९ | ३.७ | ३.४ | ५.४ | २,३२५ |
| | पुरुष | ९.१ | ९.० | ११.४ | १३.३ | १०.६ | ८.८ | ७.० | ५.५ | ४.९ | ३.७ | ४.५ | ३.९ | ३.४ | ४.९ | १,१६६ |
| | महिला | ८.५ | ९.१ | १२.१ | ११.२ | ११.१ | ८.० | ६.६ | ६.६ | ४.८ | ३.६ | ५.४ | ३.५ | ३.३ | ६.० | १,१५९ |
| वडा नं. ७ | जम्मा | ७.६ | ८.५ | १०.७ | १२.४ | १०.५ | ८.१ | ६.९ | ६.० | ५.१ | ४.१ | ३.९ | ४.२ | ३.९ | ८.१ | २,०३१ |
| | पुरुष | ९.४ | ७.६ | १०.३ | ११.९ | ११.६ | ८.० | ७.२ | ६.३ | ४.५ | ३.८ | ४.० | ३.९ | ३.६ | ७.८ | १,०३९ |
| | महिला | ५.७ | ९.४ | ११.१ | १२.८ | ९.३ | ८.२ | ६.७ | ५.७ | ५.६ | ४.५ | ३.७ | ४.५ | ४.२ | ८.५ | ९९२ |
| वडा नं. ८ | जम्मा | ८.६ | ९.३ | १०.४ | १०.६ | १०.६ | ९.२ | ५.८ | ५.२ | ५.७ | ४.३ | ५.३ | ४.२ | २.९ | ७.९ | १,९८७ |
| | पुरुष | ९.५ | ९.१ | १०.२ | ८.९ | ११.३ | ९.२ | ६.५ | ४.८ | ५.२ | ४.५ | ६.० | ४.४ | २.३ | ८.१ | ९८६ |
| | महिला | ७.७ | ९.५ | १०.५ | १२.३ | ९.९ | ९.१ | ५.२ | ५.६ | ६.३ | ४.१ | ४.७ | ४.१ | ३.५ | ७.६ | १,००१ |
| जम्मा | | ७.५ | ८.४ | १०.१ | १०.४ | ९.१ | ८.० | ६.५ | ५.९ | ५.८ | ४.६ | ५.८ | ४.३ | ४.० | ९.६ | १६,४४० |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

### २.२.६ वडागत जनघनत्व

जनघनत्वले प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा बसोबास गर्ने जनसंख्याको संख्यालाई जनाउँछ, जसले कुनै पनि क्षेत्रमा जनसंख्याको चाप र वितरणको अवस्थालाई मापन गर्दछ । जनघनत्वको तुलनात्मक विश्लेषणले जनसंख्या वृद्धिको प्रवृत्ति, बसाइँसराइको प्रभाव र सहरीकरणको स्तरलाई बुझ्न मद्दत गर्दछ । यस खण्डमा राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्यांकका आधारमा मोलुङ गाउँपालिकाका विभिन्न वडाहरूको जनघनत्वको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ (तालिका १५) ।

**तालिका १५: मोलुङ गाँउपालिकाको वडागत जनघनत्व**

| वडा नम्बर | २०६८ सालको जनसंख्या | २०७८ सालको जनसंख्या | | | जनघनत्व |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| वडा नम्बर १ | २,४१७ | २,२२४ | १,०५५ | १,१६९ | २०९.९ |
| वडा नम्बर २ | ३,१८० | ३,३२७ | १,६०१ | १,७२६ | २२८.४ |
| वडा नम्बर ३ | १,१६५ | १,२०६ | ५८९ | ६१७ | १२२.३ |
| वडा नम्बर ४ | १,८८१ | १,८९९ | ८९२ | १,००७ | १२७.० |
| वडा नम्बर ५ | १,४२९ | १,४४१ | ६९९ | ७४२ | २५३.७ |
| वडा नम्बर ६ | २,१८५ | २,३२५ | १,१६६ | १,१५९ | १२६.६ |
| वडा नम्बर ७ | १,९४५ | २,०३१ | १,०३९ | ९९२ | ९६.५ |
| वडा नम्बर ८ | २,०३९ | १,९८७ | ९८६ | १,००१ | ११४.० |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्यांकहरूका आधारमा मोलुङ गाउँपालिकाको वडागत जनघनत्वको विश्लेषण गर्दा महत्त्वपूर्ण प्रवृत्तिहरू देखिएका छन् । वडा नं. १ र ८ मा २,०६८ सालको २,४१७ जनसंख्या २०७८ सालमा १९३ जनाले घटेर २,२२४ भएको छ भने वडा नं. ८ को जनसंख्यामा २०६८ र २०७८ सालका बीचमा ५२ जनाले कमी आएको देखिन्छ । अरू ५ वडामा भने २०६८ को तुलनामा २०७८ मा जनसंख्याको आकारमा केही मात्रामा वृद्धि भएको देखिन्छ । समग्रमा मोलुङ गाउँपालिकाको जनसंख्यामा २०६८ र २०७८ सालका जनगणनाका बीचमा १९९ जनाले बढोत्तरी भएको देखिन्छ । यसले के देखाउँछ भने अन्य छिमेकी जिल्ला र पालिकाको दुई जनगणनाबीचको ऋणात्मक जनसंख्या वृद्धिको तुलनामा यो पालिका पूर्वी पहाडी जिल्लामा थोरै भए पनि जनसंख्यामा वृद्धि कायम रहनुलाई सकारात्मक रूपले लिनुपर्ने हुन्छ ।

जनघनत्वको हिसाबले वडा नं. ५ सबैभन्दा बढी, प्रतिवर्ग किलोमिटरमा २५३.७ जनाको बसोबास भएको वडाको रूपमा देखिएको छ भने वडा नं. ७ सबैभन्दा कम, प्रतिवर्ग किलोमिटरमा ९६.५ जना मानिस बसोबास गरेको वडाको रूपमा देखिएको छ । वडा नं. ५ पछि वडा नं. १ र २ बढी, प्रतिवर्ग किलोमिटरमा २०० जना भन्दा बढीको बसोबास भएका वडाको रूपमा देखिएका छन् । समग्रमा हेर्दा मोलुङ गाउँपालिका उच्च जनघनत्व भएको क्षेत्रको रूपमा लिन सकिन्छ ।

यस नतिजाको  आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने पालिकामा अन्तर जनगणना वर्षमा जनसंख्या केही वडाको गिरावटका बाबजुद स्थिर रहेको देखिन्छ । यसका पछाडिका कारणमा पालिमामा विस्तारै यातायात, सञ्चार, विद्युतीकरण, बजार विस्तार आदिले बाह्य बसाइँसराइ केही मात्रमा नियन्त्रण गरेकोले अथवा अन्यत्रका पालिलकाबाट यहाँ बसाइँ सरी आउनेका कारणले हुन सक्छ । अब पालिकाले जनसंख्यामा गिरावट वडामा भएको संख्यालाई यथावत् राख्ने अथवा प्रोत्साहनका आकर्षक कार्यक्रम दिएर बाहिर गएकालाई ल्याएर केही मात्रामा वृद्धि गर्ने साथै समग्र गाउँपालिकाको जनसंख्यामा गिरावट आउन नदिने उपायको खोजी गर्नुपर्ने देखिन्छ । यो विश्लेषणले गाउँपालिकाको जनसांख्यिक परिवर्तन र त्यसका दीर्घकालीन प्रभावहरूलाई बुझ्न मद्दत गर्दछ, जसलाई सम्बोधन गर्नका लागि लक्षित विकास कार्यक्रम र नीतिहरूको पहिचान गरी तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

### ४.३ शैक्षिक अवस्था

शिक्षाले मानव विकास र समाजको प्रगतिमा महत्त्वपूर्ण भूमिका खेल्छ । साक्षरता दरले कुनै पनि क्षेत्रका नागरिकहरूको ज्ञान र सीपको स्तरलाई जनाउँछ, जसले आर्थिक र सामाजिक अवसरहरू सिर्जना गर्न मद्दत गर्दछ । यस खण्डमा गाउँपालिकाको शिक्षाको वितरणको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

#### ४.३.१ साक्षरता अवस्था

साक्षरता दर प्रायः ५ वर्षभन्दा माथिको जनसंख्याको हेरिएको छ । तालिका ४.११ मा मोलुङ गाउँपालिकाको ५ वर्षभन्दा माथिको जनसंख्याको उमेरअनुसार महिला र पुरुषको साक्षरता दर प्रस्तुत गरिएको छ । जसमा लेख्न र पढ्न सक्नेलाई साक्षर र पढ्न मात्र सक्ने र लेख्न पढ्न दुवै नसक्नेलाई निरक्षरको वर्गमा राखिएको छ । यो गाउँपालिकाको ५  वर्ष र माथिको १५,२०३ जनसंख्यामध्ये करिब ७४ प्रतिशत साक्षर र बाँकी २६ प्रतिशत निरक्षरका रूपमा गणना गरिएको देखिन्छ । साक्षरता दरमा पुरुषको ८१ प्रतिशतभन्दा महिलाको ६७ प्रतिशत १४ प्रतिशतले कमी देखिएको छ । साक्षरता युवा अथवा कम उमेरकामा बढी र निरक्षरता पाको उमेरकोमा बढी देखिएको छ । जस्तो कि १५ देखि २४ वर्ष उमेर समूहका लगभग ९७ प्रतिशत कुल, पुरुष र महिला साक्षर देखिन्छन् भने अर्कोतिर ५५ वर्ष र सोभन्दा माथिको उमेरका कुल, पुरुष र महिलाको निरक्षर दर क्रमशः ७०, ५३ र ८६ प्रतिशत देखिएको छ ।

**तालिका १६: मोलुङ गाउँपालिकाको पाँच वर्ष र सो भन्दा माथिको उमेरको जनसंख्याको उमेर र लिंग अनुसार साक्षरताको अवस्था, जनगणना २०७८**

| उमेर समूह | जम्मा | | | पुरुष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | साक्षर % | निरक्षर % | जनसंख्या | साक्षर % | निरक्षर % | जनसंख्या | साक्षर % | निरक्षर % |
| ००५-१४ वर्ष | ३,०४३ | ९६.९ | ३.१ | १,४९४ | ९६.८ | ३.२ | १,५४९ | ९७.० | ३.० |
| १५-२४ वर्ष | ३,२०९ | ९६.७ | ३.३ | १,५५६ | ९६.८ | ३.२ | १,६५३ | ९६.६ | ३.० |
| २५-३४ वर्ष | २,३७३ | ८७.९ | १२.१ | १,१६४ | ९१.० | ९.० | १,२०९ | ८४.९ | १५.१ |
| ३५-५४ वर्ष | ३,६३४ | ६१.० | ३९.० | १,७४० | ७३.१ | २६.९ | १,८९४ | ४९.९ | ५०.१ |
| ५५ वर्ष र माथि | २,९४४ | २९.६ | ७०.४ | १,४०२ | ४६.८ | ५३.२ | १,५४२ | १३.९ | ८६.१ |
| जम्मा | १५,२०३ | ७३.८ | २६.२ | ७,३५६ | ८०.७ | १९.३ | ७,८४७ | ६७.४ | ३२.५ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

यसबाट के स्पष्ट हुन्छ भने, पुरानो पुस्तामा शिक्षाको पहुँचको कमीले गर्दा निरक्षरता बढी छ र पहुँच पुग्दै गएकाले गर्दा नयाँ पुस्तामा साक्षरता बढ्दै गएको छ । त्यस्तै साक्षरताको दरमा पुरानो पुस्तामा देखिएको पुरुष र महिलाका बीचको खाडल नयाँ पुस्तामा लगभग मेटिएको देखिन्छ। तालिका ४.१२ मा मोलुङ गाउँपालिकाका ५ वर्ष र सोभन्दा माथिको उमेरको कुल, पुरुष र महिला जनसंख्याको वडाअनुसार साक्षरताको अवस्था प्रस्तुत गर्न खोजिएको छ। वडागत रूपमा हेर्दा, वडा नं. ६, ७ र ८ मा समग्र साक्षरता दर ७५% भन्दा बढी देखिन्छ र यिनै वडामा पुरुष र महिलाको साक्षरतादर पनि अरू वडाको भन्दा राम्रो देखिन्छ। दोस्रो तहका वडामा ७४% प्रतिशतभन्दा बढी साक्षरता दरसहित २ र ३ देखिन्छन् भने साक्षरताको अवस्था वडा नं. ४ मा तुलनात्मक रूपले कमजोर देखिएको छ जहाँ कुल ५ वर्षमाथिको जनसंख्याको ६८% साक्षर देखिएको छ।

**तालिका १७: गाउँपालिकाको ५ वर्ष पूरा भएको जनसंख्याको शैक्षिक अवस्था**

| वडा | लिंग | ५ वर्ष र सो भन्दा माथिको जनसंख्या | जनसंख्या जसले | | | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| | | | लेख्न पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न पढ्न नसक्ने | |
| **वडा नं. १** | जम्मा | २,०५६ | १,५०२ | ३ | ५५१ | ७३.१ |
| | पुरुष | ९७४ | ७९४ | २ | १७८ | ८१.५ |
| | महिला | १,०८२ | ७०८ | १ | ३७३ | ६५.४ |
| **वडा नं. २** | जम्मा | ३,११२ | २,३१८ | ४ | ७९० | ७४.५ |
| | पुरुष | १,४८८ | १,२३४ | ४ | २५० | ८२.९ |
| | महिला | १,६२४ | १,०८४ | ० | ५४० | ६६.८ |
| **वडा नं. ३** | जम्मा | १,१४६ | ८५७ | ० | २८९ | ७४.८ |
| | पुरुष | ५५८ | ४६७ | ० | ९१ | ८३.७ |
| | महिला | ५८८ | ३९० | ० | १९८ | ६६.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा नं. ४** | जम्मा | १,७७४ | १,२१३ | ७ | ५५४ | ६८.४ |
| | पुरुष | ८२६ | ६२६ | ७ | १९३ | ७५.८ |
| | महिला | ९४८ | ५८७ | ० | ३६१ | ६१.९ |
| **वडा नं. ५** | जम्मा | १,३०३ | ९५० | ० | ३५३ | ७२.९ |
| | पुरुष | ६१७ | ४८७ | ० | १३० | ७८.९ |
| | महिला | ६८६ | ४६३ | ० | २२३ | ६७.५ |
| **वडा नं. ६** | जम्मा | २,१२० | १,६०७ | ० | ५१३ | ७५.८ |
| | पुरुष | १,०६० | ८३९ | ० | २२१ | ७९.२ |
| | महिला | १,०६० | ७६८ | ० | २९२ | ७२.५ |
| **वडा नं. ७** | जम्मा | १,८७६ | १,४१० | १ | ४६५ | ७५.२ |
| | पुरुष | ९४१ | ७५८ | १ | १८२ | ८०.६ |
| | महिला | ९३५ | ६५२ | ० | २८३ | ६९.७ |
| **वडा नं. ८** | जम्मा | १,८१६ | १,३७० | ० | ४४६ | ७५.४ |
| | पुरुष | ८९२ | ७३४ | ० | १५८ | ८२.३ |
| | महिला | ९२४ | ६३६ | ० | २८८ | ६८.८ |
| **गा.पा.को जम्मा** | जम्मा | १५,२०३ | ११,२२७ | १५ | ३,९६१ | ७३.९ |
| | पुरुष | ७,३५६ | ५,९३९ | १४ | १,४०३ | ८०.७ |
| | महिला | ७,८४७ | ५,२८८ | १ | २,५५८ | ६७.४ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

पढ्न मात्र सक्ने जनसंख्याको संख्या निकै कम रहेको छ, जसमा गाउँपालिकाभरि कुल १५ जना मात्र देखिएका छन्। यसले साक्षरताका लागि लेख्न र पढ्न दुवै क्षमताको विकासमा जोड दिनुपर्ने आवश्यकता रहेको देखाउँछ।

**जातीय र लैंगिकताका आधारमा साक्षरताको अवस्था**

तालिका ४.१५ र रेखा चित्र ४.३ मा मोलुङ गाउँपालिकामा बसोबास गर्ने ५ वर्षमाथिको जनसंख्याको जात/जातीय र लैंगिक विभाजनका आधारमा साक्षरता दर हेर्ने प्रयास गरिएको छ। कुनै पनि भाषामा सामान्य लेखपढ गर्न सक्नेलाई साक्षर, पढ्न मात्र अथवा लेख्न मात्रै सक्ने र लेखपढ दुवै गर्न नसक्नेलाई निरक्षार भनेर छुट्याइएको छ। यसरी हेर्दा मोलुङ गाउँपालिकामा बसोबास गर्ने ५ वर्षमाथिका करिब ७४% मानिसहरू (८१% पुरुष र ६७% महिला) साक्षर छन्। जात/जातिगत हिसाबले हेर्दा महिला र पुरुष दुवैको संयुक्त साक्षरतादर संन्यासी/दशनामी, सुनुवार, शेर्पा, राई र ब्राह्मण समुदायमा उच्च अथवा ७६% भन्दा बढी देखिन्छ। पालिकामा उक्त साक्षरताको दर न्यून अथवा ७०% भन्दा कम भएका जात/जातिमा मिजार/सार्की, परियार/दमाई, विश्वकर्मा र मगर देखिएका छन्। त्यसैगरी मध्य साक्षरतादर ७०% देखि ७५% सम्म भएका जाति/जनजातिमा घर्ती/भुजेल, तामाङ, वाहिङ, क्षेत्री, नेवार, र गुरुङ देखिएका छन्।


**तालिका १८: जातीयताका र लिंगका आधारमा गाउँपालिकाको सक्षरताको अवस्था**

| जात/ जातीयता | जम्मा जनसंख्या | | | पुरुष जनसंख्या | | | महिला जनसंख्या | | | साक्षरता दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | लेख पढ गर्न सक्ने | लेखपढ गर्न नसक्ने | जम्मा | लेख पढ गर्न सक्ने | लेखपढ गर्न नसक्ने | जम्मा | लेख पढ गर्न सक्ने | लेखपढ गर्न नसक्ने | जम्मा | पुरुष | महिला |
| ब्राह्मण | २,५७० | १,९६५ | ६०५ | १,२४० | १,०७५ | १६५ | १,३३० | ८९० | ४४० | ७६.५ | ८६.७ | ६६.९ |
| तामाङ | २,५६५ | १,८३४ | ७३१ | १,२५६ | ९८० | २७६ | १,३०९ | ८५४ | ४५५ | ७१.५ | ७८.० | ६५.२ |
| क्षेत्री | २,४२० | १,७७६ | ६४४ | १,१६२ | ९३५ | २२७ | १,२५८ | ८४१ | ४१७ | ७३.४ | ८०.५ | ६६.९ |
| शेर्पा | २,२९१ | १,७६४ | ५२७ | १,१६२ | ९३८ | २२४ | १,१२९ | ८२६ | ३०३ | ७७.० | ८०.७ | ७३.२ |
| राई | १,४४९ | १,१२५ | ३२४ | ७१६ | ६०४ | ११२ | ७३३ | ५२१ | २१२ | ७७.६ | ८४.४ | ७१.१ |
| विश्वकर्मा | ८१३ | ५५४ | २५९ | ३७८ | २८२ | ९६ | ४३५ | २७२ | १६३ | ६८.१ | ७४.६ | ६२.५ |
| सुनुवार | ७२८ | ५७० | १५८ | ३३७ | २८९ | ४८ | ३९१ | २८१ | ११० | ७८.३ | ८५.८ | ७१.९ |
| परियार/दमाई | ६५० | ४४१ | २०९ | २८८ | २०७ | ८१ | ३६२ | २३४ | १२८ | ६७.८ | ७१.९ | ६४.६ |
| मगर | ४९३ | ३३६ | १५७ | २३१ | १६५ | ६६ | २६२ | १७१ | ९१ | ६८.२ | ७१.४ | ६५.३ |
| घर्ती/भुजेल | ४१२ | २९० | १२२ | १९८ | १६१ | ३७ | २१४ | १२९ | ८५ | ७०.४ | ८१.३ | ६०.३ |
| मिजार/सार्की | ३९० | २४८ | १४२ | १९१ | १३५ | ५६ | १९९ | ११३ | ८६ | ६३.६ | ७०.७ | ५६.८ |
| नेवा/नेवार | १२१ | ८९ | ३२ | ५५ | ४३ | १२ | ६६ | ४६ | २० | ७३.६ | ७८.२ | ६९.७ |
| पहारी | ९८ | ७६ | २२ | ५३ | ४५ | ८ | ४५ | ३१ | १४ | ७७.६ | ८४.९ | ६८.९ |
| सन्यासी/दशनामी | ८३ | ७० | १३ | ३६ | ३४ | २ | ४७ | ३६ | ११ | ८४.३ | ९४.४ | ७६.६ |
| गुरुङ | ७० | ५२ | १८ | २९ | २४ | ५ | ४१ | २८ | १३ | ७४.३ | ८२.८ | ६८.३ |
| बाहिङ | २५ | १८ | ७ | १२ | ११ | १ | १३ | ७ | ६ | ७२.० | ९१.७ | ५३.८ |
| अन्य | २५ | १९ | ६ | १२ | ११ | १ | १३ | ८ | ५ | ७६.० | ९१.७ | ६१.५ |
| गा.पा.को जम्मा | १५,२०३ | ११,२२७ | ३,९७६ | ७,३५६ | ५,९३९ | १,४१७ | ७,८४७ | ५,२८८ | २,५५९ | ७३.८ | ८०.७ | ६७.४ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

समग्रमा उच्च साक्षरता दर भएका जाति र जनजातिका महिला पुरुष दुवैमा साक्षरता दर उच्च नै हुनु स्वाभाविक देखिन्छ, जुन तथ्य रेखाचित्र ४.३ बाट स्पष्ट हुन्छ। तथापि महिला र पुरुषका बीचको अन्तरमा केही अपवाद देखिएका छन्। ब्राह्माण समुदायको समग्र साक्षरता दर उच्च तहमा देखिए तापनि महिलाको हकमा भने अपेक्षाभन्दा कम देखिन्छ। त्यस्तै अवस्था वाहिङ समुदायको पनि देखिन्छ। समग्रमा हेर्दा पालिकाका सबै जाति र जनजाति समुदायमा महिलाको साक्षरता दर पुरुषको भन्दा उल्लेख्य मात्रामा कम देखिन्छ। कुनै पनि समुदायमा महिलाको साक्षरता दर ८०% माथि गएको देखिँदैन भने पुरुषको हकमा ८०% मुनिको साक्षरता दर १७ मध्ये ६ जाति र जनजाति समुदाय मिजार/सार्की, मगर, परियार/दमाई, विश्वकर्मा, तामाङ र नेवारमा देखिएको छ।

रेखाचित्र ४.३  मोलुङ गाउँपालिकामा बसोबास गर्ने ५ वर्ष र सोभन्दा माथिको उमेरका महिला र पुरुष जनसंख्याको जात–जाति र जनजातिअनुसार साक्षरता दरको चित्रण




*स्रोत : तालिका १८*

यो नतिजाले के देखाउँछ भने पालिकाभित्रका प्रत्येक जाति र जनजाति समुदायमा शिक्षाको अवसर र पहुँचमा महिला र पुरुषबीच लैंगिक विभेद कायम छ। त्यसर्थ शिक्षाको पहुँचमा लैंगिक समानता र साक्षरता अभिवृद्धिका कार्यक्रम शैक्षिक रूपले पिछडिएको जाति र जनजाति लक्षित गर्नुपर्ने हुन्छ। साथै सबै जातजातिको महिलाको साक्षरताको अवस्था पुरुषको भन्दा कमजोर देखिएकाले गाउँपालिकामा शैक्षिक विकास, विशेषगरी महिला र केही निश्चित जातीय समूहहरूमा, थप ध्यान दिनुपर्ने आवश्यकता रहेको देखाउँछ।

### ४.३.२ साक्षरले पूरा गरेको शैक्षिक तह

तालिका १९ मा मोलुङ गाउँपालिकामा बसोबास गर्ने ५ वर्षमाथिका उमेरका साक्षर जनसंख्याले हासिल गरेको शैक्षिक तहअनुसार तथ्यांक प्रस्तुत गरिको छ । शैक्षिक तहलाई नेपाल सरकारले वर्गीकरण गरेको विद्यालयको तहअनुसार पूर्वबाल विकास, आधारभूत तह, माध्यमिक तह र स्नातक तह र सोभन्दा माथि र अन्य गरेर वर्गीकरण गरिएको छ । उमेरलाई ०५ देखि १४ वर्ष, १५ देखि २४ वर्ष र २५ वर्षमाथिको उमेरअनुसार वर्गीकरण गरेर महिला, पुरुष र दुवैको संयुक्त दरहरू हेर्ने प्रयास गरिएको छ । यो नतिजाले विद्यालय जाने उमेरका बालबालिका तथा युवाहरूको विद्यालयमा भर्ना हुने र नियमित उपस्थित हुने प्रवृत्तिले शिक्षामा पहुँच र भविष्यका मानव संसाधनको विकासलाई इंगित गर्छ ।

मोलुङ गाउँपालिकाको ११,१७८ साक्षर जनसंख्यामध्ये करिब ५५ प्रतिशतले आधारभूत तहको (कक्षा ८ सम्म) शिक्षा पूरा गरेको देखिन्छ । उमेरअनुसार ०५ देखि १४ वर्षको उमेर समूहका करिब ८५ प्रतिशतले आधारभूत तहको शिक्षा हासिल गरेका छन् भने २५ वर्षमाथिकामा करिब ५० प्रतिशतले सो तह पूरा गरेको देखिन्छ । यो क्रम महिला र पुरुषमा लगभग उस्तै देखिन्छ । कुल र पुरुषमा करिब २८% र २९% महिलाले माध्यमिक तहका कक्षा पूरा गरेको देखिन्छ । संयुक्त र पुरुषमा करिब ५ प्रतिशत र महिलामा ४ प्रतिशतभन्दा केही बढीले स्नातक वा सोभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको देखिन्छ । त्यस्तै सरदरमा ४ प्रतिशतभन्दा कमले पूर्वबाल विकास कक्षाको शिक्षा लिएको देखिन्छ ।

**तालिका १९: मोलुङ गाउँपालिकाका ५ वर्ष माथिका साक्षर जनसंख्याले पूरा गरेको शैक्षिक तहअनुसार उमेर र लैंगिक वितरण**

| लैङ्गिक विवरण | साक्षरको संख्या | पूरा गरेको शैक्षिक तह | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | पूर्व बाल विकास | आधारभूत तह | माध्यमिक तह | स्नातक वा माथि | अन्य |
| ०५-१४ वर्ष | २,९५७ | १२.६ | ८४.८ | २.५ | ०.० | ०.० |
| १५-२४ वर्ष | ३,१०५ | ०.० | ३३.० | ४०.८ | २.७ | ०.५ |
| २५ वर्ष माथि | ५,११६ | ०.१ | ५०.२ | ३५.४ | ८.७ | ५.७ |
| जम्मा | ११,१७८ | ३.४ | ५४.६ | २८.२ | ४.७ | २.७ |
| पुरुष | | | | | | |
| ०५-१४ वर्ष | १,४५१ | १३.२ | ८४.७ | २.० | ०.० | ०.१ |
| १५-२४ वर्ष | १,५०८ | ०.० | ३७.९ | ३८.४ | २.१ | ०.४ |
| २५ वर्ष माथि | २,९५१ | ०.० | ५१.३ | ३४.८ | ९.३ | ४.७ |
| जम्मा | ५,९१० | ३.३ | ५६.१ | २७.६ | ५.१ | २.५ |
| महिला | | | | | | |
| ०५-१४ वर्ष | १,५०६ | १२.० | ८५.० | ३.१ | ०.० | ०.० |
| १५-२४ वर्ष | १,५९७ | ०.० | २८.४ | ४३.१ | ३.३ | ०.६ |
| २५ वर्ष माथि | २,१६५ | ०.१ | ४८.७ | ३६.२ | ८.० | ७.० |
| जम्मा | ५,२६८ | ३.५ | ५२.९ | २८.८ | ४.३ | ३.१ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

हासिल गरेको शैक्षिक तह उमेर सँगसँगै माथि गएको देखिन्छ। उदाहरणका लागि १४ वर्षमुनिकामा आधारभूत तहको शिक्षा लिनेको अनुपात उच्च देखिन्छ भने माध्यमिक तहको शिक्षा लिनेको हिस्सा १५ देखि २४ वर्षकोमा अरूभन्दा माथि छ र स्नातक वा सोभन्दा माथिको शिक्षा लिनेको हिस्सा २५ वर्ष वा सोभन्दा माथिकोमा तल्लो उमेर समूहमा भन्दा बढी छ। त्यस्तै शिशु वा पूर्वबाल विकास कक्षाको तह पूरा गर्नेको अनुपात पनि १४ वर्षमुनिकोमा नै उच्च देखिन्छ।

### ४.३.३ ५ देखि २५ वर्ष उमेरको जनसंख्याको विद्यालय सहभागिता

विद्यालय जाने उमेर समूहका विद्यार्थीहरूको विद्यालयमा सक्रिय सहभागिताले शिक्षाको गुणस्तर र पहुँचमा सुधारको संकेत गर्छ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा मोलुङ गाउँपालिकामा ५ देखि २५ वर्ष उमेर समूहका जनसंख्याको हाल विद्यालयमा अध्ययनरत अवस्थाबारे जानकारी दिइएको छ। तालिका २० मा उक्त उमेरका महिला र पुरुष र कुल जनसंख्याको हाल विद्यालयमा सहभागिताको अवस्था प्रस्तुत गरिएको छ।

**तालिका २०: ५ देखि २५ वर्ष उमेरको जनसंख्याको विद्यालय सहभागिता विवरण**

| विद्यालय उपस्थिति | लिंग | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गा.पाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ०५-२५ वर्ष को जनसंख्या | जम्मा | ४९५ | ९५५ | ३४८ | ५६६ | ४२४ | ९३० | ७५५ | ७१४ | ५,१८७ |
| | पुरुष | २४२ | ४७८ | १७५ | २६५ | २१२ | ४८३ | ३८१ | ३५५ | २,५९१ |
| | महिला | २५३ | ४७७ | १७३ | ३०१ | २१२ | ४४७ | ३७४ | ३५९ | २,५९६ |
| हाल विद्यालय गइरहेको | पुरुष | १९६ | ३९७ | १४१ | १९९ | १५१ | ३११ | २२७ | २३३ | १,८५५ |
| | महिला | २०७ | ३८० | १४९ | २४१ | १५३ | ३०० | २६५ | २४५ | १,९४० |
| प्रायः जाने गरेको | पुरुष | ३३ | ६४ | ३२ | ६१ | ५२ | १५० | १३६ | ११० | ६३८ |
| | महिला | ३६ | ७६ | २२ | ४९ | ४४ | १२० | ९५ | १०१ | ५४३ |
| कहिल्यै नजाने | पुरुष | १३ | १७ | २ | ५ | ९ | २२ | १८ | १२ | ९८ |
| | महिला | १० | २१ | २ | ११ | १५ | २७ | १४ | १३ | ११३ |
| हाल विद्यालय गइरहेको प्रतिशत | जम्मा | ८१.४ | ८१.४ | ८३.३ | ७७.७ | ७१.७ | ६५.७ | ६५.२ | ६७.० | ७३.२ |
| | पुरुष | ८१.० | ८३.१ | ८०.६ | ७५.१ | ७१.२ | ६४.४ | ५९.६ | ६५.६ | ७१.६ |
| | महिला | ८१.८ | ७९.७ | ८६.१ | ८०.१ | ७२.२ | ६७.१ | ७०.९ | ६८.३ | ७४.७ |
| प्रायः जाने गरेको प्रतिशत | जम्मा | १३.९ | १४.७ | १५.५ | १९.४ | २२.६ | २९.० | ३०.६ | २९.६ | २२.८ |
| | पुरुष | १३.६ | १३.४ | १८.३ | २३.० | २४.५ | ३१.१ | ३५.७ | ३१.० | २४.६ |
| | महिला | १४.२ | १५.९ | १२.७ | १६.३ | २०.८ | २६.९ | २५.४ | २८.१ | २०.९ |
| कहिल्यै नजाने प्रतिशत | जम्मा | ४.७ | ४.० | १.२ | २.८ | ५.७ | ५.३ | ४.२ | ३.५ | ४.१ |
| | पुरुष | ५.४ | ३.६ | १.१ | १.९ | ४.३ | ४.६ | ४.७ | ३.४ | ३.८ |
| | महिला | ४.० | ४.४ | १.२ | ३.७ | ७.१ | ६.० | ३.७ | ३.६ | ४.४ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणना २०७८ अनुसार मोलुङ गाउँपालिकामा ५ देखि २५ वर्ष उमेर समूहका कुल ५,१८७ जनसंख्यामध्ये ३,७९५ जना (७३.२%) हाल विद्यालय गइरहेका छन्। यसले युवा जनसंख्याको ठूलो हिस्सा शिक्षामा सक्रिय रहेको

देखाउँछ। १,१८१ जना (२२.८%) कुनै समय विद्यालय गएका तर हाल अध्ययनमा नरहेका छन्। २११ जना (४.१%) ले विद्यालय कहिल्यै नगएको उल्लेख गरेका छन्, जसमा ११३ महिला र ९८ पुरुष रहेका छन्। वडा नं. ३ मा हाल विद्यालय गइरहेकाहरूको प्रतिशत सबैभन्दा उच्च ८३.३% रहेको छ, जबकि वडा नं. ७ मा यो प्रतिशत ६५.२% सबैभन्दा कम छ। यसले गाउँपालिकामा शिक्षाको पहुँच विस्तार भएको र युवाहरूमा शैक्षिक चेतना बढीको देखाउँछ, तर विद्यालय पहुँच बाहिर रहेका थोरै जनसंख्यालाई पनि लक्षित कार्यक्रम आवश्यक देखिन्छ।

### ४.४ जनसंख्याको फरक क्षमताअनुसारको संरचना

फरक क्षमता भएका व्यक्तिहरूको साक्षरता स्तरले समाजमा समावेशिता र सबैलाई समान अवसरको पहुँचलाई प्रतिविम्बित गर्छ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा मोलुङ गाउँपालिकाको सबै, पुरुष र महिला जनसंख्याको अपांगताको अवस्थाका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ। यो पालिकाको १६,४४० जनसंख्यामध्ये समग्रमा करिब ४ (३.६%) प्रतिशत, ४ प्रतिशतभन्दा बढी पुरुष (४.३%) र ३ प्रतिशत महिलामा कुनै न कुनै खालको अपांगता भएको तथ्यांले देखाएको छ (तालिका ४.१७)। अपांगताको किसिमका आधारमा हेर्दा शारीरिक अपांगता हुनेको संख्या तुलनात्मक रूपमा बढी देखिन्छ भने अपांगताको वर्गीकरणअनुसारका सबै खाले अपांगहरू यो पालिकामा रहेको देखिन्छ।

**तालिका २१: मोलुङ गाउँपालिकाको जनसंख्याको अपांगताको प्रकार र अवस्थाअनुसार कुल, पुरुष र महिलाको वितरण, जनगणना २०७८**

| अपांगताको प्रकार | कुल जनसंख्या | % | पुरुष | % | महिला | % |
|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | १६,४४० | १००.० | ८,०२७ | १००.० | ८,४१३ | १००.० |
| शारीरिक अपांगता | २४७ | १.५ | १५८ | २.० | ८९ | १.१ |
| कम देख्ने | ७३ | ०.४ | ३५ | ०.४ | ३८ | ०.५ |
| अन्धोपन | ४३ | ०.३ | २३ | ०.३ | २० | ०.२ |
| बहिरा | ३८ | ०.२ | २५ | ०.३ | १३ | ०.२ |
| कम सुन्ने | ४३ | ०.३ | २२ | ०.३ | २१ | ०.२ |
| बहिरा र अन्धा | ३४ | ०.२ | १३ | ०.२ | २१ | ०.२ |
| बोलीमा समस्या | २५ | ०.२ | १७ | ०.२ | ८ | ०.१ |
| मनोसामाजिक समस्या | ३० | ०.२ | १३ | ०.२ | १७ | ०.२ |
| बौद्धिक अपांगता | ५ | ०.० | २ | ०.० | ३ | ०.० |
| हेमोफिलिया | १ | ०.० | ० | ०.० | १ | ०.० |
| अटिजम | ३ | ०.० | २ | ०.० | १ | ०.० |
| बहु अपांगता | ५५ | ०.३ | ३३ | ०.४ | २२ | ०.३ |
| कुनै पनि अपांगता भएका | ५९७ | ३.६ | ३४३ | ४.३ | २५४ | ३.० |
| कुनै पनि अपांगता नभएका | १५,८४३ | ९६.४ | ७,६८४ | ९५.७ | ८,१५९ | ९७.० |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

यो नतिजाले पालिकालाई आफ्नो क्षेत्रभित्र सार्वजनिक सेवा र अन्य पक्षमा अपांगतामैत्री सेवासुविधा र नीतिनियम तर्जुमा गर्न मार्ग निर्देश गर्ने अपेक्षा गर्न सकिन्छ।

## ४.५ वैवाहिक अवस्था

नेपालमा जनगणनाले १० वर्ष र सोभन्दा माथिको उमेर समूहका जनसंख्याको वैवाहिक अवस्था प्रायः ४ वर्गमा राखेर हेर्ने गरेको छ । जसअन्तर्गत अविवाहित, विवाहित, विधवा/विधुर र पारपाचुके र छुट्टिएको पर्दछन् । मोलुङ गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिको उमेरको कुल पुरुष र महिला जनसंख्याको उमेरअनुसारको वैवाहिक अवस्था तालिका ४.१८ मा प्रस्तुत गरिएको छ। जसअनुसार १० वर्षमाथिको सबै उमेरका कुल जनसंख्याको एक तिहाइभन्दा केही बढी (३३.९%), पुरुषको ३८ र महिलाको ३० प्रतिशत अविवाहित अवस्थामा छन्।

यसैगरी महिला, पुरुषको दुवै मिलाएर ६१ प्रतिशत, ६० प्रतिशत पुरुष र ६३ प्रतिशत महिला हाल विवाहित छन् भने कुल जनसंख्याको करिब ४ प्रतिशत, पुरुष र महिलाको क्रमश ः २ र ५ प्रतिशतभन्दा केही बढी जनसंख्या विधवा अथवा विधुर अवस्थामा रहेको देखिन्छ। २० वर्ष नपुग्दै विवाह गर्नेमा कुल जनसंख्याको करिब ९ प्रतिशत, पुरुषको ४ प्रतिशत र महिलाको करिब १४ प्रतिशत देखिएको छ भने ३५ वर्षपछिको उमेरमा लगभग ९५ प्रतिशतभन्दा बढी पुरुष र महिला दुवैको विवाह भएको देखिन्छ। अविवाहितको अनुपात ५० वर्षपछि पुरुषको लगभग एक प्रतिशत र महिलाको दुई प्रतिशतमा पुगेको देखिन्छ। ३५ वर्षपछि विधवा अथवा विधुर हुने क्रम बढोको देखिन्छ भने ५० वर्षभन्दा माथिको उमेरका २० प्रतिशत महिला र ६.५ प्रतिशत पुरुषको वैवाहिक अवस्था वैधव्यतामा परिणत भएको देखिन्छ।

**तालिका २२: मोलुङ गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्याको वैवाहिक अवस्थाअनुसार वितरण**

| उमेर समूह | जनसंख्या | वैवाहिक अवस्था प्रतिशतमा | | | |
|---|---|---|---|---|---|
| महिला पुरुष दुवै | | अविवाहित | विवाहित | विधवा/विधुर | पारपाचुके/छुट्टिएको |
| सबै उमेर समूह | १३,८२६ | ३३.९ | ६१.४ | ४.३ | ०.४ |
| १०-१४ वर्ष | १,६६६ | ९९.५ | ०.५ | ०.० | ०.० |
| १५-१९ वर्ष | १,७१४ | ९१.२ | ८.६ | ०.१ | ०.० |
| २०-२४ वर्ष | १,४९५ | ५७.१ | ४२.७ | ०.१ | ०.१ |
| २५-२९ वर्ष | १,३१२ | २५.५ | ७३.९ | ०.२ | ०.३ |
| ३०-३४ वर्ष | १,०६१ | १०.६ | ८७.९ | १.१ | ०.४ |
| ३५-३९ वर्ष | ९७० | ४.६ | ९३.२ | १.३ | ०.८ |
| ४०-४४ वर्ष | ९५९ | २.८ | ९४.८ | १.९ | ०.५ |
| ४५-४९ वर्ष | ७५१ | ४.३ | ९३.२ | १.७ | ०.८ |
| ५० + वर्ष | ३,८९८ | १.६ | ८४.२ | १३.६ | ०.६ |
| पुरुष | | | | | |
| सबै उमेर समूह | ६,६७८ | ३७.९ | ५९.८ | २.१ | ०.२ |
| १०-१४ वर्ष | ८१६ | ९९.८ | ०.२ | ०.० | ०.० |
| १५-१९ वर्ष | ८१७ | ९६.१ | ३.८ | ०.१ | ०.० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०-२४ वर्ष | ७३९ | ७२.१ | २७.६ | ०.१ | ०.१ |
| २५-२९ वर्ष | ६४४ | ३७.९ | ६१.८ | ०.२ | ०.२ |
| ३०-३४ वर्ष | ५२० | १४.२ | ८५.० | ०.४ | ०.४ |
| ३५-३९ वर्ष | ४५६ | ६.६ | ९१.२ | १.१ | १.१ |
| ४०-४४ वर्ष | ४५९ | २.८ | ९५.९ | ०.९ | ०.४ |
| ४५-४९ वर्ष | ३६२ | ३.६ | ९५.९ | ०.६ | ०.० |
| ५० + वर्ष | १,८६५ | १.२ | ९२.० | ६.५ | ०.३ |
| महिला | | | | | |
| सबै उमेर समूह | ७,१४८ | ३०.२ | ६२.९ | ६.४ | ०.५ |
| १०-१४ वर्ष | ८५० | ९९.२ | ०.८ | ०.० | ०.० |
| १५-१९ वर्ष | ८९७ | ८६.८ | १३.० | ०.१ | ०.० |
| २०-२४ वर्ष | ७५६ | ४२.५ | ५७.४ | ०.० | ०.१ |
| २५-२९ वर्ष | ६६८ | १३.६ | ८५.६ | ०.३ | ०.४ |
| ३०-३४ वर्ष | ५४१ | ७.० | ९०.८ | १.८ | ०.४ |
| ३५-३९ वर्ष | ५१४ | २.९ | ९४.९ | १.६ | ०.६ |
| ४०-४४ वर्ष | ५०० | २.८ | ९३.८ | २.८ | ०.६ |
| ४५-४९ वर्ष | ३८९ | ४.९ | ९०.७ | २.८ | १.५ |
| ५० + वर्ष | २,०३३ | १.९ | ७७.१ | २०.१ | ०.९ |

(स्रोतः रा.का.त., राष्ट्रिय जनगणना २०७८

पारपाचुके गरेका अथवा श्रीमान् श्रीमती मनमुटाव भएर छुट्टिएर अलग्गै बसेकाको अनुपात यो पालिकामा १ प्रतिशतभन्दा कममा देखिएको छ । समग्रमा हेर्दा विवाह गर्ने चलन पुरुषको हकमा लगभग २० वर्षपछि जान थालेको अनुभूत हुन्छ भने महिलाको हकमा भने अझै २० वर्ष पहिले नै विवाह गर्ने चलन केही मात्रामा कायम रहेको देखिन्छ । तर १५ वर्षमुनिको विवाहवारीको चलन भने महिला–पुरुष दुवैमा लगभग हराएको अनुभूत हुन्छ । पुरुषको हकमा ३५ वर्ष पछि र महिलाको हकमा ३० वर्ष पछि विवाह लगभग सर्वव्यापक भएको भान हुन्छ भने विधवा हुने प्रवृत्ति महिलामा पुरुषमा भन्दा करिब तीन गुणाले जस्तो बढी देखिन्छ ।

### ४.५.१ विवाहको उमेर र बाल विवाह

यस खण्डमा मोलुङ गाउँपालिकाको वडाअनुसार विवाहित पुरुष, महिला र कुल जनसंख्याको विवाह हुँदाको औसत उमेर र २०-२४ वर्षको जनसंख्यामध्ये १५ वर्षमुनि र १८ वर्षमुनि विवाह भएकाको अनुपताका आधारमा नावालिग विवाह र बाल विवाहको अवस्थाको विश्लेषण गरिएको छ ।

#### विवाहको औसत उमेर

विवाहको औसत उमेरले सामाजिक, सांस्कृतिक, र आर्थिक विकासको स्तरलाई प्रतिविम्बित गर्छ । ढिलो विवाहले शिक्षा, करिअर र व्यक्तिगत विकासका लागि थप अवसरहरू प्रदान गर्छ । तालिका २३ मा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा मोलुङ गाउँपालिकामा विवाहको औसत उमेरबारे जानकारी दिइएको छ ।

**तालिका २३: मोलुङ गाउँपालिकाका १० वर्ष र सोभन्दा माथिका विवाहित जनसंख्याको विवाह हुँदाको वडाअनुसार औसत उमेर**

| वडा नम्बर | विवाहको औषत उमेर | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| वडा नम्बर १ | २०.२ | २२.२ | १८.६ |
| वडा नम्बर २ | १९.९ | २१.९ | १८.४ |
| वडा नम्बर ३ | २०.३ | २२.१ | १८.८ |
| वडा नम्बर ४ | १९.२ | २१.३ | १७.६ |
| वडा नम्बर ५ | २०.२ | २२.० | १८.८ |
| वडा नम्बर ६ | १९.३ | २०.२ | १८.५ |
| वडा नम्बर ७ | २०.८ | २२.२ | १९.५ |
| वडा नम्बर ८ | २०.६ | २१.६ | १९.८ |
| गाउँपालिकाको जम्मा (प्रत्यक्ष गणना) | २०.० | २१.६ | १८.७ |
| अप्रत्यक्ष गणना गरिएको विवाहको औसत उमेर | | २६.१ | २२.१ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणना २०७८ अनुसार मोलुङ गाउँपालिकामा विवाहको औसत उमेर २० वर्ष रहेको छ। पुरुषको औसत विवाह उमेर २१.६ वर्ष र महिलाको १८.७ वर्ष रहेको छ, जसले महिलाको विवाह पुरुषको तुलनामा चाँडो हुने गरेको देखाउँछ। वडा नं. ७ मा विवाहको औसत उमेर सबैभन्दा बढी २०.८ वर्ष रहेको छ, जबकि वडा नं. ४ र ६ मा यो सबैभन्दा कम क्रमशः १९.२ र १९.३ वर्ष रहेको देखिन्छ। महिलाको हकमा वडा नं. ४ मा औसत विवाह उमेर सबैभन्दा कम १७.६ वर्ष रहेको देखिन्छ, जसले यहाँ  महिलाहरूको विवाह किशोरावस्थामै हुने प्रवृत्ति रहेको संकेत गर्दछ। विवाहपूर्व सरदरमा एकल अवस्थामा बसेका वर्षहरूको गणनाका आधारमा विवाहको औसत उमेर अप्रत्यक्ष गणना गर्दा मोलुङ गाउँपालिकामा बसोबास गर्ने पुरुषको करिब २६ वर्षमा र महिलाको २२ वर्षमा पहिलो विवाह हुने गरेको देखिन्छ।

## बाल विवाह

तालिका २४ मा मोलुङ गाउँपालिकाको २०-२४ वर्ष उमेर समूहको जनसंख्याको १५ वर्ष हुनु पहिला र १८ वर्ष हुनु पहिला विवाह हुनेको महिला पुरुषको जम्मा, पुरुष र महिलाको अलगअलग वडाअनुसार प्रतिशत प्रस्तुत गरिएको छ। तालिकाअनुसार पालिकामा विवाह भएका सो उमेरकाको समग्रमा २.३%, महिलाको हकमा ३% र पुरुषको हकमा १.५% को १५ वर्ष नपुग्दै अथवा नाबालिक अवस्थामा नै विवाह भएको देखिन्छ। त्यसैगरी महिला-पुरुष दुवैमा १३%, २०% महिला र करिब ६% पुरुषको १८ वर्ष पुग्नुअगावै विवाह हुने गरेको देखिन्छ। यसरी हेर्दा यो पालिकामा नाबालिक विवाह र बाल विवाह विशेषतः महिलामा निक्कै उच्च छ भन्दा फरक नपर्ला। बाल विवाह एक सामाजिक समस्या हो, जसले बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा नकारात्मक असर पार्छ। १५ र १८ वर्षभन्दा अघि

गरिने विवाहले शिक्षा, स्वास्थ्य र व्यक्तिगत स्वतन्त्रतामा बाधा पुर्याउँछ। पालिकाको वडाअनुसार नाबालिक विवाह र बाल विवाहको अवस्था नियाल्दा महिला नाबालिक विवाह (१५ वर्ष नपुग्दै भएको विवाह) वडा नं. ३, २ र ६ मा अरू वडामा भन्दा उच्च देखिन्छ भने बाल विवाह (१८ वर्ष नपुग्दै भएको विवाह) वडा नं. १ र २ मा ३२ प्रतिशतभन्दा बढीमा र वडा नं. ३, ४, २ र ६ मा पालिकाको औसत २०% भन्दा बढी छ। यो नतिजाले पालिकालाई ती वडाबाट बाल विवाह र नाबालिक विवाह निर्मूल गर्न निक्कै ध्यान दिनुपर्ने देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मोलुङ गाउँपालिकामा २०-२४ वर्ष उमेर समूहको कुल जनसंख्या १,४९५ रहेको छ। यसमध्ये १५ वर्षअघि नै विवाह गर्नेको संख्या ३४ रहेको छ। जसले नाबालिक विवाहको दर २.३% रहेको देखाउँछ। यो दर पुरुषमा १.५% र महिलामा ३.०% रहेको छ। यस आधारमा महिलामा बाल विवाहको समस्या बढी रहेको स्पष्ट पार्छ। वडा नं. ६ र ८ मा १५ वर्ष अगाडि नै विवाह गर्ने चलन बढी देखिएको छ। यसले बाल विवाह न्यूनीकरणका लागि थप सचेतना र कार्यक्रमहरू आवश्यक रहेको देखाउँछ।

**तालिका २४: मोलुङ गाउँपालिकाका २०-२४ वर्ष उमेर समूहको जनसंख्यामा १५ वर्ष (नाबालिक विवाह) र १८ वर्ष (बाल विवाह) नहुँदै विवाह हुनेको लिंगअनुसार प्रतिशत वितरण**

| वडा नं. | २०-२४ वर्ष उमेर समूहको जनसंख्या | | | २०-२४ वर्ष उमेर समूहको जनसंख्यामध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १५ वर्ष नपुग्दै विवाह हुनेको प्रतिशत | | | १८ वर्ष नहुँदै विवाह हुनेको प्रतिशत | | |
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| पालिकाको जम्मा | १,४९५ | ७३९ | ७५६ | २.३ | १.५ | ३.० | १३.० | ५.८ | २०.० |
| वडा नम्बर १ | १७६ | ८२ | ९४ | ०.६ | ०.० | १.१ | ८.० | १.२ | १३.८ |
| वडा नम्बर २ | २६० | ११९ | १४१ | ३.१ | ०.८ | ५.० | १५.४ | ६.७ | २२.७ |
| वडा नम्बर ३ | ११६ | ६१ | ५५ | २.६ | ०.० | ५.५ | १२.९ | १.६ | २५.५ |
| वडा नम्बर ४ | १३८ | ६३ | ७५ | ०.७ | ०.० | १.३ | १५.९ | ४.८ | २५.३ |
| वडा नम्बर ५ | १२९ | ५८ | ७१ | ०.० | ०.० | ०.० | ८.५ | ०.० | १५.५ |
| वडा नम्बर ६ | २५३ | १२४ | १२९ | ४.० | ३.२ | ४.७ | १५.० | ८.१ | २१.७ |
| वडा नम्बर ७ | २१३ | १२१ | ९२ | १.९ | ०.८ | ३.३ | १२.७ | ७.४ | १९.६ |
| वडा नम्बर ८ | २१० | १११ | ९९ | ३.३ | ४.५ | २.० | १२.९ | ९.९ | १६.२ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

त्यसैगरी १८ वर्षअघि गरिने विवाहले पनि किशोरावस्थामा गरिने विवाह अथवा बाल विवाह भन्ने बुझाउँछ। किनभने संयुक्त राष्ट्र संघीय बाल अधिकारसम्बन्धी महासन्धिले १८ वर्षको उमेर पूरा नगरेको कुनै पनि व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेको छ। बाल्यावस्थामा विवाह हुनु भनेको पहिला त बालापनको अन्त्य हुनु हो भने शिक्षा, स्वास्थ्य र सामाजिक जीवनमा नकारात्मक असरको सिर्जना हुनु हो।

### ४.६ बसाइँसराइको अवस्था

बसाइँसराइले कुनै पनि क्षेत्रको जनसंख्याको वितरण, आर्थिक गतिविधि र सामाजिक संरचनामा ठूलो प्रभाव पार्छ। आन्तरिक र बाह्य बसाइँसराइले मानवशक्तिको उपलब्धता र स्थानीय अर्थतन्त्रलाई सिधा असर गर्छ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा मोलुङ गाउँपालिकामा बसाइँसराइको अवस्थाबारे जानकारी दिने प्रयास गरिएको छ। जनसंख्याको बसाइँसराइको अवस्थाको विश्लेषण गर्न जनगणना २०७८ मा व्यक्तिको जन्मस्थान, हाल बसोबास गररेको ठाउँभन्दा पहिला नियमित रूपले बसोबास गरेको स्थान, हाल बसोबास गरेको ठाउँमा लगातार बसोबास गरेको अवधि र योभन्दा पहिला बसोबास गरेको ठाउँको जिल्ला र उक्त ठाउँ छोड्दा गाउँसहर के थियो जस्ता वितरण संकलन गरिएको छ। त्यसैगरी परिवारबाट के कति जना विदेशमा बसोबास गर्नुहुन्छजस्ता प्रश्न सोधिने गर्छ।

#### ४.६.१ जन्मस्थानका आधारमा बसाइँसराइ गरी आउनेको अवस्था

यस खण्डमा जनसंख्याको जन्मस्थानका आधारमा बसाँइ सराइ गरि यो पालिकामा जिल्लका अरू पालिका र देशका अरू जिल्लाबाट अनि विदेशबाट आउनेको अवस्था हेर्न सकिन्छ। तालिका ४.२१ अनुसार मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६,४४० मध्ये ५ जना मात्रै विदेशमा जन्मेका र ९९.९९ प्रतिशत स्वदेशमै जन्मेका देखिएको छ। उक्त जनसंख्यामध्ये १४,२७७ अथवा ८६.८ प्रतिशत (करिब ९८% पुरुष र ७६% महिला) मोलुङ गाउँपालिकाभित्रै जन्मेका छन् भने करिब ११ प्रतिशत (करिब १.७% पुरुष र १९% महिला) ओखलढुंगा जिल्लाकै अन्य पालिकामा जन्मेको देखिन्छ।

अन्य पालिकामा जन्मनेमा महिलाको संख्या पुरुषको भन्दा निक्कै माथि हुनुको कारणमा महिलाको वैवाहिक बसाइँसराइ हुन सक्छ। कुल जनसंख्याको २.४ प्रतिशत (करिब ०.५% पुरुष र ४.२% महिला) अरू जिल्लामा जन्मेका र हाल सो स्थानमा बसोबास गरिरहेको देखिन्छ भने विदेशमा जन्मेका ५ जना जनगणनाको अवधिमा मोलुङ गाउँपालिकामा नियमित बसोबास गरिरहेको पाइएको छ। समग्रमा १६,४४० जनसंख्यामध्ये २,१६१ जना मोलुङमा हाल नियमित रूपले बसोबास गरिरहेकाहरू यही जिल्लाका अन्य पालिका, देशकै अरू जिल्ला अथवा विदेशमा जन्मेको देखिन्छ।

**तालिका २५: मोलुङ गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको जन्मस्थानका आधारमा वितरण**

| जन्मस्थानको विवरण | | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| पालिकाको कुल जनसंख्या | | १६,४४० | ८,०२७ | ८,४१३ |
| स्वदेशमै जन्मिएका | | १६,४३३ | ८,०२४ | ८,४०९ |
| | प्रतिशत | ९९.९६ | ९९.९६ | ९९.९५ |
| यही पालिकामा जन्मेका | जनसंख्या | १४,२७७ | ७,८४६ | ६,४३१ |
| | प्रतिशत | ८६.८४ | ९७.७५ | ७६.४४ |
| जिल्लाको अर्को पालिमामा जन्मेको | जनसंख्या | १,७६३ | १४० | १,६२३ |
| | प्रतिशत | १०.७२ | १.७४ | १९.२९ |
| अरु जिल्लामा जन्मेका | जनसंख्या | ३९३ | ३८ | ३५५ |
| | प्रतिशत | २.३९ | ०.४७ | ४.२२ |

| बवदेशमा जन्मेका | जनसंख्या | ५ | १ | ४ |
|---|---|---|---|---|
| | प्रतिशत | ०.०३ | ०.०१ | ०.०५ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

जनगणना हुनुभन्दा पहिलाको बसोबासको स्थानसम्बन्धी वितरण पनि लगभग जन्म स्थानका आधारमा जनसंख्याको वितरणजस्तो नै देखिन्छ।

### ४.६.२ परिवारका सदस्यको देश र विदेश अनुपस्थिति

मोलुङ गाउँपालिकामा गणना गरिएका ४,०६९ घरपरिवारमध्ये ७२० अथवा १७.७% बाट कम्तीमा एक जना सदस्य परिवार बाहिर विदेशमा बसोबास गर्दै गरेको देखिन्छ। ती ७२० घरपरिवारबाट जम्मा २,२७८ जना अथवा कुल जनसंख्याको १३.९% सदस्यहरू (१,२१४ पुरुष अथवा पुरुषको १५.५% र १,०३७ महिला अथवा महिलाको १२.३%) देशभित्रै अन्यत्र गएर अक्सर बसोबास गर्ने गरेको देखिन्छ। त्यसैगरी पालिकाको १२.४% अथवा ५०६ घरपरिवारबाट ६९१ जना अथवा ४.२% परिवार सदस्यहरू जनगणनाको बेलामा घरपरिवार बाहिर अक्सर विदेशमा बसोबास गर्ने गरेको पाइएको छ। स्वदेशभित्र अक्सर घरपरिवार बाहिर बस्नेमा महिला–पुरुषका बीच ठूलो अन्तर नदेखिए तापनि विदेशमा बस्ने परिवारका पुरुषको संख्या ५७१ (पुरुषको ७.१% ) को तुलनामा महिलाको १२० (महिलाको १.४% ) मात्र भएको देखिन्छ। पालिकामा बसोबास गर्ने घरपरिवारका ६९१ सदस्य पालिकाबाट विदेश गएको देखिन्छ भने जम्मा ५ जना मात्र विदेशमा जन्मेका मानिस पालिकामा हाल नियमित बसोबास गर्दै गरेको देखिन्छ। यसबाट के स्पष्ट हुन्छ भने पालिकाबाट बाह्य बसाइँसराइकै प्रवृत्ति उच्च छ।

**तालिका २६: मोलुङ गाउँपालिकाको अक्सर बसोबास गर्ने घरपरिवार र जनसंख्यामा घरभन्दा बाहिरै देशभित्रै र देशबाहिर बसोबास गर्नेको प्रतिशत वितरण**

| वडा नं. | अक्सर बसोबास गर्ने घरपरिवार र जनसंख्या | | | | अक्सर देशभित्र अन्यत्र बस्ने % | | | | अक्सर विदेशमा बस्ने % | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसंख्या | | | घर परिवार | जनसंख्या | | | घर परिवार | जनसंख्या | | |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| गा.पा.को जम्मा | ४,०६९ | १६,४४० | ८,०२७ | ८,४१३ | १७.७ | १३.९ | १५.५ | १२.३ | १२.४ | ४.२ | ७.१ | १.४ |
| वडा नम्बर १ | ५८४ | २,२२४ | १,०५५ | १,१६९ | २९.१ | २७.६ | ३१.० | २४.६ | १७.५ | ६.५ | ११.१ | २.३ |
| वडा नम्बर २ | ८८२ | ३,३२७ | १,६०१ | १,७२६ | १७.६ | ११.९ | १३.७ | १०.२ | १३.६ | ४.६ | ७.९ | १.६ |
| वडा नम्बर ३ | २९९ | १,२०६ | ५८९ | ६१७ | २६.४ | २०.४ | २२.१ | १८.८ | ११.४ | ४.६ | ७.० | २.३ |
| वडा नम्बर ४ | ४८४ | १,८९९ | ८९२ | १,००७ | २१.९ | २१.२ | २५.३ | १७.५ | १३.८ | ४.४ | ८.५ | ०.८ |
| वडा नम्बर ५ | ३४७ | १,४४१ | ६९९ | ७४२ | १४.७ | ८.० | १०.४ | ५.७ | १२.१ | ३.५ | ६.६ | ०.५ |
| वडा नम्बर ६ | ५२७ | २,३२५ | १,१६६ | १,१५९ | १०.६ | ६.३ | ७.२ | ५.४ | १२.९ | ४.० | ६.७ | १.४ |
| वडा नम्बर ७ | ४५५ | २,०३१ | १,०३९ | ९९२ | ११.७ | ११.२ | ११.६ | १०.८ | ५.७ | १.६ | २.२ | १.० |
| वडा नम्बर ८ | ४९१ | १,९८७ | ९८६ | १,००१ | १०.२ | ६.६ | ६.२ | ७.० | ९.६ | ३.९ | ६.५ | १.३ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

तालिका २६ अनुसार पालिकाका ४,०६९ घरपरिवारमध्ये करिब १८ र १२ प्रतिशतबाट परिवारका एक वा एकभन्दा बढी सदस्य क्रमशः देशभित्रै अन्यत्र गएर र देशबाहिर विदेशमा नियमित बसोबास गर्ने गरेका छन्। त्यसरी घरपरिवारबाट देशभित्रै अन्त्र गएर बस्नेमा पालिकाको कुल जनसंख्याको करिब १४ प्रतिशत (१५.५% पुरुष र १२.३% महिला) छ भने देशबाहिर विदेशमा कुल जनसंख्याको ४.२% (७% पुरुष र १.४% महिला) भएको देखिन्छ। वडाअनुसार हेर्दा वडा नं. १, ३ र ४ बाट सबैभन्दा बढी घरपरिवार क्रमशः २९ र २६ र २२ प्रतिशतबाट परिवारका सदस्य स्वदेशकै अन्य क्षेत्रमा गएर बसोबास गरेको देखिन्छ। यो अनुपात स्वदेशभित्र घरपरिवारबाट अनुपस्थित जनसंख्याको अनुपातमा पनि कायम भएको देखिन्छ। परिवार सदस्य विदेश अनुपस्थित हुने घरपरिवारको अनुपात वडा नं. १ बाट बढी देखिएको छ र विदेश अनुपस्थित जनसंख्याको अनुपात पनि ती वडामा पुरुषको खण्डमा अन्यमा भन्दा बढी देखिन्छ। विदेश अनुपस्थितको अवस्था वडा नं. ७ र ८ मा अन्य वडाको तुलनामा निकै कम देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६,४४० मध्ये ८६.८% बसाइँसराइ नगरेका छन् भने १३.१% आन्तरिक बसाइँसराइको प्रक्रियामा सामेल भएको देखिन्छ। पालिकामा जम्मा ५ जना व्यक्ति विदेशमा जन्मेको पाइएको छ। वडा नं. १ र २ मा आन्तरिक बसाइँसराइ गर्नेको प्रतिशत सबैभन्दा बढी क्रमशः २८.६ र २३.७% रहेको छ, जबकि वडा नं. ७ र ८ मा यो सबैभन्दा कम क्रमशः ०.८% र १.६% रहेको देखिन्छ। यसले गाउँपालिकामा आन्तरिक बसाइँसराइको प्रवृत्ति रहेको र यसले स्थानीय जनसंख्याको वितरणमा असर पारेको देखाउँछ। बसाइँसराइका कारण र यसको सामाजिक-आर्थिक प्रभावबारे थप अध्ययन आवश्यक देखिन्छ।

**तालिका २७: मोलुङ गाउँपालिकाको जनसंख्याको बसाइँसराइको अवस्थाअनुसार वडागत वितरण**

| वडा नम्बर | जनसंख्या | | | बसाइँसराइ गरेको जनसंख्या | | | बसाइँसराइ गरे नगरेको % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | बसाइँसराइ नगरेको | बसाइँसराइ गरेको | विदेशमा जन्मेको | बसाइँसराइ नगरेको | बसाइँसराइ गरेको | विदेशमा जन्मेको |
| वडा नम्बर १ | २,२२४ | १,०५५ | १,१६९ | १,५८८ | ६३६ | ० | ७१.४ | २८.६ | ०.० |
| वडा नम्बर २ | ३,३२७ | १,६०१ | १,७२६ | २,५३४ | ७८८ | ४ | ७६.२ | २३.७ | ०.१ |
| वडा नम्बर ३ | १,२०६ | ५८९ | ६१७ | १,१२१ | ८५ | ० | ९३.० | ७.१ | ०.० |
| वडा नम्बर ४ | १,८९९ | ८९२ | १,००७ | १,५७३ | ३२५ | ० | ८२.८ | १७.१ | ०.० |
| वडा नम्बर ५ | १,४४१ | ६९९ | ७४२ | १,२४९ | १९१ | १ | ८६.७ | १३.३ | ०.१ |
| वडा नम्बर ६ | २,३२५ | १,१६६ | १,१५९ | २,२४३ | ८२ | ० | ९६.५ | ३.५ | ०.० |
| वडा नम्बर ७ | २,०३१ | १,०३९ | ९९२ | २,०१४ | १७ | ० | ९९.२ | ०.८ | ०.० |
| वडा नम्बर ८ | १,९८७ | ९८६ | १,००१ | १,९५५ | ३२ | ० | ९८.४ | १.६ | ०.० |
| गा.पा.को जम्मा | १६,४४० | ८,०२७ | ८,४१३ | १४,२७७ | २,१५६ | ५ | ८६.८ | १३.१ | ०.० |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

# अध्याय पाँच
# आर्थिक अवस्था

यस अध्यायमा मोलुङ गाउँपालिकाको जनसांख्यिक संरचना र त्यस संरचनामा पर्ने जातिगत विविधताको उल्लेख गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई जनसंख्यासम्बन्धी उपयुक्त नीति नियम बनाउन उपयोगी हुन्छ। आम नागरिकको गरिबीको मापन गर्नका लागि विभिन्न परिसूचकहरूको सहायता लिनुपर्ने हुन्छ । गाउँपालिकाका विवरणहरूको एकीकृत खाका तयार भइसकेको र व्यवस्थित भएको अवस्था छैन। यहाँका कतिपय आधिकारिक सूचकहरू तयार भएको पाइँदैन । यो खण्डमा गाउँपालिकाको समग्रतामा विभिन्न आर्थिक पक्षसँग अन्तरसम्बन्धित परिसूचकहरूको आधारमा विश्लेषण प्रस्तुत गरिएको छ । गरिबीको सूचकको मापन गर्दा आर्थिक रूपमा उनीहरूको सक्रियता, घरको संरचना, जमिनमाथिको स्वामित्व, महिलाको जमिनमाथिको स्वामित्व, पेसाका आधारमा गाउँपालिकामा बसोबास गर्ने नागरिकको विवरण, मुख्य पेसालगायत विभिन्न पक्षको विश्लेषण गरिएको छ।

## ५.१ गाउँपालिकाको कृषिको अवस्था

राष्ट्रिय कृषि गणना २०७८ अनुसार मोलुङ गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३७९६ रहेकोमा मकै खेती गर्ने कृषक परिवार संख्या ३७०८, मकै खेती गर्दा स्थानीय विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ३४५१, मकै खेती गर्दा उन्नत विजनको प्रयोग गर्ने कृषक परिवार संख्या १९४, मकै खेती गर्दा वर्णशंकर (हाइब्रिड) विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ६३, मकै खेती गर्दा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या २७०, मकै खेती गर्दा स्थानीय वा जैविक मलको प्रयोग गर्ने कृषक परिवार संख्या २२१४, मकै खेती गर्दा खनिज वा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार संख्या ३८४ र मकै खेती गर्दा दुवै मलको प्रयोग गर्ने कृषक परिवार संख्या ११९० रहेको पाइयो।

त्यसैगरी, गहुँ खेती गर्ने कृषक परिवार संख्या १७७० रहेको मध्ये, गहुँ खेती गर्दा स्थानीय विजनको प्रयोग गर्ने कृषक परिवार संख्या १७२६, गहुँ खेती गर्दा उन्नत विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ४३, गहुँ खेती गर्दा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या ३६, गहुँ खेती गर्दा स्थानीय वा जैविक मलको प्रयोग गर्ने कृषक परिवार संख्या १४९२, गहुँ खेती गर्दा खनिज वा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार संख्या ६१ र गहुँ खेती गर्दा दुवै मलको प्रयोग गर्ने कृषक परिवार संख्या २१७ रहेको पाइयो।

**तालिका २८: पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार**

| | | | |
|---|---|---|---|
| कृषक परिवारको जम्मा संख्या | | | ३७९६ |
| पाल्तु चौपाया | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | | ३५८७ |
| | गाई/गोरू | कृषक परिवार संख्या | २३९० |
| | | गाई/गोरू संख्या | ५६२० |
| | राँगा/भैंसी | कृषक परिवार संख्या | २६३३ |
| | | राँगा/भैंसी संख्या | ५८९८ |
| | बाख्रा/च्याङ्ग्रा | कृषक परिवार संख्या | २५४९ |
| | | बाख्रा/च्याङ्ग्रा संख्या | १७३०८ |
| | भेडा/भेडी | कृषक परिवार संख्या | ३६ |

| | | | |
|---|---|---|---|
| | | भेडा/भेडी संख्या | ८८ |
| | सुगुँर/बंगुर | कृषक परिवार संख्या | ७६३ |
| | | सुगुँर/बंगुर संख्या | २१२४ |
| | अन्य पशु | कृषक परिवार संख्या | २०० |
| | | अन्य पशु संख्या | २८६ |
| पाल्तु पन्छी | कुखुरा | कृषक परिवार संख्या | २२६८ |
| | | कुखुरा संख्या | २१९२९ |
| | अन्य पन्छी | कृषक परिवार संख्या | १०७ |
| | | अन्य पन्छी संख्या | ४१० |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या ३५८७, गाई वा गोरू पाल्ने कृषक परिवारको जम्मा संख्या २३९०, गाई वा गोरूको जम्मा संख्या ५६२०, राँगा वा भैंसी पाल्ने कृषक परिवारको जम्मा संख्या २६३३, राँगा वा भैंसीको जम्मा संख्या ५८९८, बाख्रा वा च्याङ्ग्रा पाल्ने कृषक परिवारको जम्मा संख्या २५४९, बाख्रा वा च्याङ्ग्राको जम्मा संख्या १७३०८, भेडा वा भेडी पाल्ने कृषक परिवारको जम्मा संख्या ३६, भेडा वा भेडीको जम्मा संख्या ८८, सुगुँर वा बंगुर पाल्ने कृषक परिवारको जम्मा संख्या ७६३, सुगुँर वा बंगुरको जम्मा संख्या २१२४, अन्य पशु पाल्ने कृषक परिवारको जम्मा संख्या २००, अन्य पशुको जम्मा संख्या २८६, कुखुरा पाल्ने कृषक परिवारको जम्मा संख्या २२६८, कुखुराको जम्मा संख्या २१९२९, अन्य पन्छी पाल्ने कृषक परिवारको जम्मा संख्या १०७ र अन्य पन्छीको जम्मा संख्या ४१० रहेको पाइयो।

जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये स्थायी कामदार प्रयोग गर्ने कृषक परिवार संख्या ०, जम्मा स्थायी कामदार संख्या ०,  जम्मा स्थायी पुरुष कामदार संख्या ०, जम्मा स्थायी महिला कामदार संख्या ०, अस्थायी कामदार प्रयोग गर्ने कृषक परिवार संख्या २३००, जम्मा अस्थायी कामदारको व्यक्ति दिन ४५०४३, जम्मा अस्थायी पुरुष कामदारको व्यक्ति दिन २१३४८ र जम्मा अस्थायी महिला कामदारको व्यक्ति दिन २३६९५ रहेको पाइयो।

कृषि गणनाअनुसार मोलुङ गाउँपालिकामा रहेका कृषक परिवार संख्या ३७९६ मध्ये कृषि ऋण लिएका कृषक परिवार संख्या १७८३, कृषि ऋण वा थप ऋणको आवश्यकता उल्लेख गर्ने कृषक परिवार संख्या २७२३, कृषि क्रियाकलापको लागि बिमा गरेका कृषक परिवार संख्या ४७० र कृषि कार्यका लागि सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या १५६ रहेको पाइयो।

मोलुङ गाउँपालिका कृषक परिवार संख्या ३७९६ मध्ये जलवायु परिवर्तन बारे थाहा हुने कृषक परिवार संख्या ३२१३, कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभाव उल्लेख गर्ने कृषक परिवार ३१३५, जलवायु परिवर्तनको कारणले कृषि उत्पादनमा कमी आएको भनेका कृषक परिवार २२३३, जलवायु परिवर्तनको कारणले कृषि उत्पादनमा वृद्धि आएको भनेका कृषक परिवार १४१, जलवायु परिवर्तनको कारणले फल वा फसलको आकारमा परिवर्तन आएको भनेका कृषक परिवार ३२४, जलवायु परिवर्तनको कारणले कृषि उपजको स्वादमा परिवर्तन आएको भनेका कृषक परिवार २३८, जलवायु परिवर्तनको कारणले बाली लगाउने समय फरक परेको भनेका कृषक परिवार ९३१, जलवायु

परिवर्तनको कारणले धेरै वा कम वर्षा भएको भनेका कृषक परिवार १७६६, जलवायु परिवर्तनको कारणले रोग वा कीराको प्रकोपमा वृद्धि भएको भनेक कृषक परिवार २१४३, जलवायु परिवर्तनको कारणले ब्रिडिङ समयमा परिवर्तन भएको भनेका कृषक परिवार ६२, जलवायु परिवर्तनको कारणले प्रजातिको लोप वा उत्थान भएको भनेका कृषक परिवार ३५५ र जलवायु परिवर्तनको कारणले अन्य प्रभाव भएको भनेका कृषक परिवार ९ रहेको पाइयो।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये कृषि चलनबाट निस्किएका फोहोर गाडेर व्यवस्थापन गरेका कृषक परिवार संख्या १०५४, कृषि चलनबाट निस्किएका फोहोर जलाएर व्यवस्थापन गरेका कृषक परिवार संख्या २११९, कृषि चलनबाट निस्किएको फोहोर व्यवस्थापकलाई पठाएर व्यवस्थापन गर्ने कृषक परिवार संख्या १८२, कृषि चलनबाट निस्किएका फोहोर कम्पोष्ट बनाएर व्यवस्थापन गरेका कृषक परिवार संख्या २५६५, कृषि चलनबाट निस्किएका फोहोर इन्धनको रूपमा प्रयोग गरेर व्यवस्थापन गरेका कृषक परिवार संख्या ४३, कृषि चलनबाट निस्किएका फोहोर अन्य तरिकाले व्यवस्थापन गरेका कृषक परिवार संख्या ६२ र कृषि चलनबाट निस्किएका फोहोरको कुनै व्यवस्थापन नगरेको कृषक परिवार संख्या २२० रहेको पाइयो।

त्यसैगरी जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये मुख्य पुरुष कृषक संख्या २६८६ र मुख्य महिला कृषक संख्या १११० रहेको पाइयो। उक्त परिवारको मध्ये पुरुष कृषक परिवारको जनसंख्या ८३०२ र महिला कृषक परिवारको जनसंख्या ८६२१ रहेको पाइयो।

कृषक परिवारमध्ये औपचारिक कृषि तालिम लिएका पुरुष कृषक परिवारको जनसंख्या ९५०, औपचारिक कृषि तालिम लिएका महिला कृषक परिवारको जनसंख्या ४७९, कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता जनाउने पुरुष कृषक परिवारको जनसंख्या ४६९८, कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता जनाउने महिला कृषक परिवारको जनसंख्या ४०५८, कृषि क्रियाकलापमा कम समय दिएको पुरुष कृषक परिवारको जनसंख्या १९१२, कृषि क्रियाकलापमा कम समय दिएको महिला कृषक परिवारको जनसंख्या २२२५, कृषि क्रियाकलापमा करिब आधा समय दिएको पुरुष कृषक परिवारको जनसंख्या १९४०, कृषि क्रियाकलापमा करिब आधा समय दिएको महिला कृषक परिवारको जनसंख्या १९३३, कृषि क्रियाकलापमा धेरै समय दिएको पुरुष कृषक परिवारको जनसंख्या १९७३, कृषि क्रियाकलापमा धेरै समय दिएको महिला कृषक परिवारको जनसंख्या १८९७, कृषि क्रियाकलापमा सवै समय दिएको पुरुष कृषक परिवारको जनसंख्या ५४७, कृषि क्रियाकलापमा सबै समय दिएको महिला कृषक परिवारको जनसंख्या ७०२, कृषि क्रियाकलापमा समय नै नदिएको पुरुष कृषक परिवारको जनसंख्या ७३१ र कृषि क्रियाकलापमा समय नै नदिएको महिला कृषक परिवारको जनसंख्या ७१३ रहेको पाइयो।

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये मुख्य कृषक आफै परिवारमूली ३६७५ परिवार रहेको पाइयो भने परिवारमूली अन्य व्यक्ति रहेको परिवार १२१ रहेको पाइयो। कृषि चलनको स्थिति अनुसार एक चलन परिवार भएको ३७२६ र कृषि चलनको स्थितिअनुसार बहुचलन परिवार भएको ७० र कृषि चलनको स्थितिअनुसार साझा चलन परिवार भएको ० रहेको पाइयो।

सर्वेक्षणमा जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये प्रमुख उत्पादन खाद्यान्न बाली भएका कृषक परिवार संख्या ३७३५, प्रमुख उत्पादन तरकारी बाली भएका कृषक परिवार संख्या ३५, प्रमुख उत्पादन फलफूल बाली भएका कृषक परिवार संख्या ०, प्रमुख उत्पादन नगदे बाली भएका कृषक परिवार संख्या ०, प्रमुख उत्पादन पशुपालन भएका कृषक परिवार

संख्या २६, प्रमुख उत्पादन पन्छीपालन भएका कृषक परिवार संख्या ० र प्रमुख उत्पादन अन्य भएका कृषक परिवार संख्या ० रहेको पाइनुले अझै पनि परम्परागत खेती प्रणालीको विध्यमानता यहाँ रहेको छ भन्न सकिन्छ। गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३७९६ रहेकामा कृषि उत्पादन सबै घरायसी उपभोगमा प्रयोग गर्ने कृषक परिवार संख्या २३४४, कृषि उत्पादन मुख्य घरायसी उपभोग र केही बिक्री गर्ने कृषक परिवार संख्या १४२६ र कृषि उत्पादन मुख्य बिक्री र केही घरायसी उपभोग गर्ने कृषक परिवार संख्या २६ रहेको पाइयो भने कृषि उत्पादन सबै बिक्री गर्ने कृषक परिवार संख्या ० नभएको पाइयो।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये कृषि आम्दानीको मुख्य स्रोत रहेको कृषक परिवार संख्या ३६४६, गैरकृषि आम्दानीको मुख्य स्रोत रहेको कृषक परिवार संख्या १५०, कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरि परिवारलाई खान नपुग्ने कृषक परिवार संख्या २८८१ कृषि उत्पादनबाट भएको आम्दानीले १ देखि ३ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या ११८०, कृषि उत्पादनबाट भएको आम्दानीले ४ देखि ६ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या ११५५, कृषि उत्पादनबाट भएको आम्दानीले ७ देखि ९ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या ४४२ र कृषि उत्पादनबाट भएको आम्दानीले १० देखि १२ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या १०४ पाइनुले कृषि प्रमुख पेसाको रूपमा गरिने गरेको भए तापनि कृषिको कारण ढुक्कसँग अधिकांश परिवारको जीवन निर्वाह हुन नसकेको अवस्था देखिन्छ।

**तालिका २९: जग्गाको स्वामित्वको अवस्थाबारे विवरण**

| | |
|---|---|
| कुल जग्गा स्वामित्वमा रहेका परिवार संख्या | ३७९६ |
| कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका | २९२९.७ |
| खेतीयोग्य जमिनअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या | ३७७० |
| खेतीयोग्य जमिनअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) | १८५०.४ |
| अस्थायी बालीअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या | ३७६१ |
| अन्य खेतीयोग्य जमिनअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका | १५८९.३ |
| अन्य खेतीयोग्य जमिनअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या | १५७३ |
| अन्य खेतीयोग्य जमिन अन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका | २६१.१ |
| स्थायी बालीअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या | ५५९ |
| स्थायी बालीअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका संख्या | ३०.२ |
| अन्य जग्गाअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या | ३७९६ |
| अन्य जग्गाअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका | १०४९.१ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३७९६ कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २९२९.७ रहेको देखिन्छ। जुन विवरणको थप विश्लेषण गर्दा जम्मा कित्ता संख्या १२९२२ रहेकोमा प्रति परिवार औसत कित्ता संख्या ३.४ रहेको पाइयो।

**तालिका ३०: कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता, औसत कित्ता, सिंचित क्षेत्रफल**

| | |
|---|---|
| कृषक परिवारको जम्मा संख्या | ३७९६ |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | २९२९.७ |
| जम्मा कित्ता संख्या | १२९२२ |
| औसत कित्ता संख्या | ३.४ |
| सिंचित क्षेत्रफल (हेक्टर) | ५७७.० |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

यसको विश्लेषण गर्दा जग्गाको खण्डिकरण उच्च दरमा हुने गरेको देखिन्छ। गाउँपालिकाका कृषक परिवारमध्ये सिँचाइ सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या २२७१ र सिंचित क्षेत्रफल (हेक्टर) ५७७ मात्र पाइनुले गाउँपालिकामा सिँचाइको क्षेत्रमा धेरै काम गर्नुपर्ने देखिन्छ जसले गर्दा उत्पादनको मात्रा बढाउन सकियोस्।

**तालिका ३१: कृषि चलनले चलन गरेको जग्गाको उपभोग**

| | | | |
|---|---|---|---|
| कृषक परिवारको जम्मा संख्या | | | ३७९६ |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल(हेक्टर.) | | | २९२९.७ |
| एक प्रकारको स्वामित्व | परिवारको हकको जग्गा मात्र कमाउने | परिवार संख्या | ३२१७ |
| | | क्षेत्रफल (हेक्टर) | २४२८.५ |
| | अरूको हकको जग्गामात्र कमाउने | परिवार संख्या | २७ |
| | | क्षेत्रफल (हेक्टर) | २१.५ |
| | अन्य प्रकारको उपभोगअन्तर्गत | परिवार संख्या | ० |
| | | क्षेत्रफल (हेक्टर) | |
| एकभन्दा बढी प्रकारको स्वामित्व | | परिवार संख्या | ५५२ |
| | | क्षेत्रफल (हेक्टर) | ४७९.७ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

जम्मा कृषक परिवार संख्या ३७९६ मध्येमा "कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर)" २९२९.७, एक प्रकारको स्वामित्व भएका परिवारको हकको जग्गा मात्र कमाउने परिवार संख्या ३२१७ र एक प्रकारको स्वामित्व भएका परिवारको हकको जग्गा मात्र कमाउने क्षेत्रफल (हेक्टर) २४२८.५ देखिन्छ। एक प्रकारको स्वामित्व भएका अरूको हकको जग्गा मात्र कमाउने परिवार संख्या २७ र एक प्रकारको स्वामित्व भएका अरूको हकको जग्गा मात्र

कमाउने क्षेत्रफल (हेक्टर) २१.५ देखिन्छ। एक प्रकारको स्वामित्व भएका अन्य प्रकारको उपभोगअन्तर्गत कमाउने परिवार संख्या र एक प्रकारको स्वामित्व भएका अन्य प्रकारको उपभोगअन्तर्गत कमाउने क्षेत्रफल (हेक्टर) नरहेको देखिन्छ। एकभन्दा बढी प्रकारको स्वामित्व भएका परिवार संख्या ५५२ र एकभन्दा बढी प्रकारको स्वामित्व भएका परिवारको जग्गाको क्षेत्रफल (हेक्टर) ४७९.७ रहेको देखिन्छ।

**तालिका ३२: कृषि चलनले चलन गरेको जग्गाको उपयोग**

| | | |
|---|---|---|
| कृषक परिवारको जम्मा संख्या | | ३७९६ |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | | २९२९.७ |
| जम्मा खेतीयोग्य जग्गा | परिवार संख्या | ३७७० |
| | क्षेत्रफल (हेक्टर) | १८५०.४ |
| अस्थायी बाली लागेको जग्गा | परिवार संख्या | ३७६१ |
| | क्षेत्रफल (हेक्टर) | १५८९.३ |
| अन्य खेतीयोग्य जग्गा | परिवार संख्या | १५७३ |
| | क्षेत्रफल (हेक्टर) | २६१.१ |
| स्थायी बाली लागेको जग्गा | परिवार संख्या | ५५९ |
| | क्षेत्रफल (हेक्टर) | ३०.२ |
| स्थायी चौरचरन, निजी वनबनेलो, पोखरी तथा अन्य जग्गा | परिवार संख्या | ३७९६ |
| | क्षेत्रफल (हेक्टर) | १०४९.१ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३७९६ र कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २९२९.७ रहेकोमा जम्मा खेतीयोग्य जग्गा भएका परिवार संख्या ३७७० तथा जम्मा खेतीयोग्य जग्गाको क्षेत्रफल (हेक्टर) १८५०.४ रहेको पाइन्छ। अस्थायी बाली लागेको जग्गा भएका परिवार संख्या ३७६१ र उनीहरूको अस्थायी बाली लागेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) १५८९.३ रहेको छ। अन्य खेतीयोग्य जग्गा भएका परिवार संख्या १५७३ र उनीहरूको अन्य खेतीयोग्य जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २६१.१ रहेको देखिन्छ। स्थायी बाली लागेको जग्गा भएका परिवार संख्या ५५९ र उनिहरूको स्थायी बाली लागेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ३०.२ रहेको देखिन्छ। अन्य जग्गा भएका परिवार संख्या ३७९६ र अन्य जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) १०४९.१ रहेको देखिन्छ।

गाउँपालिकामा खाद्यान्न बाली लगाएका परिवार संख्या ३७६१ को खाद्यान्न बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २२५१.९ रहेको देखिन्छ। कोसे वा दाल बाली लगाएका परिवार संख्या ८१० र सो कोसे वा दाल बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ९७.६ रहेको पाइयो। कन्दमूल बाली लगाएका परिवार संख्या २५४१ ले कन्दमूल बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ५४२.७ रहेको देखिन्छ। तेल बाली लगाएका परिवार संख्या ४९१ र तेल बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ४८.२ रहेको देखिन्छ। तरकारी बाली लगाउने परिवार

संख्या ८१८ र तरकारी बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ८२.२ रहेको देखिन्छ। अन्य अस्थायी बाली लगाएका परिवार संख्या ५९८ र उक्त बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ६४.२ रहेको देखिन्छ।

गाउँपालिकामा धान बाली लगाएका पारिवार ३७९६ रहेकोमा धान बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २९२९.७ रहेको देखिन्छ। गहुँ बाली लगाएका पारिवार ३२१७ रहेकोमा गहुँ बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २४२८.५ रहेको देखिन्छ। मकै बाली लगाएका पारिवार २७ रहेकोमा मकै बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २१.५ रहेको देखिन्छ। कोदो बाली लगाएका पारिवार ० र कोदो बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) नभएको पाइन्छ। जौ वा उवा बाली लगाएका पारिवार ५५२ रहेकोमा जौ वा उवा बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ४७९.७ रहेको देखिन्छ।

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३७९६ रहेकोमा कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २९२९.७ रहेको देखिन्छ। स्थायी बाली लगाएका कृषक परिवार संख्या १९२१ रहेकोमा बगैँचाको रूपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल (हेक्टर) ३०.२ रहेको छ। स्थायी बाली बगैँचाको रूपमा लगाइएका र फल लाग्ने समय भएका कृषक परिवार संख्या ४७९ रहेकोमा स्थायी बाली बगैँचाको रूपमा लगाइएका र फल लाग्ने समय भएका बालीको क्षेत्रफल (हेक्टर) १९.८ रहेको देखिन्छ। स्थायी बाली बगैँचाको रूपमा लगाइएका र फल लाग्ने समय भएका बोट संख्या ६५२१ रहेको पाइयो। स्थायी बाली बगैँचाको रूपमा लगाइएका र फल लाग्ने समय नभएका परिवार संख्या २८५ रहेकोमा स्थायी बाली बगैँचाको रूपमा लगाइएका र फल लाग्ने समय नभएका बालीको क्षेत्रफल (हेक्टर) १०.४ र स्थायी बाली बगैँचाको रूपमा लगाइएका र फल लाग्ने समय नभएका बोट संख्या ५०३९, यी बाली र फल लाग्ने समय भएका छरिएका बोट संख्या १२५६० र स्थायी बाली र फल लाग्ने समय नभएका छरिएका बोट संख्या १६५५५ रहेको पाइयो।

गाउँपालिकामा सुन्तला लगाएका जम्मा कृषक परिवार संख्या ४७७ रहेकोमा बगैँचाको रूपमा सुन्तला लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ३ र जम्मा सुन्तलाको बोट संख्या १०३९ रहेको पाइयो। त्यसैगरी छरिएका सुन्तलाको बोट संख्या ३५३५, कागती लगाएका जम्मा कृषक परिवार संख्या २८७ र बगैँचाको रूपमा कागती लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ३ रहेको पाइयो। जम्मा कागतीको बोट संख्या ११२७ र छरिएका कागतीको बोट संख्या ९९२ रहेको पाइयो।

गाउँपालिकामा आँप लगाएका जम्मा कृषक परिवार संख्या ६८०, बगैँचाको रूपमा आँप लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ३, जम्मा आँपको बोट संख्या १०५५ र छरिएका आँपको बोट संख्या ३५५५ रहेको पाइयो। त्यसैगरी केरा लगाएका जम्मा कृषक परिवार संख्या ७६४, बगैँचाको रूपमा केरा लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ७, जम्मा केराको बोट संख्या १९२२ र छरिएका केराको बोट संख्या १२२८९ रहेको पाइयो।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये धान खेती गर्ने कृषक परिवार संख्या २०९४ रहेकोमा धान खेती गर्दा स्थानीय विजनको प्रयोग गर्ने कृषक परिवार संख्या २०६८, धान खेती गर्दा उन्नत विजनको प्रयोग गर्ने कृषक परिवार संख्या २६, धान खेती गर्दा वर्णशंकर (हाइब्रिड) विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ०, धान खेती गर्दा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या ६३, धान खेती गर्दा स्थानीय वा जैविक मलको प्रयोग गर्ने कृषक परिवार संख्या १६५१, धान खेती गर्दा खनिज वा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार संख्या १२२ र धान खेती गर्दा दुवै मलको प्रयोग गर्ने कृषक परिवार संख्या ३२१ रहेको पाइयो।

## ५.२ गाउँपालिकाको उद्योगको विवरण

औद्योगिक गणना २०१८ अनुसार यस गाउँपालिकामा कुल ४०६९ परिवार बसोवास गर्ने भएकोमा ३६६५ परिवारको कुनै पनि प्रकारको साना तथा घरेलु उद्योग वा उद्योगहरू नरहेको पाईयो। यहाँ महिलाले सञ्चालन गरेका घरेलु उद्योग १४ वटा र पुरुषले सञ्चालन गरेका उद्योग ३३ वटा रहेको पाइयो। व्यापार व्यवसाय गर्ने मध्ये पुरुष ५६ र महिला ९३ रहेको देखिन्छ। यातायात क्षत्रमा पुरुषको व्यवसाय १० जना देखिन्छ भने महिलाको स्वामित्वमा व्यवसाय भएको २ परिवारमा पाइयो। घरमुली सेवा क्षेत्रको व्यवसाय पुरुषले सञ्चालन गरेका ६ र महिलाले सञ्चालन गरेका ८ रहेको पाइयो। अन्य प्रकारका व्यवसाय पुरुषले सञ्चालन गरेको ८८ र महिलाले सञ्चालन गरेको ६७ वटा रहेको पाइयो। तर २७ परिवारले भने नखुलाएको वा खुलाउन नचाहेको पाइयो।

**तालिका ३३: गाउँपालिकामा रहेका उद्योग व्यवसायको संख्या र संलग्नताबारेको विवरण**

| वडा नम्बर | स्थापना भएका उद्योगको संख्या | उद्योगमा संलग्न भएका व्यक्तिको संख्या | उद्योगमा संलग्न पुरुषको संख्या | उद्योगमा संलग्न महिलाको संख्या |
|---|---|---|---|---|
| वडा नम्बर १ | ४७ | २०१ | ११३ | ८८ |
| वडा नम्बर २ | २१० | १०८२ | ३१३ | ७६९ |
| वडा नम्बर ३ | १४ | ४७ | २२ | २५ |
| वडा नम्बर ४ | ७३ | ७३१ | २१३ | ५१८ |
| वडा नम्बर ५ | २३ | ८४ | ४६ | ३८ |
| वडा नम्बर ६ | ९० | १६८ | ७९ | ८९ |
| वडा नम्बर ७ | ४० | २५८ | १३० | १२८ |
| वडा नम्बर ८ | ६० | ३४३ | ७६ | २६७ |
| **जम्मा** | ५५७ | २९१४ | ९९२ | १९२२ |

*स्रोत- नेपाल औद्योगिक गणन २०१८*

प्रस्तुत विवरण हेर्दा गाउँपालिकामा कुल ५५७ वटा विभिन्न प्रकारका उद्योग तथा व्यवसाय रहेकोमा कुल २९१४ जना व्यक्ति संलग्न रहेकोमा पुरुषको संख्या ९९२ र महिलाको संख्या १९२२ रहेको देखिन्छ । गाउँपालिकामा सबैभन्दा बढी उद्योग संख्या २१० वडा नम्बर छ मा रहेको देखिन्छ जसमा १०८२ व्यक्तिहरू संलग्न रहेको देखिन्छ भने वडा नम्बर तीनमा कम संख्या १४ रहेको देखिन्छ जसमा मात्र ४७ जनाको संलग्नता रहेको देखिन्छ।

**तालिका ३४: गाउँपालिकाको उद्योग व्यवसायबारेको थप विवरण**

| | |
|---|---|
| कुल उद्योगहरूको संख्या | ५५७ |
| जोडिएका व्यक्तिहरूको संख्या | २९१४ |
| कृषि वन माछा मार्ने उद्योगहरूको संख्या | २७ |

| | |
|---|---|
| कृषि वन माछा मार्ने संलग्न व्यक्तिहरूको संख्या | १२३ |
| उत्पादन उद्योगहरूको संख्या | ९५ |
| उत्पादन संलग्न व्यक्तिहरूको संख्या | १८३ |
| खानी, विद्युत्, ग्यास, पानी आपूर्ति र निर्माण, व्यावसायहरूको संख्या | ७ |
| खानी, विद्युत्, ग्यास, पानी आपूर्ति र निर्माण, कार्यमा संलग्न व्यक्तिहरूको संख्या | १२५ |
| थोक तथा खुद्रा व्यापार, मोटर सवारीसाधन र मोटरसाइकलको मर्मत, व्यवसायको संख्या | २३४ |
| थोक तथा खुद्रा व्यापार; मोटर सवारी साधन र मोटरसाइकल मर्मत, संलग्न व्यक्तिहरूको संख्या | ४३५ |
| पारवहन, भण्डारण, जानकारी, सञ्चार, संस्थाहरूको संख्या | ३ |
| पारवहन, भण्डारण, सूचना, सञ्चार, संस्थाहरूमा संलग्न व्यक्तिहरूको संख्या | १० |
| आवास र खाद्य सेवा गतिविधि सञ्चालन गर्ने व्यवसायको संख्या | ७६ |
| आवास र खाद्य सेवा गतिविधिहरू, सञ्चालन गर्ने व्यवसायको संख्या संलग्न व्यक्तिको संख्या | १३० |
| वित्तीय र बिमा गतिविधिहरू, संस्थाहरूमा संलग्न व्यक्तिहरूको संख्या | १९ |
| वित्तीय र बिमा गतिविधिहरू, संस्थाहरूमा संलग्न व्यक्तिहरूको संख्या | ५९७ |
| शिक्षासँग सम्बन्धित व्यवसाय संख्या | ४० |
| शिक्षासँग सम्वन्धित व्यवसायमा संलग्न व्यक्तिहरूको संख्या | ३५० |
| मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिसँग सम्बन्धित व्यवसाय संख्या | २२ |
| मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिसँग सम्बन्धित व्यवसायमा संलग्न व्यक्तिको संख्या | ४९० |
| घर जग्गा, व्यावसायिक, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य व्यवसाय संख्या | ३४ |
| घर जग्गा, व्यावसायिक, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य व्यवसायमा संलग्न व्यक्ति संख्या | ४७१ |

*स्रोत : नेपाल औद्योगिक गणना २०१८*

यसका आधारमा विश्लेषण गर्दा गाउँपालिकामा उद्योग र औद्योगिकरण तर्फ बामे पनि नसरेको अनुमान लगाउव सकिन्छ । समग्रतामा गाउँपालिकामा परम्परागत खेती नै जीवन निर्वाहको आधारको रूपमा देखिन्छ भने छिटफुट रूपमा बन्द व्यापार आदि तर्फ स्थानीयको आकर्षण बढ्न थालेको देखिन्छ ।

### ५.३ आम नागरिकको समग्र अवस्था

मोलुङ गाउँपालिकाका आम नागरिकको समग्र अवस्था र राष्ट्रिय जनगणना २०७८ (रा.त.का.) बाट प्राप्त विभिन्न तथ्याङ्कहरूमा आधारित छ । यसमा गाउँपालिकाको १० वर्षभन्दा माथिको उमेर समूहको आर्थिक रूपमा सक्रिय जनसंख्या, महिलाको नाममा घर र जग्गाको स्वामित्व, आश्रित जनसंख्या, फरक क्षमताको अवस्था, ग्रामीण तथा सहरीकरणको प्रकृति, रोजगारीमा रहेको क्षेत्र तथा काममा संलग्न भएको अवधि लगायतको विस्तृत जानकारी समावेश गरिएको छ ।

## गाउँपालिकाको १० वर्षमाथिको आर्थिक रूपमा सक्रिय जनसंख्या

तल उल्लेखित तालिकाले मोलुङ गाउँपालिकाको १० वर्षभन्दा माथिको उमेर समूहको जनसंख्यालाई आर्थिक गतिविधिमा संलग्नताको आधारमा वर्गीकरण गर्दछ। यसमा रोजगार, बेरोजगार, आर्थिक रूपमा निष्क्रिय र आर्थिक गतिविधि नखुलेको गरी विभिन्न अवस्थाहरूलाई लिङ्गअनुसार छुट्याएर प्रस्तुत गरिएको छ। यसले गाउँपालिकाको श्रमशक्तिको अवस्था र आर्थिक सहभागिताको स्तरलाई स्पष्ट पार्न सहयोग गर्छ।

**तालिका ३५: १० वर्षमाथिको उमेर समूहको आर्थिक रूपमा सक्रिय जनसंख्या**

| वडा | लिंग | १० वर्ष माथिको जनसंख्या | गर्ने आर्थिक गतिविधि | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक रूपमा सक्रिय | | | आर्थिक रूपमा निष्क्रिय | आर्थिक गतिविधि नखुलेको |
| | | | प्राय सक्रिय | | प्रायः निष्क्रिय | | |
| | | | रोजगार | बरोजगार | | | |
| **वडा नं. १** | जम्मा | १९१३ | ८०५ | १५६ | ५१२ | ४४० | ० |
| | पुरुष | ९०० | ३९६ | ९२ | २०७ | २०५ | ० |
| | महिला | १०१३ | ४०९ | ६४ | ३०५ | २३५ | ० |
| **वडा नं. २** | जम्मा | २८४९ | १४२२ | ४६ | ४७१ | ९१० | ० |
| | पुरुष | १३४६ | ७५५ | १८ | १७२ | ४०१ | ० |
| | महिला | १५०३ | ६६७ | २८ | २९९ | ५०९ | ० |
| **वडा नं. ३** | जम्मा | १०३१ | ३५२ | १४ | ५१२ | १५३ | ० |
| | पुरुष | ५०४ | १८८ | ९ | २३४ | ७३ | ० |
| | महिला | ५२७ | १६४ | ५ | २७८ | ८० | ० |
| **वडा नं. ४** | जम्मा | १६१२ | ६८५ | ५८ | ४९५ | ३७४ | ० |
| | पुरुष | ७५४ | ३९२ | २७ | १६३ | १७२ | ० |
| | महिला | ८५८ | २९३ | ३१ | ३३२ | २०२ | ० |
| **वडा नं. ५** | जम्मा | ११७७ | ४८९ | २५३ | १४३ | २७६ | १६ |
| | पुरुष | ५५५ | २५८ | १२३ | ५९ | १०८ | ७ |
| | महिला | ६२२ | २३१ | १३० | ८४ | १६८ | ९ |
| **वडा नं. ६** | जम्मा | १९०९ | ६२५ | ११४ | ८२५ | ३४५ | ० |
| | पुरुष | ९५५ | ३४० | ६३ | ४०४ | १४८ | ० |
| | महिला | ९५४ | २८५ | ५१ | ४२१ | १९७ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं. ७** | जम्मा | १७०४ | ७४२ | २७ | ५३१ | ४०४ | ० |
| | पुरुष | ८६२ | ३७४ | १३ | २७३ | २०२ | ० |
| | महिला | ८४२ | ३६८ | १४ | २५८ | २०२ | ० |
| **वडा नं. ८** | जम्मा | १६३१ | ५४० | ३८ | ५८८ | ४६५ | ० |
| | पुरुष | ८०२ | ३१० | २४ | २६७ | २०१ | ० |
| | महिला | ८२९ | २३० | १४ | ३२१ | २६४ | ० |
| **गा.पा.को जम्मा** | जम्मा | १३८२६ | ५६६० | ७०६ | ४०७७ | ३३६७ | १६ |
| | पुरुष | ६६७८ | ३०१३ | ३६९ | १७७९ | १५१० | ७ |
| | महिला | ७१४८ | २६४७ | ३३७ | २२९८ | १८५७ | ९ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा १० वर्षभन्दा माथिको कुल जनसंख्या १३८२६ रहेको पाइन्छ। यसमध्ये ५६६० जना रोजगार, ७०६ जना बेरोजगार, ४०७७ जना प्रायः निष्क्रिय र ३३६७ जना आर्थिक रूपमा निष्क्रिय रहेको पाइयो। यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय उमेर समूहको ठूलो हिस्सा सक्रिय नभएको देखिन्छ। आर्थिक गतिविधिमा सक्रियताको आधारमा हेर्दा पनि महिलाको तुलनामा पुरुषको मात्रा बढी पाइएको छ। कुल रोजगार जनसंख्यामा पुरुषको संख्या ३०१३ र महिलाको संख्या २६४७ रहेको देखिन्छ। त्यसैगरी, बेरोजगार पुरुषको संख्या ३६९ र महिलाको संख्या ३३७ रहेको पाइन्छ। यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय उमेर समुहको विश्लेषण गर्दा १० वर्ष पूरा भएको उमेर समूहको ठूलो हिस्सा सक्रिय रहेको देखिँदैन। सक्रियताको आधारमा हेर्दा पनि महिलाको तुलनामा पुरुषको मात्रा बढी देखिन्छ। यसले महिलाको आर्थिक सहभागिता बढाउन थप कार्यक्रमहरू आवश्यक रहेको संकेत गर्दछ।

**महिलाको नाममा घर र जमिन भए नभएको आधारमा जनसंख्या विवरण**

तालिकाले मोलुङ गाउँपालिकामा महिलाको नाममा घर वा जमिनको स्वामित्व हुने र नहुने परिवारहरूको संख्या र प्रतिशतलाई वडागत रूपमा प्रस्तुत गर्दछ। यसले महिलाको सम्पत्तिमाथिको पहुँच र अधिकारको अवस्थालाई स्पष्ट पार्न मद्दत गर्दछ।

**तालिका ३६: महिलाको नाममा घर र जमिन भए नभएको आधारमा जनसंख्या विवरण**

| | कुल घर परिवार संख्या | स्वामित्व हुने परिवार | स्वामित्व नहुने परिवार | नखुलेको | स्वामित्व हुने परिवार प्रतिशत | स्वामित्व नहुने परिवार प्रतिशत | नखुलेको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **वडा नम्बर** | **संख्या** | | | | **प्रतिशत** | | |
| **वडा नम्बर १** | ५८४ | २१२ | ३६८ | ४ | ३६.३ | ६३ | ०.६८ |
| **वडा नम्बर २** | ८८२ | २५५ | ५९८ | २९ | २८.९ | ६७.८ | ३.२९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नम्बर ३** | २९९ | ९१ | १८८ | २० | ३०.४ | ६२.९ | ६.६९ |
| **वडा नम्बर ४** | ४८४ | २१९ | २५६ | ९ | ४५.३ | ५२.९ | १.८६ |
| **वडा नम्बर ५** | ३४७ | १२६ | २१६ | ५ | ३६.३ | ६२.३ | १.४४ |
| **वडा नम्बर ६** | ५२७ | ४२ | ४८५ | ० | ७.९७ | ९२ | ० |
| **वडा नम्बर ७** | ४५५ | ५० | ४०५ | ० | ११ | ८९ | ० |
| **वडा नम्बर ८** | ४९१ | ४५ | ४४६ | ० | ९.१६ | ९०.८ | ० |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | १०४० | २९६२ | ६७ | २५.६ | ७२.८ | १.६५ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ घर परिवारमध्ये १०४० परिवार (२५.६%) मा महिलाको नाममा घर वा जमिनको स्वामित्व पाइएको छ । यसको विपरीत, २९६२ परिवार (७२.८%) मा महिलाको नाममा यस्तो स्वामित्व नभएको भेटिन्छ । ६७ परिवार (१.६५%) को हकमा यो विवरण नखुलेको पाइएको छ । वडा नं. ४ मा महिलाको स्वामित्व सबैभन्दा बढी ४५.३% रहेको पाइएको छ, जबकि वडा नं. ६ मा यो प्रतिशत सबैभन्दा कम (७.९७%) भेटिएको छ । यसले गाउँपालिकामा महिलाको नाममा सम्पत्तिको स्वामित्वको अवस्था सन्तोषजनक नभएको र अधिकांश परिवारमा महिलाको नाममा घर वा जमिन नभएको देखाउँछ जुन महिला सशक्तीकरणका लागि एउटा चुनौतीको रूपमा देखिन्छ ।

## ५.४ आश्रित जनसंख्या विवरण

तलको तालिकाले मोलुङ गाउँपालिकाको कुल जनसंख्यालाई विभिन्न उमेर समूहहरू (०–१४ वर्ष, १५–६४ वर्ष, ६५ वर्षभन्दा माथि) मा विभाजन गरी आश्रित जनसंख्या दर प्रस्तुत गर्दछ । यसले गाउँपालिकामा बालबालिका र वृद्धवृद्धाको संख्या र उनीहरूमाथिको आर्थिक निर्भरताको अवस्थालाई स्पष्ट पार्छ ।

**तालिका ३७: आश्रित जनसंख्या विवरण**

| वडा नम्बर | जनसंख्याको उमेर समूह | | | जम्मा जनसंख्या | आश्रित दर | | |
|---|---|---|---|---|---|---|---|
| | ०-१४ 0 | १५-६४ वर्ष | ६५ माथि | | बालबालिका | वयस्क आश्रित | जम्मा |
| **वडा नम्बर १** | ४९१ | १४५७ | २७६ | २२२४ | ३३.७ | १८.९ | ५२.६ |
| **वडा नम्बर २** | ८११ | २१८० | ३३६ | ३३२७ | ३७.२ | १५.४ | ५२.६ |
| **वडा नम्बर ३** | ३०१ | ७५९ | १४६ | १२०६ | ३९.७ | १९.२ | ५८.९ |
| **वडा नम्बर ४** | ४८७ | ११७९ | २३३ | १८९९ | ४१.३ | १९.८ | ६१.१ |
| **वडा नम्बर ५** | ३९५ | ९१३ | १३३ | १४४१ | ४३.३ | १४.६ | ५७.८ |
| **वडा नम्बर ६** | ६८९ | १५१० | १२६ | २३२५ | ४५.६ | ८.३४ | ५४ |
| **वडा नम्बर ७** | ५४४ | १३२२ | १६५ | २०३१ | ४१.२ | १२.५ | ५३.६ |

| वडा नम्बर ८ | ५६२ | १२६९ | १५६ | १९८७ | ४४.३ | १२.३ | ५६.६ |
|---|---|---|---|---|---|---|---|
| गाउँपालिकाको जम्मा | ४२८० | १०५८९ | १५७१ | १६४४० | ४०.४ | १४.८ | ५५.३ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६४४० रहेको पाइएको छ। जसमध्ये ०–१४ वर्ष उमेर समूहका बालबालिका ४२८० जना, १५–६४ वर्ष उमेर समूहका १०५८९ जना, र ६५ वर्षभन्दा माथिका १५७१ जना रहेको देखिन्छ। गाउँपालिकाको कुल आश्रित दर ५५.३% रहेको पाइन्छ, जसमध्ये बालबालिकाको आश्रित दर ४०.४% र वयस्क आश्रित दर १४.८% रहेको देखिन्छ। वडा नं. ४ मा कुल आश्रित दर ६१.१% का साथ सबैभन्दा बढी पाइएको छ, जसमा बालबालिकाको आश्रित दर ४१.३% र वयस्क आश्रित दर १९.८% रहेको देखिन्छ। यसले गाउँपालिकामा सक्रिय जनसंख्याको तुलनामा बालबालिका र वृद्धवृद्धामाथिको आर्थिक निर्भरता उच्च रहेको देखाउँछ, जुन दीर्घकालीन विकासका लागि विचारणीय विषयको रूपमा लिइन्छ।

**फरक क्षमताको आधारमा, सक्षमताको आधारमा जनसंख्याको विवरण**

तालिकाले मोलुङ गाउँपालिकाको कुल जनसंख्यामा शारीरिक अक्षमता भएका व्यक्तिहरूको संख्या र अक्षमता रोकथाम दरलाई वडागत रूपमा प्रस्तुत गर्दछ। यसले गाउँपालिकामा फरक क्षमता भएका व्यक्तिहरूको अवस्था र उनीहरूको समावेशिताका लागि आवश्यक नीतिको निर्धारणमा सहयोग पुर्याउँछ।

**तालिका ३८: फरक क्षमताको आधारमा, सक्षमताको आधारमा जनसंख्याको विवरण**

| वडा नम्बर | जनसंख्या | | | | अक्षमता रोकथाम दर |
|---|---|---|---|---|---|
| | जम्मा | शारीरिक अक्षमता | शारीरिक सक्षमता | नखुलेको | |
| वडा नम्बर १ | २२२४ | ७९ | २१४५ | ० | ३.५५ |
| वडा नम्बर २ | ३३२७ | ९४ | ३२३३ | ० | २.८३ |
| वडा नम्बर ३ | १२०६ | ५२ | ११५४ | ० | ४.३१ |
| वडा नम्बर ४ | १८९९ | ९२ | १८०७ | ० | ४.८४ |
| वडा नम्बर ५ | १४४१ | १०५ | १३३६ | ० | ७.२९ |
| वडा नम्बर ६ | २३२५ | ४७ | २२७८ | ० | २.०२ |
| वडा नम्बर ७ | २०३१ | ७० | १९६१ | ० | ३.४५ |
| वडा नम्बर ८ | १९८७ | ५८ | १९२९ | ० | २.९२ |
| गाउँपालिकाको जम्मा | १६४४० | ५९७ | १५८४३ | ० | ३.६३ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६४४० रहेकोमा ५९७ जनामा शारीरिक अक्षमता पाइएको छ । जबकि १५८४३ जना शारीरिक रूपमा सक्षम रहेको देखिन्छ । गाउँपालिकाको समग्र अक्षमता रोकथाम दर ३.६३% रहेको पाइन्छ । वडा नं. ५ मा अक्षमता रोकथाम दर सबैभन्दा बढी ७.२९% पाइयो भने वडा नं. ६ मा यो दर सबैभन्दा कम २.०२% रहेको देखिन्छ । यस तथ्याङ्कले गाउँपालिकामा शारीरिक अक्षमता भएका व्यक्तिहरूको संख्या उल्लेखनीय रहेको देखाउँछ । त्यसर्थ उनीहरूको आवश्यकता सम्बोधन गर्न विशेष ध्यान दिनुपर्ने आवश्यकतालाई औंल्याउँछ ।

**ग्रामीण तथा सहरीकरणको प्रकृतिका आधारमा विवरण**

तल प्रस्तुत तालिकाले मोलुङ गाउँपालिकाको जनसंख्यालाई ग्रामीण, अर्धसहरी र सहरी क्षेत्रमा विभाजन गरी वितरण प्रस्तुत गर्दछ । यसले गाउँपालिकाको सहरीकरणको अवस्था र जनसंख्याको भौगोलिक वितरणको स्पष्ट चित्र प्रदान गर्दछ ।

**तालिका ३९: ग्रामीण तथा सहरीकरणको प्रकृतिका आधारमा विवरण**

| वडा नम्बर | जनसंख्या | | | सहरी जनसंख्या | | | सहरी जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | सहरी | अर्ध सहरी | ग्रामीण | सहरी | अर्ध सहरी | ग्रामीण |
| वडा नम्बर १ | २२२४ | १०५५ | ११६९ | ० | ० | २२२४ | ० | ० | १०० |
| वडा नम्बर २ | ३३२७ | १६०१ | १७२६ | ० | ० | ३३२७ | ० | ० | १०० |
| वडा नम्बर ३ | १२०६ | ५८९ | ६१७ | ० | ० | १२०६ | ० | ० | १०० |
| वडा नम्बर ४ | १८९९ | ८९२ | १००७ | ० | ० | १८९९ | ० | ० | १०० |
| वडा नम्बर ५ | १४४१ | ६९९ | ७४२ | ० | ० | १४४१ | ० | ० | १०० |
| वडा नम्बर ६ | २३२५ | ११६६ | ११५९ | ० | ० | २३२५ | ० | ० | १०० |
| वडा नम्बर ७ | २०३१ | १०३९ | ९९२ | ० | ० | २०३१ | ० | ० | १०० |
| वडा नम्बर ८ | १९८७ | ९८६ | १००१ | ० | ० | १९८७ | ० | ० | १०० |
| गाउँपालिकाको जम्मा | १६४४० | ८०२७ | ८४१३ | ० | ० | १६४४० | ० | ० | १०० |

*(स्रोतः के.त.वि., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकाको कुल जनसंख्या १६४४० रहेको पाइएको छ । जसमध्ये पुरुष ८०२७ र महिला ८४१३ जना रहेको देखिन्छ । यस गाउँपालिकामा कुनै पनि जनसंख्यालाई सहरी वा अर्धसहरीको रूपमा वर्गीकृत गरिएको पाइँदैन, र सम्पूर्ण जनसंख्या १६४४० (१००%) ग्रामीण क्षेत्रमा बसोबास गरेको पाइएको छ । यसले मोलुङ गाउँपालिका पूर्णतया ग्रामीण प्रकृतिको रहेको र सहरीकरणको प्रक्रिया अझै सुरू नभएको वा नगण्य रहेको स्पष्ट रूपमा देखाउँछ ।

### रोजगारीमा रहेको क्षेत्रको आधारमा जनसंख्या विवरण

तल प्रस्तुत गरिएको तालिकाले मोलुङ गाउँपालिकामा रोजगारीमा संलग्न जनसंख्यालाई कृषि र गैरकृषि क्षेत्रमा विभाजन गरी लिङ्ग अनुसार विस्तृत विवरण देखाउँछ। यसले गाउँपालिकाको आर्थिक गतिविधि र रोजगार बजारको संरचनालाई स्पष्ट पार्न मद्दत गर्दछ।

**तालिका ४०: रोजगारीमा रहेको क्षेत्रका आधारमा जनसंख्या विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारीमा रहेको जनसंख्या | जम्मा | १४४२ | १८४८ | ८७५ | १२०१ | ८०८ | १४६६ | १२७९ | ११२७ | १००४६ |
| | पुरुष | ६७८ | ९०२ | ४२९ | ५६० | ४०७ | ७५३ | ६५२ | ५८१ | ४९६२ |
| | महिला | ७६४ | ९४६ | ४४६ | ६४१ | ४०१ | ७१३ | ६२७ | ५४६ | ५०८४ |
| कृषि क्षेत्रमा रोजगार | जम्मा | ११९९ | १३३३ | ७५० | ९४४ | ६२७ | १३०२ | ११२६ | ९२० | ८२०१ |
| | पुरुष | ५१८ | ६०४ | ३५४ | ४०३ | २९७ | ६६७ | ५६९ | ४६५ | ३८७७ |
| | महिला | ६८१ | ७२९ | ३९६ | ५४१ | ३३० | ६३५ | ५५७ | ४५५ | ४३२४ |
| गैर-कृषि क्षेत्रमा रोजगार | जम्मा | २४३ | ५१५ | १२५ | २५७ | १८१ | १६४ | १५३ | २०७ | १८४५ |
| | पुरुष | १६० | २९८ | ७५ | १५७ | ११० | ८६ | ८३ | ११६ | १०८५ |
| | महिला | ८३ | २१७ | ५० | १०० | ७१ | ७८ | ७० | ९१ | ७६० |
| कृषि क्षेत्रमा रोजगार प्रतिशत | जम्मा | ८३.१५ | ७२.१३ | ८५.७१ | ७८.६ | ७७.६ | ८८.८१ | ८८.०४ | ८१.६३ | ८१.६३ |
| | पुरुष | ७६.४ | ६६.९६ | ८२.५२ | ७१.९६ | ७२.९७ | ८८.५८ | ८७.२७ | ८०.०३ | ७८.१३ |
| | महिला | ८९.१४ | ७७.०६ | ८८.७९ | ८४.४ | ८२.२९ | ८९.०६ | ८८.८४ | ८३.३३ | ८५.०५ |
| गैर-कृषि क्षेत्रमा रोजगार प्रतिशत | जम्मा | १६.८५ | २७.८७ | १४.२९ | २१.४ | २२.४ | ११.१९ | ११.९६ | १८.३७ | १८.३७ |
| | पुरुष | २३.६ | ३३.०४ | १७.४८ | २८.०४ | २७.०३ | ११.४२ | १२.७३ | १९.९७ | २१.८७ |
| | महिला | १०.८६ | २२.९४ | ११.२१ | १५.६ | १७.७१ | १०.९४ | ११.१६ | १६.६७ | १४.९५ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल १०,०४६ जना जनसंख्या रोजगारीमा संलग्न पाइएको छ। जसमध्ये ४९६२ पुरुष र ५०८४ महिला रहेको देखिन्छ। कुल रोजगार जनसंख्याको ८१.६३% (८२०१ जना) कृषि क्षेत्रमा संलग्न भएको पाइएको छ, जसमध्ये पुरुष ३८७७ र महिला ४३२४ जना रहेको देखिन्छ। गैर–कृषि क्षेत्रमा १८.३७% (१८४५ जना) संलग्न पाइएको छ, जसमा पुरुष १०८५ र महिला ७६० जना रहेको पाइयो। यसले गाउँपालिकाको अर्थतन्त्र मुख्यत कृषिमा आधारित रहेको देखाउँछ, जहाँ महिलाको कृषि क्षेत्रमा संलग्नता पुरुषको तुलनामा बढी पाइएको छ (८५.०५% महिला, ७८.१३%

पुरुष) । वडा नं. ६ मा कृषि क्षेत्रमा रोजगारीको प्रतिशत सबैभन्दा बढी ८८.८१% रहेको पाइएको छ । गैरकृषि क्षेत्रमा पुरुषको संलग्नता महिलाको भन्दा बढी देखिन्छ ।

### वर्षभरिमा काममा संलग्न भएको अवधिका आधारमा जनसंख्या विवरण

तलको तालिकाले मोलुङ गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको उमेर समूहका व्यक्तिहरू वर्षभरिमा कति अवधि काममा संलग्न भए भन्ने विवरण प्रस्तुत गर्दछ । यसमा ६ महिनाभन्दा बढी, ३ देखि ६ महिना, ३ महिनाभन्दा कम र काममा संलग्न नभएका व्यक्तिहरूको संख्या र प्रतिशतलाई लिंगअनुसार वर्गीकरण गरिएको छ । यसले गाउँपालिकाको श्रम बजारको स्थिरता र रोजगारीको गुणस्तरलाई स्पष्ट पार्न मद्दत गर्दछ ।

**तालिका ४१: वर्षभरिमा काममा संलग्न भएको अवधिका आधारमा जनसंख्या विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० वर्ष र सो भन्दा माथिको उमेरको जनसंख्या | जम्मा | १९१३ | २८४९ | १०३१ | ११७७ | १९०९ | १७०४ | १६३१ | १६१२ | १३८२६ |
| | पुरुष | ९०० | १३४६ | ५०४ | ५५५ | ९५५ | ८६२ | ८०२ | ७५४ | ६६७८ |
| | महिला | १०१३ | १५०३ | ५२७ | ६२२ | ९५४ | ८४२ | ८२९ | ८५८ | ७१४८ |
| ६ महिना भन्दा बढी काममा संलग्न | जम्मा | ७८६ | १३५७ | ३४७ | ४७५ | ५९८ | ७३६ | ४३८ | ६२० | ५३५७ |
| | पुरुष | ३८९ | ७३५ | १८६ | २५३ | ३२७ | ३६९ | २२८ | ३६६ | २८५३ |
| | महिला | ३९७ | ६२२ | १६१ | २२२ | २७१ | ३६७ | २१० | २५४ | २५०४ |
| ३ देखि ६ महिना काममा संलग्न | जम्मा | ४५८ | २७७ | १८७ | १९२ | ४३१ | ३८९ | ५२४ | ३९० | २८४८ |
| | पुरुष | २०५ | ८९ | १२३ | ९१ | २०५ | २१० | २७२ | १३९ | १३३४ |
| | महिला | २५३ | १८८ | ६४ | १०१ | २२६ | १७९ | २५२ | २५१ | १५१४ |
| ३ महिना भन्दा कम काममा संलग्न | जम्मा | १९८ | २१४ | ३४१ | १४१ | ४३७ | १५४ | १६५ | १९१ | १८४१ |
| | पुरुष | ८४ | ७८ | १२० | ६३ | २२१ | ७३ | ८१ | ५५ | ७७५ |
| | महिला | ११४ | १३६ | २२१ | ७८ | २१६ | ८१ | ८४ | १३६ | १०६६ |
| काममा संलग्न नभएको | जम्मा | ४७१ | १००१ | १५६ | ३६९ | ४४३ | ४२५ | ५०४ | ४११ | ३७८० |
| | पुरुष | २२२ | ४४४ | ७५ | १४८ | २०२ | २१० | २२१ | १९४ | १७१६ |
| | महिला | २४९ | ५५७ | ८१ | २२१ | २४१ | २१५ | २८३ | २१७ | २०६४ |
| ६ महिना भन्दा बढी काममा संलग्न प्रतिशत | जम्मा | ४१.०९ | ४७.६३ | ३३.६६ | ४०.३६ | ३१.३३ | ४३.१९ | २६.८५ | ३८.४६ | ३८.७५ |
| | पुरुष | ४३.२२ | ५४.६१ | ३६.९ | ४५.५९ | ३४.२४ | ४२.८१ | २८.४३ | ४८.५४ | ४२.७२ |
| | महिला | ३९.१९ | ४१.३८ | ३०.५५ | ३५.६९ | २८.४१ | ४३.५९ | २५.३३ | २९.६ | ३५.०३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ देखि ६ महिना काममा संलग्न प्रतिशत | जम्मा | २३.९४ | ९.७२ | १८.१४ | १६.३१ | २२.५८ | २२.८३ | ३२.१३ | २४.१९ | २०.६ |
| | पुरुष | २२.७८ | ६.६१ | २४.४ | १६.४ | २१.४७ | २४.३६ | ३३.९२ | १८.४४ | १९.९८ |
| | महिला | २४.९८ | १२.५१ | १२.१४ | १६.२४ | २३.६९ | २१.२६ | ३०.४ | २९.२५ | २१.१८ |
| ३ महिना भन्दा कम काममा संलग्न प्रतिशत | जम्मा | ११.९२ | ९.५५ | ४२.८७ | १३.२५ | २२.६३ | ९.५१ | १०.३ | १६.८७ | १५.४२ |
| | पुरुष | ९.३३ | ५.७९ | २३.८१ | ११.३५ | २३.१४ | ८.४७ | १०.१ | ७.२९ | ११.६१ |
| | महिला | ११.२५ | ९.०५ | ४१.९४ | १२.५४ | २२.६४ | ९.६२ | १०.१३ | १५.८५ | १४.९१ |
| काममा संलग्न नभएको प्रतिशत | जम्मा | २४.६२ | ३५.१४ | १५.१३ | ३१.३५ | २३.२१ | २४.९४ | ३०.९ | २५.५ | २७.३४ |
| | पुरुष | २४.६७ | ३२.९९ | १४.८८ | २६.६७ | २१.१५ | २४.३६ | २७.५६ | २५.७३ | २५.७ |
| | महिला | २४.५८ | ३७.०६ | १५.३७ | ३५.५३ | २५.२६ | २५.५३ | ३४.१४ | २५.२९ | २८.८८ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल जनसंख्या १३८२६ रहेको पाइएको छ। यसमध्ये ६ महिनाभन्दा बढी काममा संलग्न हुने जनसंख्या ५३५७ जना (३८.७५%) रहेको देखिन्छ। ३ देखि ६ महिना काममा संलग्न हुने २८४८ जना (२०.६%) देखिन्छ भने ३ महिनाभन्दा कम काममा संलग्न हुने १८४१ जना (१५.४२%) देखिन्छ। कुल ३७८० जना (२७.३४%) काममा संलग्न नभएको पाइएको छ। ६ महिनाभन्दा बढी काममा संलग्न हुने पुरुषको प्रतिशत (४२.७२%) महिलाको भन्दा (३५.०३%) बढी रहेको देखिन्छ। वडा नं. २ मा ६ महिनाभन्दा बढी काममा संलग्न हुने जनसंख्याको प्रतिशत सबैभन्दा बढी (४७.६३%) र वडा नं. ८ मा यो सबैभन्दा कम (२६.८५%) रहेको पाइएको छ। वडा नं. ३ मा ३ महिनाभन्दा कम काममा संलग्न हुनेको प्रतिशत (४२.८७%) उच्च पाइएको छ, जसले अनियमित रोजगारीको अवस्था देखाउँछ। यस तथ्याङ्कले गाउँपालिकाको ठूलो हिस्साको रोजगारीको अवधि छोटो रहेको र बेरोजगारीको समस्या पनि विद्यमान रहेको संकेत गर्दछ।

**फरक क्षमताको आधारमा रोजगारीको क्षेत्र वारेको विवरण**

तलको तालिकाले मोलुङ गाउँपालिकामा फरक क्षमता भएका १० वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिहरू कुन क्षेत्रमा रोजगारीमा संलग्न छन् भन्ने विवरण प्रस्तुत गर्दछ। यसमा कृषि र गैरकृषि क्षेत्रमा उनीहरूको संलग्नतालाई लिंगअनुसार वर्गीकरण गरी प्रतिशतमा समेत देखाइएको छ।

**तालिका ४२: फरक क्षमताका आधारमा रोजगारीको क्षेत्रबारेको विवरण**

| **वडा नम्बर** | **फरक क्षमता भएको रोजगार जनसंख्या** | | | **कृषि क्षेत्रमा रोजगारी** | **गैरकृषि क्षेत्रमा रोजगारी** | **कृषि क्षेत्रमा रोजगारी %** | **गैरकृषि क्षेत्रमा रोजगारी %** |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | संख्या | | प्रतिशत | |
| वडा नम्बर १ | ४९ | १९ | ३० | ४० | ९ | ८१.६३ | १८.३७ |
| वडा नम्बर २ | ३४ | २१ | १३ | २१ | १३ | ६१.७६ | ३८.२४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नम्बर ३ | ४३ | २६ | १७ | ३८ | ५ | ८८.३७ | ११.६३ |
| वडा नम्बर ४ | ६२ | ४० | २२ | ५३ | ९ | ८५.४८ | १४.५२ |
| वडा नम्बर ५ | ४६ | २५ | २१ | ३६ | १० | ७८.२६ | २१.७४ |
| वडा नम्बर ६ | १९ | १३ | ६ | १३ | ६ | ६८.४२ | ३१.५८ |
| वडा नम्बर ७ | ५३ | ३५ | १८ | ४६ | ७ | ८६.७९ | १३.२१ |
| वडा नम्बर ८ | ३४ | २२ | १२ | २४ | १० | ७०.५९ | २९.४१ |
| **गाउँपालिकाको जम्मा** | ३४० | २०१ | १३९ | २७१ | ६९ | ७९.७१ | २०.२९ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ३४० जना फरक क्षमता भएका व्यक्तिहरू रोजगारीमा संलग्न पाइएका छन् । यसमध्ये २०२ जना पुरुष र १३९ जना महिला पाइएका छन् । कृषि क्षेत्रमा २७१ जना (७९.७१%) संलग्न पाइएको छ, जबकि गैर–कृषि क्षेत्रमा ६९ जना (२०.२९%) संलग्न पाइएका छन् । यसले फरक क्षमता भएका व्यक्तिहरूमध्ये पनि अधिकांश कृषिमा निर्भर रहेको देखाउँछ । वडा नं. ३ मा कृषि क्षेत्रमा रोजगारीको प्रतिशत सबैभन्दा बढी ८८.३७% पाइएको छ, जबकि वडा नं. २ मा गैर–कृषि क्षेत्रमा रोजगारीको प्रतिशत सबैभन्दा बढी ३८.२४% रहेको पाइन्छ ।

### १० देखि १७ वर्ष उमेर समूहको कामको क्षेत्र र प्रकृतिबारेको विवरण

तल प्रस्तुत गरिएको तालिकाले मोलुङ गाउँपालिकामा १० देखि १७ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीहरूको कामको प्रकृति (घरेलु काम, घरेलुबाहेकको काम वा काम नगर्ने) लाई लिंगअनुसारको विवरणलाई थप झल्काउन सहयोग गर्दछ ।

**तालिका ४३: १० देखि १७ वर्ष उमेर समूहको कामको क्षेत्र र प्रकृतिबारेको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० देखि १७ वर्ष उमेरको जनसंख्या | जम्मा | ३०८ | ५३३ | २०४ | ३११ | ४४४ | ३६१ | ३४० | २०१ | २७०२ |
| | पुरुष | १४६ | २६१ | १०१ | १४६ | २२५ | १७८ | १६१ | ९६ | १३१४ |
| | महिला | १६२ | २७२ | १०३ | १६५ | २१९ | १८३ | १७९ | १०५ | १३८८ |
| गर्ने कामको प्रकृति | घरायसी बाहेकको काम | ३६ | ६७ | १७ | ३७ | ३७ | ३९ | ४५ | २९ | ३०७ |
| | घरायसी काम | ५८ | २२ | १०९ | ४४ | २४४ | ८५ | २४ | २२ | ६०८ |
| | काम नगर्ने | २१४ | ४४४ | ७८ | २३० | १६३ | २३७ | २७१ | १५० | १७८७ |
| कामको प्रकृति प्रतिशत | घरायसी बाहेकको काम | ११.६९ | १२.५७ | ८.३३ | ११.९ | ८.३३ | १०.८ | १३.२४ | १४.४३ | ११.३६ |
| | घरायसी काम | १८.८३ | ४.१३ | ५३.४३ | १४.१५ | ५४.९५ | २३.५५ | ७.०६ | १०.९५ | २२.५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | काम नगर्ने | ६९.४८ | ८३.३ | ३८.२४ | ७३.९५ | ३६.७१ | ६५.६५ | ७९.७१ | ७४.६३ | ६६.१४ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा १० देखि १७ वर्ष उमेर समूहको कुल जनसंख्या २७०२ रहेको पाइएको छ। यसमध्ये ३०७ जना (११.३६%) घरायसीबाहेकका काममा संलग्न पाइएका छन्। ६०८ जना (२२.५%) घरायसी काममा संलग्न पाइएका छन् , र १७८७ जना (६६.१४%) काम नगर्ने समूहमा पाइएका छन्। वडा नं. ६ मा घरायसी काममा संलग्न हुने बालबालिकाको प्रतिशत सबैभन्दा बढी ५४.९५% पाइएको छ, जुन बालश्रमको चुनौतीलाई औंल्याउँछ। यसैगरी, वडा नं. २ मा काम नगर्नेको प्रतिशत सबैभन्दा बढी ८३.३% रहेको पाइएको छ।

## १० वर्ष पूरा भएकाको रोजगारीको क्षेत्रबारेको विवरण

यहाँ दिइएको तालिकाले मोलुङ गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको उमेर समूहका व्यक्तिहरू घरेलु कामबाहेकको काम, घरेलु काम, वा काम नगर्ने वर्गमा कति संलग्न छन् भन्ने विवरण प्रस्तुत गर्दछ।

**तालिका ४४: १० वर्ष पूरा भएकाको रोजगारीको क्षेत्रबारेको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० वर्ष र सो भन्दा माथिको उमेरको जनसंख्या | जम्मा | १९१३ | २८४९ | १०३१ | १६१२ | ११७७ | १९०९ | १७०४ | १६३१ | १३८२६ |
| | पुरुष | ९०० | १३४६ | ५०४ | ७५४ | ५५५ | ९५५ | ८६२ | ८०२ | ६६७८ |
| | महिला | १०१३ | १५०३ | ५२७ | ८५८ | ६२२ | ९५४ | ८४२ | ८२९ | ७१४८ |
| घरायसी काम बाहेकको काम | जम्मा | २४४ | ४७३ | १३१ | २१६ | १४८ | १७५ | १४७ | २४१ | १७७५ |
| | पुरुष | १५१ | २७२ | ७७ | ११६ | ७९ | ९० | ७६ | १२९ | ९९० |
| | महिला | ९३ | २०१ | ५४ | १०० | ६९ | ८५ | ७१ | ११२ | ७८५ |
| घरायसी काम | जम्मा | ११९८ | १३७५ | ७४४ | ९८५ | ६६० | १२९१ | ११३२ | ८८६ | ८२७१ |
| | पुरुष | ५२७ | ६३० | ३५२ | ४४४ | ३२८ | ६६३ | ५७६ | ४५२ | ३९७२ |
| | महिला | ६७१ | ७४५ | ३९२ | ५४१ | ३३२ | ६२८ | ५५६ | ४३४ | ४२९९ |
| काम नगर्ने | जम्मा | ४७१ | १००१ | १५६ | ४११ | ३६९ | ४४३ | ४२५ | ५०४ | ३७८० |
| | पुरुष | २२२ | ४४४ | ७५ | १९४ | १४८ | २०२ | २१० | २२१ | १७१६ |
| | महिला | २४९ | ५५७ | ८१ | २१७ | २२१ | २४१ | २१५ | २८३ | २०६४ |
| घरायसी काम बाहेकको प्रतिशत | जम्मा | १२.७५ | १६.६ | १२.७१ | १३.४ | १२.५७ | ९.१७ | ८.६३ | १४.७८ | १२.८४ |
| | पुरुष | १६.७८ | २०.२१ | १५.२८ | १५.३८ | १४.२३ | ९.४२ | ८.८२ | १६.०८ | १४.८२ |
| | महिला | ९.१८ | १३.३७ | १०.२५ | ११.६६ | ११.०९ | ८.९१ | ८.४३ | १३.५१ | १०.९८ |
| घरायसी कामको प्रतिशत | जम्मा | ६२.६२ | ४८.२६ | ७२.१६ | ६१.१ | ५६.०७ | ६७.६३ | ६६.४३ | ५४.३२ | ५९.८२ |
| | पुरुष | ५८.५६ | ४६.८१ | ६९.८४ | ५८.८९ | ५९.१ | ६९.४२ | ६६.८२ | ५६.३६ | ५९.४८ |
| | महिला | ६६.२४ | ४९.५७ | ७४.३८ | ६३.०५ | ५३.३८ | ६५.८३ | ६६.०३ | ५२.३५ | ६०.१४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| काम नगर्नेको प्रतिशत | जम्मा | २४.६२ | ३५.१४ | १५.१३ | २५.५ | ३१.३५ | २३.२१ | २४.९४ | ३०.९ | २७.३४ |
| | पुरुष | २४.६७ | ३२.९९ | १४.८८ | २५.७३ | २६.६७ | २१.१५ | २४.३६ | २७.५६ | २५.७ |
| | महिला | २४.५८ | ३७.०६ | १५.३७ | २५.२९ | ३५.५३ | २५.२६ | २५.५३ | ३४.१४ | २८.८८ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल जनसंख्या १३८२६ रहेको पाइएको छ। यसमध्ये १७७५ जना (१२.८४%) घरायसीबाहेकका काममा संलग्न पाइएका छन्। ८२७१ जना (५९.८२%) घरेलु काममा संलग्न पाइएका छन् , र ३७८० जना (२७.३४%) काम नगर्ने समूहमा पाइएका छन्। घरेलु काममा महिलाको संलग्नता पुरुषको तुलनामा बढी पाइएको छ (६०.१४% महिला बनाम ५९.४८% पुरुष)। वडा नं. ३ मा घरेलु काममा संलग्नता सबैभन्दा बढी ७२.१६% पाइएको छ। यसले गाउँपालिकाको ठूलो जनसंख्या घरेलु काममा निर्भर रहेको देखाउँछ।

### १० वर्ष पुरा भएका फरक क्षमता भएकाको रोजगारीको क्षेत्र वारेको विवरण

तलको तालिकाले मोलुङ गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिका फरक क्षमता भएका व्यक्तिहरू कुन क्षेत्रमा रोजगारीमा संलग्न छन् भन्ने विवरण प्रस्तुत गर्दछ। यसमा घरेलु काम बाहेकको काम, घरेलु काम, र काम नगर्ने वर्गमा उनीहरूको संलग्नतालाई प्रतिशतमा समेत देखाइएको छ।

**तालिका ४५: १० वर्ष पूरा भएका फरक क्षमता भएकाको रोजगारीको क्षेत्रबारेको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| फरक क्षमता भएको १० वर्षभन्दा माथिको जनसंख्या | जम्मा | ६९ | ८५ | ४९ | ९० | ९५ | ३२ | ६५ | ४७ | ५३२ |
| | पुरुष | ३४ | ५५ | ३० | ४८ | ४७ | २१ | ४१ | २९ | ३०५ |
| | महिला | ३५ | ३० | १९ | ४२ | ४८ | ११ | २४ | १८ | २२७ |
| रोजगारीको क्षेत्र | घरायसी बाहेकको काम | ९ | १३ | ५ | ९ | ७ | ६ | ५ | ९ | ६३ |
| | घरायसी काम | ४० | २१ | ३८ | ५३ | ३९ | १३ | ४८ | २५ | २७७ |
| | काम नगर्ने | २० | ५१ | ६ | २८ | ४९ | १३ | १२ | १३ | १९२ |
| रोजगारीको क्षेत्र प्रतिशत | घरायसी बाहेकको काम | १३.०४ | १५.२९ | १०.२ | १० | ७.३७ | १८.७५ | ७.६९ | १९.१५ | ११.८४ |
| | घरायसी काम | ५७.९७ | २४.७१ | ७७.५५ | ५८.८९ | ४१.०५ | ४०.६३ | ७३.८५ | ५३.१९ | ५२.०७ |
| | काम नगर्ने | २८.९९ | ६० | १२.२४ | ३१.११ | ५१.५८ | ४०.६३ | १८.४६ | २७.६६ | ३६.०९ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा १० वर्षभन्दा माथिका फरक क्षमता भएका कुल ५३२ जना जनसंख्या पाइएको छ। यसमध्ये ६३ जना (११.८४%) घरायसीबाहेकका काममा संलग्न पाइएका छन्। २७७ जना (५२.०७%) घरेलु काममा संलग्न पाइएका छन् , र १९२ जना (३६.०९%) काम नगर्ने समूहमा पाइएका छन्। घरेलु काममा संलग्न हुने फरक क्षमता

भएका व्यक्तिहरूको संख्या उच्च रहेको पाइएको छ, विशेषगरी वडा नं. ३ मा ७७.५५% र वडा नं. ७ मा ७३.८५% रहेको पाइएको छ । यसले फरक क्षमता भएका व्यक्तिहरूका लागि थप रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने आवश्यकतालाई औंल्याउँछ ।

**बसोबास गर्ने घरको स्वामित्वको अवस्था**

तालिकामा मोलुङ गाउँपालिकामा बसोबास गर्ने परिवारहरूको घरको स्वामित्वको अवस्था (स्वामित्वमा रहेको, भाडामा रहेको, संस्थागत वा अन्य) लाई वडागत रूपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४६: बसोबास गर्ने घरको स्वामित्वको अवस्था**

| वडा नम्बर | जम्मा | स्वामित्वको प्रकार | | | |
|---|---|---|---|---|---|
| | | स्वामित्वमा रहेको | भाडामा रहेको | संस्थागत | अन्य |
| वडा नम्बर १ | ५८४ | ५८३ | १ | ० | ० |
| वडा नम्बर २ | ८८२ | ८४३ | २२ | ५ | १२ |
| वडा नम्बर ३ | २९९ | २९७ | १ | ० | १ |
| वडा नम्बर ४ | ४८४ | ४७८ | ३ | ० | ३ |
| वडा नम्बर ५ | ३४७ | ३४४ | २ | ० | १ |
| वडा नम्बर ६ | ५२७ | ५२५ | १ | ० | १ |
| वडा नम्बर ७ | ४५५ | ४५१ | ४ | ० | ० |
| वडा नम्बर ८ | ४९१ | ४८७ | ४ | ० | ० |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | ४००८ | ३८ | ५ | १८ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ घरहरू रहेका पाइएको छ । यसमध्ये ४००८ घर (९८.५%) परिवारको आफ्नै स्वामित्वमा पाइएको छ । ३८ घर भाडामा पाइएका छन् । ५ घर संस्थागत रूपमा रहेको पाइएको छ भने १८ घर अन्य स्वामित्वका पाइएका छन् । यसले गाउँपालिकामा अधिकांश परिवारको आफ्नै घरको स्वामित्व रहेको देखाउँछ, जुन आवासको स्थायित्वको सूचक हो ।

**परिवारले प्रयोग गर्ने घरको जगको अवस्था**

तालिकामा मोलुङ गाउँपालिकामा परिवारहरूले प्रयोग गर्ने घरको जगको संरचना (ढुंगा/इँटा/माटोले जोडेको, ढुंगा/इँटा/सिमेन्टले जोडेको, सिमेन्टसहित पिल्लर भएको, काठको खाँबो भएको वा अन्य) लाई वडागत रूपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४७: परिवारले प्रयोग गर्ने घरको जगको अवस्था**

| वडा नम्बर | जम्मा | घरको जगको संरचनाको विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | ढुंगा इँटा माटोले जोडेको | ढुंगा इँटा सिमेन्टले जोडेको | सिमेन्ट सहित पिल्लर समेत भएको | काठको खाँबो भएको | अन्य प्रकारको |
| वडा नम्बर १ | ५८४ | ५६९ | ८ | ३ | २ | २ |
| वडा नम्बर २ | ८८२ | ५४९ | २५० | ३९ | ४२ | २ |
| वडा नम्बर ३ | २९९ | २४४ | ४३ | ८ | ३ | १ |
| वडा नम्बर ४ | ४८४ | ४३६ | ४० | १ | ३ | ४ |
| वडा नम्बर ५ | ३४७ | ३२५ | १६ | १ | ४ | १ |
| वडा नम्बर ६ | ५२७ | ५०३ | १५ | ४ | ४ | १ |
| वडा नम्बर ७ | ४५५ | ४५० | ३ | ० | २ | ० |
| वडा नम्बर ८ | ४९१ | ४७२ | १३ | ० | ५ | १ |
| गाउँपालिकाको जम्मा | ४०६९ | ३५४८ | ३८८ | ५६ | ६५ | १२ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

तालिकाको विश्लेषण गर्दा मोलुङ गाउँपालिकामा कुल ४०६९ घरहरू रहेका पाइएको छ। जसमध्ये ३५४८ घरको जग ढुंगा/इँटा/माटोले जोडेको पाइएको छ । ३८८ घरको जग ढुंगा/इँटा/सिमेन्टले जोडेको पाइएको छ, ५६ घरको जग सिमेन्टसहित पिल्लर समेत भएको पाइएको छ, ६५ घरको जग काठको खाँबो भएको पाइएको छ भने १२ घरको जग अन्य प्रकारको पाइएको छ। यसले गाउँपालिकामा अधिकांश घरहरू परम्परागत शैलीको जगमा निर्माण भएको भन्ने देखाउँछ।

## परिवारले प्रयोग गर्ने घरको गारोको विवरण

तालिकामा मोलुङ गाउँपालिकामा परिवारहरूले प्रयोग गर्ने घरको गारोको संरचना (ढुंगा/ईटा/माटोले जोडेको, ढुंगा/इँटा/सिमेन्टले जोडेको, काठको तखता/फल्याक, बाँसको, काँचो इँटा, जस्ता पाता, प्रिफेक सिट, वा अन्य) वारेको विवरणलाई वडागत रूपमा प्रस्तुत गरिएको छ।

**तालिका ४८: परिवारले प्रयोग गर्ने घरको गारोको विवरण**

| वडा नम्बर | जम्मा | घरको दिवालको संरचना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ढुंगा इँटा | ढुंगा इँटा सिमेन्टले जोडेको | काठको तखता फल्याक | बाँसको | काँचो इँटा | जस्ता पाता | प्रिफेक सिट | अन्य |

| | | माटोले जोडेको | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर १ | ५८४ | ५५२ | १३ | १ | ३ | १ | १४ | ० | ० |
| वडा नम्बर २ | ८८२ | ५४४ | २७५ | ११ | ५ | २ | ४५ | ० | ० |
| वडा नम्बर ३ | २९९ | २३३ | ६१ | ० | ० | ० | ५ | ० | ० |
| वडा नम्बर ४ | ४८४ | ४५६ | १९ | ० | २ | १ | ६ | ० | ० |
| वडा नम्बर ५ | ३४७ | ३१८ | २२ | ० | २ | ० | ५ | ० | ० |
| वडा नम्बर ६ | ५२७ | ४९६ | १३ | ७ | ५ | ४ | २ | ० | ० |
| वडा नम्बर ७ | ४५५ | ४४८ | ५ | ० | २ | ० | ० | ० | ० |
| वडा नम्बर ८ | ४९१ | ४६८ | ११ | ० | ९ | ० | ३ | ० | ० |
| गाउँपालिकाको जम्मा | ४०६९ | ३५१५ | ४१९ | १९ | २८ | ८ | ८० | ० | ० |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

जनगणनाको विवरण अनुसार मोलुङ गाउँपालिकामा कुल ४०६९ घरहरूको गारोको विवरण पाइएको छ । यसमध्ये ३५१५ घरको गारो ढुंगा/ईंटा/माटोले जोडेको पाइएको छ । ४१९ घरको गारो ढुंगा/ईंटा/सिमेन्टले जोडेको, १९ घरको गारो काठको तखता/फल्याकले बनेको, २८ घरको गारो बाँसको, ८ घरको गारो काँचो ईंटाले बनेको र ८० घरको गारो जस्ता पाताले बनेको पाइएको छ । यसले अधिकांश घरहरू परम्परागत सामग्रीले बनेको देखाउँछ ।

### परिवारले प्रयोग गर्ने घरको छानोको विवरण

तालिकामा राष्ट्रिय जनगणना २०७८ मा प्राप्त भएको, मोलुङ गाउँपालिकामा परिवारहरूले प्रयोग गर्ने घरको छानोको प्रकार (जस्ताको छाना, ढलान गरेको, खर पराल, टायल, ढुंगा स्लेट, काठ फल्याक, माटो वा अन्य) बारेको वडागत विवरण प्रस्तुत गरिएको छ ।

### तालिका ४९: परिवारले प्रयोग गर्ने घरको छानोको विवरण

| वडा नम्बर | जम्मा | घरको छानोको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ताको छाना | ढलान गरको | खर पराल | टायल | ढुंगा स्लेट | काठ फल्याक | माटो | अन्य |
| वडा नम्बर १ | ५८४ | ४८२ | ७ | ३० | २ | ६३ | ० | ० | ० |
| वडा नम्बर २ | ८८२ | ५९६ | ८६ | ७ | १ | १९० | १ | ० | १ |
| वडा नम्बर ३ | २९९ | २४० | १३ | ० | २ | ४४ | ० | ० | ० |
| वडा नम्बर ४ | ४८४ | ३४४ | ३ | ८ | २ | १२६ | ० | ० | १ |
| वडा नम्बर ५ | ३४७ | २९७ | १० | १ | ० | ३९ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर ६ | ५२७ | ४३२ | १२ | २ | १ | ७४ | ३ | ० | ३ |
| वडा नम्बर ७ | ४५५ | ४३९ | ५ | ० | ० | ९ | २ | ० | ० |
| वडा नम्बर ८ | ४९१ | ४४५ | १ | ४ | २ | ३८ | ० | ० | १ |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | ३२७५ | १३७ | ५२ | १० | ५८३ | ६ | ० | ६ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ घरहरूको छानोको विवरण पाइएको छ। यसमध्ये ३२७५ घरमा जस्ताको छाना पाइएको छ। १३७ घरमा ढलान गरेको छाना भएको , ५२ घरमा खर परालको छाना भएको, १० घरमा टायलको छाना भएको, ५८३ घरमा ढुंगा स्लेटको छाना भएको , ६ घरमा काठ फल्याकको छाना भएको र ६ घरमा अन्य प्रकारको छाना भएको पाइएको छ। यसले गाउँपालिकामा जस्ताको छानाको प्रयोग सर्वाधिक रहेको देखाउँछ।

## परिवारले प्रयोग गर्ने घरको भुइँको प्रकृति

तालिकामा मोलुङ गाउँपालिकामा परिवारहरूले प्रयोग गर्ने घरको भुइँको प्रकार (माटो, काठ बाँस, इँटा ढुंगा, सेरामिक टायल, सिमेन्ट, वा अन्य) बरेको विवरणलाई वडागत रूपमा प्रस्तुत गरिएको छ।

**तालिका ५०: परिवारले प्रयोग गर्ने घरको भुइँको प्रकृति**

| वडा नम्बर | जम्मा | भुइँको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | माटो | काठ बाँस | इँटा ढुंगा | सेरामिक टायल | सिमेन्ट | अन्य |
| वडा नम्बर १ | ५८४ | ५२२ | २५ | २ | ० | ३३ | २ |
| वडा नम्बर २ | ८८२ | ४६९ | १७ | ० | ० | ३९२ | ४ |
| वडा नम्बर ३ | २९९ | २०० | २ | ० | २ | ९५ | ० |
| वडा नम्बर ४ | ४८४ | २७५ | ७ | २ | ३ | १९६ | १ |
| वडा नम्बर ५ | ३४७ | २५८ | ३ | ० | ० | ७६ | १० |
| वडा नम्बर ६ | ५२७ | ४२८ | ३५ | ५ | २ | ३९ | १८ |
| वडा नम्बर ७ | ४५५ | ४३२ | १४ | ० | ० | ८ | १ |
| वडा नम्बर ८ | ४९१ | ४६४ | ५ | १ | २ | १८ | १ |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | ३०४८ | १०८ | १० | ९ | ८५७ | ३७ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणनामा मोलुङ गाउँपालिकामा कुल ४०६९ घरहरूको भुइँको विवरण पाइएको छ। तालिकाको आधारमा विश्लेषण गर्दा ३०४८ घरमा माटोको भुइँ भएका घर रहेको पाइएको छ। १०८ घरमा काठ बाँसको भुइँ भएको, १० घरमा इँटा ढुंगाको भुइँ भएको, ९ घरमा सेरामिक टायलको भुइँ भएको, ८५७ घरमा सिमेन्टको भुइँ भएको र ३७ घरमा अन्य

प्रकारको भुइँ भएको पाइएको छ। यसले गाउँपालिकामा अधिकांश घरहरूमा माटोको भुइँको प्रयोग भएको देखाउँछ, यद्यापि सिमेन्टको भुइँ पनि उल्लेखनीय संख्यामा पाइएको छ।

## परिवारले प्रयोग गर्ने खानेपानीको स्रोत

तालिकामा मोलुङ गाउँपालिकाका परिवारहरूले प्रयोग गर्ने खानेपानीको स्रोतहरू जस्तै घरभित्रै पाइप/धारा, घरबाहिर पाइप/धारा, ढाकिएको कुवा/इनार, नढाकिएको कुवा/इनार, खोलामा बगेको पानी, खोला/खहरे र अन्य स्रोतहरूबारेको वडागत विवरण प्रस्तुत गरिएको छ। यसले गाउँपालिकामा खानेपानीको पहुँच र सरसफाइको अवस्थालाई स्पष्ट पार्न मद्दत गर्दछ।

**तालिका ५१ :परिवारले प्रयोग गर्ने खानेपानीको स्रोत**

| वडा नम्बर | जम्मा | खानेपानीको स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घर भित्रै पाइप वा धारा | घर बाहिर पाइप धारा | ढाकिएको कुवा इनार | नढाकिएको कुवा इनार | खोलामा बगेको पानी | खोला खहरे | अन्य |
| वडा नम्बर १ | ५८४ | ५३ | ४९५ | ० | १४ | १९ | १ | २ |
| वडा नम्बर २ | ८८२ | १२० | ७१२ | १ | ३० | १७ | ० | २ |
| वडा नम्बर ३ | २९९ | २४ | २७० | ० | ० | २ | २ | १ |
| वडा नम्बर ४ | ४८४ | ५६ | ३८४ | ० | १३ | २८ | ३ | ० |
| वडा नम्बर ५ | ३४७ | २४ | ३२१ | ० | २ | ० | ० | ० |
| वडा नम्बर ६ | ५२७ | ३५७ | ६६ | ० | २५ | ७६ | ३ | ० |
| वडा नम्बर ७ | ४५५ | ३९ | ४१० | १ | २ | ० | ३ | ० |
| वडा नम्बर ८ | ४९१ | ३३२ | १४७ | १ | ७ | ४ | ० | ० |
| गाउँपालिकाको जम्मा | ४०६९ | १००५ | २८०५ | ३ | ९३ | १४६ | १२ | ५ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

तालिकाको विश्लेषण गर्दा मोलुङ गाउँपालिकामा कुल ४०६९ परिवार रहेको पाइएको छ। खानेपानीका स्रोतहरूमध्ये २८०५ परिवारले घरबाहिर पाइप वा धारा प्रयोग गर्ने पाइएको छ। त्यसैगरी १०००५ परिवारले घरभित्रै पाइप वा धारा प्रयोग गर्ने पाइएको छ। यसबाहेक, १४६ परिवारले खोलामा बगेको पानी प्रयोग गर्ने पाइएको छ। यस तथ्याङ्कले गाउँपालिकामा खानेपानीको पहुँच सुधार गर्न र स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धता सुनिश्चित गर्न थप प्रयासहरू आवश्यक रहेको संकेत गर्दछ।

## परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको स्रोत

तालिकामा मोलुङ गाउँपालिकाका परिवारहरूले खाना पकाउन प्रयोग गर्ने ईन्धनका स्रोतहरू जस्तै दाउरा/काठ, ग्यास, बिजुली, गुइँठा, गोबर ग्यास, मट्टीतेल र अन्य स्रोतहरूलाई वडागत रूपमा प्रस्तुत गरिएको छ । यसले परिवारहरूको ऊर्जा प्रयोगको ढाँचा र वातावरणीय प्रभावलाई स्पष्ट पार्न मद्दत गर्दछ ।

**तालिका ५२: परिवारले खाना पकाउने प्रयोग गर्ने इन्धनको स्रोत**

| वडा नम्बर | जम्मा | खाना पकाउने ऊर्जाको स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा काठ | ग्यास | बिजुली | गुइँठा | गोबर ग्यास | मट्टीतेल | अन्य |
| वडा नम्बर १ | ५८४ | ५५८ | २३ | ० | ० | १ | ० | २ |
| वडा नम्बर २ | ८८२ | ७७१ | १०८ | ० | ० | २ | १ | ० |
| वडा नम्बर ३ | २९९ | २८२ | १७ | ० | ० | ० | ० | ० |
| वडा नम्बर ४ | ४८४ | ४६० | २४ | ० | ० | ० | ० | ० |
| वडा नम्बर ५ | ३४७ | ३३२ | १५ | ० | ० | ० | ० | ० |
| वडा नम्बर ६ | ५२७ | ४९५ | २७ | १ | ० | ० | ४ | ० |
| वडा नम्बर ७ | ४५५ | ४४७ | ७ | ० | ० | १ | ० | ० |
| वडा नम्बर ८ | ४९१ | ४८६ | ३ | ० | ० | २ | ० | ० |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | ३८३१ | २२४ | १ | ० | ६ | ५ | २ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

जनगणनाको विवरणअनुसार मोलुङ गाउँपालिकामा कुल ४०६९ परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको विवरण पाइएको छ। तालिकाको विश्लेषण गर्दा ३८३१ परिवारले दाउरा/काठ प्रयोग गर्ने पाइएको छ। त्यसैगरी २२४ परिवारले ग्यास प्रयोग गर्ने पाइएको छ भने ६ परिवारले गोबर ग्याँस प्रयोग गर्ने पाइएको छ। यसले गाउँपालिकामा परम्परागत इन्धन स्रोत (दाउरा/काठ) को प्रयोग अत्यधिक रहेको देखाउँछ, जसले वातावरणीय र स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ। आधुनिक ऊर्जाको पहुँच बढाउनु आवश्यक देखिन्छ।

## परिवारले प्रयोग गर्ने उज्यालोको स्रोत

तालिकामा मोलुङ गाउँपालिकाका परिवारहरूले घरमा उज्यालोका लागि प्रयोग गर्ने स्रोतहरूजस्तै बिजुली, सोलार, मट्टीतेल, गोबर ग्याँस र अन्य स्रोतहरूलाई वडागत रूपमा प्रस्तुत गरिएको छ। यसले मोलुङ गाउँपालिकामा बसोवास गर्ने परिवारहरूको ऊर्जा पहुँच र जीवनस्तरलाई स्पष्ट पार्न मद्दत गर्दछ।

**तालिका ५३: परिवारले प्रयोग गर्ने उज्यालोको स्रोत**

| वडा नम्बर | जम्मा | घरमा उज्यालोको स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | बिजुली | सोलार | मट्टीतेल | गोबर ग्यास | अन्य |
| वडा नम्बर १ | ५८४ | ५६५ | १५ | १ | ० | ३ |
| वडा नम्बर २ | ८८२ | ८६५ | ११ | ४ | ० | २ |
| वडा नम्बर ३ | २९९ | १९६ | १०१ | २ | ० | ० |
| वडा नम्बर ४ | ४८४ | ४२२ | ५६ | ० | १ | ५ |
| वडा नम्बर ५ | ३४७ | २६७ | ८ | १ | ० | ७१ |
| वडा नम्बर ६ | ५२७ | ४०६ | ११२ | ४ | ० | ५ |
| वडा नम्बर ७ | ४५५ | २७५ | १७२ | ३ | ० | ५ |
| वडा नम्बर ८ | ४९१ | ४५३ | २८ | ६ | ० | ४ |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | ३४४९ | ५०३ | २१ | १ | ९५ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ परिवारले उज्यालोका स्रोतहरू प्रयोग गर्ने गरेको पाइएको छ। यसमध्ये ३४४९ परिवारले बिजुली प्रयोग गर्ने पाइएको छ। ५०३ परिवारले सोलार प्रयोग गर्ने पाइएको छ, र २१ परिवारले मट्टीतेल प्रयोग गर्ने पाइएको छ। यसले गाउँपालिकामा बिजुलीको पहुँच व्यापक रहेको देखाउँछ, तर सोलार ऊर्जाको प्रयोग पनि उल्लेख्य मात्रामा पाइएको छ।

## परिवारले प्रयोग गर्ने शौचालय सुविधा

तालिकामा मोलुङ गाउँपालिकाका परिवारहरूले प्रयोग गर्ने शौचालयका प्रकारहरू (फ्लस भएको ढलमा बगाउने चर्पी, फ्लस भएको सेप्टिक ट्यांकमा जम्मा हुने, खाल्डे चर्पी, सार्वजनिक शौचालय र शौचालय नभएको) बारेको विवरणलाई वडागत रूपमा प्रस्तुत गरिएको छ। यसले सरसफाइको अवस्था र पूर्वाधारको विकासलाई स्पष्ट पार्न मद्दत गर्दछ।

**तालिका ५४: परिवारले प्रयोग गर्ने शौचालय सुविधा**

| वडा नम्बर | जम्मा | शौचालयको प्रकार | | | | शौचालय नभएको |
|---|---|---|---|---|---|---|
| | | फ्लस भएको ढलमा बगाउने चर्पी | फ्लस भएको सेप्टिक ट्यांकमा जम्मा हुने | खाल्डे चर्पी | सार्वजनिक शौचालय | |
| वडा नम्बर १ | ५८४ | ६ | ५६९ | ६ | १ | २ |
| वडा नम्बर २ | ८८२ | ५ | ७९५ | ७१ | ० | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नम्बर ३ | २९९ | २ | २८६ | ११ | ० | ० |
| वडा नम्बर ४ | ४८४ | ४ | ४४१ | ३२ | २ | ५ |
| वडा नम्बर ५ | ३४७ | १ | २९९ | ४५ | ० | २ |
| वडा नम्बर ६ | ५२७ | ३२ | ४६८ | १५ | १ | ११ |
| वडा नम्बर ७ | ४५५ | ६ | २१९ | २१६ | ० | १४ |
| वडा नम्बर ८ | ४९१ | २९ | ४२७ | २८ | ० | ७ |
| **गाउँपालिकाको जम्मा** | ४०६९ | ८५ | ३५०४ | ४२४ | ४ | ५२ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणना २०७८ को विवरणअनुसार मोलुङ गाउँपालिकामा कुल ४०६९ परिवारले प्रयोग गर्ने शौचालय सुविधा वारेको विवरण तालिकामा उल्लेख रहेको छ । यसमध्ये ३५०४ परिवारले फ्लस भएको सेप्टिक ट्यांकमा जम्मा हुने शौचालय प्रयोग गर्ने पाइएको छ । ४२४ परिवारले खाल्डे चर्पी प्रयोग गर्ने पाइएको छ भने ८५ परिवारले फ्लस भएको ढलमा बगाउने चर्पी प्रयोग गर्ने पाइएको छ । ५२ परिवारसँग शौचालयको सुविधा नभएको पाइएको छ । यसले गाउँपालिकामा अधिकांश परिवारसँग शौचालयको सुविधा रहेको देखाएता पनि केही परिवार अझै पनि आधारभूत सरसफाइ सुविधाबाट वञ्चित रहेको देखिन्छ ।

**परिवारले प्रयोग गर्ने स्वामित्वमा रहेका वस्तुहरूको विवरण**

तालिकामा मोलुङ गाउँपालिकाका परिवारहरूको स्वामित्वमा रहेका विभिन्न घरायसी सामग्रीहरू जस्तै रेडियो, टेलिभिजन, टेलिफोन, साधारण मोबाइल, स्मार्टफोन, कम्प्युटर/ल्यापटप, इन्टरनेट, कार/जिप/भ्यान, मोटरसाइकल/स्कुटर, साइकल, विद्युत् पंखा, फ्रिजर, वासिङ मेसिन र एयर कन्डिसनजस्ता घरायसी सामग्रीमा नागरिकको पहुँचको अवस्थाबारेको विवरण प्रस्तुत गरिएको छ । यसले परिवारहरूको आर्थिक अवस्था र जीवनशैलीको स्तरलाई स्पष्ट पार्न मद्दत गर्दछ ।

**तालिका ५५: परिवारले प्रयोग गर्ने स्वामित्वमा रहेका वस्तुहरूको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | | ५८४ | ८८२ | २९९ | ४८४ | ३४७ | ५२७ | ४५५ | ४९१ | ४०६९ |
| कुनै पनि समान नभएको परिवार | | ३३ | ६५ | ४ | ४४ | २९ | ११ | १३ | ४१ | २४० |
| कम्तीमा एक समान हुने परिवार | | ५५१ | ८१७ | २९५ | ४४० | ३१८ | ५१६ | ४४२ | ४५० | ३८२९ |
| घरायसी सामान को प्रकार नाम | रेडियो | ३८४ | ५८९ | १९१ | ३३६ | ४६१ | ३४६ | ४०३ | २१७ | २९२७ |
| | टेलिभिजन | २८७ | ४८३ | ९८ | १९८ | ३२ | १ | ४७ | १३८ | १२८४ |
| | टेलिफोन | १० | ११ | ० | १ | ० | १ | २ | ३ | २८ |
| | मोबाइल साधारण | ४८६ | ७४५ | २८८ | ४११ | ५०५ | ४३५ | ४१७ | २८० | ३५६७ |
| | मोबाइल स्मार्ट फोन | ३५८ | ५४४ | १०८ | २६९ | ३७१ | ३६८ | २३५ | २०५ | २४५८ |
| | कम्प्युटर ल्याप्टप | ३१ | ५७ | १४ | २३ | ५ | २ | ४ | ४८ | १८४ |
| | इन्टरनेट | २१९ | ३५२ | ४२ | १०६ | ५२ | २३२ | १०८ | ९४ | १२०५ |
| | कार जिप भ्यान | ५ | १८ | ३ | १ | ० | ६ | २ | ३ | ३८ |
| | मोटर साइकल स्कुटर | ३५ | ६८ | १३ | ३२ | २० | ६ | ७ | ११ | १९२ |
| | साइकल | ३ | १८ | १ | ३ | १ | ० | २ | १ | २९ |
| | विद्युत् पंखा | ३ | ४४ | २ | १४ | ० | ० | १ | ४ | ६८ |
| | फ्रिजर | ४ | ३१ | ५ | १० | १ | ० | ० | २ | ५३ |
| | वासिङ मेसिन | ० | २ | १ | ० | ० | ० | ० | ० | ३ |
| | एयर कन्डिसन | ० | ० | २ | ० | ० | ० | ० | ० | २ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ घरधुरीमध्ये, २४० परिवारसँग उल्लेख रहेको कुनै पनि घरायसी समान नभएको पाइएको छ। तर यहाँका ३८२९ परिवारसँग भने कम्तीमा एक समान रहेको पाइएको छ। मोबाइल (साधारण) ३५६७ परिवारसँग पाइएको छ, जुन सबैभन्दा बढी परिवारको स्वामित्वमा रहेको वस्तु हो। त्यसपछि २९२७ परिवारसँग रेडियो र २४५८ परिवारसँग स्मार्टफोन रहेको पाइएको छ यस आधारमा धेरैजसो परिवारको सञ्चारमा पहुँच रहेको निष्कर्ष निकाल्न सकिन्छ। इन्टरनेटको पहुँच १२०५ परिवारमा पाइएको छ। यसले गाउँपालिकामा सञ्चारका साधनहरूको पहुँच व्यापक रहेको देखाउँछ। त्यस्तो देखिए तापनि नागरिकमा ठूला र महँगा घरायसी सामग्रीहरूको पहुँच तुलनात्मक रूपमा कम परिवारमा रहेको पाइएको छ।

## ५.५ परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको अवस्थाका आधारमा विवरण

तालिकामा मोलुङ गाउँपालिकाका परिवारहरूलाई उनीहरूको आर्थिक अवस्थाअनुसार वर्गीकरण गरिएको छ। यसमा मोलुङ गाउँपालिकाका परिवारहरूलाई उनीहरूको स्वामित्वमा रहेको धनसम्पत्तिको आधारमा अति गरिब, गरिब,

मध्यम, धनी र अति धनी वर्गमा वर्गीकरण गरिएको छ। यसले गाउँपालिकाभित्रको आर्थिक असमानता र धनको वितरणको स्पष्ट चित्र प्रस्तुत गर्दछ।

**तालिका ५६: परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको अवस्थाका आधारमा विवरण**

| वडा नम्बर | जम्मा परिवार | धनसम्पत्तिको गणना | | | | | धनसम्पत्तिको गणना प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति गरिब | गरिब | मध्यम | धनी | अति धनी | अति गरिब | गरिब | मध्यम | धनी | अति धनी |
| वडा नम्बर १ | ५८४ | १७१ | २३७ | १७२ | ४ | ० | २९.२८ | ४०.५८ | २९.४५ | ०.६८ | ० |
| वडा नम्बर २ | ८८२ | १९५ | २३० | २७७ | १५१ | २९ | २२.११ | २६.०८ | ३१.४१ | १७.१२ | ३.२९ |
| वडा नम्बर ३ | २९९ | १३१ | ८० | ६४ | २१ | ३ | ४३.८१ | २६.७६ | २१.४ | ७.०२ | १ |
| वडा नम्बर ४ | ४८४ | १३३ | २०० | १३५ | १० | ६ | २७.४८ | ४१.३२ | २७.८९ | २.०७ | १.२४ |
| वडा नम्बर ५ | ३४७ | १४६ | १०९ | ७७ | ९ | ६ | ४२.०७ | ३१.४१ | २२.१९ | २.५९ | १.७३ |
| वडा नम्बर ६ | ५२७ | १७७ | ३११ | ३० | ९ | ० | ३३.५९ | ५९.०१ | ५.६९ | १.७१ | ० |
| वडा नम्बर ७ | ४५५ | २०३ | २४५ | ७ | ० | ० | ४४.६२ | ५३.८५ | १.५४ | ० | ० |
| वडा नम्बर ८ | ४९१ | २५२ | १९७ | ४१ | १ | ० | ५१.३२ | ४०.१२ | ८.३५ | ०.२ | ० |
| **गाउँपालिका को जम्मा** | ४०६९ | १४०८ | १६०९ | ८०३ | २०५ | ४४ | ३४.६ | ३९.५४ | १९.७३ | ५.०४ | १.०८ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ परिवार रहेको पाइएको छ। यसमध्ये १४०८ परिवार (३४.६%) अति गरिब वर्गमा पर्दछन्। १६०९ परिवार (३९.५४%) गरिब वर्गमा रहेका पाइएको छ, जुन कुल परिवारको सबैभन्दा ठूलो हिस्सा हो। ८०३ परिवार (१९.७३%) मध्यम वर्गमा पाइएका छन्, जबकि २०५ परिवार (५.०४%) धनी र ४४ परिवार (१.०८%) अति धनी वर्गमा रहेका पाइएको छ।

वडा नं. ८ मा अति गरिब परिवारको प्रतिशत सबैभन्दा बढी ५१.३२% रहेको पाइएको छ, त्यसपछि वडा नं. ७ मा ४४.६२% र वडा नं. ३ मा ४३.८१% पाइएको छ। यसले यी वडाहरूमा आर्थिक रूपमा कमजोर परिवारको सघनता बढी रहेको संकेत गर्दछ। गरिब परिवारको प्रतिशत हेर्दा, वडा नं. ६ मा यो प्रतिशत सबैभन्दा उच्च (५९.०१%) पाइएको छ, त्यसपछि वडा नं. ७ मा ५३.८५% र वडा नं. ४ मा ४१.३२% रहेको छ। यो तथ्यांकले गाउँपालिकाको ठूलो जनसंख्या आर्थिक रूपमा कमजोर अवस्थामा रहेको देखाउँछ, जसलाई लक्षित गरी गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ।

धनी र अति धनी परिवारको प्रतिशत समग्रमा निकै कम पाइएको छ, जुन गाउँपालिकाको अपेक्षाकृत कम विकसित आर्थिक अवस्थाको सूचक हो। वडा नं. २ मा धनी परिवारको संख्या १५१ (१७.१२%) र अति धनी परिवारको संख्या २९ (३.२९%) पाइएको छ, जुन गाउँपालिकाका अन्य वडाहरूको तुलनामा धेरै हो। यसले वडा नं. २ मा तुलनात्मक रूपमा राम्रो आर्थिक अवस्था भएका परिवारहरू केन्द्रित रहेको देखाउँछ।

निष्कर्षमा भन्दा, मोलुङ गाउँपालिकामा गरिब तथा अति गरिब परिवारको संख्या धनी तथा अति धनी परिवारको तुलनामा धेरै गुणा बढी पाइएको छ, जसले आर्थिक असमानताको ठूलो चुनौतीलाई प्रस्तुत गर्दछ। यस प्रकारको आर्थिक विभाजनले विकासका प्रयासहरूमा पनि असमानता निम्त्याउन सक्छ, जसलाई सम्बोधन गर्न समतामूलक विकासका नीतिहरू आवश्यक पर्ने देखिन्छ।

### ५.६ परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको गणना वारेको विवरण (जनसंख्याको आधारमा)

यहाँको तालिकामा मोलुङ गाउँपालिकाको कुल जनसंख्यालाई उनीहरूको स्वामित्वमा रहेको धनसम्पत्तिको आधारमा अति गरिब, गरिब, मध्यम, धनी र अति धनी वर्गमा वर्गीकरण विश्लेषण गरिएको छ। यसले गाउँपालिकामा जनसंख्याको आर्थिक स्तरीकरणलाई अझ विस्तृत रूपमा प्रस्तुत गर्दछ।

**तालिका ५७: परिवारको स्वामित्वमा रहेको धनसम्पत्ति गणनाबारे विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिका को जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जनसंख्या (संस्थागत बाहेक) | जम्मा | २२२४ | ३३२७ | १२०६ | १८९९ | १४४१ | २३२५ | २०३१ | १९८७ | १६४४० |
| | पुरुष | १०५५ | १६०१ | ५८९ | ८९२ | ६९९ | ११६६ | १०३९ | ९८६ | ८०२७ |
| | महिला | ११६९ | १७२६ | ६१७ | १००७ | ७४२ | ११५९ | ९९२ | १००१ | ८४१३ |
| धन सम्पत्ति गणना | अति गरिब | ५२१ | ५९५ | ५०७ | ४३६ | ५११ | ७२० | ८५८ | ९२२ | ५०७० |
| | गरिब | ९४७ | ९१३ | ३११ | ७९१ | ४८९ | १४३८ | ११४२ | ८५६ | ६८८७ |
| | मध्यम | ७४१ | १११६ | २६७ | ६०१ | ३७६ | १३१ | ३१ | २०८ | ३४७१ |
| | धनी | १५ | ५८१ | १०८ | ४५ | ४१ | ३६ | ० | १ | ८२७ |
| | अति धनी | ० | १२२ | १३ | २६ | २४ | ० | ० | ० | १८५ |
| धन सम्पत्ति गणना प्रतिशत | अति गरिब | २३.४३ | १७.८८ | ४२.०४ | २२.९६ | ३५.४६ | ३०.९७ | ४२.२५ | ४६.४ | ३०.८४ |
| | गरिब | ४२.५८ | २७.४४ | २५.७९ | ४१.६५ | ३३.९३ | ६१.८५ | ५६.२३ | ४३.०८ | ४१.८९ |
| | मध्यम | ३३.३२ | ३३.५४ | २२.१४ | ३१.६५ | २६.०९ | ५.६३ | १.५३ | १०.४७ | २१.११ |
| | धनी | ०.६७ | १७.४६ | ८.९६ | २.३७ | २.८५ | १.५५ | ० | ०.०५ | ५.०३ |
| | अति धनी | ० | ३.६७ | १.०८ | १.३७ | १.६७ | ० | ० | ० | १.१३ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल १६४४० जनसंख्या रहेको पाइएको छ। तालिकाको विश्लेषण गर्दा ५०७० जना (३०.८४%) अति गरिब वर्गमा रहेको देखियो। जनगणनाको विवरणअनुसार ६८८७ जना (४१.८९%) गरिब वर्गमा रहेका पाइएको छ, जुन कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा हो। त्यसैगरी ३४७१ जना (२१.११%) मध्यम वर्गमा, ८२७ जना (५.०३%) धनी वर्गमा र १८५ जना (१.१३%) अति धनी वर्गमा रहेका पाइएको छ।

वडा नं. ७ मा अति गरिबको प्रतिशत सबैभन्दा बढी (४२.२५%) पाइएको छ, त्यसपछि वडा नं. ८ मा ४६.४% र वडा नं. ३ मा ४२.०४% रहेको छ। यसले परिवारको संख्याको आधारमा अति गरिबीको वितरणसँग मिल्दोजुल्दो चित्र

प्रस्तुत गर्दछ । गरिब वर्गमा पर्ने जनसंख्याको प्रतिशत हेर्दा, वडा नं. ६ मा यो प्रतिशत सबैभन्दा उच्च (६१.८५%) पाइएको छ, त्यसपछि वडा नं. ७ मा ५६.२३% र वडा नं. ८ मा ४३.०८% रहेको छ । यसबाट स्पष्ट हुन्छ कि यी वडाहरूमा अधिकांश जनसंख्या आर्थिक रूपमा कमजोर स्थितिमा रहेका छन् ।

धनी र अति धनी वर्गमा पर्ने जनसंख्याको प्रतिशत समग्रमा निकै कम पाइएको छ । वडा नं. २ मा धनी जनसंख्याको संख्या ५८१ (१७.४६%) र अति धनी जनसंख्याको संख्या १२२ (३.६७%) पाइएको छ, जुन गाउँपालिकाका अन्य वडाहरूको तुलनामा धेरै हो । यसले वडा नं. २ मा तुलनात्मक रूपमा बढी आर्थिक सम्पन्नता रहेको पुष्टि गर्दछ । परिवारको धन सम्पत्तिको अवस्था र जनसंख्याको धन सम्पत्तिको अवस्था दुवै तालिकाले मोलुङ गाउँपालिकामा आर्थिक असमानता उच्च रहेको र ठूलो संख्यामा परिवार तथा व्यक्तिहरू गरिबीको चपेटामा रहेको देखाउँछ । यसले गरिबी न्यूनीकरणका लागि थप प्रभावकारी र लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ । विशेषगरी, कृषिमा आधारित अर्थतन्त्रको विविधीकरण र रोजगारीका नयाँ अवसरहरूको सिर्जनामा ध्यान दिनुपर्ने देखिन्छ ।

## ५.७ परिवारको गुणस्तर गणनाको विवरण (घरको गुणस्तर)

यस तालिकामा राष्ट्रिय जनगणना २०७८ को विवरणको आधारमा वर्गिकरण गरिएको, मोलुङ गाउँपालिकाका परिवारहरूको घरको गुणस्तरलाई प्रायः पर्याप्त, पर्याप्त, मध्यम, अपर्याप्त र अति अपर्याप्त वर्गमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । यसले आवासको गुणस्तर र त्यसका आधारमा परिवारको जीवनस्तरको महत्वपूर्ण सूचक प्रदान गर्दछ ।

**तालिका ५८ : परिवारको गुणस्तर गणनाको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | गाउँपालिका को जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा परिवार | जम्मा | ५८४ | ८८२ | २९९ | ४८४ | ३४७ | ४५५ | ४९१ | ५२७ | ४०६९ |
| घरको गुणस्तर गणना | प्रायः पर्याप्त | २ | ५४ | १२ | ६ | ६ | ० | ० | १ | ८१ |
| | पर्यापत | ४२ | ३२८ | ८३ | १५८ | ६३ | ६ | २४ | ४९ | ७५३ |
| | मध्यम | ५२५ | ४८२ | १९८ | ३०० | २७२ | ४४१ | ४६२ | ४५१ | ३१३१ |
| | अपर्याप्त | १३ | १८ | ५ | १९ | ६ | ८ | ५ | २६ | १०० |
| | अति अपर्याप्त | २ | ० | १ | १ | ० | ० | ० | ० | ४ |
| घरको गुणस्तर गणनाको प्रतिशत | प्रायः पर्याप्त | ०.३४ | ६.१२ | ४.०१ | १.२४ | १.७३ | ० | ० | ०.१९ | १.९९ |
| | पर्यापत | ७.१९ | ३७.१९ | २७.७६ | ३२.६४ | १८.१६ | १.३२ | ४.८९ | ९.३ | १८.५१ |
| | मध्यम | ८९.९ | ५४.६५ | ६६.२२ | ६१.९८ | ७८.३९ | ९६.९२ | ९४.०९ | ८५.५८ | ७६.९५ |
| | अपर्याप्त | २.२३ | २.०४ | १.६७ | ३.९३ | १.७३ | १.७६ | १.०२ | ४.९३ | २.४६ |
| | अति अपर्याप्त | ०.३४ | ० | ०.३३ | ०.२१ | ० | ० | ० | ० | ०.१ |

*(स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८)*

मोलुङ गाउँपालिकामा कुल ४०६९ घरपरिवार रहेकोमा ३१३१ परिवार (७६.९५%) को घरको समग्र गुणस्तर मध्यम पाइएको छ, जुन कुल परिवारको सबैभन्दा ठूलो हिस्सा हो। ७५३ परिवार (१८.५१%) को घर पर्याप्त गुणस्तरको पाइएको छ, जबकि ८१ परिवार (१.९९%) को घर प्रायः पर्याप्त गुणस्तरको रहेको पाइएको छ। १०० परिवार (२.४६%) को घर अपर्याप्त र ४ परिवार (०.१%) को घर अति अपर्याप्त गुणस्तरको रहेको पाइएको छ। वडा नं. ७ मा मध्यम गुणस्तरका घरहरूको प्रतिशत सबैभन्दा बढी (९६.९२%) रहेको पाइएको छ, त्यसपछि वडा नं. ८ मा ९४.०९% र वडा नं. १ मा ८९.९% पाइएको छ। यसले यी वडाहरूमा अधिकांश घरहरूको अवस्था औसत वा सामान्य रहेको संकेत गर्दछ। पर्याप्त गुणस्तर भएका घरहरूको प्रतिशत हेर्दा, वडा नं. २ मा यो प्रतिशत सबैभन्दा उच्च (३७.१९%) पाइएको छ, त्यसपछि वडा नं. ४ मा ३२.६४% र वडा नं. ३ मा २७.७६% रहेको छ। यो तथ्यांकले यी वडाहरूमा तुलनात्मक रूपमा राम्रो आवास सुविधा भएका परिवारहरूको संख्या बढी रहेको देखाउँछ।

अपर्याप्त र अति अपर्याप्त गुणस्तरका घरहरूको प्रतिशत समग्रमा कम पाइएको छ, तर पनि यी परिवारहरूलाई सुरक्षित र स्वस्थ आवासको आवश्यकता रहेको संकेत गर्दछ। वडा नं. ६ मा अपर्याप्त गुणस्तरका घरहरूको प्रतिशत (४.९३%) सबैभन्दा बढी रहेको पाइएको छ। घरको गुणस्तर र धनसम्पत्तिको अवस्थाका तालिकाहरूको तुलना गर्दा, मध्यम गुणस्तरका घरहरू भएका परिवारहरूको ठूलो हिस्सा गरिब वा मध्यम आर्थिक अवस्थाका परिवारहरू नै रहेको अनुमान लगाउन सकिन्छ। यसले आवासको गुणस्तर सुधार गर्न र कमजोर वर्गका लागि सुरक्षित आवास सुनिश्चित गर्नका लागि नीतिगत हस्तक्षेपको आवश्यकतालाई औंल्याउँछ।

मोलुङ गाउँपालिकाको सामाजिक–आर्थिक विवरणले यहाँको जनसंख्याको ठूलो हिस्सा आर्थिक रूपमा कमजोर रहेको र अधिकांश परिवारको जीवनस्तर मध्यम रहेको देखाउँछ। गरिबीको उच्च प्रतिशत, विशेषगरी वडा नं. ६, ७, र ८ मा, आर्थिक विकासका लागि प्रमुख चुनौतीको रूपमा रहेको देखिन्छ। नागरिकको समग्र जिवनस्तरको गुणस्तरमा सुधार ल्याउनुका साथै, आय वृद्धि गर्ने अवसरहरू सिर्जना गर्न र आधारभूत सुविधाहरूको पहुँच बढाउनका लागि लक्षित कार्यक्रमहरू आवश्यक देखिन्छ। यसबाहेक, शिक्षा, स्वास्थ्य, र पूर्वाधार विकासमा लगानीले गाउँपालिकाको समग्र सामाजिक–आर्थिक अवस्थामा सुधार ल्याउन मद्दत गर्न सक्छ।

## अध्याय छ

# पूर्वाधार विकास र वातावरणीय प्रभाव


यस अध्यायमा मोलुङ गाउँपालिकामा गरिएको भौतिक पूर्वाधारको विकास र त्यसले वातावरणमा पारेको प्रभावको सामान्य मूल्यांकन गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई वातावरण संरक्षण हुने गरी दिगो विकासका लागि नीति नियम बनाउन उपयोगी हुन्छ ।

## ६.१ भौतिक पूर्वाधार विकास


मोलुङ गाउँपालिका क्षेत्रमा मानव आवश्यकता पूरा गर्नका लागि विभिन्न प्रकारका भौतिक पूर्वाधारहरू निर्माण भइसकेका छन् भने अरू थप निर्माणका क्रममा पनि रहेका छन् ।

### ६.१.१ मोलुङ गाउँपालिकाको सडक सञ्जाल

पूर्वाधार विकासका धेरै कुराहरूमध्ये सडक एउटा हो । ओखलढुंगा सदरमुकामदेखि मोलुङ–२, रामपुरसम्म कालोपत्रे पक्की सडक निर्माण भएको छ । त्यसैगरी गाउँपालिका सदरमुकाम रहेको प्राप्चा देउरालीसम्मको सडक पनि कालोपत्रे हुने क्रममा छ । यस गाउँपालिकाको सडक सञ्जाल सबै गाउँबस्तीमा सहजताका साथ पुग्न नसके पनि केही कच्ची सडकहरू निर्माण भएका छन् । यातायात आवतजावतका लागि बनाइएका सडकहरू अस्पताल, स्वास्थ्य चौकी, विद्युत् केन्द्र, विद्यालय, क्याम्पस, प्रहरी चौकी, गाउँपालिका भवन, वडा कार्यालय, खेलमैदान, हाटबजार स्थल, मन्दिर, गुम्बा, सिँचाइ कुलोलगायत पूर्वाधारहरू यहाँका मुख्य सम्पन्नताहरू हुन् । पर्यटकीय गतिविधि चल्ने हुनाले यहाँका पदमार्गहरू पूर्वाधारका रूपमा रहेका छन् । यस गाउँपालिकाको सडक सञ्जाल देहायबमोजिम रहेको देखिन्छ ।




मोलुङ गाउँपालिकाको सडक सञ्जाल




मोलुङ गाउँपालिकाको पैदल मार्गको सञ्जाल

### ६.१.२ मोलुङ गाउँपालिकाका प्रमुख भौतिक पूर्वाधार विकास आयोजनाहरू

यस गाउँपालिकाका प्रमुख भौतिक पूर्वाधार बिकासका आयोजनाहरु देहायबमोजिम छन्:

#### ६.१.२.१ मोलुङ खोला सानो जलविद्युत् आयोजना (७ वाट)

प्रारम्भ तथा उत्पादन- यो RoR (Run-of-River) प्रकारको जलविद्युत् आयोजना हो । यस आयोजनाले मोलुङ गाउँपालिकामा रहेको मोलुङ खोलाको प्रवाहबाट विद्युत् उत्पादन गर्दछ । यसले सन् २०७४ चैत १२ मा उत्पादन प्रारम्भ गरी ७ मेगावाट क्षमता बराबरको उत्पादन गर्दै आएको छ । यस आयोजनाले औसत वार्षिक ऊर्जा ३५.७२९ गिगावाट उत्पादन गर्दै आएको छ । यस आयोजनाबाट आर्थिक वर्ष २०७८/७९ मा १५ करोड ६० लाख रुपैयाँभन्दा बढी मूल्यको विद्युत् बिक्री भएको छ । यस आयोजनाले स्थानीय परियोजना प्रभावित नागरिकका लागि IPO मार्फत उपभोक्ता सेयर निष्कासन गरी वितरण गरेको छ । यस आयोजनाबाट उत्पादित विद्युत् १३२ केभीए प्रसारण लाइनमार्फत राष्ट्रिय विद्युत् ग्रिडमा समावेश गरिएको छ ।

#### ६.१.२.२ मध्य मोलुङ खोलामा प्रस्तावित सानो जलविद्युत् आयोजना

परियोजना स्थिति- निर्माण स्वीकृतिको प्रक्रियामा रहेको यो आयोजना विद्युत् विकास विभागबाट प्राथमिक वातावरणीय परीक्षण (Pre-EIA) स्वीकृत भइसकेको छ । डिजाइन विवरण- तीनवटा इन्टेक, सेटलिङ बेसिन, २५०० मिटर २.२ मिटर व्यासको हेडरेस पाइप, ३५० मिटर लम्बाइको टनेल, र ३०३ मिटर पेनस्टक पाइप आदि रहेका छन् । यस आयोजनाबाट वार्षिक ३५.०३१ (GWh) उत्पादन अनुमानित । प्रभाव क्षेत्रः मोलुङ गाउँपालिका- १ सहित आसपासका क्षेत्रहरूमा उत्पादन र प्रसारण संरचना विकास हुनेछ ।

### ६.१.२.३ प्राप्चा खानेपानी आयोजना (वडा ३ र ५)

प्रस्तावना र लागत- नेपाल रेडक्रस सोसाइटी, मोलुङ गाउँपालिका र स्थानीय श्रमदानको सहकार्यमा १३.२६ लाख रुपैयाँ लागतमा सञ्चालन गरिएको । लाभग्राही- दुईवटा वडाका गरेर करिब २१६ घरधुरी र १४ सार्वजनिक धारा गरी जम्मा २३० धाराको पानी आपूर्ति सुनिश्चित गरिने लक्ष्य लिइएको छ ।

### ६.१.२.४ पहिरे खोलामा पुल निर्माण (वडा-२)

ताराबद्ध अवस्था– ओखलढुंगा–रामपुर सडक खण्डअन्तर्गत पहिरे खोलामा पुल निर्माणको सार्वजनिक सूचना जारी भइसकेको छ ।

### ६.१.२.५ एकीकृत बस्ती विकास- वडा २, रामपुर

गाउँपालिकाको आफ्नै लगानीमा रामपुर (वडा-२) क्षेत्रमा बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने गरी काम अघि बढाइएको छ ।


### ६.१.२.६ सडक तथा पूर्वाधार योजनाहरू

नेपाल सरकारले कार्यान्वयनमा ल्याउँदै गरेको स्वर्ण सगरमाथा बृहत् चक्रपथ (NH75) यस क्षेत्रमा पनि केही भाग पर्दछ । यो कोशी प्रदेशमा निर्माणाधीन राष्ट्रिय राजमार्ग हो, जसले ओखलढुंगा-सल्लेरी मार्गलाई समेत जोड्ने काम गर्दछ । यस राजमार्गमा मोलुङ-ओखलढुंगा सडकसमेत समावेश रहेको छ ।

### ६.१.२.७ मोलुङ गाउँपालिकाका विद्यालय भवनहरू


मोलुङ गाउँपालिकामा विभिन्न स्तरका विद्यालयहरू रहेका छन्, जसलाई तल वडाअनुसार चित्रण गरिएको छ ।

**मोलुङ गाउँपालिकामा रहेका विद्यालयहरू**



### ६.१.२.८ मोलुङ गाउँपालिकाका स्वास्थ्य केन्द्र/चौकी भवनहरू

मोलुङ गाउँपालिकामा विभिन्नस्तरका स्वास्थ्य केन्द्र/चौकी रहेका छन्, जसलाई तल वडाअनुसार चित्रण गरिएको छ ।




### ६.२ मोलुङ गाउँपालिकामा वडागत रूपमा रहेका विकासका पूर्वाधारहरू

**वडा नं. १**

**भवन तथा पूर्वाधार**

वडामा रहेका बुङनाममा रहेको वडा कार्यालय भवन–१, वडा स्वास्थ चौकी–१, विद्यालय भवनहरू, प्रतीक्षालयहरू, चौताराहरूजस्ता सार्वजनिक संरचना निर्माण भएका छन् । वडा नम्बर १ मा रहेका विद्यालयहरूमा मात्र खेलमैदानहरू रहेका छन् । कुन्तादेवी मन्दिरको तल बाटो छेउमा, वडा कार्यालयको अगाडि एउटा माने रहेको छ । वडाभित्र ३० वटा जति खुद्रा पसल १० वटा जति चिया पसल रहेका छन् । बस्तीमा अधिकांश घरहरू ढुंगा, माटो र जस्ताको छानाले बनेका छन् ।

**सडक र यातायात**

ओखलढुंगा रामपुर–हर्कपुर–कटुन्जे हुँदै काठमाडौं जाने मुख्य सडक मार्गमा नियमित सार्वजनिक यातायात सञ्चालन हुने गरेका छन् । वडामा रहेका कृषि सडकहरूमा साइटार झगरपुर कृषि सडक, पसलडाँडा–साइटार–झगरपुर खोलासम्म कृषि सडक, पसलडाँडा–बुङनाम–जलजले –झगरपुर खोलासम्म कृषि सडक, पसलडाँडा ढकाल गाउँ कर्कले–जलजले कृषि सडक, फागुने–कमरमपाखा कृषि सडक, पसलडाँडा नांगेडाँडा कालीखोल्सा कृषि सडक, पसलडाँडा वितलव कृषि सडक, लिपेखोला चिउरीबोट कृषि सडक, बखोट ढुस्के कृषि सडक, पसलडाँडा–धारापानी–फलाटे –साइटार कृषि सडक, ढकालगाउँ–बोगटीगाउँ–राम्चे सडक मुख्य रहेका छन् ।

**सिँचाइ कुलो**

वडामा रहेका सिँचाइ कुलोहरूमा बाहबिसे कुलोः लिपे खोला–बाहबिसे खेतसम्म, ढकाल गाउँ कुलोः लिपे खोलादेखि ढकालबेंसीसम्म, कार्तिक कुलोः धोबीखोलादेखि कार्तिकेबेंसीसम्म, झगरे कुलोः झगरेखोलादेखि झगरेबेंसी

साइटारसम्म, वितलक कुलोः लिपे खोलादेखि वतलव खेतसम्म आदि, फागुने कुलोः लिपे खोलादेखि फागुनेटारसम्म आदि सिँचाइ कुलो मुख्य रहेका छन् ।

**सञ्चार**

वडामा नेपाल टेलिकम र एनसेलको सेवा उपलब्ध छ ।

**विद्युत् सेवा**

वडामा रहेका सबै टोल बस्तीमा पुगेको छ । राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा उपलब्ध रहेको छ । एउटा पेल्टिक्सेट पनि रहेको छ ।

**खानेपानी सुविधा**

वडाका सबै बस्तीहरूमा खानेपानी पाइप धाराबाट उपलब्ध रहेको छ ।

**वडा नं. २**

**भवन तथा पूर्वाधार**

वडा नं. २ मा विभिन्न सार्वजनिक पूर्वाधारको निर्माण गरिएका छन् । रामपुर ढुस्केमा वडा नं २ को वडा कार्यालय भवन रहेको छ । त्यसैगरी वडामा प्रहरी चौकी १, अस्पताल भवन १, विद्यालय भवनहरू १, क्याम्पस १, तरकारी बजारका सेड (बिहीबारे हाट लाग्ने ठाउँमा सेडहरू ६ वटा), टहरा, चौतारा (ढुंगेधारा, कुवा, गुरुपार्क आदि), प्रतीक्षालय आदि समेत रहेका छन् । विद्यालय र क्याम्पसमा खेलमैदान रहेका छन् । यस वडामा रहेको अर्को मुख्य पूर्वाधार मोलुङ हाइड्रोपावर ड्याम १ पनि हो । रामपुर बजारमा १५ वटा जति आर.सी.सी. घर रहेका छन् भने बाँकी सबै बस्तीमा ढुंगामाटोले बनेको जस्ताका घरहरू रहेका छन् । त्यस्तै ढुस्केमा १० वटा जति आर.सी.सी. घरहरू रहेका छन् ।

**सडक र यातायात**

यस वडा क्षेत्रमा रहेका मुख्य ग्रामीण कृषि सडकहरूमा रामपुर ढुस्के ग्रामीण कृषि सडक, रामपुर तल्लोटार जलजले ग्रामीण कृषि सडक, साउने–ढुस्के ग्रामीण कृषि सडक, डडुवा लामीडाँडा ग्रामीण कृषि सडक, थापाचौर ढुस्के ग्रामीण कृषि सडक, रामपुर कुन्तादेवी ग्रामीण कृषि सडक, कान्छी बजार वि.क. टोल ग्रामीण कृषि सडक, रामपुर–पोतिङ खोला–राँगादीप ग्रामीण कृषि सडक आदि हुन् ।

**सिँचाइ कुलो**

पोतिङ–रामपुर टार कुलो (पोतिङ खोलाबाट रामपुर टारसम्म), झगरे–रामपुरटार कुलो (झगरेखोलाबाट माझटार–रामपुरटार सम्म), साउने रामपुर कुलो वडा क्षेत्रमा रहेको मुख्य सिँचाइ कुलाहरू हुन् ।

सञ्चार– वडामा नेपाल टेलिकम र एनसेलको सेवा उपलब्ध छ ।

विद्युत् सेवाः केन्द्रीय लाइनबाट र मोलुङ हाइड्रोपावरबाट सबै बस्तीमा विद्युत् सेवा पुगेका ।

खानेपानी सुविधाः वडाका सबै क्षेत्रमा, सबै बस्तीमा पाइप धाराबाट खानेपानी उपलब्ध भएको छ ।

**वडा नं. ३**

**भवन तथा पूर्वाधार**

वडा नं ३ को वडा कार्यालय प्राप्चा फुँयाल गाउँमा रहेको छ । वडामा रहेका सार्वजनिक भवन तथा संरचनाहरूमा गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय भवन २ वटा, वडा नं. ३ को वडा कार्यालय भवन १, स्वास्थ्य चौकी युनिट भवन १, देउराली स्वास्थ्य चौकी भवन प्राप्चा १, आमा समूहका भवनहरू, जनजागृति स्वास्थ्य आमा समूह भवन (थुम्की) १, कुण्डलादेवी थान आमा समूह भवन (जिर्गु) १, सिमलटार आमा समूह भवन (प्राप्चा) १, भुमेदेवी स्वास्थ्य आमा समूह भवन (फुँयाल गाउँ प्राप्चा) १, सयपत्री स्वास्थ्य आमा समूह भवन (केराबारी) १, दलदेवी स्वास्थ्य आमा समूह भवन (कार्कीगाउँ) १ आदि मुख्य रहेका छन् । वडा क्षेत्रमा विद्यालय भवनहरू १० वटा रहेका छन् । वडा क्षेत्रमा रहेका विद्यालयहरूमा मात्र खेलमैदान रहेका छन् । वडा क्षेत्रमा चौताराहरू, हाटबजार सेड (मंगलबारे हाट लाग्ने ठाउँमा), कुवा, ढुंगेधारा, प्रतीक्षालयहरू आदि समेत रहेका छन् ।

**सडक र यातायात**

यस वडा क्षेत्रमा रहेको देवीटार प्राप्चा देउराली–दाहालगाउँ–श्रीचौर हुँदै खिजीदेम्बासम्म जाने सडक मुख्य सडक हो । त्यसैगरी प्राप्चा देउराली–जिर्गु थुम्की–गोपे चम्पादेवीथानसम्म ग्रामीण कृषि सडक (यसलाई धार्मिक सडकका रूपमा समेत लिने गरिन्छ), देउराली–देवीटार–बगर–कार्की गाउँसम्म ग्रामीण कृषि सडक, कुलखोला–कार्कीगाउँसम्म ग्रामीण कृषि सडक, ढुंगेलडाँडा–गैराबारी–ताप्केडाँडासम्म ग्रामीण कृषि सडक, ओपीगैरा–भुमेथान–देवीटार–बेडीखोरसम्म ग्रामीण कृषि सडक, सोप्ली खाल्टे–चौतारा गैराटार–सोलाखर्कसम्म ग्रामीण कृषि सडक, थुम्की–कोलोवन–मलेतोवनसम्म ग्रामीण कृषि सडक, थुम्की–किडादिम–कुलखोला– भेडाखोर–उर्लेनी सम्म ग्रामीण कृषि सडक, देउराली–फुँयाल गाउँ– घलेडाडासम्म ग्रामीण कृषि सडक आदि यस वडा क्षेत्रमा रहका ग्रामीण कृषि सडक हुन् ।

**सिँचाइ कुलो**

वडामा रहेका मुख्य सिँचाइ कुलोहरूमा कुलखोला सिँचाइ कुलो (केराबारी–कार्कीगाउँ–हर्कपुरसम्म), कुलखोला सिँचाइ कुलो (गढीमुलमुलेदेखि प्राप्चाटारसम्म), ओप्चु सिँचाइ कुलो (भित्तागाउँदेखि घलेगाउँसम्म), सेपुलखोला सिँचाइ कुलो (सेपुलदेखि जिर्गुसम्म), नागथान सिँचाइ कुलो (नागथानदेखि टारीखेतसम्म), फर्सीगैरा सिचाँइ कुलो (भुमेथानदेखि टारीखेतसम्म) आदि हुन् ।

**सञ्चार**

वडा क्षेत्रमा सरकारी सेवा प्रदायक नेपाल टेलिकम र निजी सेवा प्रदायक एनसेलको सेवा उपलब्ध छन् ।

**विद्युत् सेवा**

वडा क्षेत्रमा केन्द्रीय लाइनबाट सबै बस्तीमा विद्युत् पुगेको छ । वडामा कुलखोलामा प्राप्चाखोला माइक्रोहाइड्रो र जिर्गु चौतारा र ओप्चुल खोलामा पेल्ट्रिकसेटसमेत सञ्चालनमा रहेको छ ।

**खानेपानी सुविधा**

यस वडाको सबै क्षेत्रमा खानेपानी सुविधा पाइपबाट नै पुगेको छ । वडामा रहेका खानेपानी आयोजनाहरूमा गुठीमुले खानेपानी (प्राप्चादेउराली टारीसम्म), चौतारा खानेपानी (भीरकुवा चौतारासम्म), लुकुवा खोला खानेपानी (गोपे–

थुम्की–जिर्गु– प्राप्चासम्म), सपेल खोला खानेपानी (जिर्गु–गमनडाँडासम्म), खाल्टे खोला खानेपानी (खाल्टे भित्ताटोलसम्म), कुलखोला खानेपानी (केराबारी कार्कीगाउँसम्म) आदि मुख्य रहेका छन् ।

**वडा नं. ४**

**भवन तथा पूर्वाधार**

यस वडा क्षेत्रमा रहेका, निर्माण भएका सार्वजनिक पूर्वाधारहरूमा वडा कार्यालय भवन १ (हर्कपुर), वडा स्वास्थ्य कार्यालय १, विद्यालय भवनहरू १२ वटा जति, विद्यालयस्तरमा मात्र रहेका खेलमैदानहरू रहेका छन् । वडामा रहेका पक्की पुलमा मोलुङ खोला पक्की पुल (गाडी हिँड्ने) र कुलखोला पक्की पुल (गाडी हिँड्ने) रहेका छन् । त्यसैगरी वडा क्षेत्रमा रहेका झोलुंगे पुलहरूमा घलेगाउँ–घलेखोला झोलुंगेपुल, सिवलेटार–घलेखोला झोलुंगेपुल, सोलुङखोला–कटुन्जे झोलुंगेपुल, जलजले–तितेभित्ता झोलुंगेपुल, जलजले–डुडे झोलुंगेपुल, छेउवारी–रामपुर झोलुंगेपुल, कुलखोला–कार्कीगाउँ झोलुंगेपुल आदि रहेका छन् । वडा क्षेत्रमा चौतारा, कुवा, ढुंगेधारा, प्रतीक्षालय, दाहसंस्कार गर्ने ठाउँलगायत सार्वजनिक स्थलहरूसमेत रहेका छन् ।

**सडक र यातायात**

रूपाटार–घलेगाउँ ग्रामीण कृषि सडक, ढाँडबेंसी–हर्कपुर कृषि सडक, कर्कले–निबुवाबोट कृषि सडक, सयमुरे–भटकेना कृषि सडक, कर्कले–कुँडुले कृषि सडक, कर्मले जीवनप्रति मावि कृषि सडक, पुरानागाउँ–भदौरे कृषि सडक, पिङडाँडा–वाग्लेगाउँ कृषि सडक, घलेगाउँ–गुठीपातल कृषि सडक, पीपलडाँडा–सुपारेबरसम्म कृषि सडक, कुलखर्क–मामगाउँसम्म कृषि सडक, कर्कले–जलजले महादेवस्थानसम्म कृषि सडक, जरायोटार–चक्रपथ, कुलखोल दमैडाँडा ४ नं वडा कार्यालयसम्म कृषि सडक, देउराली माझखर्कसम्म कृषि सडक आदि मुख्य कृषि सडकका रूपमा रहेका छन् ।

**सिँचाइ कुलो**

वडामा रहेका सिँचाइ कुलोहरूमा बेली कुलो (बेलीदेखि सोलुङ खोला–जरायोटारसम्म), चमेली कुलो (चमेलीदेखि सोलुङ खोला–जरायोटारसम्म) घट्टेखोला कुलो (घलेगाउँ), घट्टेखोला कुलो (सुनार गाउँ), धाप कुलो (घट्टेखोला मुहानदेखि धापसम्म), सुलसुले कुलो (माथिल्लो मानेसम्म), माझकुलो (मानेगाउँसम्म), ढुंगाखाने कुलो (ढुंगाखाने), खहरेखोला–मानेचौर कुलो, कुलखोला सिँचाइ आयोजना, महादेव खोला कुलो, कुलखोला गढी केराबारी कुलो (लिस्नासम्म), महादेव खोला कुलो (कर्कले सम्म), महादेवखोला तल्लोकुलो (भञ्ज्याङ सम्म), मोलुङखोला कुलो (खारबेंसीसम्म), कुलखोला कुलो (ढाँडबेंसी धापसम्म), निबुवाबोट कुलो (जलजलेसम्म) आदि मुख्य हुन् ।

**सञ्चार**

वडामा नेपाल टेलिकम र एनसेलका सेवा उपलब्ध छन् ।

**विद्युत् सेवा**

वडाका सबै टोल बस्तीमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा उपलब्ध रहेको छ ।

**खानेपानी सुविधा**

वडाको सबै क्षेत्रमा खानेपानी सुविधा पाइपबाट नै पुगेको छ । वडामा सञ्चालित खानेपानी आयोजनाहरूमा घट्टेखोला–सुनारगाउँ खानेपानी आयोजना, गोपेखोला–लप्से खानेपानी आयोजना, घट्टेखोला–घलेगाउँ–कार्की गाउँ खानेपानी आयोजना, घट्टेखोला–कुँडुले खानेपानी आयोजना, सुलसुले–मानेगाउँ खानेपानी आयोजना, खहरेखोला जरायोटार खानेपानी आयोजना, सिमसमपुरे– जरायोटार खानेपानी आयोजना, घट्टेखोला–जरायोटार खानेपानी आयोजना, लिसीबोट–पुरानागार–भदौरे खानेपानी आयोजना, फेदी–उर्लेनी खानेपानी आयोजना, कुलखोला–हर्कपुर खानेपानी आयोजना, कुलखोला ढाँडबेंसी खानेपानी आयोजना, कुलखोला–खत्रीगाउँ खानेपानी आयोजना, महादेवखोला–ढाँडबेंसी खानेपानी आयोजना, देउबारी ढाँडबेंसी खानेपानी आयोजना, खुदुके–ढाँडबेंसी खानेपानी आयोजना, कार्तिके–रूपाटार खानेपानी आयोजना, नेपाल पँधेरो–भदौरे खानेपानी आयोजना, कार्कीगाउँ– ढाँडपाखा खानेपानी आयोजना, सुलसुले–पुरानागाउँ खानेपानी आयोजना, फेपी–माझखर्क–थामडाँडा–उर्लेनी–खर्सेनी खानेपानी आयोजना आदि रहेका छन् ।

**वडा नं. ५**

## भवन तथा पूर्वाधार

वडा नं ५ मा रहेका सार्वजनिक पूर्वाधारमा वडा कार्यालय भवन  भवन–१ –दाहालगाउँ, प्राप्चा), स्वास्थ्य कार्यालय, प्रहरी चौकी, विद्यालय भवनहरू (५ वटा जति) रहेका छन् । यस क्षेत्रका बस्तीमा आरसीसी भवन ७ वटा, वडा कार्यालयको भवन आरसीसी रहेको, ३ वटा विद्यालयमा आरसीसी भवन रहेका छन् । वडामा टिनको वा जस्ताको छाना ढुंगा र माटोले बनेका घरहरू ५४० वटा जति रहेका छन् । यस वडामा चौतारी, कुवा, धारा, दाहसंस्कार गर्ने ठाउँजस्ता सार्वजनिक स्थलहरूसमेत रहेका छन् ।

**सडक र यातायात**

यस वडामा रहेको मुख्य सडकमा गाउँपालिका भवनदेखि श्रीचौर सिमानासम्म रहेको छ । त्यसैगरी वडामा रहेका ग्रामीण कृषि सडकहरूमा मगरगाउँ–मोलुङखोला ग्रामीण कृषि सडक, शेरे–चिउरीबोट ग्रामीण कृषि सडक, चिउरीबोट–लेस्पु ग्रामीण कृषि सडक, केउरिनी–दाहालगाउँ ग्रामीण कृषि सडक, पोखरी–केउरिनी ग्रामीण कृषि सडक, बौद्धस्तुपा–नर्पुसम्म ग्रामीण कृषि सडक, यान्दा खोलाखर्कसम्म ग्रामीण कृषि सडक, धनमारे–खबटेसम्म ग्रामीण कृषि सडक, गैराबारी लेस्पुसम्म ग्रामीण कृषि सडक मुख्य रहेका छन् ।

## सिँचाइ कुलो

यस वडामा रहेका सिँचाइ कुलोहरूमा मोलुङगरा सिँचाइ आयोजना (मोलुङखोला मुहान), ध्याम्पा दाहालगाउँ सिँचाइ कुलो (गाउँखोला मुहान), बडरे सिँचाइ कुलो (गाउँखोला मुहान), कालेचौर सिँचाइ कुलो (गाउँखोला मुहान), दोमान सिँचाइ कुलो (गाउँखोला मुहान), आमबोटे सिँचाइ कुलो (गाउँखोला मुहान), सोती कुलो (मोलुङ खोला), सेरली आमबोटे कुलो (मोलुङ खोला), गाउँखेत कुलो (गाउँखोला मुहान), धनरामे कुलो (भतेरे खोला), केउरिनी कुलो (अँधेरी खोला), गिद्देडाँडा–भतेरे कुलो (अँधेरीखोला), भतेरे–रातमाटे कुलो (अँधेरीखोला), गाउँखोला– कालेडाँडा कुलो (गाउँखोला) मुख्य रहेका छन् ।

**सञ्चार**

वडामा सरकारी सेवाप्रदायक नेपाल टेलिकम र निजी क्षेत्रको सेवाप्रदायक एनसेलको सेवा उपलब्ध छ ।

## विद्युत् सेवा

वडामा रहेका बस्तीमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा उपलब्ध रहेको छ । वडा क्षेत्रमा मोलुङ हाइड्रो ६ मेघावाट पनि निर्माणाधीन अवस्थामा रहेको छ ।

## खानेपानी सुविधा

वडाका सबै टोल बस्तीहरूमा खानेपानी पाइप धाराबाट उपलब्ध रहेको छ । यस वडामा रहेका खानेपानी योजनाहरूमा सेलेले खोला खानेपानी योजना (बुइकाल खोला–दाहालगाउँसम्म), राम्टी खानेपानी योजना (दोमान गाउँसम्म), तीनधार खानेपानी योजना (बडरे गाउँसम्म), ध्याम्बा खानेपानी योजना (दाहालगाउँसम्म), अँधेरीे छाँगो खानेपानी योजना (ध्याम्पा पोखरी), केउरिनी अँधेरी छाङगे खानेपानी योजना –ध्याम्पा पोखरी दुइवटा), मुगरानीटोल खानेपानी आयोजना (बडर), डोलेखोला खानेपानी आयोजना (स्वाती), डोलेखोला खानेपानी आयोजना (चिडुणीबोट), भतेरे खोला खानेपानी आयोजना (लिस्पुडाँडा), सिमलधारा खानेपानी आयोजना (दाहालगाउँ), गोगुन डाँडा खानेपानी आयोजना (लाँकुरी खोल्सा), खात्टे खानेपानी आयोजना (खात्टे टोल), यान्दा खानेपानी आयोजना (यान्दाटोल), खाली खानेपानी आयोजना (तर्पु), गहतेखोला खानेपानी आयोजना (धनरामे), हिलेखर्क खानेपानी आयोजना (हिलेखर्क) आदि मुख्य रहेका छन् ।

## वडा नं. ६

## भवन तथा पूर्वाधार

वडा नं ६ का सार्वजनिक संरचनाहरूमा वडा कार्यालय भवन १ (श्रीचौर–कच्ची), प्रहरी चौकी १, हेल्थ पोस्ट १, स्वास्थ्य चौकी १, विद्यालय भवनहरू (२० वटा जति रहेका), निजी विद्यालय भवन (२ वटामा ५ वटा भवन रहेको), हाटबजार लाग्ने ठाउँमा सेडहरू (मंगलवारे हाट लाउने ठाउँमा) रहेका छन् । त्यसैगरी वडा क्षेत्रमा चौतारा, कुवा, धारा, प्रतीक्षालयसमेत रहेका छन् । वडामा दगार र चेप्टे गरी २ वटा माइक्रो हाइड्रोपावर र २ वटा पेल्ट्रिकसेटसमेत सञ्चालनमा रहेका छन् । वडा क्षेत्रमा रहेका पुल तथा झोलुंगेपुलमा सलेले ट्रस्टपुल, चेप्टे थारे झोलुंगेपुल, बीचटोल–दुब्ले–फलाँटे झोलुंगेपुल, मोलुङ खोला–फलाँटे झोलुंगेपुल, बर्दिम– ओखरबोट झोलुंगेपुल, बर्दिम–पात्ले झोलुंगेपुल, खोलाखर्क–पात्ले झोलुंगेपुल, दमार–लट्टेबारी १ काठेपुल, मंसिर–भोटेचौर झोलुंगेपुल प्रमुख हुन् । समाज सेवा युवा क्लब, पत्करी युवा क्लब, लालीगुराँस आमा समूह (स्वास्थ), पशुपति स्वास्थ्य आमा समूह, कोसेलीमेर आमा समूह, सफासुग्घर आमा समूह, सहयोग आमा समूह, पोषण आमा समूह, परिश्रम आमा समूह, सक्रिय आमा समूहजस्ता क्लब तथा समूहहरू समेत रहेका छन् । वडामा कालिका उपभोक्ता सहकारी १ र प्रगतिशील उपभोक्ता सहकारी १ गरी दुईवटा सहकारी संस्थाहरूसमेत रहेका छन् ।

## सडक र यातायात

यस वडा क्षेत्रमा रहेका ग्रामीण कृषि सडकहरूमा स्वास्थ्य चौकीदेखि पत्कटी मसिने हुँदै मकैबारीसम्म ग्रामीण कृषि सडक, मंगलबारे बजारदेखि सेलेले–चेप्टे–नयाँसेनसम्म ग्रामीण कृषि सडक, मंगलबारे बजारदेखि सेलेले–तल्लो सेलेले–साङलाखोलासम्म ग्रामीण कृषि सडक, मंगलबारे बजारदेखि चेप्टे–दुब्ले–पलाटेको सिमानासम्म ग्रामीण कृषि सडक, खाठी भञ्ज्याङदेखि–आरुपोटे–मौरेसम्म ग्रामीण कृषि सडक, तल्लो सेलेलेदेखि–बलडाँडा–मंसिरे गुम्बासम्म ग्रामीण कृषि सडक, चुच्चे ढुंगा हुँदै–पतेरी–सल्लेरी–घुमाउनेसम्म ग्रामीण कृषि सडक, सुपिङ–सिङ्गेडाँडा–भीमसेनखर्कसम्म

ग्रामीण कृषि सडक, चेप्टेदेखि बुदिमसम्म ग्रामीण कृषि सडक, पेसलगैरा–श्रीचौरदेखि–सोलाखर्क–मंगलबारेसम्म ग्रामीण कृषि सडक, भालुढुंगा–खाडीभञ्ज्याङ–मंसिरे–पत्करी ग्रामीण कृषि सडक मुख्य रहेका छन् ।

### सिँचाइ कुलो

यस वडामा सिँचाइका लागि सिँचाइ कुलोहरू रहेका छैनन् ।

### सञ्चार

वडामा नेपाल टेलिकम र एनसेलको सेवा उपलब्ध छ ।

### विद्युत् सेवा

यस वडामा केन्द्रीय प्रसारण लाइनबाट विद्युत् सेवा सबै बस्तीमा पुगेको छ ।

### खानेपानी सुविधा

वडाका सबै बस्तीहरूमा खानेपानी पाइप धाराबाट उपलब्ध रहेको छ । वडामा रहेका खानेपानी आयोजनामा साङले खानेपानी (मालथुम्कम, गुम्बाडाँडा), धर्मशाला खानीपानी (पत्करी वडा कार्यालयसम्म), बहिरेखोला खानेपानी (भालुथुम्की मंगलबारे स्वास्थ्य चौकी), मंगलबारे खानीपानी (चौकी बजारसम्म), भंगले खानेपानी (भंगले–श्रीचौरसम्म), गुफाडाँडा खानेपानी (घुमाउने–चेप्टेसम्म), निबारे खानेपानी (निबारे–चेप्टेसम्म), नर्तके खानेपानी (नर्तके नयाँवनसम्म), मजुवा खानेपानी (मजुवा बुद्धिमसम्म), चैते खानेपानी चैते (नयाँवन–मानेटोलसम्म), चौकी खानेपानी (चौकी दिरेडाँडा–कालीदह) मुख्य रहेका छन् ।

### वडा नं. ७

### भवन तथा पूर्वाधार

वडा क्षेत्रमा रहेका प्रमुख सार्वजनिक संरचनाहरूमा वडा कार्यालय भवन १ (तालकोट पात्ले), स्वास्थ्य चौकी १, विद्यालय भवनहरू (७ वटा जति रहेका), गुम्बाहरू रहेका छन् । वडामा रहेका गुम्बाहरूमा श्रीवेयेन छोलिङ सेन्डुप गुम्बा १ (खासुबोट पात्ले), श्री पिङगुर किङगुर गुम्बा १ (पात्ले), श्री केर्जेहुम गुम्बा १ (पात्ले), मुख्य हुन् भने मानेहरूमा तल्लो तालकोट माने १, बाहुनडाँडा माने १ र छोर्तेनहरूमा खसुरकोटको छोर्तेन र बौद्ध स्तुपा पात्ले रहेका छन् । वडा क्षेत्रमा चौतारा, कुवा, धारा, प्रतीक्षालयजस्ता सार्वजनिक स्थलहरूसमेत रहेका छन् ।

### सडक र यातायात

वडा क्षेत्रमा रहेका ग्रामीण कृषि सडकहरूमा तालकोट पात्ले मावि तुक्सिन्डोसम्म ग्रामीण कृषि सडक, पात्ले मावि सुर्के दमारसम्म ग्रामीण कृषि सडक, पात्ले मावि घहेखोला सि.न.पा. जोडिने ग्रामीण कृषि सडक, तालकोट पात्ले मावि रतनेसम्म ग्रामीण कृषि सडक, जेसे–बाख्रे–तालकोट ग्रामीण कृषि सडक, जेसे–बाख्रे–खोलाखर्क ग्रामीण कृषि सडक, जेसे–पहरी बस्ती हुँदै रमितेसम्म ग्रामीण कृषि सडक मुख्य रहेका छन् ।

### सिँचाइ कुलो

यस वडामा सिँचाइका लागि सिँचाइ कुलोहरू रहेका छैनन् ।

**सञ्चार**

वडामा नेपाल टेलिकम र एनसेलको सेवा उपलब्ध छ ।

**विद्युत् सेवा**

वडामा रहेका सबै टोल बस्तीमा पुगको छ । राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा उपलब्ध रहेको छ ।

**खानेपानी सुविधा**

वडाका सबै बस्तीहरूमा खानेपानी पाइप धाराबाट उपलब्ध रहेको छ । वडामा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूमा जलकन्या खानेपानी आयोजना, आङले खोला खानेपानी आयोजना, खोराङ खानेपानी आयोजना, कार्तिक खानेपानी आयोजना, सोखाखा खानेपानी आयोजना, आङगे बाख्रे खानेपानी आयोजना, पात्लेखोला खानेपानी आयोजना, ज्यापी खोला खानेपानी आयोजना, लप्सेखोला खानेपानी आयोजना मुख्य हुन् ।

**वडा नं. ८**

**भवन तथा पूर्वाधार**

वडा नं ८ मा रहेका सार्वजनिक पूर्वाधारहरूमा वडा कार्यालय भवन १ कच्ची (खत्री डाँडा), वडा स्वास्थ्य चौकी १ आरसीसी, स्वास्थ्य एकाई ९ज्भबतिज ग्लष्त० १, विद्यालय भवनहरू (१० वटा जति रहेका) मात्र रहेका छन् । अन्य सार्वजनिक संरचनाहरूमा चौतारा, कुवा आदि समेत रहेका छन् । खेलमैदान विद्यालय परिसरभित्र मात्र रहेका छन् ।

**सडक र यातायात**

यस वडामा रहेका ग्रामीण कृषि सडकहरूमा मोलुङ दोमान सकटे ग्रामीण कृषि सडक, खिम्लीदेखि सेप्ली (झरना) सम्म ग्रामीण कृषि सडक, थतलेरीदेखि खसेडाँडासम्म ग्रामीण कृषि सडक, सैमालदेखि खसेडाँडासम्म ग्रामीण कृषि सडक, खरीडाँडादेखि पलारुसम्म ग्रामीण कृषि सडक, गैरीगाउँदेखि खिम्लीसम्म ग्रामीण कृषि सडक, सिमसारदेखि पखरेसम्म ग्रामीण कृषि सडक, माझखर्कदेखि सखरेसम्म ग्रामीण कृषि सडक, बितवुदेखि मीरकुनासम्म ग्रामीण कृषि सडक, सिमसारदेखि सखरेसम्म ग्रामीण कृषि सडक मुख्य रहेका छन् ।

**सिँचाइ कुलो**

यस वडामा रहेका मुख्य सिँचाइ कुलोहरूमा मूलखर्क सिँचाइ कुलो (पोक्तिङ खोला मुहान) र दिप्ली कुलो सिँचाइ (दिप्लीखेतसम्म) कुलो मुख्य रहेका छन् ।

**सञ्चार**

वडामा नेपाल टेलिकम र एनसेलको सञ्चार सेवाहरू उपलब्ध रहेको छ । वडा कार्यालय स्वास्थ्य चौकी, प्रहरी चौकी गाउँपालिका र बजार क्षेत्रमा इन्टरनेटको सुविधा रहेको छ ।

**विद्युत् सेवा**

राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा शेर्पा बस्तीमा भने पुगेको छैन । बाँकी वडा क्षेत्रमा भने विद्युत् सेवा उपलब्ध रहेको छ ।

### खानेपानी सुविधा

बस्तीहरूमा खानेपानी धारा पुगेको छ । वडामा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूमा कोकशिल खोला खानेपानी आयोजना, (खिम्लीसम्म), कुला मुहान खानेपानी आयोजना (क) (सिमल थल्लेरी, खिम्लीसम्म), कुला मुहान खानेपानी आयोजना (ख) (सैमाल गिरिसे थेपाथेम टंकुसम्म) मुख्य रहेका छन् ।

### मोलुङ गाउँपालिकाका प्राकृतिक जोखिमका सम्भावित स्थानहरू

मोलुङ गाउँपालिकामा क्षेत्रमा मुख्य गरी, बाढीपहिरो, हावाहुरी, अतिवृष्टि, अनावृष्टि, महामारीजन्य रोगहरू तथा वन्यजन्तु मानव द्वन्द्वजस्ता विषयले जोखिम निम्त्याउने गरेको देखिन्छ । प्राकृतिक प्रकोपको जोखिममा रहेका मुख्य क्षेत्रहरूमा मोलुङ खोलाको आसपासको बस्ती तथा खेतहरू, केराबारीको बस्तीहरूमा भोरकोडरा पहिरोको डर रहेको, पात्ले क्षेत्रका बस्तीहरूमा भिरालो ठाउँमा बस्ती रहेकाले पहिरोको डर बढी रहेको, वडा नं १ को लिपे खोलाको आसपासको खेती बालीमा वर्षाका बेला बाढीले जमिन कटान गर्ने गरेको, वडा नं ८ को राँगादीपको केही भिरालो बस्तीहरूमा पहिरोको डर आदि रहेको देखिन्छ । गाउँपालिका क्षेत्रमा जंगली जनावरले खेतीबाली नष्ट गर्ने गरेका कारणबाट वन्यजन्तु मानव द्वन्द्वको जोखिमसमेत रहेको देखिन्छ ।

## ६.३ वातावरणीय जोखिमका अवस्था

बढ्दो भूमण्डलीकरणको प्रभावस्वरूप विकासका गतिविधिको तीव्र कार्यान्वयनको असर स्वरूप जलवायु परिवर्तनमा परेको असरसँगै अन्य वातावरणीय प्रभावबाट मोलुङ गाउँपालिका पनि फरक रहेको छैन । यो गाउँपालिका पनि जलवायु परिवर्तनसँग प्रभावित र जोखिमयुक्त क्षेत्रहरूमध्ये एक हो ।


कोशी प्रदेशको ओखलढुंगा जिल्लामा अवस्थित यस पालिकाले ग्रामीण, वन, जल, कृषि र भूगोललाई समेट्ने हुनाले यसले बहुआयामिक जैविक विविधता बोकेको छ । पारिस्थितिक प्रणालीमा हुने परिवर्तनको प्राभाव यस गाउँपालिकामा पनि परेको पाइन्छ । यहाँ जलवायु परिवर्तन, विपद् जोखिम, पानीको संकट, वन फँडानी, माटो कटान आदि समस्याहरू तीव्र रूपमा बढ्दै गरेको पाइन्छ ।

### ६.३.१ भौगोलिक–पर्यावरणीय अवस्था

यस गाउँपालिकाको कुल क्षेत्रफल ११२ वर्ग किमि रहेकोमा उचाइका आधारमा समुद्र सतहबाट ६५० मिटरदेखि ३०१६ मिटरसम्मको भूभाग यस क्षेत्रमा पर्दछ । यस गाउँपालिकामा वन क्षेत्र ६७%, कृषि क्षेत्र २९%, घाँसेमैदान ५% र निर्माण क्षेत्र ०.१% रहेको छ । यहाँ मुख्यगरी तीन प्रकारको माटो पाइन्छ: क्वाट्र्जाइट (quartzite) ४३%, ग्नेइस/मिग्माटाइट (gneiss/migmatite) २% र ३. स्लेट/फिलाइट (slate/phyllite) २६% मुख्य रहेका छन् ।

### ६.३.२ जलवायुको अवस्था

यस गाउँपालिकामा गर्मी मध्यम (Warm Temperate) जलवायु भएको क्षेत्र (५१%), चिसो मध्यम (Cool Temperate) जलवायु भएको क्षेत्र (३०%) र उपउष्ण मनसुन (Subtropical Monsoon) जलवायु भएको क्षेत्र (१९%) रहेको पाइन्छ । यस आधारमा हेर्दा मुख्य गरी तीन प्रकारको मौसमी वातावरण यस क्षेत्रमा पाइन्छ ।




### ६.३.३. गाउँपालिकाको जोखिमको अवस्था

यस गाउँपालिकाको १.०१ वर्ग किलोमिटर क्षेत्रफल उच्च बाढी जोखिममा रहेको छ । त्यसैगरी २६.५६ वर्ग किलोमिटर क्षेत्र पहिरोको उच्च जोखिममा रहेको छ । यस गाउँपालिकाको ८.७६ वर्ग किलोमिटर क्षेत्रफल आगलागीको उच्च जोखिम क्षेत्रको रूपमा रहेको छ भने ९.८९ वर्ग किलोमिटर क्षेत्रफल भूक्षयको उच्च जोखिममा रहेको देखिन्छ ।

### ६.३.४. वन विनाश र जैविक विविधता संकट

चिराइतो, टिम्मुर, गुर्जो, लालीगुराँस, अल्लो, अमला, बेल आदि जैविक वनस्पति यस क्षेत्रमा पाइन्छन् । बजार पहुँचको अभाव, अव्यवस्थित संकलन विधि, प्रशोधन संयन्त्रको कमी आदि जस्ता समस्याका कारण यस प्रकारका वनस्पति लोप हुँदै जाने खतरा रहेको पाइन्छ ।

### ६.३.५. जल क्षेत्रमा देखिएको संकट


गाउँपालिका क्षेत्रमा अत्यधिक मात्रामा पर्याप्त पूर्वतयारीबिना नै गरिएको मोटर बाटो निर्माणले पानीका मुहानहरू सुक्दै जाने गरेको पाइन्छ । विगतको तुलनामा औसत वार्षिक वर्षा राष्ट्रिय औसतभन्दा कम मात्रामा हुने गरेको पाइन्छ भने परम्परागत पोखरी सुक्न थालेका छन् ।

### ६.३.६. कृषि क्षेत्रमा देखिएको संकट

यस गाउँपालिकामा अझै पनि ६८.८% जनता कृषि पेसामा नै निर्भर रहेका छन् । उक्त कृषि क्षेत्रमा आश्रितमध्ये करिब ५३% किसान भूमिहीन वा अर्ध-भूमिहीन (०.५ हेक्टरभन्दा कम जमिन, कृषियोग्य भूमि भएका) रहेका छन् । यस गाउँपालिकाको ०.८७% नागरिक मात्र खाद्य सुरक्षाको दृष्टिले वर्षभरि नै सुरक्षित रहेको पाइन्छ । कृषि क्षेत्रमा रोग, कीरा, बीउको अभाव र सिँचाइ सुविधाको कमीजस्ता कारणले गर्दा चुनौतीको सामना गर्नु परिरहेको पाइन्छ ।


### ६.३.७. नदी संरचना/खोलानालाको अवस्था

यस गाउँपालिकामा विभिन्न सानाठूला खोलानालाहरू रहेका छन्। स-साना खोल्सीहरू जोडिएर खोला बनेका छन्। जस्तै- मगर खोला, नेवार खोला, सेलेले खोला, जुरागीं खोला, इलुङ खोला, गाउँ खोला, सेप्ली खोला, बाग्दीप खोला, पोकतिन खोला, मोलुङ खोला छन्।





### ६.३.८. बाढीको जोखिममा रहेका क्षेत्रहरू

सर्भे विभागका अनुसार गाउँ खोलादेखि तल मोलुङ खोलाको तल्लो भागसम्मलाई उच्च बाढीको जोखिम क्षेत्रको रूपमा देखिन्छ ।




### ६.३.९. गाउँपालिकामा पहिरोको जोखिममा रहेको क्षेत्र

त्यसैगरी, मोलुङ गाउँपालिकालाइ सर्भे विभागले उच्च, मध्यम, कम र कुनै जोखिम नभएको क्षेत्रमा विभाजन गरेको छ । नतिजाअनुसार वडा नं. १ मा उच्च जोखिम क्षेत्र रहेको देखिन्छ ।





### ६.३.१०. गाउँपालिकाको आगलागी जोखिम क्षेत्र

यस गाउँपालिकामा उच्च आगलागी जोखिम क्षेत्रमा वडा नं. २ का माथिल्ला भाग, मध्यम जोखिममा वडा नं ६, ३, ७ र २ मा देखिन्छ ।




### ६.३.११. गाउँपालिकाको भू–क्षय जोखिममा रहेको क्षेत्र

सर्भे विभागका अनुसार यस गाउँपालिकामा उच्च भूक्षय जोखिममा वडा नं. ७, ९, ६,४ र ३ का केही भूभाग रहेको देखिन्छ ।




## ६.४ गाउँपालिकाको विकास र वातावरणका सरोकारवाला

मोलुङ गाउँपालिकामा दिगो पूर्वाधार विकास र वातावरण संरक्षणका लागि विभिन्न तहका सरोकारवालाहरूको समन्वय आवश्यक छ। यस प्रक्रियामा सबैभन्दा महत्त्वपूर्ण भूमिका संघीय, प्रदेश र स्थानीय सरकारको हुन्छ। सरकार नीति, कानुन र कार्यविधि तयार गर्ने मात्र होइन, दिगो विकासका सिद्धान्तअनुसार पूर्वाधार परियोजनाको योजना, बजेट विनियोजन र अनुमोदन गर्छ। परियोजना स्वीकृतिका लागि संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) अनिवार्य गर्नु, प्रदूषण नियन्त्रण मापदण्ड लागू गर्नु र विपद् जोखिम न्यूनीकरणका प्रावधान कार्यान्वयन गर्नु यसको प्रमुख जिम्मेवारी हो। साथै, जलवायु–सहनशील र हरित पूर्वाधार प्रवर्द्धनमा सरकारी नेतृत्व निर्णायक मानिन्छ।

स्थानीय समुदाय र बासिन्दा परियोजनाका प्रत्यक्ष लाभग्राही भएकाले उनीहरूको सक्रिय सहभागिता अपरिहार्य छ। योजना निर्माण, सार्वजनिक सुनुवाइ र निगरानीमा सामेल भएर समुदायले परियोजना वातावरणमैत्री र आवश्यकताअनुसार भइरहेको सुनिश्चित गर्न सक्छ। उनीहरूले आफ्नो स्थानीय ज्ञान, परम्परागत अभ्यास र प्राकृतिक स्रोत व्यवस्थापनका अनुभव परियोजनामा समावेश गरेर कार्यको गुणस्तर र स्वीकार्यता बढाउन मद्दत गर्छन्।

व्यक्तिगत स्तरमा पनि वातावरण संरक्षणमा योगदान सम्भव छ। प्लास्टिकको प्रयोग घटाउने, पुनःप्रयोग र पुनर्चक्रण गर्ने, खाना फाल्ने बानी हटाउने, बिजुली र पानीको दुरुपयोग नगर्ने, सार्वजनिक सवारीसाधन वा साइकल प्रयोग गर्ने र घरमै कम्पोस्ट मल बनाउनेजस्ता अभ्यासहरू प्रभावकारी हुन्छन्। साथै, वातावरणीय शिक्षा र सचेतना फैलाउने, वृक्षरोपण गर्ने, सफाइ अभियानमा सहभागी हुने र स्थानीय तथा दिगो उत्पादनलाई प्राथमिकता दिने कार्यहरूले दीर्घकालीन रूपमा सामूहिक सकारात्मक प्रभाव पार्छ।

नेपाल सरकारका वातावरण र पूर्वाधारसम्बन्धी मुख्य नीतिहरूको सूची यस प्रकार छ-

- वातावरण संरक्षण ऐन र नियमावली २०७७- पूर्वाधार निर्माणको वातावरणमा पर्ने जोखिम र न्यूनीकरणहरूको स्वीकृतिको निर्देशिका
- राष्ट्रिय वातावरण नीति, २०७६- वातावरण संरक्षण, प्रदूषण न्यूनीकरण र प्राकृतिक स्रोतको दिगो उपयोगका लागि मार्गदर्शन गर्ने नीति
- जलवायु परिवर्तन नीति, २०७६- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका लागि दीर्घकालीन योजना र रणनीति तय गर्ने नीति
- राष्ट्रिय अनुकूलन योजना (NAP)- जलवायु परिवर्तनको दीर्घकालीन जोखिम न्यूनीकरणका लागि राष्ट्रिय स्तरको रणनीति
- स्थानीय अनुकूलन कार्ययोजना (LAPA)- स्थानीय तहमा जलवायु परिवर्तनका असरहरूको समाधानका लागि कार्ययोजना
- दिगो विकास लक्ष्य ((SDG) कार्यान्वयन रणनीति- पूर्वाधार विकास र वातावरण संरक्षणलाई सन्तुलित रूपमा अगाडि बढाउने दीर्घकालीन लक्ष्यहरू
- राष्ट्रिय भवन संहिता, २०७२- भूकम्प प्रतिरोधात्मक र सुरक्षित भवन निर्माणका लागि प्रावधान
- राष्ट्रिय यातायात नीति, २०५८- सुरक्षित, दिगो र वातावरणमैत्री यातायात पूर्वाधार विकासका लागि नीति
- ऊर्जा नीति, २०७६- नवीकरणीय ऊर्जा विकास, जलविद्युत् विस्तार र ऊर्जा दक्षता प्रवर्द्धनका लागि नीति
- जलस्रोत नीति, २०७७- जलस्रोतको दिगो व्यवस्थापन, जलाधार संरक्षण र जलविद्युत् विकासका लागि नीति
- वन नीति, २०७६- वन, जैविक विविधता र वन्यजन्तुको संरक्षणका लागि नीति
- भूमि उपयोग नीति, २०७५- भूमिको दिगो उपयोग, भूक्षय रोकथाम र वातावरणमैत्री पूर्वाधार विकासका लागि नीति
- विपद् जोखिम न्यूनीकरण नीति, २०७५- प्राकृतिक तथा मानवजन्य विपद् न्यूनीकरण र व्यवस्थापनका लागि नीति
- फोहोरमैला व्यवस्थापन नीति, २०७९- शून्य फोहोर फाल्ने लक्ष्य, पूर्वाधार विकास, सार्वजनिक–निजी साझेदारी र कडा नियमनमा जोडका लागि नीति
- अन्य नीति नियमहरू

### ६.५ मोलुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास र वातावरणीय प्रभाव

मोलुङ गाउँपालिकामा भौतिक पूर्वाधार र विकासका क्रियाकलापहरूले वातावरणमा गहिरो प्रभाव पारेको छ । यहाँ सडक, भवन, पुल र साना जलविद्युत् आयोजनाहरूको विकास तीव्र रूपमा भइरहेको छ । तर यी विकास गतिविधिहरूले वन क्षेत्रको कटान, माटो र जलस्रोतमा दबाब बढाएको छ । पहाडी भूभाग भएकाले जंगल र जमिन संरक्षण अत्यन्तै जरुरी छ । तर अवैध र अनियन्त्रित कटानले वन क्षेत्र घट्दै जानु र जैविक विविधतामा कमी आउनु यहाँको प्रमुख समस्या हो ।

विकाससँगै माटो कटान पनि बढेको छ। सडक निर्माण तथा अन्य निर्माण कार्यहरूका क्रममा जमिन कटान हुने हुँदा जमिनको उर्वराशक्ति कम हुँदै गइरहेको छ। माटोको क्षरणले स्थानीय नदी नालाहरूमा तलाउ जम्न र बाढीको जोखिम बढ्न सक्छ, जसले किसान र स्थानीय बासिन्दाहरूको जीवनमा प्रत्यक्ष असर पुर्‍याउँछ। विशेष गरी वर्षाको समयमा पहिरो र बाढीले सडक र आवासीय क्षेत्रमा क्षति पुऱ्याउने जोखिम देखिन्छ।

जलस्रोतहरूमा पर्ने दबाब पनि विकाससँगै बढिरहेको छ। मोलुङ गाउँपालिकाका खोलाहरू र साना नदी नालाहरू पानीको मुख्य स्रोत हुन्। तर विकासका कारण पानीको प्रयोग अत्यधिक भएको, जथाभावी खनिएको, साथै फोहोर र रासायनिक पदार्थले यी स्रोतहरू प्रदूषित हुँदै र मासिँदै गएका छन्। यसले घरेलु पानीको गुणस्तर घटाउने र कृषि तथा पशुपालनमा समस्या निम्त्याउने गर्दछ। गर्मी महिनामा पानीको अभावले दैनिक जीवन र आर्थिक क्रियाकलापमा ठूलो असर पारिरहेको छ।

वायु प्रदूषण भने सामान्यतः ग्रामीण क्षेत्र भएकाले कम देखिए पनि विकाससँग जोडिएका सवारीसाधन र निर्माण कार्यबाट हुने धूलो र प्रदूषणले स्वास्थ्य जोखिम निम्त्याउन सक्छ। खासगरी सडक विस्तार र निर्माण स्थलनजिकका बस्तीहरूमा वायुमण्डलीय गुणस्तरमा गिरावट आउन सक्छ। यसले श्वासप्रश्वाससम्बन्धी रोगहरू बढ्ने खतरा बढाउँछ।

**वन विनाश र जैविक विविधता**

मोलुङ गाउँपालिकामा हालका वर्षहरूमा सडक, बस्ती, विद्यालय, स्वास्थ्य केन्द्र, हाटबजार, पुल र अन्य भौतिक पूर्वाधार विस्तारको गति तीव्र भएको छ। यस्ता पूर्वाधार निर्माणका क्रममा वन फँडानी गरिएको छ, जसले यहाँको प्राकृतिक वनस्पति र वन्यजन्तुमा गहिरो असर पारेको छ। वन क्षेत्र घट्दा वातावरणीय सन्तुलनमा मात्र नभई स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव परेको छ, किनकि यहाँका धेरै बासिन्दा दाउरा, घाँस, पशुचारा, जडीबुटी र अन्य वन उत्पादमा निर्भर छन्।

यस क्षेत्रमा पाइने चिराइतो, टिम्मुर, गुर्जो, लालीगुराँस, अल्लो, अमला, बेलजस्ता औषधिजन्य र आर्थिक मूल्यका वनस्पति बजार पहुँच, अव्यवस्थित संकलन र वनक्षेत्रको संकुचनका कारण लोप हुने जोखिममा छन्। यी वनस्पतिहरूको कमीले केवल जैविक विविधता मात्र घटाउँदैन, यसले दीर्घकालीन रूपमा ग्रामीण आयस्रोत र पारम्परिक औषधोपचार प्रणालीमा पनि अवरोध पुर्‍याउँछ। वन फँडानीसँगै चरनभूमि (grazing area) घट्दा वन्यजन्तुको प्राकृतिक बासस्थान सीमित भई उनीहरू बस्ती क्षेत्रमा पस्ने क्रम बढेको छ, जसले वन्यजन्तु र मानवका बीचको द्वन्द्व तीव्र बनाएको छ।

वन क्षेत्र घट्दा जलस्रोत र माटोको स्थिरतामा पनि प्रतिकूल असर परेको छ । रूख-बोटहरूले माटो समातेर राख्ने र पानीको सोस तथा भण्डारण गर्ने स्वाभाविक क्षमता प्रदान गर्छन्। तर, वन फँडानीले जमिनको सतहमा वर्षा पानीको बहाव तीव्र गराउँछ, जसका कारण माटो कटान, भूक्षय र बाढीको जोखिम बढ्छ। त्यस्तै, जैविक विविधता नष्ट हुँदा पारिस्थितिक सन्तुलनमा अवरोध उत्पन्न भई जनवारमा महामारीको प्रकोप, माटोको उर्वराशक्ति घट्ने र जलवायु परिवर्तनको असर अझ गहिरो हुने सम्भावना हुन्छ।

**जलस्रोत संकट**

अव्यवस्थित तरिकाले गरिएको सडक र अन्य विकासका क्रममा पानीका मुहानहरूमा प्रत्यक्ष असर पारेको छ। सडक कटान, भूक्षय र भारी मेसिनरीको प्रयोगले भूमिगत पानी अवरुद्ध भएर सुक्ने प्रक्रिया बढाएको छ। यसका कारण

गाउँपालिकाका परम्परागत पोखरी, धारा र सिँचाइ कुलोहरूमा पानीको आपूर्ति घटेको छ। यसले खानेपानी आपूर्तिमा मात्र नभई कृषि उत्पादनमा पनि गम्भीर असर पारिरहेको छ।

मोलुङ गाउँपालिकामा जलस्रोतको संकट विशेषगरी बेमौसमी वर्षा, स्रोतहरूको प्रदूषण र पानीको दुरुपयोगका कारण उत्पन्न भएको छ। यस क्षेत्रको मुख्य जलस्रोतहरूमा सानो नदी नाला, खोलाहरू, र प्राकृतिक स्रोतहरू पर्छन्। तर भौतिक पूर्वाधार निर्माण, सडक विस्तार, र घरायसी तथा कृषि प्रयोजनका लागि पानीको अत्यधिक प्रयोगले यी स्रोतहरू सुक्दै गएका छन्। विशेष गरी गर्मी महिनामा पानीको उपलब्धता न्यून हुनाले स्थानीय बासिन्दाहरूलाई दैनिक आवश्यकताका लागि पानी जुटाउन समस्या हुन्छ। यसले परिवारिक स्वास्थ्यमा असर पार्ने, पशुपालनमा समस्या सिर्जना गर्ने साथै कृषि उत्पादन घटाउने जोखिम बढाउँछ।

साथै, जलस्रोतमा फोहोर र कृषि रासायनिक पदार्थको प्रवाहले पानीको गुणस्तर घटाएको छ। नाला र खोलाहरूमा प्लास्टिक र अन्य फोहोर फालिने प्रवृत्ति पनि बढेको छ, जसले जल प्रदूषणलाई थप बढाएको छ। स्थानीय जनताको पानी प्रयोगसम्बन्धी सचेतना र व्यवस्थापन क्षमता कम भएकाले स्रोतको संरक्षण र दिगो उपयोगमा चुनौतीहरू देखिएका छन्।

यस गाउँपालिकामा जलस्रोत संकटले पारिस्थितिकीमा पनि प्रभाव पारेको छ। वन क्षेत्रहरूमा जल स्रोतको कमीले वनस्पति र जीवजन्तुको आवास संकटमा परेको छ। यसले स्थानीय जैविक विविधता र वातावरणीय सन्तुलनलाई कमजोर पारिरहेको छ।

**माटो कटान र भूक्षय**

भिरालो भूभागमा सडक, भवन र अन्य पूर्वाधार निर्माण गर्दा उचित निकास व्यवस्था र माटोको स्थिरतामा ध्यान नदिँदा जमिन कटान तीव्र भएको छ। वर्षा समयमा बाढीले जमिन बगाउने, उर्वर माटो नष्ट हुने र खेतीयोग्य जमिन बंजर बन्ने समस्या बढेको छ। मोलुङ खोलाको आसपास, लिपेखोला, पात्लेजस्ता क्षेत्रमा बाढी र पहिरोको जोखिम उच्च छ, जसले जनधन र पूर्वाधार दुवैलाई क्षति पुर्याउँछ।

मोलुङ गाउँपालिकाको पहाडी भू-भागमा माटो कटान र भूक्षय गम्भीर समस्या बनेको छ। यहाँ वर्षा र प्राकृतिक-भौगोलिक संरचनाका कारण जमिन सजिलै भासिने र बग्ने सम्भावना धेरै हुन्छ। विकासका क्रममा सडक, भवन र कृषि विस्तार गर्दा जमिनको संरक्षणमा ध्यान नदिँदा माटो कटान झन् तीव्र भएको छ।

माटो कटानले माटोको उब्जाउ तहलाई फाल्ने हुँदा, उर्वराशक्ति घटाउनाले खेतीयोग्य जमिनमा कमी आउँछ। यसले किसानहरूको उत्पादनमा असर पुऱ्याउँछ र स्थानीय कृषिजन्य अर्थतन्त्र कमजोर बनाउँछ। विशेष गरी वर्षा मौसममा पहिरो आएर सडक, घर, खेतबारी र सार्वजनिक पूर्वाधारमा क्षति पुऱ्याउने घटना यहाँ बढ्दो छ।

भूक्षयले मात्र होइन, माटो कटानले स्थानीय नदीनालामा माटो जमेर पानीको बहावमा अवरोध सिर्जना गर्छ। यसले बाढीको जोखिम बढाउँछ र जलस्रोतहरूमा फोहोर जम्मा गराउँछ। परिणामस्वरूप जलस्रोत संकट बढ्ने र जैविक विविधता नष्ट हुने खतरा बढ्छ। यस गाउँपालिकामा माटो कटान र भूक्षयलाई नियन्त्रण गर्न वन संरक्षण, पहाडी क्षेत्रको संरचनात्मक सुधार र सही कृषि अभ्यासहरू अनिवार्य छन्।

**कृषि क्षेत्र**

करिब ६८% जनसंख्या कृषि पेसामा निर्भर भए पनि सडक, भवन, जलविद्युत् र अन्य संरचना निर्माणका कारण सिँचाइ संकट गहिरिँदै गएको छ। सडक विस्तार, पहिरो र अव्यवस्थित कटानले पानीका मुहानहरू सुक्दै गएका छन्, जसले परम्परागत कुलो र पोखरीहरूमा पानीको आपूर्ति घटाएको छ। गर्मी याममा खेतबारीमा सिँचाइ पुग्न नसक्दा धान, मकै, गहुँजस्ता मुख्य अन्नबालीमा उत्पादन घट्ने मात्र नभई किसानहरूलाई ठूलो आर्थिक घाटा व्यहोर्नुपर्ने अवस्था आएको छ।

पूर्वाधार निर्माणसँगै माटो कटान र भूक्षयको समस्या पनि बढेको छ। सडक र संरचना निर्माण गर्दा निकासको उचित व्यवस्था नहुँदा वर्षाको पानीले उर्वर माटो बगाउँछ र खेतीयोग्य जमिनको उर्वराशक्ति घटाउँछ। यसले बालीको वृद्धि कमजोर पार्नुका साथै बाढीको जमावका कारण रोपाइँ ढिलो हुने वा बाली नै नष्ट हुने अवस्था सिर्जना हुन्छ। वन क्षेत्र घट्दै जाँदा प्राकृतिक कीरा नियन्त्रण प्रणाली कमजोर भई खेतबारीमा रोगकीराको प्रकोप बढेको छ। यससँगै रासायनिक मल र विषादीको प्रयोगले माटो र पानी प्रदूषित भएको छ, जसको दीर्घकालीन असर कृषि उत्पादन क्षमतामा प्रत्यक्ष देखिन्छ।

भूमिहीनता र खाद्य असुरक्षाले पनि समस्या थपेको छ। करिब ५३% किसान भूमिहीन वा अर्ध-भूमिहीन भएको कारण उनीहरू सिँचाइ, माटोको गुणस्तर र उत्पादन दुवैमा समस्या आउँदा वैकल्पिक आयस्रोतको खोजीमा लाग्न बाध्य भएका छन्, जसले कृषि पेसाप्रति रुचि घटाएको छ। यस्तै, पहिरो, बाढी र पानीको अभावजस्ता वातावरणीय जोखिमहरूले प्रत्यक्ष रूपमा कृषि उत्पादनमा असर पुर्याइरहेका छन्। सडक कटान र निर्माण कार्यले भू-संरचना कमजोर पार्दा पहिरोले बाली नष्ट गर्ने, खेतबारी पुरिने र किसानको वर्षभरको मिहिनेत बर्बाद हुने अवस्था सिर्जना भएको छ। यसरी, पूर्वाधार विकाससँगै देखा परेका सिँचाइ संकट, माटोको ह्रास, जैविक विविधताको कमी, रोगकीराको वृद्धि र खाद्य असुरक्षा दिगो कृषि उत्पादनका लागि गम्भीर चुनौतीका रूपमा उभिएका छन्।

**बाढी र पहिरोको जोखिम**

मोलुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकासका क्रममा बाढी र पहिरोको जोखिम उल्लेखनीय रूपमा बढिरहेको छ। पहाडी भूभागमा सडक, भवन, जलविद्युत् र अन्य संरचना निर्माण गर्दा वातावरणीय संवेदनशीलता मूल्यांकन नगरी काम गर्ने प्रवृत्तिले माटोको स्थिरता कमजोर बनाएको छ। सडक कटानका क्रममा निकास प्रणालीको अभाव र माटो संरक्षणको उपाय नअपनाउँदा वर्षायाममा वर्षाको पानीले जमिन भासिने र बगाउने सम्भावना उच्च भएको छ। यसले पहिरोको जोखिम मात्र होइन, बाढीको तीव्रता पनि बढाएको छ, जसका कारण बस्ती, खेतबारी र पूर्वाधारहरूमा ठूलो क्षति हुने सम्भावना रहन्छ।

पहिरो र बाढीका घटना प्रायः सडक किनार, नदी किनार र भिरालो जमिनमा बढी देखिन्छन्। मोलुङ खोलाको आसपास, लिपेखोला, पात्ले र उच्च ढलान भएका अन्य क्षेत्रमा वर्षायाममा बाढीले खेतीयोग्य जमिन बगाउने, उर्वर माटोको तह नष्ट गर्ने र खेतबारीमा माटोको जमावले कृषि उत्पादन अवरुद्ध गर्ने अवस्था आएको छ। बाढीको बहावले नदी नालाको संरचना परिवर्तन गर्दा आसपासका बस्तीहरूमा पानी पसेर जनधनको क्षति हुने जोखिम पनि बढेको छ।

सडक र संरचना निर्माणका क्रममा आवश्यक प्राविधिक मापदण्डको पालना नगर्दा निर्माणस्थल कमजोर भएर वर्षा सुरु भएपछि तुरुन्तै भासिने वा बग्ने घटना बढेको छ। यसले यातायात अवरुद्ध गर्ने मात्र होइन, आपत्कालीन सेवा र जनजीवनलाई समेत प्रभावित पार्दछ। यस्तै, वन फँडानी र ढलान क्षेत्रमा जमिनको स्थायित्व घट्दा पहिरोको घटना अझै तीव्र भएको छ, जसले वनस्पति, जैविक विविधता र जलस्रोतमा दीर्घकालीन असर पुर्‍याइरहेको छ।

यसरी, मोलुङ गाउँपालिकामा बाढी र पहिरोको जोखिम भौतिक पूर्वाधार विकाससँग प्रत्यक्ष रूपमा जोडिएको छ । वातावरणीय मूल्यांकनको कमी, माटो संरक्षणमा ध्यान नदिनु, र अनियन्त्रित निर्माण कार्यका कारण यी विपद् जोखिमहरू तीव्र बन्दै गएका छन्, जसले जनजीवन, कृषि उत्पादन, प्राकृतिक स्रोत र पूर्वाधारको दिगोपनामा गम्भीर चुनौती खडा गरेको छ ।

**जलवायु परिवर्तनको प्रभाव**

जलवायु परिवर्तनका कारण वर्षापातको ढाँचा अस्थिर हुँदै गएको, तीव्र वर्षा (extreme rainfall) र लामो खडेरीको (drought) सम्भावना बढेको छ । यसले भौतिक पूर्वाधारलाई क्षति पुऱ्याउने सम्भावना धेरै बनाएको छ । उदाहरणका लागि, अनियन्त्रित सडक कटान र कमजोर ढलान व्यवस्थापन भएका सडकहरूमा तीव्र वर्षाले भूस्खलन र माटो कटान बढाउँछ, जसले यातायात अवरुद्ध मात्र होइन, नजिकैका बस्ती र खेतीयोग्य जमिनमा क्षति पुऱ्याउँछ ।

जलविद्युत् आयोजनाहरू पनि जलवायु परिवर्तनको प्रभावबाट अछुतो छैनन् । वर्षा पानीको असमान वितरणका कारण खोलाको बहावमा उतारचढाव बढ्छ, जसले उत्पादन क्षमतामा असर पार्छ । सुक्खा मौसम लामो हुँदा जलाशयहरूमा पानीको स्तर घटेर ऊर्जा उत्पादन घट्ने र वर्षायाममा अत्यधिक बहावले संरचनामा क्षति पुऱ्याउने सम्भावना हुन्छ ।

खानेपानी र सिँचाइ पूर्वाधारमा जलवायु परिवर्तनको असर अझ प्रत्यक्ष देखिन्छ । पानीका मुहानहरू सुक्खा मौसममा सुक्ने र वर्षायाममा पहिरो वा बाढीले क्षति पुऱ्याउने समस्या बढ्दै गएको छ । भौतिक पूर्वाधार विस्तारका क्रममा अनियोजित उत्खननले भूमिगत जलधारा अवरुद्ध भएर मुहान सुक्ने घटना बढेका छन्, जुन जलवायु परिवर्तनसँगै दोहोरो संकटको रूपमा देखा पर्छ ।

वन फँडानी र जमिनको अनियन्त्रित प्रयोगले वातावरणीय सन्तुलनमा असर पार्दै जलवायु परिवर्तनको प्रभावलाई अझ प्रभावकारी बनाएको छ । वन क्षेत्र घट्दा कार्बन अवशोषण क्षमता घट्छ, जसले हरितगृह ग्यासको मात्रा बढाउन सहयोग पुऱ्याउँछ । यसका साथै, वन क्षेत्रको कमीले माटोको स्थिरता घटाउने, पानीको सोस कम गर्ने र बाढी तथा पहिरोको जोखिम बढाउने काम गर्छ, जुन भौतिक पूर्वाधारको दिगोपनाका लागि प्रतिकूल छ ।

जलवायु परिवर्तनको प्रभावले स्थानीय कृषि प्रणालीमा पनि चुनौती थपेको छ । खेतीयोग्य जमिनमा माटो कटान, सिँचाइ संकट र असमय वर्षा-पानीले बालीको उत्पादन घटाउँछ । यसले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष असर पार्छ ।

**६.६ दिगो विकासका लागि भावी कार्यदिशा**

**पूर्वाधार निर्माण अघि वातावरणीय प्रभाव मूल्यांकन ( (BES/EIA/IEE) अनिवार्य गर्ने**

नेपाल वातावरण संरक्षण ऐन र नियमावलीले कुनै पनि पूर्वाधार विकास सुरु गर्नु अघि सम्बन्धित निकायबाट योजनाको वातावरणीय अध्ययन गरी सरकारी निकायबाट स्वीकृत गराउनुपर्दछ । गाउँपालिकामा भइरहेको सडक, भवन, जलविद्युत्, पुलजस्ता परियोजनाहरूको दीर्घकालीन असर बुझ्न निर्माण अघि संक्षिप्त वातावरण अध्ययन ((BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) अनिवार्य गर्नु आवश्यक छ । यसले माटो कटान, जलस्रोतको असर, वनक्षेत्रको कटानी तथा जैविक विविधतामा पर्ने प्रभाव पहिचान गर्न मद्दत पुऱ्याउँछ । आवश्यक निवारण र अनुकूलनका उपायहरू समेटिएमा परियोजना दिगो र वातावरणमैत्री बन्छ ।

यदि प्रत्येक पूर्वाधार विकास अघि BES, IEE वा EIAअनिवार्य गर्ने नीतिगत व्यवस्था कडाइका साथ कार्यान्वयन गरियो भने, यसले परियोजनाबाट हुने सम्भावित नकारात्मक असर पहिचान गर्न मात्र नभई त्यसको निवारणका लागि ठोस योजना तयार गर्न मद्दत पुऱ्याउँछ। उदाहरणका लागि, सडक निर्माणको EIA गर्दा ढलान व्यवस्थापन, निकास प्रणाली, ग्याबियन पर्खाल, र पहिरो-नियन्त्रण प्रविधि समावेश गर्न सकिन्छ। जलविद्युत् आयोजना निर्माण गर्दा पानीको बहाव, माछाको आवागमन र तलका बस्तीमा पर्ने असरको मूल्यांकन गर्न सकिन्छ। यस्तै, भवन र पुल निर्माण गर्दा स्थानीय ढलान, माटोको प्रकार र वर्षा पानीको बहावको दिशा विश्लेषण गरी उपयुक्त संरचनात्मक उपाय अपनाउन सकिन्छ।

यो प्रक्रिया अपनाउँदा केवल कानुनी दायित्व पूरा मात्र हुँदैन, दीर्घकालीन रूपमा पूर्वाधारको आयु बढ्छ, स्थानीय समुदायको विश्वास कायम रहन्छ र प्राकृतिक स्रोतहरूको संरक्षण पनि हुन्छ। साथै, BES/EIA/IEE मार्फत परियोजनामा वातावरणमैत्री प्रविधि (जस्तै- वर्षा पानी संकलन, हरित भवन डिजाइन, सौर्य ऊर्जा प्रयोग) र अनुकूलन उपायहरू (जस्तै- जैविक विविधताको संरक्षण, पुनः वनरोपण, माटो संरक्षण प्रविधि) लाई सुरुदेखि नै समावेश गर्न सकिन्छ, जसले मोलुङ गाउँपालिकाको विकासलाई दिगो, सुरक्षित र वातावरणसँग सन्तुलित बनाउन मद्दत गर्दछ।

**सिँचाइ प्रणालीको दिगो सुधार र जलस्रोत संरक्षण गर्ने**

मोलुङ गाउँपालिकामा जलस्रोत संरक्षणको दीर्घकालीन समाधानका लागि जलस्रोत संरक्षण र सिँचाइ प्रणालीको दिगो सुधार अनिवार्य छ। पहिलो चरणमा, मौजुदा परम्परागत सिँचाइ कुलोहरूको मर्मत, पुनःसंरचना र सुदृढीकरण गर्नुपर्छ, जसले वर्षायामको पानी प्रभावकारी रूपमा खेतमा पुर्याउन मद्दत पुर्याउँछ। वर्षा पानी संकलन गर्ने पोखरी र जलाशय निर्माण गरेर पानी भण्डारण गर्ने अभ्यासलाई प्रोत्साहन दिन सकिन्छ। ढलानयुक्त क्षेत्रमा सिँचाइका लागि प्राविधिक जाच आधारित पाइप प्रणाली वा सौर्य पम्पको प्रयोगले ऊर्जा लागत घटाउँछ र पानीको वितरण स्थिर बनाउँछ।

जलस्रोत संरक्षणका लागि स्रोत क्षेत्रमा वृक्षरोपण र घाँसे जमिन विकास गर्नुपर्छ, जसले पानीको सोस बढाउँछ र भूमिगत जलधारा स्थिर राख्छ। साथै, नदी–नालामा प्रदूषण नियन्त्रण गर्न, कृषि क्षेत्रमा रासायनिक मल र विषादीको अनियन्त्रित प्रयोग घटाउन र घरेलु फोहोरको उचित व्यवस्थापन गर्न आवश्यक छ, ताकि पानीको गुणस्तर कायम रहोस्। स्थानीय तहमा जलस्रोत व्यवस्थापन समिति गठन गरी समुदायलाई सिँचाइ प्रणालीको सञ्चालन र मर्मतमा प्रत्यक्ष सहभागी गराउनाले दीर्घकालीन स्वामित्व र दिगोपनाको सम्भावना बढ्छ।

यसरी, सिँचाइ प्रणालीको सुधार र जलस्रोतको संरक्षण दुवैलाई समान प्राथमिकता दिँदा मात्र मोलुङ गाउँपालिकामा कृषि उत्पादनमा स्थायित्व आउँछ, किसानको जीवनस्तर उकासिन्छ र दिगो विकासको आधार बलियो बन्छ।

**माटो कटान र भूक्षय नियन्त्रणका संरचनात्मक र जैविक उपाय अपनाउने**

मोलुङ गाउँपालिकाको भूक्षय नियन्त्रण समस्याको समाधानका लागि संरचनात्मक र जैविक दुवै प्रकारका उपाय अपनाउन आवश्यक छ। संरचनात्मक दृष्टिकोणबाट, सडक किनार र पहिरो सम्भावित क्षेत्रमा ग्याबियन पर्खाल निर्माण, ढलानमा टेरेसिङ (terracing) गर्ने, ढलानअनुसार निकास प्रणाली (drainage system) बनाउन र नदीनालाको किनारमा तटबन्ध निर्माण गर्ने काम प्राथमिकताका साथ गर्नुपर्छ। सडक कटानको क्रममा भासिने भागलाई स्थिर राख्न र पानीको निकासलाई नियन्त्रित गर्न cross-drainage संरचना (culvert, causeway) को उचित व्यवस्थापन जरुरी हुन्छ।

जैविक दृष्टिकोणबाट, माटोको सतहमा घाँस, झार र गहिरो जराहरू भएका रूखहरू रोपेर माटो समातेर राख्ने क्षमता बढाउनुपर्छ । बायोइन्जिनियरिङ (bioengineering) प्रविधि प्रयोग गरी ढलान क्षेत्रमा बाँस, बोटबिरुवा, घाँसे प्रजाति र माटो–समात्ने वनस्पति रोप्दा प्राकृतिक रूपमा माटो कटान रोक्न सकिन्छ । पहिरो प्रभावित क्षेत्रमा सामुदायिक स्तरमा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्नुपर्छ, जसले दीर्घकालीन रूपमा भूक्षय नियन्त्रण र जलस्रोत संरक्षणमा मद्दत पुऱ्याउँछ ।

यसबाहेक, निर्माण परियोजनाहरूको EIA वा IEE मा माटो कटान र भूक्षय न्यूनीकरणका लागि विशेष प्रावधान समावेश गरी कार्यान्वयनको चरणमै निगरानी गर्नुपर्छ । संरचनात्मक र जैविक दुवै उपायलाई सन्तुलित रूपमा प्रयोग गर्दा मात्र मोलुङ गाउँपालिकामा माटोको उर्वराशक्ति कायम राख्दै पूर्वाधार विकासलाई दिगो रूपमा अगाडि बढाउन सकिन्छ ।

**वन संरक्षण र वृक्षरोपण कार्यक्रम विस्तार गर्ने**

यस गाउँपालिकामा वन संरक्षण र वृक्षरोपण कार्यक्रमलाई योजनाबद्ध रूपमा विस्तार गर्न आवश्यक छ । सामुदायिक वन व्यवस्थापनलाई सुदृढ बनाउँदै अवैध कटानी नियन्त्रण गर्न कडा निगरानी व्यवस्था गर्नुपर्छ । यसका लागि स्थानीय बासिन्दा, वन उपभोक्ता समूह, आमा समूह, युवा समूह र गाउँपालिका बीच समन्वय आवश्यक हुन्छ । हरेक वर्षको वर्षायामअघि वृक्षरोपण अभियान सञ्चालन गरेर पहिरो प्रवण (landslide prone) क्षेत्र, जलस्रोतको मुहान, र सडक किनारमा जैविक विविधता युक्त प्रजातिहरू (औषधिजन्य, फलफूल, दाउरा दिने, माटो समात्ने क्षमता भएका प्रजाति) रोप्नुपर्छ ।

वृक्षरोपणका साथै, रोपिएका बिरुवाको संरक्षण र व्यवस्थापनमा पनि समान ध्यान दिनुपर्छ । पानी आपूर्ति, चरन नियन्त्रण, घेराबार, र सामुदायिक संरक्षण टोली गठन गरेर बिरुवाको वृद्धि सुनिश्चित गर्न सकिन्छ । साथै, वनस्पति संरक्षणलाई रोजगारीसँग जोड्दै औषधिजन्य र व्यावसायिक वनस्पतिहरूको खेतीलाई प्रोत्साहन गर्नुपर्छ, जसले स्थानीय आयस्रोत बढाउने मात्र नभई संरक्षणका लागि समुदायको स्वामित्व भावना पनि बलियो बनाउँछ ।

यसरी वन संरक्षण र वृक्षरोपण कार्यक्रम विस्तार गर्दा मोलुङ गाउँपालिकाको वातावरणीय सन्तुलन पुनःस्थापना गर्न, माटो र जलस्रोतको संरक्षण गर्न, तथा दीर्घकालीन रूपमा दिगो विकासलाई सुनिश्चित गर्न सकिन्छ ।

बाढी र पहिरो जोखिम न्यूनीकरणका लागि ढलान व्यवस्थापन र निकास प्रणाली सुदृढ गर्न

मोलुङ गाउँपालिकाको भौगोलिक स्वरूप मुख्यतः भिरालो भएकाले वर्षायाममा पानीको अनियन्त्रित बहावले माटो कटान, पहिरो र बाढीको जोखिम उच्च छ । त्यसैले दिगो विकासको दृष्टिले ढलान व्यवस्थापन र निकास प्रणाली सुदृढीकरणलाई प्राथमिकता दिनु आवश्यक छ । यसले मात्र प्राकृतिक प्रकोपको जोखिम घटाउँदैन, कृषि उत्पादन, पूर्वाधारको आयु र समुदायको सुरक्षा पनि सुनिश्चित गर्छ ।

ढलान व्यवस्थापनका लागि संरचनात्मक उपायहरू लागू गर्नुपर्छ । भिरालो जमिनमा टेरेसिङ गरेर वर्षा पानीको बहाव घटाउन र माटोको स्थिरता कायम राख्न सकिन्छ । सडक किनार, नदी किनार, तथा पहिरो सम्भावित स्थानमा ग्याबियन पर्खाल निर्माणले जमिनलाई स्थिर राख्छ । मोलुङ खोला, लिपेखोला, पोक्तिङ खोलाजस्ता बाढी सम्भावित क्षेत्रमा तटबन्ध निर्माणले बस्ती र खेतबारीको सुरक्षा गर्छ । साथै, जोखिमयुक्त भागमा slope stabilization mesh वा retaining wall प्रयोग गरेर माटोको स्थायित्व बढाउन सकिन्छ ।

निकास प्रणालीको सुदृढीकरण पनि उत्तिकै जरुरी छ । सडक निर्माणमा cross-drainage संरचना को उचित डिजाइन र दूरी कायम गर्नुपर्छ । बस्ती र सडकको सतह निकासलाई निश्चित मार्गमा पठाउने व्यवस्थाले पानीको बहाव नियन्त्रित

गर्छ र कटान रोक्छ । साथै, भवन र सार्वजनिक संरचनामा वर्षा पानी संकलन प्रणाली (rain water harvesting) स्थापना गरेर अतिरिक्त पानीको बहाव घटाउन सकिन्छ ।

जैविक उपायहरूले पनि ढलान स्थिरता र निकास प्रणालीको दीर्घकालीन प्रभावकारिता बढाउँछ । बायो–इन्जिनियरिङ प्रविधि प्रयोग गरेर ढलान क्षेत्रमा बाँस, vetiver grass, broom grass, तथा गहिरो जराहरू भएका रूखहरू रोप्दा माटोको बाँध्ने क्षमता बढ्छ । पहिरो जोखिमयुक्त स्थानमा वनरोपण र नदी किनारमा हरियो घेरा (buffer zone plantation) स्थापना गरेर जमिनको कटान र बाढीको जोखिम कम गर्न सकिन्छ ।

समुदाय–आधारित व्यवस्थापनलाई प्राथमिकता दिनुपर्छ । स्थानीय समुदायसँग मिलेर जोखिमयुक्त क्षेत्रहरूको नक्सांकन, खानेपानी उपभोक्ता समिति र विपद् व्यवस्थापन समितिहरू गठन गरेर नियमित निगरानी तथा मर्मतको व्यवस्था गर्नुपर्छ । साथै, सचेतना कार्यक्रममार्फत स्थानीयलाई ढलान व्यवस्थापन, वर्षा पानी निकास र वृक्षरोपणको महत्त्वबारे तालिम दिनुपर्छ, जसले उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्छ ।

**स्थानीय समुदायको सहभागिता र वातावरणीय सचेतना अभिवृद्धि**

मोलुङ गाउँपालिकामा बाढी र पहिरो जोखिम न्यूनीकरण मात्र सरकारी वा प्राविधिक निकायको जिम्मेवारी होइन, यो सफल बनाउन स्थानीय समुदायको सक्रिय सहभागिता अनिवार्य हुन्छ । गाउँको भौगोलिक संरचना, जमिनको प्रयोग, जलस्रोतको स्थिति, र पहिरो–बाढीको इतिहासबारे सबैभन्दा स्पष्ट ज्ञान स्थानीय बासिन्दाकै हुन्छ । यसकारण, जोखिमयुक्त स्थानहरूको पहिचान, नक्सांकन र प्राथमिकता निर्धारणको क्रममा समुदायको प्रत्यक्ष संलग्नता हुनु आवश्यक छ । यसले योजनाहरू कागजमा मात्र नभई वास्तविक अवस्थामा कार्यान्वयन हुने सम्भावना बढाउँछ ।

सहभागिता सुनिश्चित गर्न गाउँस्तरमा विपद् व्यवस्थापन समिति र भूमि संरक्षण समूहजस्ता संरचना गठन गर्न सकिन्छ । यी संरचनामा महिला समूह, किसान समूह, युवा क्लब, वृद्ध–वृद्धा, शिक्षक, र स्थानीय व्यवसायीलाई प्रतिनिधित्व गराउनुपर्छ, जसले विभिन्न दृष्टिकोण र अनुभवलाई समेट्ने वातावरण तयार हुन्छ । विशेष गरी युवा र महिला समूहलाई नेतृत्व र निर्णय प्रक्रियामा सहभागी गराउँदा दीर्घकालीन टिकाउ व्यवस्थापन सम्भव हुन्छ ।

वातावरणीय सचेतना अभिवृद्धिका लागि निरन्तर र विविध गतिविधिहरू सञ्चालन गर्नुपर्छ । विद्यालयस्तरमा वातावरण र विपद् व्यवस्थापनसम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गर्नाले बालबालिकामार्फत घरघरमा सन्देश फैलिन्छ । गाउँमा हुने मेला, हाटबजार, तथा धार्मिक–सांस्कृतिक कार्यक्रममा नाटक, पोस्टर, गीत वा प्रदर्शनीमार्फत बाढी, पहिरो र वातावरण संरक्षणबारे जनचेतना फैलाउन सकिन्छ । यस्तै, समुदाय–स्तरमा अभियानहरू सुरु गरी वृक्षरोपण, सफाइ कार्यक्रम, वर्षा पानी संकलन, वृक्षरोपण,  जैविक मल प्रयोग र प्लास्टिकको प्रयोग घटाउने व्यवहारलाई प्रोत्साहन दिन सकिन्छ ।

**जलवायु परिवर्तनसम्बन्धी समाधानहरू**

मोलुङ गाउँपालिकामा जलवायु–सहनशील पूर्वाधार विकासलाई प्राथमिकता दिन आवश्यक छ । सडक, पुल, खानेपानी, सिँचाइ र ऊर्जा पूर्वाधारको डिजाइन चरणमै जलवायु जोखिम मूल्यांकन अनिवार्य गर्नुपर्छ । यसका लागि वातावरणीय अध्ययनको स्वीकृति प्रक्रियाको कडाइका साथ पालन गर्नुपर्छ । ढलान व्यवस्थापन, बाढी निकास प्रणाली, ग्याबियन पर्खाल र बायोइन्जिनियरिङ प्रविधिजस्ता उपायहरू सबै निर्माण योजनामा अनिवार्य रूपमा समावेश गरिनुपर्छ, जसले वर्षायाममा पूर्वाधार क्षति कम गर्न र दीर्घकालीन उपयोगिता बढाउन मद्दत गर्छ ।

जलस्रोत संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ । जलवायु परिवर्तनका कारण पानीका मुहानहरूमा भइरहेको कमी र असमान वितरणलाई सम्बोधन गर्न वर्षा पानी संकलन प्रणाली, जल recharge संरचना र watershed management योजना लागू गर्न सकिन्छ । साथै, नदी किनारमा हरियो घेरा (buffer zone) स्थापना र पुनःवनरोपण कार्यलाई निरन्तरता दिनु आवश्यक छ, जसले माटोको स्थिरता र पानीको सोस क्षमतामा सुधार ल्याउँछ ।

कृषि प्रणालीलाई जलवायु अनुकूल बनाउनुपर्ने आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ । असमय वर्षा र लामो खडेरीका अवस्थामा उत्पादन घट्ने जोखिम कम गर्न जलवायु सहनशील बाली, सुक्खा–सहिष्णु प्रजाति ( (drought-tolerant species), र स्मार्ट सिँचाइ प्रविधि प्रयोगमा प्रोत्साहन दिनुपर्छ । यसका साथै, कृषि क्षेत्रमा प्रविधि हस्तान्तरण, किसान तालिम र बजार पहुँचलाई सुदृढ बनाउनुपर्छ, जसले किसानको उत्पादनशीलता र आय दुवैमा सकारात्मक असर पार्छ ।

समुदाय आधारित विपद् जोखिम न्यूनीकरण र सचेतना अभिवृद्धि पनि दिगो विकासको आधारभूत तत्त्व हो । स्थानीय बासिन्दालाई जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिमबारे सचेत गराउने मात्र नभई, विपद् पूर्वतयारी र अनुकूलन उपायहरूमा सक्रिय सहभागी बनाउने वातावरण सिर्जना गर्नुपर्छ । विद्यालयदेखि समुदायस्तरसम्म शिक्षा, तालिम र प्रदर्शन कार्यक्रम सञ्चालन गरेर व्यावहारिक परिवर्तन ल्याउन सकिन्छ ।

नीति र संस्थागत समन्वयलाई बलियो बनाउनु अन्तिम तर निर्णायक उपाय हो । संघीय, प्रदेश र स्थानीय सरकारबीचको समन्वयमार्फत जलवायु परिवर्तनअनुकूलन योजनालाई दीर्घकालीन विकास रणनीतिमा समावेश गर्नुपर्छ । प्रदूषण नियन्त्रण मापदण्ड, वन तथा जलस्रोत संरक्षण, हरित ऊर्जा प्रवर्द्धनजस्ता राष्ट्रिय नीतिहरूलाई गाउँपालिकास्तरमा प्रभावकारी कार्यान्वयन गर्न सक्ने संयन्त्रको विकास गर्नुपर्छ जसले मात्र दिगो विकासको मार्गलाई स्थायी रूपमा सुरक्षित गर्छ भन्न सकिन्छ ।

## सन्दर्भ सामग्री सुची

ओखलढुङ्गाका सम्बन्धमा लेखिएका/प्रकाशित भएका बिभिन्न कृतिहरु।

मोलुङ गाउँपालिकाको वेवसाइटः https://molungmun.gov.np/

मोलुङ गाउँपालिकाको आवधिक योजना २०८०/८१-२०८४/८५ (२०८०), मोलुङ गाउँकार्यपालिकाको कार्यालय, ओखलढुङ्गा।

मोलुङ गाउँपालिकाको वस्तुस्थिति विवरण, (२०८०), मोलुङ गाउँकार्यपालिकाको कार्यालय, ओखलढुङ्गा।

मोलुङ गाउँपालिकाका सम्बन्धमा लेखिएका/प्रकाशित भएका अन्य कृतिहरू।

तात्कालीन गाउँ पंचायत/गाउँ बिकास समितिका आवधिक योजना र प्रोफाइल।

तात्कालीन जिल्ला पंचायत/ जिल्ला बिकास समितिका आवधिक योजना र प्रोफाइल।

साबिक गाबिसका बारेमा लेखिएका दस्तावेजहरु।

साबिक गाबिसका बारेमा लेखिएका दस्ताबेजहरू।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट, https://www.mofaga.gov.np/

राष्ट्रिय कृषि गणना २०७८ पालिकास्तरका नतिजाहरू कोशी प्रदेश (२०८०), राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाण्डौ।

राष्ट्रिय औद्योगिक गणना २०७८ को प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाण्डौ।

राष्ट्रिय जनगणना २०७८, स्थानीय तहगत तथ्याङ्क (२०८०), राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाण्डौ।

Survey Department Nepal, (1994-1996), Topo Sheet Map, Survey Department.

# अनुसुची १

## बिशिष्टिकृत प्रश्नावली

### मोलुङ गाउँपालिकाको अनुसन्धान ग्रन्थ/ग्रन्थचित्र निर्माणार्थ

### जानकार व्यक्तिसँगको अन्तरवार्ताका लागि तयार गरिएको

### बिशिष्टिकृत प्रश्नावली

विवरण उपलव्ध गराउने व्यक्तिको नामः

ठेगाना:

पेशा :

सम्पर्क नम्बर :

१. गाउँपालिकाको नामः

२. वडा नम्बर:

३. स्थान/टोलको नामः

४. भौगोलिक अवस्थिति/जोखिम क्षेत्र/एतिहासिक-पुरातात्विक स्थल/प्राकृतिक स्रोत तथा सम्पदा/ धार्मिक-सांस्कृतिक सम्पदा/पर्यटकीय स्थल/जनसांख्यिक संरचना/जातिगत पहिचान इत्यादिका दृष्टिले यस स्थल/ठाउँ/क्षेत्र को नाम के हो ?

५. भौगोलिक अवस्थिति/जोखिम क्षेत्र/एतिहासिक-पुरातात्विक स्थल/प्राकृतिक स्रोत तथा सम्पदा/ धार्मिक-सांस्कृतिक सम्पदा/पर्यटकिय स्थल/जनसांख्यिक संरचना/जातिगत पहिचान इत्यादिका आधारमा यस स्थल/ठाउँ/क्षेत्रको परिचय/वर्णन विस्तृतमा रुपमा लेख्नुहोस (जस्तै: यो ठाउँ कहाँ रहेको छ? नाम कसरी रहन गएको हो? कहिले स्थापना भएको हो? के को लागि चर्चित रहेको छ? यस ठाउँको मुख्य विशेषता के हो? यहाँका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको आर्थिक/ सामाजिक/ सांस्कृतिक महत्व के छ? इत्यादि कुराहरुमाथि प्रकाश पार्नुहोस्।)

६. यस स्थल/ठाउँ/क्षेत्रमा मा के कस्ता भौतिक पूर्वाधार उपलब्ध छन् ? (जस्तै: सडक, विजुली, खानेपानी, सामुदायिक भवन, र अन्य सुविधाको बारेमा विवरण खुलाउनुहोस।)

७. भौगोलिक अवस्थिति/जोखिम क्षेत्र/एतिहासिक-पुरातात्विक स्थल/प्राकृतिक स्रोत तथा सम्पदा/धार्मिक-सांस्कृतिक सम्पदा/पर्यटकिय स्थल/जनसांख्यिक संरचना/जातिगत पहिचान (स्थल/ठाउँ/क्षेत्र) (जुन प्रकारको क्षेत्र हो सोहि अनुसार लेख्ने) मा रहेको मुख्य सम्भावना/चुनौती के रहेका छन् (२/३ वटा प्रष्ट बुझिने बाक्यमा लेख्नुहोस।)

८. अन्य महत्वपूर्ण केही भए उल्लेख गर्नुहोस्।

# अनुसुची २

## वडागत छलफलका तश्विरहरू









# अनुसुची ३

## वडागत छलफलमा सहभागीहरुको उपस्थिती माइन्युट

आजमिति २०८२ साल..पौष..महिना..११..गते..आइतबार..बारका दिन मोलुङ गाउँपालिका वडा नं..१..का वडा अध्यक्ष/वडा सदस्य श्री..कमल बहादुर वालिया.......ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | कमल बहादुर वालिया | वडा अध्यक्ष | ९८४२०५०४५० | | |
| २. | नीरा तामाङ | कार्यपालिका स. | ९८६३४२३१६८१ | | |
| ३. | राजन राई | वडा सदस्य | | | |
| ४. | पिमला वि.क. | वडा सदस्य | | | |
| ५. | कमल धमला | वडा सचिव | ९८४२३४६१६३ | | |
| ६ | दान बहादुर वालिया | समाजसेवी | ९८४१३८१३५२ | | |
| ७. | हेमकला धमला | समाजसेवी | ९८६२६२८८६२ | | |
| ८. | कल्पना वालिया | कर्मचारी | ९८४२३३१८१३ | | |
| ९. | टिक बहादुर तामाङ | किसान | | | |
| १०. | प्री.डा. भूपेन्द्र धमला | प्रोफेसर T.U. | ९८४१२१८३०८ | | |
| ११. | ध्रुव कुमार खड्का | सामाजसेवी | ९८६१८८३०४४ | | |
| १२ | | | | | |
| १३. | | | | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आजमिति २०८२ साल. पौष .महिना. १६ ..गते. शुक्रबार ...बारका दिन मोलुङ गाउँपालिका वडा नं. ७.
का वडा अध्यक्ष/वडा सदस्य श्री...दिपेन... राई......................ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | दिपेन राई | वा. वडा अध्यक्ष | ९८६०१९८८४८ | | |
| २. | पोषराज थापा | सचिव | ९८४२२४१०८ | | |
| ३. | पारसमणी दाहाल | का.स. | ९८४५९३६३४६ | | |
| ४. | सविता पोखरेल | के. आविधिक | ९८६६३९२४४८ | | |
| ५. | गीता हुङ्गाना | परिचालक | ९८६९८९६९८६ | | |
| ६ | ध्रुव कुमार खड्का | शिक्षकशास्त्री | ९८४१८८३०४२ | | |
| ७. | बाबुराम दाहाल | समाजसेवी | 9845606051 | | |
| ८. | राम हरि कार्की | समाजसेवी | 9842089736 | | |
| ९. | ईश्वरी अधिकारी | ” | 9842089736 | | |
| १०. | पितम्बर दाहाल | ” | 9849925634 | | |
| ११. | प्रेम प्र. भुर्तेल | ” | 9860211861 | | |
| १२ | कुमार डोंगेल | व्यापारी | 9860809145 | | |
| १३. | हिरेन्द्रप्रसाद खतिवडा | समाजसेवी | 9842904040 | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आजमिति २०८२ साल..जेठ...महिना..१४...गते...बुधबार...बारका दिन मोलुङ गाउँपालिका वडा नं..३ का वडा अध्यक्ष/वडा सदस्य श्री..बागवीर सुनुवार..........ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | बागवीर सुनुवार | वडा अध्यक्ष | ९८४३२१०३३४ | | |
| २. | भक्त बहादुर सुनुवार | कार्यपालिका सदस्य | ९८२१२८१३१२ | | |
| ३. | कान्छा सुनुवार | | ९८४००६३२२ | | |
| ४. | सावित्री [illegible] | प्र.प्र.प्र.३ | 9841388870 | | |
| ५. | ध्रुव कुमार [illegible] | समाजशास्त्री | ९८४१८८३०२२ | | |
| ६ | राजन राई | वडा स. वडा नं १ | ९८६११६४०२१८ | Rajan | |
| ७. | गुरुप्रसाद [illegible] | वडा सचिव-२ | ९८४२९२९०६२ | | |
| ८. | [illegible] सुनुवार | किसान | ९८६९८१९६०६ | | |
| ९. | हिरादेवी दाहाल | पू.वडा सदस्य | ९८४४६४९३८४ | हिरादेवी | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२ | | | | | |
| १३. | | | | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आजमिति २०८२ साल...जेठ....महिना..१३..गते..मंगलबार बारका दिन मोलुङ गाउँपालिका वडा नं..04 का वडा अध्यक्ष/वडा सदस्य श्री...धनपति..दाहाल..............ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | धनपती दाहाल | का.वा. वडा अध्यक्ष | ९८६२५४८९५२ | धनपति | |
| २. | विजय घर्ती | कृषि प्राविधिक | ९८४२५५३५१८ | [signature] | |
| ३. | टेक नाथ खतिवडा | कृषक | | [signature] | |
| ४. | पार्वती कोइराला (घिमिरे) | कृषक | ९८४९८०३२३४ | पार्वती | |
| ५. | मान बहादुर लकाई | भू.पू. वडा अध्यक्ष | ९८६५३३२४८१ | [signature] | |
| ६ | गोपेराज खतिवडा | समाजसेवी | ९८४२३५३८२१ | [signature] | |
| ७. | हिराप्रसाद खतिवडा | व्यवसायी | ९८४२८२५०१८ | [signature] | |
| ८. | चिरञ्जीवी खतिवडा | किसान | ९८४५९६०३९३ | [signature] | |
| ९. | धन प्र. खतिवडा | व्यापारी | ९८४२५८०८९० | [signature] | |
| १०. | ध्रुव कुमार राई | समाजशास्त्री | ~~९८४~~ ९८४९८८३०२१ | [signature] | |
| ११. | | | | | |
| १२ | | | | | |
| १३. | | | | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आजमिति २०८२ साल जेठ महिना १३ गते मंगल बारका दिन मोलुङ गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष/वडा सदस्य श्री गंगा बहादुर तामाङ ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | गंगा बहादुर तामाङ | वडा अध्यक्ष | ९८६०८२१८९९ | | |
| २. | मितलप्रसाद पोखरेल | वडा सचिव | ९८४२८६०४५० | | |
| ३. | युवराज ढुंगेल | समाजसेवी | ९८६२८१९६६५ | | |
| ४. | गोपाल नेपाल | अभिभावक | ९८४९६६४९६२ | | |
| ५. | ध्रुव कुमार खड्का | समाजशास्त्री | ९८४१८८३०२५ | | |
| ६ | राजन राई | समाजशास्त्री | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२ | | | | | |
| १३. | | | | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आजमिति २०८२ साल..पौष...महिना..१६...गते..शुक्रबार..बारका दिन मोलुङ गाउँपालिका वडा नं..६.. का वडा अध्यक्ष/वडा सदस्य श्री...कमल तामाङ................ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो ।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | कमल तामाङ | वडा अध्यक्ष | ९८४०३५२६३८६ | [signature] | |
| २. | दिपक कुलाथोकी | वडा सचिव | ९८६४३८२३६२ | [signature] | |
| ३. | प्रमिला तामाङ | सी.ए.एन.एम. | | | |
| ४. | रविन तामाङ | डी.ए | | रविन | |
| ५. | अम्बर बी. कार्की | बुद्धिजिवी/शिक्षक | | [signature] | |
| ६ | लाल बहादुर थापा | सामाजसेवी | ९८६००३३१८९ | [signature] | |
| ७. | सीता थापा | गृहणी | ” | सीता | |
| ८. | कुसाङ तामाङ | किसान | — | [signature] | |
| ९. | किपा घोपा | होटलव्यवसाय | ९८४९८४५०६ | किपा | |
| १०. | खड्ग बी. पौडेल | ग्रामिण | | [signature] | |
| ११. | हर्क बी. तामाङ | ” | | [signature] | |
| १२ | ममता कटुवाल | ” | | जमुना | |
| १३. | धुव कुमार खड्का | समाजसेवी | ९८४१८८३०४४ | [signature] | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा ।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कन गर्नको लागि वडास्तरीय निर्णय गरियो ।

[signature]

आजमिति २०८२ साल..[illegible]....महिना..[illegible]..गते...शुक्रवार बारका दिन मोलुङ गाउँपालिका वडा नं. ०६ का वडा अध्यक्ष/वडा सदस्य श्री....हेम बहादुर सुनुवार....ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | हेम ब० सुनुवार | वडा अध्यक्ष | ९८४११९६४४४ | [signature] | |
| २. | सोनाम शेर्पा | सदस्य | ९८५१२६१६८१ | [signature] | |
| ३. | छोङ·दोर्जी शेर्पा | ,, | ९८६२६३०२६३ | [signature] | |
| ४. | सुवीमाया तामाङ | ,, | ९८४१०९८४२० | [signature] | |
| ५. | वुद्धिमाया वि.क. | ,, | ९८४४०१६००१ | [signature] | |
| ६ | ध्रुव कुमार खड्का | समाजशास्त्री | ९८४१८८३०२६ | [signature] | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२ | | | | | |
| १३. | | | | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आजमिति २०८२ साल जेठ महिना १४ गते बुधबार का दिन मोलुङ गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष/वडा सदस्य श्री राजेन्द्र राई ज्यूको अध्यक्षतामा बैठक बसी यस मोलुङ गाउँपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन अध्ययन र अनुसन्धान गर्ने गाउँपालिका र मोलुङ फाउण्डेसन काठमाडौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनिधि बुद्धिजीवि शिक्षक समाजसेवी तथा अभिभावकसँग तथ्याङ्क संकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभावहरुको सहभागितामा छलफल कार्यक्रम गरियो।

तपशिल

| क्र.सं | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री राजेन्द्र राई | वडा सदस्य | ९८४१९६८५६८ | | |
| २. | श्री आनन्द कु. चौधरी | वडा सचिव | ९६६२८०६२८३ | | |
| ३. | श्री मदन राई | का.स. | ९८४२९९३९९६ | | |
| ४. | श्री रमिका राई | किसान | ९८६१४५६८२४ | | |
| ५. | श्री उषा राई | ,, | ९६४५५६०२०० | उषा राई | |
| ६ | श्री राजन राई | ,, | ९८६१३३२५६६ | | |
| ७. | श्री अमृत राई | ,, | ९६४५३३०४०८ | अमृत | |
| ८. | श्री माधव राई | ,, | ९८०५८४४६११ | | |
| ९. | श्री ध्रुव कुमार खड्का | समाजशास्त्री | ९८४१८८३१२२ | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२ | | | | | |
| १३. | | | | | |

प्रस्ताव

१. मोलुङ गाउँपालिकाको बृहतग्रन्थ तयारीको लागि छलफल सम्बन्धमा।

निर्णय

प्रस्ताव नं १ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरी बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कन गर्नको लागि वडास्तरीय निर्णय गरियो।